

# चार्ल्स थोमस स्टड

(सन् १८६० - सन् १९३१)

## प्रकाशक
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
**email: togmission@gmail.com**

पहिलो प्रकाशन : वि.सं. २०७९ (२०२२ A.D.)
अनुवादक : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

**Visit us @ www.togmission.com**

All our books are available on our website for download.

The contents of this book can be used only for non-commerical purposes.
All rights reserved ©

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. रङ्गशालामा प्रवेश र त्यसको परिणाम | ५ |
| २. तीन जना छोराहरूले पाएका झट्का | १० |
| ३. समस्या | १४ |
| ४. विद्यार्थीहरूको बिचमा जागृति | २४ |
| ५. सी.टी. स्टड चिनियाँ बने | ३१ |
| ६. आफ्नो सारा सम्पत्तिलाई ख्रीष्टको निम्ति बाँड्नु | ३८ |
| ७. एउटी आयरल्यान्डकी युवती र एउटा सपना | ४४ |
| ८. ख्रीष्टको युद्धको लागि जोडिएको | ५५ |
| ९. चीनको भित्रीय भागहरूमा भोगेका कष्ट र खतराहरू | ५८ |
| १०. चीनबाट बिदाइ र अमेरिकाको भ्रमण | ६५ |
| ११. भारतमा छ वर्ष | ७३ |
| १२. बेलायततिरको यात्रा | ७७ |
| १३. सबैभन्दा ठुलो साहसपूर्ण काम | ७९ |
| १४. नरभक्षी जातिहरू हुँदै | ९२ |
| १५. अफ्रिकाको मुटुमा | १०१ |
| १६. सी.टी. स्टड आदिवासीहरूको बिचमा | ११३ |
| १७. सधैँ अगाडि बढ्ने र कहिल्यै पछि नहट्ने | १२६ |
| १८. उदेकको परमेश्वर | १३२ |
| १९. जब पवित्र आत्मा आउनुभयो | १३९ |
| २०. सी.टी. स्टडको वासस्थान र दैनिक क्रियाकलाप | १४९ |
| २१. हल्लेलूयाह | १५४ |
| २२. परमेश्वरले सहायता गरेबमोजिम हामी अगाडि बढ्नेछौँ | १६५ |

# धन्यवाद

हामीलाई यहाँसम्म डोऱ्याउनुभएको परमेश्वरलाई नै सबै महिमा र प्रशंसा दिन चाहन्छौँ, र उहाँकै पाउदानमा यो किताबलाई समर्पण गर्दछौँ। यस कामको लागि प्रार्थना गरिदिनुहुने हरेकलाई हामी धन्यवाद दिन चाहन्छौँ। परमेश्वरले उहाँहरूलाई आशिष् दिनुभएको होस्।

## Bibliography (सन्दर्भ सामग्री)

C.T. Studd- Athelete and Pioneer : By Norman R Grubb

# अध्याय - १

# रङ्गशालामा प्रवेश र त्यसको परिणाम

आयरल्यान्डमा रहेको पन्चस्टउन घोडा दौड मैदानमा दौड सिद्धियो; मानिसहरू घर फर्किंदै थिए। तिनीहरूमध्ये एक जना धनी किसान पनि हुनुहुन्थ्यो। नहरलाई पार गर्नको लागि नाउ पाउने किङ्गस्टन बन्दरगाहतिर उहाँ हतारिँदै हुनुहुन्थ्यो, तर उहाँ पाँच मिनेट ढिलो आइपुगेकाले नाउ छुट्यो। अरू केही गर्न नसकेकाले उहाँ राजधानी डब्लिनमा नै रात बिताउनुपऱ्यो। के गर्ने भन्ने थाहा नभएकाले बेलुकीलाई बिताउन बिस्तारै सडकमा हिँडिरहनुभयो। त्यहाँ रहेको एउटा रङ्गशालामा 'डी. एल. मुडी र ऐरा डी. साङ्की' भन्ने नामहरू लेखिएको देख्नुभयो, र यो कस्तो प्रकारको मनोरञ्जन संस्था होला भनी आश्चर्य मान्दै भित्र जानुभयो। भित्र प्रवेश गर्दा ठाउँ भीडले भरिएको, र साधारण वस्त्र लगाएका मानिसहरू मञ्चमा उभिरहेको र एक जना मानिस गाउँदै गरेको देख्नुभयो। त्यो मानिसको स्वर अति मिठो थियो, र उहाँले कहिल्यै नसुनेका शब्दहरूले त्यो मानिस गीत गाउँदै थिए। गीतको हरेक पदको पछाडि तल दिइएको कोरसलाई दोहोऱ्याइ–दोहोऱ्याइ गाएको थियो:

*"उनान्सय वटा सुरक्षित चरिरहेको थियो,*
*बगालको गोठमा,*
*तर एउटाचाहिँ बाहिर डाँडाहरूमा थियो,*
*सुनौलो ढोकाभन्दा बाहिर धेरै टाढा,"*

उहाँ किला लगाएर अडाएको जसरी एकै ठाउँमा उभिरहनुभयो। गीत सिद्धियो, उहाँ बस्नुभयो, र मुडीले प्रचार गर्नुभएको सुन्नुभयो। अनौठो कुरा भोलिपल्ट घर जानुको सट्टामा सभा सञ्चालन हुने हरेक दिन त्यहीँ रहनुभयो। अन्तमा एक दिन बेलुकी आफ्नो उद्धारको खोजीमा उठेर सोधपुछ कोठामा जाने भीडमा एक जना भएर उहाँ पनि जानुभयो। मुडी उहाँको छेउमा घुँडा टेक्नुभयो र साधारण तरिकाले भन्नुभयो, "श्रीमान् विन्सेन्ट, येशू ख्रीष्ट

तपाईंको लागि मर्नुभयो भनी विश्वास गर्नुहुन्छ?" उहाँले जवाफ दिनुभयो, "म विश्वास गर्छु।" मुडीले भन्नुभयो, "त्यसो भए उहाँलाई धन्यवाद दिनुहोस्।" उहाँले सो गर्नुभयो र त्यो कोठाबाट एउटा परिवर्तन भएको मानिस भएर निस्कनुभयो।

श्रीमान् विन्सेन्टको एड्वर्ड स्टड भन्ने एउटा धनी साथी हुनुहुन्थ्यो, जो पनि किसान हुनुहुन्थ्यो। उहाँले भारतमा धेरै धन कमाउनुभएको थियो, र आरामदायी जीवनको लागि बेलायत फर्कनुभएको थियो। उहाँ सबै प्रकारका खेलकुदहरूलाई मन पराउनुहुन्थ्यो; साथै सधैँ घोडामा शिकार खेल्न जानुहुन्थ्यो, र उहाँका छोराहरू काठीमै जन्मेका थिए भन्दा पनि हुन्छ, ५ / ६ वर्षको उमेरमा नै घोडामा बुवाको साथ शिकार खेल्न जान थालेका थिए। उहाँहरू हल्लटन छोडेर विल्टसयर जिल्लामा टेड्वोर्तमा एउटा ठुलो जमिन किनेर त्यहाँ सर्नुभयो। त्यहाँ आफ्नो जमिनको एक भागलाई राम्रो क्रिकेट मैदानको रूपमा परिवर्तन गर्नुभयो। यतिखेर देशमा क्रिकेट धेरै प्रख्यात खेलको रूपमा फैलिरहेको थियो, र गर्मी यामभरि क्रिकेट प्रतियोगिता चलिरहन्थ्यो। तर यी सबैभन्दा बढी उहाँले घोडा दौडलाई मन पराउनुहुन्थ्यो। टेड्वोर्तमा घोडा दौडको लागि एउटा मैदान बनाउनुभयो, र बीस वटा जति घोडा पाल्नुभयो। धेरै दौडहरूमा जित्नुभयो, साथै देशको ठुलो प्रतियोगितामा पनि विजय हासिल गर्नुभयो।

डब्लिनको सेवा सिद्धिएपछि मुडी र साङ्की दुवै लण्डन आइपुग्नुभयो। "यति बेलाका समयहरूमा रेभरेन्ड भन्ने उपाधि र घाँटीमा सेतो टाई नभएका कसैले सुसमाचार प्रचार गर्न उठ्यो भने मानिसहरूले त्यसलाई विश्वास गर्दैन थिए। यी दुवै नभएको श्रीमान् मुडीजस्ता प्रचारकलाई पत्रिकाहरूले बुझ्न सकेनन् र उहाँको विरोधमा खबर छापिरहन थाले। तर एक दर्जन बिशपहरूको प्रचार सुन्न भेला हुने मानिसहरूभन्दा बढी मानिसहरू मुडीको प्रचार सुन्न भेला भए, र बीस जना साधारण सेवकहरूद्वारा उद्धार पाउनेहरूको सङ्ख्याभन्दा बढी मानिसहरू उद्धार पाए भन्ने कुरालाई देख्नुबाहेक रोक्न सकेनन्। तिनीहरूले भन्न थाले, कि श्रीमान् साङ्कीले बाजा बेच्न र श्रीमान् मुडीले भजन किताब बेच्न आएका छन्।" श्रीमान् एड्वर्ड स्टडले दिनैपिच्छे

पत्रिका पढ्नुभयो र यी कुराहरूले श्रीमान् एड्वर्ड स्टडको जिज्ञासालाई एकदम बढायो। एक दिन बेलुकी उहाँले पढिरहेको पत्रिकालाई भुइँमा फ्याँक्नुभयो र भन्नुभयो, "ठीक छ, जे भए पनि यो मानिस लण्डनमा आउँदा म यसको प्रचार सुन्न जानेछु। यो मानिसको बारेमा केही असल कुरा पक्कै हुनै पर्छ, छैन भने पत्रिकाहरूले यति धेरै उसलाई बदनाम गर्दैनन् थिए।"

श्रीमान् स्टडले यो समयमा एउटा राम्रो घोडा किन्नुभयो र एउटा ठुलो दौडमा त्यसलाई सहभागी गराउनुभयो। त्यो पक्कै जित्छ भन्ने विश्वास उहाँमा भएकाले आफ्नो साथी श्रीमान् विन्सेन्टलाई त्यो दौडमा आफ्नो घोडामा पैसा राख्न निम्तो दिएर पत्र लेख्नुभयो। केही दिनहरूपछि उहाँ सहरतिर जानुभयो र आफ्नो साथीलाई भेट्नुभयो। श्रीमान् स्टडले विन्सेन्टलाई सोध्नुभयो, "मेरो घोडामा कति पैसा राख्यौ तिमीले?" विन्सेन्टले भन्नुभयो, "केही पनि राखिनँ।" स्टडले भन्नुभयो, "तिमी सबैभन्दा ठुलो मूर्ख हौ, त्यो कति राम्रो घोडा भनी मैले तिमीलाई भनिनँ? ठीक छ, तिमी मूर्ख नै भए पनि हामी सँगै खाना खान जाऊँ, त्यसपछि तिमीले जहाँ भन्छौँ त्यहाँ जानेछौँ।" खाना खाइसकेपछि श्रीमान् स्टडले सोध्नुभयो, "मनोरञ्जनको लागि हामी कता जाऔँ त?" श्रीमान् विन्सेन्टले भन्नुभयो, "ड्रुरी लेन थिएटर (Drury Lane Theatre)।" श्रीमान् स्टडले भन्नुभयो, "के? त्यो मुडी र साङ्की त्यतै छन् होइन त? होइन, त्यस्तै नगरौँ, आज आइतबार होइन। अरू कुनै थिएटर अथवा साङ्गीतिक कार्यक्रममा जाऔँ।" श्रीमान् विन्सेन्टले भन्नुभयो, "होइन, तिमी आफ्नो वचन पूरा गर्ने मान्छे हौ र मैले छानेको ठाउँमा जान्छु भनी तिमीले भनेका थियौ।" नरमाइलो लाग्दा–लाग्दै पनि श्रीमान् स्टड श्रीमान् विन्सेन्टको साथमा जानुभयो। थिएटरमा (रङ्गशाला) जाँदा त्यो भरिसकेको थियो, र विशेष कुर्सीहरू मात्र खाली थिए, तर श्रीमान् विन्सेन्ट आफ्नो सिकारलाई पक्रिराख्ने निर्णयमा हुनुहुन्थ्यो, यसैले एउटा कागज लिएर भित्र काम गर्ने मान्छेलाई यसो भनेर लेखिपठाउनुभयो, "ढोकामा आएर हामीलाई भित्र लानू। मसँग एउटा धनी खेलकुदमा रमाउने मानिस हुनुहुन्छ, तर आज हामीलाई ठाउँ पाएन भने म उसलाई कहिल्यै यता ल्याउन सक्दिनँ।" त्यो मानिस बाहिर आएर उहाँहरूलाई लिएर गएर मञ्चको नजिकैको कुर्सीमा बसाउनुभयो। प्रचार नसकेसम्म श्रीमान् स्टडले आफ्ना आँखाहरूलाई

मुडीबाट हटाउनुभएन। त्यसपछि उहाँले भन्नुभयो, "म फेरि आउनेछु, र यो मानिसको प्रचार सुन्नेछु। उहाँले मैले गरेका सबै कुरा बताइदिनुभयो।" उहाँले आफ्नो वचनलाई पूरा गर्नुभयो र फेरि जानुभयो र पूर्ण रूपमा परिवर्तन भएर उद्धार पाउनुभयो।

पछिका समयहरूमा उहाँका छोराहरूमध्येमा एक जनाले यस्तो लेख्नुभयो, "त्यो दिनको दिउँसोसम्म मानिसको हृदय र दिमागलाई अरू सबै थोकभन्दा बढी बन्धनमा पार्ने घोडा दौडप्रतिको मोहले बुवा भरिएको हुनुहुन्थ्यो; र बेलुकी उहाँ एउटा परिवर्तन भएको मानिस हुनुभयो। यथार्थमा उहाँ पहिलेको जस्तै जिउँदै जान सक्नुभएन। खेलकुद र तास खेल्नुजस्ता कुराहरू साथै तीजस्ता अन्य कुराहरूमा सहभागी हुन सक्नुभएन। उहाँको विवेकले सो गर्न सिकायो। यसैले उहाँले गएर मुडीलाई भेट्ने निर्णय गर्नुभयो। उहाँलाई भेटेर भन्नुभयो, 'म तपाईंसँग सिधा कुरा गर्न चाहन्छु। म अब एउटा इसाई भएँ, के मैले घोडा दौड, शिकार खेल्नु, रङ्गशालामा जानु र क्रिकेट हेर्न जानुजस्ता कुराहरूलाई छोड्नुपर्छ?' श्रीमान् मुडीले जवाफ दिनुभयो, 'तपाईंले मसँग सिधा कुरा गर्नुभयो र म पनि तपाईंसित सिधा कुरा गर्न चाहन्छु। घोडा दौड भन्ने बित्तिकै बाजी राख्ने कुरा हुन्छ र बाजी खेल्नु भनेको चाहिँ जुवा खेल्नु हो, र एउटा जुवा खेल्ने मानिस कसरी इसाई पनि हुन सक्छ भनी मलाई थाहा छैन। अरू कुराहरू तपाईंले मन पर्ने बेलासम्म गर्दा हुन्छ।' बुवाले फेरि रङ्गशालामा जानु र तास खेल्नुको बारेमा सोध्नुभयो, र मुडीले जवाफ दिनुभयो, 'श्रीमान् स्टड, तपाईंका बालबच्चाहरू छन् र तपाईंले प्रेम गर्ने मानिसहरू पनि छन्; अहिले तपाईं उद्धार पाएको मानिस हुनुहुन्छ र उहाँहरू पनि उद्धार पाउनुपर्छ भनी चाहनुहुन्छ। परमेश्वरले तपाईंलाई आत्माहरू दिनुहुन्छ र एउटा आत्मालाई ख्रीष्टको लागि जित्ने बित्तिकै तपाईंले बताएका ती कुराहरूको बारेमा वास्ता गर्नुहुन्न।' साँच्चै नै परिवार र अन्य मानिसहरू चकित हुने गरी उहाँले ती कुराहरूलाई वास्ता गर्न छोड्नुभयो; तर एउटै कुराको मात्र वास्ता गर्नुभयो, त्योचाहिँ आत्मा जित्नु हो।

"उहाँ घोडा दौडबाट पूर्ण रूपमा निस्कनुभयो, र आफ्ना दुइटा ठुला छोराहरूलाई दुइटा घोडा दौड मैदानलाई शिकार खेल्ने ठाउँको रूपमा

दिनुभयो, र बाँकी सबैलाई बेच्नुभयो। आफ्नो घरको एउटा ठुलो कोठालाई सफा गरेर कुर्सीहरू राखेर लण्डनबाट प्रचारकहरू र असल व्यक्तिहरू बोलाएर सुसमाचारीय सभा सञ्चालन गर्नुभयो। उहाँ आफ्नो वरिपरिका गाउँहरूतिर गएर मानिसहरूलाई त्यो सभामा आउन निम्तो दिनुहुन्थ्यो, र सयौँ मानिसहरू भेला हुन्थे।"

श्रीमान् स्टडको बग्गी चलाउने मान्छेले भएको कुरालाई थोरै शब्दहरूले यसरी व्याख्या गर्नुहुन्छ। बग्गी चलाउने उनलाई एक जना पाहुनाले यसो भन्नुभएको थियो, "श्रीमान् स्टड धर्म गर्ने मानिस अथवा के पो हुनुभयो भनी मैले सुनेको थिएँ।" उनले दिएको जवाफ यस्तो थियो, "साहेब, हामीलाई त्यसको बारेमा त्यति थाहा छैन, तर मैले भन्न सक्ने कुराचाहिँ उहाँका छालाहरू त्यही नै भए तापनि उहाँभित्र एउटा नयाँ मानिस छ!"


श्रीमान् स्टड त्यसपछि दुई वर्षसम्म मात्र बाँच्नुभयो। उहाँको मृत्यु एउटा उल्लेखनीय तरिकाले भएको थियो। उहाँ आफ्नो बग्गीमा मानिसहरूलाई साथमा लिएर मुडीको सभामा सहभागी हुन जानुभएको थियो र घोडाको हेरचाह गर्ने आफ्नो एउटा नोकरलाई सभामा ल्याउन बिर्सेकाले बग्गीबाट ओर्लेर अरूलाई जाँदै गर्नू भन्नुभयो। ढिलो भइसकेकाले त्यो नोकरलाई बोलाएर ल्याउनको लागि उहाँ फर्केर घरसम्म दौडेर जाँदा उहाँको खुट्टाको एउटा नली फुट्यो; र त्यसबाट उहाँ कहिल्यै निको बन्न सक्नुभएन। तर उहाँको अन्तिम संस्कार सभामा प्रचार गरेको एक जना सेवकले यसो भन्नुभयो, "अन्य प्रायः ख्रीष्टियानहरूले बीस वर्षमा गर्न सक्नेभन्दा बढी उहाँले दुई वर्षमा गर्नुभयो।"

## अध्याय - २

# तीन जना छोराहरूले पाएका झट्का

उहाँका तीन जना छोराहरू किनास्टन, जार्ज र चार्ल्स इटनमा थिए। तिनीहरूको बुवा सन् १८७७ मा उद्धार पाउँदा तिनीहरू एघार कक्षामा पढिरहेका थिए। के भएको थियो भन्ने कुरा तिनीहरूलाई थाहा थिएन र बुवाले आफूलाई भेट्न आउन पत्र लेख्दा कुनै रङ्गशाला अथवा साङ्गीतिक कार्यक्रममा लानको लागि हुन सक्छ भनी सोचे। बुवाले तिनीहरूलाई मुडीको प्रचार सुन्नको लागि सभामा लाँदा तिनीहरूलाई झट्का लाग्यो। चार्ल्सले पछि यो कुराको बारेमा भन्नुभयो, "त्यो समयभन्दा अगि धर्म एउटा आइतबारको कुरा हो भनी मैले सोच्थेँ, जसरी आइतबार लगाएको लुगालाई सोमबार फुकाल्छौँ। हामीलाई नियमित रूपमा मण्डलीमा जान सिकाएका थिए, तर हाम्रो लागि धर्म खासै केही थिएन। त्यो दाँत दुखाइजस्तै थियो। आइतबार आउँदा सधैँ हामीलाई दुःख लाग्थ्यो र सोमबार बिहान भइसकेपछि हामी खुशी हुन्थ्यौँ। विश्रामदिन हाम्रो लागि हप्ताको सबैभन्दा फिक्का दिन थियो र त्यसको कारण हामीले धर्मलाई सही तरिकाले पक्रेका थिएनौँ। तर अचानक हामीले एउटा जिउँदो इसाईलाई भेट्ने मौका पायौँ, त्योचाहिँ मेरो बुवा हो, तर यो कुराले सबैलाई चकित पार्‍यो। घरमा भएका हरेकले उद्धार नपाउन्जेल दुःख पाउनुपरेको थियो। उहाँप्रति म खुशी भइनँ। राति सुत्नुभन्दा अघि बुवा कोठामा आउने गर्नुहुन्थ्यो र म उद्धार पाएँ कि भनी सोध्नुहुन्थ्यो। केही समय बितिसकेपछि ढोका खोलेको देख्ने बित्तिकै मैले सुतेको जस्तै नाटक गर्न थालेँ र दिनमा उहाँ आउनुभएको देख्दा म अर्कोतिर लुकेर जान्थेँ।"

एक वर्ष बित्यो। गर्मी यामको बिदाको लागि छोराहरू फेरि घरमा आएका थिए र धेरै क्रिकेट प्रतियोगिताको आयोजना पनि गरिएको थियो। सदा जसरी नै बुवाले आइतबारको दिनमा प्रचार गर्नको लागि आफ्नो घरमा



किनास्टन, चार्ल्स र जार्ज

प्रचारकहरूलाई बोलाउनुहुन्थ्यो। यस्तो एक हप्ताको अन्तिम दिनमा दुई जना आउनुभएको थियो, एक जना छोराहरूको बिचमा प्रख्यात हुनुहुन्थ्यो, अर्को एक जना श्रीमान् डब्ल्युचाहिँ त्यस्तो थिएनन्, किनभने उहाँलाई छोराहरूले लज्जालु ठान्थे। एक शनिवार बिहान केटाहरूले उहाँलाई छकाउने निर्णय गरे। उहाँ र बुवालाई आफूसित घोडसवार गर्न बोलाए, किनभने श्रीमान् डब्ल्युले सवार गर्न सक्छु भने तापनि खास त्यसमा सिद्ध हुनुभएको छैन भनी तिनीहरूले पत्ता लगाएका थिए। बुवा र उहाँलाई अगाडि घोडामा जान दिएर पछाडि घोडामा तिनीहरू सवार गरे र अचानक तीव्र गतिमा घोडा दौडाएर तिनीहरूलाई पार गरे र श्रीमान् डब्ल्युको घोडा पनि सँगै कुद्यो, उहाँले रोक्न सक्नुभएन। तर तिनीहरूले सोचेको भन्दा उहाँ साहसी नै हुनुहुन्थ्यो, बलियो रूपमा बसिरहनुभयो। यस्तै तिनीहरूले धेरै पल्ट दोहोऱ्याएर गरे र बुवाले तिनीहरूलाई हप्काउन सक्नुभएन, किनभने उहाँ आफै खित्का छोडेर हाँसिरहनुभएको थियो।

त्यो दिन मध्याह्न श्रीमान् डब्ल्युले बदला लिनुभयो। उहाँले तीन जना केटाहरूसित छुट्टा–छुट्टै बोल्नुभयो र तीनै जनालाई आफ्नो जीवन ख्रीष्टलाई दिन पुऱ्याउनुभयो, त्यो एक अर्कालाई थाहा थिएन। त्यो दिन चार्ल्ससँग बोल्दा कसरी आफ्नो विश्वासमा चार्ल्स गलत ठाउँमा थियो भन्ने कुरालाई देखाउनुभयो र वचनलाई जस्तो लेखिएको छ त्यसरी नै विश्वास गर्न र पछ्याउनुपर्छ भन्ने ठाउँमा पुऱ्याएर सोध्नुभयो, "अब सही तरिकाले पछ्याउँछौ?" चार्ल्सले आफूलाई कुनामा पुऱ्याएको अनुभव गर्नुभयो र सही जवाफविना कोठाबाट निस्कनु बेइज्जतको कुरा हो भनी महसुस गर्नुभयो र जवाफ दिएर भन्नुभयो, "हो, अब वचनअनुसार जिउँछु।"

श्रीमान् डब्ल्यु : "ठीक छ, अनन्त जीवन एउटा इनाम भन्ने कुरालाई तिमीले देखेनौ? ख्रीष्टमसको दिनमा कसैले तिमीलाई इनाम दियौ भने तिमी के गर्छ्यौ?"

चार्ल्स : "म स्वीकार गर्छु र धन्यवाद भन्छु।"

श्रीमान् डब्ल्यु : यो इनामको लागि तिमीले परमेश्वरलाई धन्यवाद दिन्छौ?

चार्ल्सले घुँडा टेक्नुभयो र परमेश्वरलाई धन्यवाद दिनुभयो। चार्ल्सले पछि यसको बारेमा लेख्नुभएको छ, "त्यति बेला तुरुन्तै त्यहाँ नै मेरो प्राणमा एउटा खुशी र शान्तिको अनुभव भयो। नयाँ गरी जन्मनु भन्ने के हो भनी मैले थाहा पाएँ र बाइबल धर्मशास्त्र जुनचाहिँ पहिलेका समयहरूमा अति सुख्खा किताबको रूपमा रहँदै आएको थियो, अब मेरो जीवनको सबै बन्न पुग्यो।"

चार्ल्सले आफ्ना दाजुहरूलाई केही भन्नुभएन, तर इटनमा फर्किसकेपछि पत्रमार्फत आफ्नो बुवालाई यो कुरा जनाउनुभयो। केही दिनपछि बिहान नास्ताको बेलामा बुवाबाट तीनै जनाको लागि एउटा चिठी आयो, जुनमा बुवाले यो असल सन्देश सुनेर आफू कति खुशी भएँ भनी व्यक्त गर्नुभएको थियो। चिठीलाई पालै–पालो गरेर तीनै जनाले पढ्दा तीनै जना एकै दिनमा ख्रीष्टमा आफ्नो जीवन समर्पित गरेको कुरा थाहा पाउन आउँदा आश्चर्य–चकित भएँ। त्यो लज्जालु मानिस जो कुनै पनि खेलकुदमा सक्षम हुनुहुन्न थियो, सबैभन्दा महान् खेल ख्रीष्टको लागि मानिसहरूलाई पक्रनु भन्ने खेलमा विज्ञ हुनुहुन्थ्यो र एकै दिनमा तीन वटा लज्जालु माछाहरूलाई पक्रनुभयो।

# अध्याय - ३


# समस्या

तीनै जना दाजुभाइहरूले इटन क्रिकेट टिमको क्याप्टेन भएर खेल्दा  जार्ज ८२ रन, चार्ल्स ८३ रन र किनास्टन ८४ रन लिएर क्याम्ब्रिजमा ठुलो कीर्ति कमाए, जुन कुरालाई पछि कसैले तोड्न सकेनन्। तर तीन जनामध्येमा ख्रीष्ट येशूको साक्षी दिनुमा र क्रिकेटमा सक्षम भएको चाहिँ किनास्टन हुनुहुन्थ्यो। धेरै वर्षहरूपछि चार्ल्स थोमस स्टड (सी.टी. स्टड) ले अफ्रिकाको मध्य भागबाट यसरी चिठी लेख्नुभयो:

"तिम्रो जीवनले ममा पारेको प्रभावलाई कहिल्यै बिर्सिन सक्दिनँ, र तिम्रो निडरता र खीष्ट येशूप्रतिको विश्वासयोग्यतालाई म सधैँ आश्चर्यसाथ हेर्थें, जुन कुराहरूले तिमीमा सबभन्दा महान् प्रशंसा ल्याएको थियो,  तिमीलाई याद छ, हाम्रा क्रिकेट खेल्ने साथीहरूले तिमीलाई "कठोर मानिस" भनी बोलाउँथे, किनभने तिम्रो जीवन परमेश्वरप्रति र तिनीहरूप्रति विश्वासयोग्य थियो। तिनीहरूको प्राणको बारेमा बोल्नमा तिमी विश्वासयोग्य थियौ।"

इटन क्रिकेट टिमको क्याप्टेन भएको किनास्टनले इटन विश्वविद्यालयमा मुडी मिशनको कार्यक्रमलाई आयोजना गर्दा कार्यक्रम अति फलदायी भएको थियो। धेरै जना विद्यार्थीहरू त्योद्वारा उद्धार पाएका थिए।

तर सी.टी. स्टडको जीवनमा कुराहरू धेरै फरक थिए। छ वर्षसम्म उहाँ विश्वासको जीवनमा पछि पर्नुभएको थियो र त्यसको कारण उहाँ आफैले बताउनुभएको थियो: "ख्रीष्टको प्रेमको बारेमा अरूलाई बताउनुको सट्टामा म स्वार्थी भएर त्यो ज्ञानलाई आफूमा राखिछोडेँ। परिणामस्वरूप बिस्तारै मेरो प्रेम सेलाएर गयो र संसारप्रतिको प्रेम मभित्र आउन थाल्यो। छ वर्षसम्म मैले त्यस्तो निराशापूर्ण जीवन बिताएँ।"



**चार्ल्स थोमस स्टड**

त्यो समयमा उहाँ क्रिकेट संसारमा ख्याति प्राप्त गरेर प्रख्यात भई जिइरहेको हुँदा उहाँलाई फेरि परमेश्वरप्रति फर्काउनुपर्छ भन्ने निर्णयका साथ दुई जना वृद्ध आमाहरूले उहाँको लागि प्रार्थना गर्न सुरु गरे। यतिखेर उहाँ अस्ट्रेलियाको भ्रमणमा हुनुहुन्थ्यो। उत्तर अचानक आयो, उहाँको दाइ जार्ज, जससँग उहाँ अति नजिक हुनुहुन्थ्यो, अचानक बिरामी भई बाँच्नुहुन्न भन्ने अवस्थामा पुग्नुभयो। चार्ल्स (सी.टी. स्टड) सधैँ उहाँको नजिक रहनुभयो, जीवन र मृत्युको बिचमा दाइ लडिरहनु हुँदा उहाँले हेरिरहनुभयो र त्यति बेला उहाँको मनमा यस्तो विचार आयो, "अब जार्जले प्राप्त गरेको यति ठुलो विश्व ख्यातिले उसलाई के फाइदा दियो र? सबै प्रसिद्धि र गुणगान के महत्त्वको भयो? अनन्तकाललाई सामना गर्न मानिस आइपुग्दा संसारमा उसले थुपारेको धनको के लाभ हुन्छ?" र एउटा आवाजले उहाँलाई उत्तर दिएजस्तो लाग्यो, "व्यर्थै-व्यर्थ, सबै कुरा व्यर्थ।"

"ती कुराहरू मेरो दाइको लागि केही लाभको भएन। तिनले बाइबल र प्रभु येशू ख्रीष्टको बारेमा मात्र वास्ता गर्न थाले र परमेश्वरले मलाई पनि त्यही नै सिकाउनुभयो। परमेश्वरले आफ्नो प्रेमको खातिर मेरो दाइको स्वस्थपनलाई फर्काउनुभयो, र म निस्किन पाउने बित्तिकै श्रीमान् मुडीको प्रचार सुन्न गएँ। त्यहाँ परमेश्वरले मलाई फेरि भेट्नुभयो र उद्धारको आनन्दलाई फर्काउनुभयो। अझ बढी र सबैभन्दा उत्तम पनि, उहाँले मलाई आफ्नो काम गर्न लगाउनुभयो, र मैले मेरा साथीहरूलाई सुसमाचारका किताबहरू पढ्न लगाउने प्रयास गर्न थालेँ र उहाँहरूको प्राणको बारेमा व्यक्तिगत रूपमा कुरा गर्न थालेँ।

“पहिलो आत्मालाई ख्रीष्टको लागि जित्न पाउँदा मैले पाएको आनन्दलाई मैले व्यक्त गर्न सक्दिनँ। मैले संसारको सबै प्रकारको आनन्दलाई अनुभव गरेको छु, र मैले अनुभव नगरेको आनन्द भनी भन्न सक्ने कुरा खासै छैन होला, तर म भन्न सक्छु एउटा आत्मालाई ख्रीष्टको लागि जित्न पाउँदा मैले अनुभव गरेको आनन्दको तुलनामा यी सबै कुराहरू केही पनि होइन। म यसरी केही समय काम गर्दै गएँ, र क्रिकेट खेलकुदको समय आयो, र अब क्रिकेट मैदानमा गएर मानिसहरूलाई ख्रीष्ट चिनाउनुपर्छ भनी मलाई लाग्यो। पहिले अरू मानिसहरू जसरी नै म पनि क्रिकेटप्रति अति मोहित भएको थिएँ, तर जुन बेला ख्रीष्ट मेरो हृदयमा आउनुभयो, क्रिकेटसँग तुलना नै गर्न नसक्ने खालको एउटा असल कुरा मसँग छ भन्ने कुरालाई पत्ता लगाएँ। मेरो हृदय अब खेलमा छैनँ; अब म प्रभुको लागि आत्मा जित्न चाहन्थेँ। क्रिकेट सदाको लागि रहँदैन र इज्जत पनि रहँदैन, र संसारमा भएको कुनै पनि थोक सदाको लागि रहँदैन, तर आउने संसारको लागि जिउनु नै अर्थपूर्ण हुन्छ। यी समयहरूमा मेरो एउटा नजिकको साथीले आफ्ना पापहरू सबै ख्रीष्टमा क्षमा भएको छ भन्ने कुरालाई थाहा पाउनुभयो।”

चार्ल्सले इटन क्रिकेट टिमको धेरैलाई मुडीको प्रचार सुन्न लानुभयो, र धेरै जना उद्धार पाए, त्यसमध्येमा ए.जी. स्टील, ऐवो ब्लै, र ए. जे. वेब्बे पनि पर्नुहुन्छ।

यो समयका सभाहरूमा चिकित्सक बन्नको लागि पढिरहेको एक जनाको जीवन पनि परिवर्तन भयो, जो पछिका समयहरूमा एउटा प्रभावशाली र प्रख्यात मिशनरी बन्नुभयो। सर विल्फ्रेड ग्रेन्फेल मुडीको प्रचार सुन्न सभामा जानुभएको थियो र उहाँ आफैले त्यसको बारेमा बताएको विवरण यस्तो थियो: “(सभाको सुरुवातमा) लामो भाषण पछाडि अल्छीलाग्दो लामो प्रार्थना सुरु हुँदा त्यो मेरो लागि नयाँ कुरा थियो, म निस्कन लागेँ। सभाको अगुवाले, जो डी. एल. मुडी हुनुहुन्थ्यो भन्ने कुरा पछि थाहा पाएँ, सहभागीहरूलाई भन्नुभयो, ‘हाम्रो भाइले प्रार्थना गरिसिद्धिन्जेल हामी एउटा कोरस गाउँदै गरौँ।’ (सो गर्दा त्यो लामो प्रार्थना गरिरहेको भाइले आफ्नो प्रार्थनालाई अन्त गर्नुभयो र सभा सुरु भयो) उहाँको यो व्यवहारिकपनले

मलाई खिच्यो र म सभा अन्त हुने बेलासम्म रहेँ।

"त्यसपश्चात् मुडीको मिशनबाट आयोजना गरेको अर्को एउटा सभामा एड्वर्ड किनास्टन र सी.टी स्टड यी दुई दाजुभाइहरूको प्रचार सुन्न गएँ। तिनीहरू खेलाडीहरू भएकाले तिनीहरूको प्रचार सुन्न सकिन्छ भनी म त्यहाँ गएँ। त्यो स्टड दाजुभाइहरूको सभालाई म कहिल्यै बिर्सँदिनँ। सभामा भेला भएकाहरूमा ख्रीष्टलाई पछ्याउने निर्णय गरेकाहरूले आफ्नो ठाउँबाट उठिदिन अनुरोध भयो। यो बुझ्न सक्ने खालको कुरा थियो, तर उठ्न मलाई कति गाह्रो भइरहेको छ भन्ने कुरालाई देखेर म चकित भएँ। अन्तमा जहाजमा काम गर्ने एक जना केटो सयौँ जनाको बीच अचानक आफ्नो ठाउँबाट उठ्यो। त्यो काम सुन्दर साहसपूर्ण कामजस्तो मलाई लाग्यो, किनभने त्यो तिनको लागि कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा मलाई स्पष्ट थाहा थियो, यसैले म आफू पनि उठेर उभिएँ र रुबिकान नदीलाई पार गरेजस्तै अनुभव गरेँ, र यसलाई प्रमाणित गर्न केही गर्नुपर्छ भनी निर्णय गरेँ।"

मुडी बेलायतको भ्रमण सिद्ध्याएर अमेरिका फर्कनुभयो।

सी.टी. स्टडले लेख्नुहुन्छ :

"श्रीमान् मुडी अमेरिका फर्कनुभयो, र ख्रीष्ट येशूको लागि मैले गर्नुपर्ने काम के हो भन्ने कुरालाई म जान्न चाहेँ। मैले उहाँको काम मात्र गर्न चाहन्थेँ र परमेश्वरलाई बाटो देखाइदिनुहोस् भनी प्रार्थना गरेँ। तर यहाँ पनि मैले अर्को एउटा भूल गरेँ; पूर्ण रूपमा परमेश्वरमाथि मात्र भरोसा राख्नुको सट्टामा म साथीहरूकहाँ गएँ। यसरी मैले परमेश्वरको अगुवाइलाई सामान्य बुद्धिद्वारा पत्ता लगाउन प्रयास गरेँ, र ज्योतिमा प्रवेश गर्नुको सट्टामा अन्धकारमा प्रवेश गरेँ। म बढी छटपटिन र चिन्तित हुन थालेँ, मेरो स्वास्थ्य कमजोर भयो र निको हुनको लागि गाउँतिर जान बाध्य भएँ।

"तीन महिना बाइबल अध्ययन र अगुवाइको लागि प्रार्थना गर्नुमा बिताएँ, स्वास्थ्य असल भएको अवस्थामा फर्केर आएँ, तर अझै मलाई आफूले

गर्नुपर्ने के हो भन्ने कुरा थाहा थिएन। परमेश्वरले मलाई बाटो देखाउने बेलासम्म कानुनसम्बन्धी पढ्ने निर्णय गरेँ। तर सहरमा फर्केर आउँदा कुनै पनि पेसा अथवा व्यापारमा चेतपूर्वक लाग्नु मेरो लागि असम्भव लाग्यो। त्यो पूर्ण रूपमा नमिलेको देखियो। परमेश्वरले मेरो शरीर र प्राणलाई सुरक्षित राख्नको लागि चाहेको भन्दा बढी दिनुभएको छ, ख्रीष्टको सुसमाचारविना हजारौँ हजार प्राणहरू मरिरहेको हुँदा म मेरो जीवनको उत्तम वर्षहरूलाई सांसारिक इज्जत र आनन्द कमाउनको लागि कसरी खर्च गर्न मिल्छ भनी मलाई लाग्यो।

"यतिखेरको समयमा एउटा नास्तिकले लेखेको विश्वासलाई विरोध गर्ने पर्चालाई भेट्टाएँ। त्यसमा यसो लेखिएको थियो: 'यदि यस जीवनमा प्राप्त गर्ने धर्मको ज्ञान र त्यसको अभ्यासले यसपछिको जीवनको गन्तव्यलाई प्रभाव पार्छ भन्ने कुरालाई हामीले विश्वास गर्छौं भनी बताउने करोडौँ मानिसहरूले झैँ मैले पनि विश्वास गरेको भए धर्म नै मेरो लागि सबै कुरा हुन्छ। मैले सांसारिक आनन्दलाई फोहोरको रूपमा फ्याँकिदिनेछु, सांसारिक फिक्रीलाई मूर्खता र सांसारिक विचार र भावनाहरूलाई व्यर्थ ठान्नेछु। दिनको सुरुवातमा मैले सम्झिने पहिलो कुरा र राति निद्रामा डुब्नुभन्दा अगाडि देख्ने अन्तिम दृश्य धर्म नै हुनेछ। मेरो सम्पूर्ण परिश्रम त्यसको लागि नै हुनेछ। म अनन्तकाल भन्ने भोलिको लागि मात्र फिक्री गर्नेछु। स्वर्गको लागि एउटा आत्मा बचाउन जीवनभरि दुःख गर्नु परे तापनि त्यसलाई योग्य ठान्नेछु। संसारीक परिणामहरूले मेरा हातलाई कहिल्यै रोक्नुहुँदैन न मेरो ओठलाई बन्द गर्न सकिन्छ। संसार, त्यसको आनन्द र दुःखले मेरो विचारमा एक छिनको समय पनि पाउनेछैन। मैले अनन्तकाललाई मात्र ध्यानमा राख्न प्रयास गर्नेछु, साथै मेरो वरिपरि भएका अजम्मरी प्राणहरू, जो चाँडै अनन्त आनन्द अथवा अनन्त पीडामा पुग्छन्। म सारा संसारभरि गएर समय र बेसमय प्रचार गर्नेछु, र मेरो प्रचारका वाक्यहरू यस्तो हुनेथे, 'किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ?' ' मैले यो पढ्ने बित्तिकै थाहा पाएँ, कि साँचो मिलेको इसाई जीवन भनेको यही हो। मेरो जीवनलाई फर्केर हेर्दा त्यो कति नमिलेको छ भन्ने कुरालाई थाहा पाएँ। त्यो समयदेखि मैले निर्णय गरेँ, कि मेरो जीवन वचनसँग मिलेको हुनुपर्छ,

र मेरो लागि परमेश्वरको इच्छा के हो भनी खोज्न सुरु गरेँ। तर यो पल्ट शरीर र रगतसँग सल्लाह नलिने तर परमेश्वरले देखाउन्जेल पर्खिरहने निर्णय गरेँ।"

ती अजम्मरी प्राणहरूको दृश्यले सी.टी. स्टडलाई समात्यो र अझै पनि बलियो रूपमा समात्न गइरहेको थियो; तर उहाँको भविष्यको कामको लागि अति महत्त्वपूर्ण भएको अर्को एउटा पाठ उहाँले सिक्न बाँकी नै थियो, त्योचाहिँ उहाँमा अहिले भएको जोसले मात्र उहाँलाई ख्रीष्टको लागि एउटा सफल कामदार बनाउन सक्दैन भन्ने कुरा थियो। उहाँलाई शक्तिको आवश्यकता थियो। "तिमीहरूले शक्ति पाउनेछौ.... पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" उहाँको लागि परमेश्वरको इच्छा के हो भनी उहाँले खोज्न सुरु गर्दा उहाँलाई परमेश्वरले देखाएको पहिलो कुराचाहिँ उहाँको जीवनको खाँचो के हो, साथै त्यो आवश्यकताचाहिँ पवित्र आत्माले भरिँदा पूरा हुन्छ भन्ने कुरा थियो। यो कुरालाई सी.टी. स्टडले धर्मशास्त्रमा देख्ने बित्तिकै एउटा सानो बालकले जस्तै पूर्ण समर्पणता र विश्वासद्वारा आफ्नो जीवनमा पवित्र आत्मालाई आउन दिनुभयो। त्यसपश्चात् बोलावट पाउन र त्यसलाई मात्र साथै त्यसपछि लगत्तै आउने परीक्षालाई पार गर्न स्वर्गीय शक्तिले उहाँ तयार पारिनुभयो। केही दिनहरूभित्र नै त्यो परीक्षा आयो:

"तीन दिनपछि मेरो एक जना नजिकको साथी सहरमा आउनुभयो र एउटा बाइबल अध्ययन सभामा जान बोलाउनुभयो। म पनि गएँ, र केही समय बाइबल पढेर त्यससम्बन्धी बातचित गरिसकेपछि उहाँले भन्नुभयो, 'श्रीमती डब्ल्युले पाउनुभएको असाधारण आशिष्को बारेमा तपाईंले सुन्नुभयो ?' 'छैनँ।' 'तपाईंलाई थाहा छ, तिनी जीवनभरि नै ख्रीष्टको जोशिलो सेविका थिइन् र धेरै दुःख र कष्ट भोगिन्, जुन कुराहरूले स्वाभाविक रूपमा हुने गरी नै तिनलाई प्रभाव पार्‍यो, र तिनको जीवनमा एउटा बोझ बन्न पुग्यो। तर पछिल्ला समयहरूमा परमेश्वरले तिनको जीवनमा यस्तो एक प्रकारको आशिष् दिनुभयो, कि अहिले ती कुराहरूले तिनलाई असर पारिरहेको छैन। यथार्थमा कुनै पनि कुराहरूले तिनलाई दुःख दिन सकिरहेको छैन। तिनी पूर्ण

शान्तिमा जिइरहेकी छिन्। तिनको जीवन पृथ्वीमा नै स्वर्ग भएको जस्तो छ।' तुरुन्तै हामीले यस्तो प्रकारको आशिष्लाई परमेश्वरले विश्वासीहरूलाई प्रतिज्ञा गर्नुभएको छ कि भनी धर्मशास्त्रमा खोज्न थाल्यौँ। चाँडै नै हामीले थाहा पायौँ, कि समझले नै भियाउन नसक्ने शान्ति र व्यक्त गर्न नसकिने आनन्द भन्ने आशिष्हरूलाई परमेश्वरले विश्वासीहरूको लागि प्रतिज्ञा गर्नुभएको छ। हामीले आफैलाई ध्यानसित जाँच्न थाल्यौँ, र हामीले यो पाएको छैन भन्ने कुरा थाहा पायौँ। तर हामीले परमेश्वरले दिने त्यो उत्तम आशिष्लाई पाउन मन गर्‍यौँ, यसैले घुँडा टेकेर परमेश्वरलाई त्यो आशिष् माग्यौँ, त्यसपश्चात् हामी छुटेर गयौँ।

"म त्यो पाउनको लागि अति इच्छुक थिएँ, यसैले कोठामा जाने बित्तिकै परमेश्वरलाई त्यो कुराको लागि फेरि प्रार्थना गरेँ। त्यही दिन मैले 'ए ख्रीष्टियन सिक्रेट अफ ह्याप्पी लाइफ' (एउटा इसाईको आनन्दमय जीवनको रहस्य) भन्ने किताब भेट्टाएँ। पाउन तयार र इच्छुक भएका हरेकलाई परमेश्वरले दिने आशिष् नै यो हो भनी त्यस किताबमा बताएको थियो। मैले किन पाएको छैनँ भन्ने कुरा मैले पत्ता लगाएँ, कारण यही नै थियो, कि त्यसको लागि मैले ठाउँ दिएको थिइनँ। यसको बारेमा सोच्दै म एकलै रहँदा थाहा पाएँ, कि जे परमेश्वरको हो त्यो मैले उहाँलाई दिएको छैनँ। मलाई परमेश्वरले ख्रीष्टको बहुमूल्य रगत भन्ने मूल्य तिरेर किन्नुभएको छ र मैले आफ्नो जीवनलाई उहाँको हातमा दिनुबाट रोकिराखेँ र पूर्ण रूपमा समर्पित भएको छैनँ भन्ने कुरा थाहा पाएँ।

"यो कुरा थाहा पाउने बित्तिकै मैले घुँडा टेकेँ, र फ्रान्सेस रिड्ले हेवेर्गलले लेखेको समर्पणताको भजनका शब्दहरूद्वारा आफ्नो जीवनलाई परमेश्वरको हातमा दिएँ:

*"मेरो जीवनलाई लिनुहोस्,*
*र त्यो प्रभु तपाईँको लागि अर्पित होस्।"*

"जे कुरालाई मैले परमेश्वरको हातमा समर्पण गरेँ त्यसलाई उहाँले स्वीकार गर्नुहुन्छ र सुरक्षित राख्नुहुन्छ भनी बालकले जस्तो विश्वास गर्नु नै

अब अर्को कदम हो भनी मैले थाहा पाएँ। मलाई थाहा थियो, कि मैले मेरो प्राणलाई उहाँको हातमा दिएको छु र उहाँले त्यसलाई सुरक्षित राख्न सक्नुहुन्छ; त्यस्तो हो भने मलाई र यो संसारमा मेरो भएका कुराहरूलाई अझ कति बढी उहाँले सुरक्षित राख्नुहुन्छ। मेरो जीवन एउटा बालकको जस्तो हुनुपर्दछ भनी मैले महसुस गरेँ, र मेरो भागमा पर्नुचाहिँ गर्नु होइन तर भरोसा राख्नु मात्र हो। मैले उहाँमाथि भरोसा राख्नुपर्छ र उहाँले आफ्नो असल अभिप्रायलाई पूरा गर्न ममा काम गर्नुहुन्छ। त्यो समयदेखि मेरो जीवन भिन्नै प्रकारको भएको छ, र उहाँले मलाई समझले नभियाउने शान्ति र व्यक्त गर्न नसक्ने आनन्द दिनुभएको छ।

"परमेश्वरले मलाई चीन जान अगुवाइ दिनुभन्दा केही समय अगिसम्म मैले देश छोडेर बाहिर जाने कुराको बारेमा सोचेकै थिएनँ। बेलायत नै मेरो लागि अति ठुलो थियो, तर अहिले मेरो मन बाहिरी देशमा परमप्रभुको काम गर्नुतिर गइरहेको जस्तै लाग्छ। एक दिन म मेरो साथी श्रीमान् स्ट्यान्ली स्मिथसँग श्रीमान् मेकार्थीको बिदाइको कार्यक्रममा गएको थिएँ, र उहाँले सुसमाचारलाई प्रचार गर्ने कामदारहरूको लागि भएको आवश्यकताको बारेमा गम्भीरतासाथ बताएको कुरालाई म कहिल्यै बिर्संदिनँ। तर तुरुन्तै त्यससम्बन्धी निर्णय नगर्ने विचार ममा आयो, किनभने मानिसहरूले मलाई भावनात्मक भएर निर्णय गरेको ठान्छन्। यसैले सभा सकिसकेपछि घरमा गएर परमेश्वरलाई सोध्ने निर्णय गरेँ। आफ्नो वचनद्वारा मलाई अगुवाइ गर्न परमप्रभुलाई प्रार्थना गरेँ। मलाई जानुबाट रोक्न सक्ने कुरा एउटा मात्र छ भनी महसुस गरेँ, त्योचाहिँ मेरी आमाप्रति भएको मेरो प्रेम थियो; तर जब मैले, 'जसले मलाई भन्दा बढी आफ्नो बुवा वा आमालाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन' भन्ने वचनलाई पढेँ, तुरुन्तै थाहा पाएँ, कि यो परमेश्वरको इच्छा हो, र म जाने निर्णय गरेँ।"

यस पछाडि उहाँलाई एउटा ठुलो परीक्षा आयो, उहाँको परिवारबाट नै उहाँले एउटा बलियो विरोधलाई सामना गर्नुपर्ने भयो। उहाँको बुवा उद्धार पाउँदा नै उहाँका परिवार र आफन्तहरू सबैले झट्का लागेजस्तै अनुभव गरेका थिए, तर अहिले परिवारबाट एक जना मिशनरी बन्नु भन्ने कुराले

उहाँहरूलाई झन् अप्ठ्यारो परिस्थितिमा पु-यायो। सी.टी. स्टडको मनलाई परिवर्तन गर्न सबै प्रकारका प्रयासहरू भयो, यहाँसम्म कि उहाँलाई रोक्नको लागि सल्लाह दिन सेवकहरूलाई पनि बोलाइयो। उहाँको एक जना आफन्त, जसको गवाहीले उहाँको जीवनमा ठुलो आशिष् ल्याएको थियो, उहाँले एक दिन बेलुकी भन्नुभयो, "चार्लि, तिमीले ठुलो गल्ती गरिरहेको जस्तै मलाई लाग्छ, हरेक दिन बेलुकी तिमी सभामा सहभागी हुन जान्छौँ, आफ्नी आमालाई हेर्दैनौँ। मैले तिनलाई हेरिरहेकी छु, यो कुराले तिनको हृदयलाई फुटाइरहेको छ। तिमीले गरिरहेको गलतजस्तो मलाई लाग्छ।" तर सी.टी. स्टड फेरि एक पल्ट मानवीय सल्लाह भन्ने पासोमा पर्नुभएन।

"मैले भनेँ, 'परमेश्वरलाई सोधौँ। आफ्नै इच्छामा त्यहाँ जाने मूर्ख बन्न म चाहँदिनँ। म परमेश्वरको इच्छालाई पूरा गर्न चाहन्छु।' मेरो जीवनमा धेरै सहायता गरेको एक जनाले मैले गल्ती गर्दै छु भनी ठान्नुहुन्छ भन्ने कुरालाई स्वीकार गर्न मलाई अति नै गाह्रो भयो। हामी दुवैले घुँडा टेक्यौँ, र सम्पूर्ण कुराहरूलाई परमेश्वरको हातमा समर्पण ग-यौँ। त्यो दिन राती म सुत्न सकिनँ, र कसैले यी शब्दहरूलाई दोहो-याइ-दोहो-याइ बताइरहेको जस्तै लाग्यो, 'मसँग माग र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु, र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याइदिनेछु।' मलाई थाहा भयो, कि त्यो मसँग बोल्ने परमेश्वरको आवाज हो, र चीनतिर हिँड्नको लागि मैले आदेश पाइसकेको छु।"

चीनतिर जाने र त्यसको भित्रीय भागहरूमा हराउने निर्णय लिएर उहाँले ठुलो गल्ती गर्दै हुनुहुन्छ भनी धेरैले बताए। बेलायतका जवानहरूको बिचमा उहाँले कति ठुलो प्रभाव पार्न सक्नुहुन्छ भन्ने कुरालाई तिनीहरूले देखाए। शैतानले पनि मोशासँग त्यस्तो प्रकारको कुरालाई नै विवादको विषयको रूपमा ल्याएको हुन सक्छ, "तिमी दरबारमै रह्यौ भने कति ठुलो प्रभाव पार्न सक्थ्यौ होला"; तर मोशाले सबै कुरालाई इन्कार गरेर परमेश्वरको बाटोमा हिँडे, र प्रवासी भए, र अन्तमा देशको उद्धारक भए। सी.टी. स्टडले पनि त्यही नै गर्नुभयो, र त्यो निर्णयको पहिलो-फलचाहिँ विद्यार्थीहरूको बिचमा फुटेर निस्केको जागृति हो। यस्तो प्रकारको एउटा जागृति त्योभन्दा अगि पनि

भएको थिएन, र पछि पनि भएन, र जुनचाहिँ हरेक अङ्ग्रेजी भाषा बोल्ने विश्वविद्यालयमा फैलियो।

धेरै जना मानिसहरू यो ठाउँमा हार्छन्। परमेश्वरले एउटा एकान्तको बाटोमा हिँड्न बोलाउनुहुन्छ, तर उहाँकै मानिसहरू त्यसलाई विरोध गर्छन्। थोरैले मात्र सफा दृष्टिको साथ यो बाटोमा हिँड्न तयार हुन्छन्। परमेश्वरलाई धन्यवाद होस्, उहाँकी प्रिय आमाको आँसु र बिन्तीले पनि सी.टी. स्टडलाई हल्लाउन सकेन। यो पीडादायक सङ्घर्ष भइरहेको हुँदा उहाँ झन्डै दोधारमा पर्ने बेला परमेश्वरबाट एउटा वचन पाउनुभयो, जुन कुराले यो विषयमा भएको सङ्घर्षलाई अन्त गर्‍यो। उहाँ धमिलो बलिरहेका बत्तीहरूको बिचमा रेलवे स्टेसनको प्लेटफार्ममा उभिरहेको हुँदा परमेश्वरलाई एउटा वचन दिन प्रार्थना गर्नुभयो। उहाँले आफ्नो नयाँ करारलाई निकाल्नुभयो, खोल्नुभयो र पढ्नुभयो, “मानिसका शत्रु उसको आफ्नो परिवार भित्रकैहरू हुनेछन्।” त्यो बेलादेखि उहाँले दोहोरो विचार गर्नुभएन।

## अध्याय - ४

# विद्यार्थीहरूको बिचमा जागृति

निर्णय गरेपश्चात् स्टडले चाइना इङ्गल्यान्ड मिशनको निर्देशक श्रीमान् हड्सन टेइलरलाई अन्तर्वार्ताको लागि भेट्नुभएको थियो, र चाइना इङ्गल्यान्ड मिशनको एउटा मिशनरीको रूपमा स्विकारिनुभयो। क्याम्ब्रिज विश्वविद्यालयको नाउ प्रतियोगितामा प्रख्यात विद्यार्थी भएको उहाँको साथी स्ट्यान्ली पी. स्मिथले पनि परमेश्वरको बोलावट पाउनुभयो, र चाइना इङ्गल्यान्ड मिशनमा भर्ती हुन निवेदन पेस गर्नुभयो। केही हप्ताहरूभित्र अझै पाँच जना विद्यार्थीहरूले पनि उहाँहरूसँग जाने निर्णय गर्नुभयो। कसैले उहाँहरूलाई 'क्याम्ब्रिजको सात जना' भन्ने नाम दिए, र धार्मिक र अन्य सबै पत्र-पत्रिकाहरूले प्रख्यात क्रिकेट खेलाडी र नाउ प्रतियोगितामा प्रख्यात विद्यार्थी लगायतका सात जना जवान मानिसहरू मिशनरीको रूपमा चीन जाँदै छन् भनी प्रचार गर्न थाले। यो सात जनाको समूहले समाजमा छुट्टै प्रकारको प्रभाव ल्यायो। उहाँहरू सात जनाको जीवन-गवाही भएको पर्चालाई महारानी विक्टोरियाले खुशीसाथ स्विकार्नुभयो।

यसपश्चात् विद्यार्थीहरूको बिचमा एउटा आशिष्को काम सुरु भयो। एडिन्बर्गमा रहेको एउटा विश्वविद्यालयमा विद्यार्थीहरूको बिचमा बोल्नको लागि त्यहाँका प्राध्यापकहरू हेन्री, ड्रम्मोन्ड, क्यारेन्स, ग्रीन्फिइल्ड र अरूहरू मिलेर सी.टी. स्टड र स्ट्यान्लीलाई निम्तो दिए।

यो सभाको आयोजनाको जिम्मेवारी त्यो विश्वविद्यालयमा चिकित्सा शिक्षा अध्ययन गर्ने केही विद्यार्थीहरूले लिएका थिए, जसमध्येमा एक जनाले यसो लेख्नुभएको थियो: "हामीले ख्रीष्टको कामको हरेक भागलाई सक्दो उत्तम तरिकाले गर्ने निर्णय गऱ्यौँ, यसो भएकाले सूचना-पत्र छाप्ने छपाइ खानालाई गुणस्तरीय कागजमा असल तरिकाले छापिदिन अनुरोध गऱ्यौँ।

हरेक भजन ध्यानसित छानिएको थियो, र असल तरिकाले छापिएर तयार गरिएको थियो। तयार गरिएको छोटो भजन–किताबको हरेक पानामा विश्वविद्यालयको चिन्ह छापिएको थियो। हामीले एउटा भवनलाई भाडामा लिएका थियौँ, किनभने भीड ठुलो हुने सम्भावना देखेका थियौँ। विद्यार्थीहरूलाई मात्र सभामा सहभागी गराउने निर्णय गरेका थियौँ, यसैले यस कुरालाई सूचना–पत्रको तल्लो भागमा छापिदिएका पनि थियौँ।

"सभा हुने दिनभन्दा धेरै दिन अघिदेखि नै ठुलो सूचना–पत्र बोकेर सूचना दिँदै हिँड्ने मानिसहरूलाई तयार गरेर विश्वविद्यालय र अस्पतालको वरिपरि हिँड्न लगायौँ। हामीले महान् कामको लागि आफैलाई समर्पण गरेका थियौँ। हामीले मागेको भन्दा ज्यादै प्रशस्त मात्रामा उत्तर आयो। सभा सुरु हुनुभन्दा बीस मिनेट अगाडिदेखि नै ठाउँ छ कि भन्दै मानिसहरू आत्तुरीसँग आउन थाले, त्यसमध्येमा केही सम्मानित मानिसहरू पनि थिए।

"स्टड र स्ट्यान्ली स्मिथ दुवै अपराह्नमा नै आइपुगे र आफूलाई दिएको कोठामा प्रार्थनामा विजय पाउन्जेल समय बिताए। निम्तो पाएका प्रायः सबै सम्माननीय व्यक्तिहरू सहभागी हुन आए, र प्रचारकहरू भवनमा प्रवेश गर्नुभन्दा अघि उहाँहरूको साथ घुँडा टेकी परमेश्वरको आशिष्को लागि प्रार्थना गरे। स्टडले पाउन गइरहेको परिणामको लागि धन्यवाद दिँदै प्रार्थना अन्त गर्नुभयो। त्यति बेलासम्म भवनमा जम्मा भएका विद्यार्थीहरूले सधैँ आफ्ना कक्षा–कोठाहरूमा गाइने गीतहरूलाई नै गाउँदै बसिरहेका थिए।

"स्टड र स्ट्यान्ली स्मिथ दुवै भित्र प्रवेश गर्दा विद्यार्थीहरूले उहाँहरूलाई ठुलो आवाजको साथ स्वागत गरे। उहाँहरू दुवै जना चीन जाँदै छन् भन्ने कुरालाई हामीले पहिले नै सूचना–पत्रमा बताएका थियौँ, र उहाँहरूको समर्पणतालाई देखेर हाम्रा विद्यार्थीहरू आश्चर्य मानेका थिए। उहाँहरू बोल्दा विद्यार्थीहरूले बिच–बिचमा पनि उहाँहरूलाई उत्साहित तुल्याउने गरी आवाज निकाल्थे। स्ट्यान्ली स्मिथले सरल तरिकाले बोल्न सक्नुभयो, तर स्टडले थोरै पनि बोल्न सक्नुभएन – यथार्थमा खीष्टप्रति भएको उहाँको समर्पणताले नै महान् प्रभाव पाऱ्यो। प्रचार सिद्धिसकेपछि विद्यार्थीहरूले

उहाँहरूलाई घेरे, अझै ख्रीष्टको बारेमा सुन्न मन गरे। पवित्र आत्माद्वारा एउटा नयाँ काम विद्यार्थीहरूको बिचमा सुरु भएको छ भन्ने कुरा स्पष्ट देखियो। उहाँहरू लण्डन फर्किनको लागि रेलवे स्टेसन जाँदा पनि उहाँहरूलाई बिदा दिन विद्यार्थीहरूको भीड जम्मा भएको थियो। उहाँहरू दुवैलाई फेरि एक पल्ट बोलाउनको लागि प्राध्यापक ग्रीन्फिइल्डले हामीलाई भन्नुभयो, र त्यो निर्णयको साथ यो सभा यसरी अन्त भयो।"

दोस्रो सभाको लागि पनि आयोजना भयो, विद्यार्थीहरूको लागि मात्र अनुमति दिएको थियो। समय आउँदा दुई हजार जना विद्यार्थीहरू भेला भए। प्राध्यापक चार्टेरिस सभा प्रमुख हुनुहुन्थ्यो, साथै अन्य सेवकहरू र प्राध्यापकहरूले मञ्च भरिएको थियो। यो सभाले आशिष्को झरी ल्यायो। विद्यार्थीहरूले धार्मिक मानिसहरूलाई बेखुशीको मुहारको साथ गीत गाउन मात्र योग्य ठान्थे र क्रिकेट मैदान र नदीमा नाउ चलाउनको लागि योग्य छैनन् भनी ठान्थे। तर स्ट्यान्ली स्मिथ उठेर सुन्दर तरिकाले अभिषेकको साथ उद्धार गर्ने ख्रीष्टको प्रेमलाई प्रचार गर्दा तिनीहरूको विचार सबै नष्ट भयो, साथै बेलायतभरि परिचित भएको एउटा प्रख्यात क्रिकेट खेलाडी उठेर आफ्नो साथीका शब्दहरूमा थपेर प्राणको उद्धारकर्ता ख्रीष्टको प्रेम र सामर्थ्यको गवाहीलाई शान्त रूपमा तर बल्ने शब्दहरूद्वारा बताउन थाल्दा सबै आलोचनाहरू र विरोधहरू निर्मूल भयो। विद्यार्थीहरू र प्राध्यापकहरू समान रूपमा आँसुले भरिएका थिए।

सी.टी. स्टडले यो समयको बारेमा यसरी लेख्नुभएको छ: "हामी एउटा उदेकको समयमा आइपुगेका छौँ। दिनभरि मानिसहरू भेट्न आइरहेका थिए, हरेकको लागि पन्ध्र मिनेट तोकिएको थियो, जुन समय प्रायः यस्ता बातचितमा बित्थ्यो: 'तपाईं इसाई हुनुहुन्छ?' 'होइन।' 'तपाईं इसाई बन्न चाहनुहुन्छ?' 'हजुर, म चाहन्छु।' 'त्यसो भए प्रार्थना गरौँ।' प्रार्थना सकेपछि त्यो मानिस उद्धारको आनन्दले भरिएर घुँडाबाट उठ्छ। यसरी उद्धार पाएका विद्यार्थीहरू मिलेर असल नेतृत्वमा झुण्डहरूको रूपमा तयार भए, र बेलायत, स्कटल्यान्ड र आयरल्यान्डमा भएका सबै विश्वविद्यालयहरूमा गएर आगो सल्काए।

“हामी पहिलो पल्ट विद्यार्थीहरूको बिचमा जाँदा उनीहरूलाई भेट्ने कुरामा हामीलाई एक प्रकारको डर लागिरहेको थियो, किनभने त्योभन्दा अगाडि यस्ता केही कुराहरू पहिले हामीले गरेका थिएनौँ, यसैले आगोको छेउमा ओछ्यान लगाएर केही समय प्रार्थना गर्दै, केही समय सुत्दै सभाको अगाडिको रातलाई बिताएका थियौँ।”

यसपश्चात् स्टड र स्ट्यान्ली दुवै श्रीमान् रेजिनल्ड रेड्क्लीफको साथमा सुसमाचारीय यात्रामा ठुला सहरहरूतिर प्रचारको लागि जानुभयो। उहाँहरूको सभाप्रति भएको चासो धेरै ठुलो थियो, धेरै जवान मानिसहरू उहाँहरूलाई हेर्न र सुन्नलाई ठुलो सङ्ख्यामा जम्मा भए।

सी.टी. स्टडले आफ्नी आमालाई १८८५ जनवरी २८ मा लेख्नुभयो: “रोच्डेलमा एउटा प्रभावशाली कार्यक्रम भयो। त्यहाँका मानिसहरूले यस्तो एउटा सभा पहिले कहिल्यै भएको थिएन भनी भन्छन्। भवन भीडले भरियो, सभा सकेपछि पनि धेरै मानिसहरूलाई भेट्नु परेको थियो। एउटा ठुलो बम पड्केजस्तै उहाँहरूको बिचमा शक्तिशाली काम भयो।

“लिवरपूलबाट एउटा सुन्दर सन्देश। आगो अझै बलिरहेको छ, र त्यो एक रातमा मात्रै साठी जना मानिसहरू उद्धार पाएको कुरालाई घोषणा गरे। अझै कति जनालाई परमेश्वरले आशिष् दिनुभएको छ म भन्न सक्दिनँ, र हामी दैनिक ख्रीष्टको ज्ञान र उहाँको अचम्मको प्रेममा बढिरहेका छौँ; मेरो पहिलेको जीवनभन्दा कति फरक जीवन यो। क्रिकेट, ब्याडमिन्टन र बन्दुक प्रतियोगिताजस्ता कुराहरू यो भारी आनन्दको तुलनामा केही पनि होइनन्। अन्यजातिहरूको आवश्यकताको बारेमा मात्र नभएर लण्डन र अन्य सहरहरूमा भएका गरिबहरूको बारेमा थाहा पाउँदा मैले पहिले जिएको विलासिता जीवनप्रतिको त्रासलाई त्यसले बढायो। कति सुटहरू र कयौँ प्रकारका लुगाफाटाहरू मेरा लागि छन्, तर यहाँ हजारौँ मानिसहरू भोकै छन् र चिसोले मरिरहेका छन्। यसैले ती सबै लुगाफाटाहरू म घरमा आउनुभन्दा अगाडि बेचिनुपर्छ अथवा घरमा आउने बित्तिकै म बेचिदिन्छु। मेरी प्रिय आमा, येशूको नामलाई एक पल्ट पनि नसुनीकन मरिरहेका दयनीय

पापीहरूलाई बचाउनको लागि आफ्नो एउटा छोरालाई दिन पाउनु कति ठुलो आशिष्को कुरा हो भन्ने कुरालाई परमेश्वरले तपाईंलाई देखाउन् भनी म प्रार्थना गर्दै छु। परमप्रभुले तपाईंलाई आशिष् दिउन्, मेरी प्रिय आमा, मलाई थाहा छ, यो उहाँले गर्नुहुन्छ र तपाईंको दुःखलाई आनन्दको रूपमा बदल्नुहुन्छ।"

एफ. बी. मेयरले लेख्नुभएको छः "मेल्बोन हलमा भएको स्ट्यान्ली स्मिथ र स्टडको कार्यक्रम मेरो जीवनको लागि एउटा उल्लेखनीय कार्यक्रमको रूपमा रहनेछ। पहिलेका समयहरूमा मेरो इसाई जीवन थोरै समयको लागि जिएको अनियमित भावनात्मक जीवनको रूपमा थियो, अहिले उत्साह आगोजस्तै बलिरहेको छ, र पहिले थकित भएर हिँडिरहेको अवस्थामा थियो। मसँग नभएको केही एउटा कुरा यी जवान मानिसहरूमा भएको मैले देखेँ। उहाँहरूमा निरन्तर रहने विश्राम, बल र आनन्दलाई देखेँ। त्यो नोभेम्बर महिना बिहान सात बजे मैले देखेको एउटा दृश्यलाई म कहिल्यै बिर्सँदिनँ। बिहानको उज्यालोले कोठामा लामो समय अगिदेखि बलिरहेको मैन बत्तीको ज्योतिलाई मधुरो बनाइरहेको हुँदा दुई जना समर्पित जवानहरूले धर्मशास्त्र अध्ययन गरिरहेको देखेँ। त्यति बेला भएको हाम्रो बातचित मेरो जीवनलाई अति नै प्रभाव पार्ने कुराको रूपमा बन्न पुग्यो। मैले सी.टी. स्टडलाई भनेँ, 'तपाईं बिहान धेरै छिटो उठेको हुनुपर्ने' उहाँले भन्नुभयो, 'हो, म आज बिहान चार बजे उठेँ, सधैँ नै मलाई चाहेको निद्रा पुगिसकेपछि ख्रीष्टले उहाँसँग असल समय बिताउनको लागि मलाई उठाउनुहुन्छ।' फेरि मैले सोधेँ, 'आज बिहान तपाईंले के गरिरहनुभएको थियो ?' उहाँले जवाफ दिनुभयो, 'तपाईंलाई थाहा छ, प्रभुले यस्तो भन्नुभएको छ, "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ।" र यसैले प्रभुले दिनुभएको हरेक आज्ञालाई खोजेर त्यसलाई मैले पालन गरेको छु भने चिन्ह लगाउने गरिरहेको थिएँ, किनभने म उहाँलाई प्रेम गर्छु।' फेरि मैले सोधेँ, 'म कसरी तपाईंजस्तो हुन सक्छु होला?' उहाँले जवाफ दिनुभयो, 'ख्रीष्टले तपाईंलाई भर्नको लागि तपाईंले आफूलाई ख्रीष्टलाई दिनुभएको थियो?' मैले भनेँ, 'हो, साधारण रूपमा त्यो मैले गरेको थिएँ, तर ध्यानसित त्यो गरे कि गरेन, मलाई थाहा छैनँ।' स्टडले भन्नुभयो, 'तपाईंले ध्यानसित

त्यो गर्नुपर्छ।' त्यो रात मैले घुँडा टेकेँ र सजिलैसित आफूलाई ख्रीष्टलाई दिन सक्छु भनी ठानेँ। मैले उहाँलाई एउटा फलामको औँठी दिएँ, मेरो स्वेच्छा भन्ने फलामको औँठी, जसमा मेरो जीवनका सबै साँचाहरू थिए, एउटा सानो साँचो बाहेक। मालिकले (ख्रीष्टले) मलाई सोध्नुभयो, 'सबै साँचाहरू यसमा छन् त?' मैले भनेँ, 'सबै छन्, एउटा बाहेक, मेरो हृदयमा भएको एउटा सानो कोठा, जसलाई मेरो अधीनतामा राख्नुपर्छ, त्यो यसमा छैनँ।' मालिकले भन्नुभयो, 'तिमीले सबै कुराको लागि मलाई विश्वास गरेनौ भने तिमीले मलाई विश्वास नै गरेका छैनौ।' मैले उहाँसँग सम्झौता गर्ने प्रयास गरेँ, र भनेँ, 'प्रभु, अरू सबै थोकमा म भक्तिसाथ जीवन बिताउनेछु, तर त्यो एउटा सानो कोठाभित्र भएका चिजहरूविना म जिउन सक्दिनँ।' मेरो पूर्ण जीवन तराजुमा भएको अनुभव गरेँ, र यदि त्यो एउटा साँचोलाई म आफूसँगै राखेँ भने म ख्रीष्टलाई अविश्वास गरेको हुन्छु, र उहाँले आफ्नो आशिष्मय वचनको सेवामा मलाई कहिल्यै विश्वास गर्न सक्नुहुन्न। उहाँ मबाट पछि हटिरहनुभएको जस्तो लाग्यो, र मैले उहाँलाई बोलाएर भनेँ, 'मलाई त्यो दिने इच्छा छैनँ, तर त्यो साँचोलाई दिने ठाउँमा पुऱ्याइन तयार छु। उहाँ नजिक आएर मेरो हातबाट साँचो लिनुभएको र सीधै त्यो कोठाभित्र गएको जस्तो मलाई लाग्यो। त्योभित्र उहाँले के भेट्टाउनुहुन्छ, मलाई थाहा थियो र उहाँलाई पनि थाहा थियो। त्यो दिनदेखि एक हप्ताभित्र उहाँले त्यो कोठालाई सफा गर्नुभयो र त्यसलाई त्योभन्दा अझै उत्तम चिजले भरिदिनुभयो। म कति मूर्ख रहेछु! उहाँले नक्कली गहनाहरूलाई हटाएर मलाई सक्कली गहना दिन चाहनुभएको रहेछ। मेरो जीवनलाई खाइरहेका थोकहरूलाई उहाँले हटाउनुभयो र त्यसको सट्टामा आफूलाई नै दिनुभयो। त्यो दिनदेखि मेरो सबै थोकहरूलाई उहाँले नै सुरक्षित राख्नुहुन्छ भन्ने ठाउँमा आइपुगेँ; उहाँको यो सामर्थ्यलाई गहिरो रूपमा अनुभव गर्नको लागि पूर्ण समर्पणता एउटा नभई नहुने कुरा हो।"

चीन जानको लागि तयार भएका सात जना जवान विद्यार्थीहरूको लागि चाइना इङ्गल्यान्ड मिशनद्वारा क्याम्ब्रिज, अक्सफोर्ड र लण्डनमा गरी तीन वटा बिदाइ कार्यक्रमहरूको आयोजना भएको थियो। सभामा सहभागी नभएकाहरूलाई त्यो सभाको असाधारण महत्त्वलाई कुनै पनि वाक्यहरूद्वारा

बुझाउन सकिँदैन। क्याम्ब्रिज युनिभर्सिटीको संवाददाताले यो सभाको बारेमा लेख्दा यसरी लेख्नुभयो, “क्याम्ब्रिज युनिभर्सिटीको अभिलेखलाई राखेर हेर्दा सबैभन्दा उल्लेखनीय मिशनरी सभा भनी विनाशङ्का यस सभालाई भन्न सक्छौँ।”

अक्सफोर्डमा कन एक्चेन्ज (Corn Exchange) भवन, जुनचाहिँ त्यो सहरकै सबैभन्दा ठुलो भवन थियो, मानिसहरूको भीडले भऱ्यो। लण्डनमा एक्सटर हलमा भएको सभा सहभागी भएकाहरूले कहिल्यै बिर्सन नसक्ने सभा बन्न पुगेको थियो।



THE CAMBRIDGE SEVEN
C. T. STUDD, M. BEAUCHAMP, S. P. SMITH
A. T. POLHILL-TURNER, D. E. HOSTE, C. H. POLHILL-TURNER, W. W. CASSEL

**क्याम्ब्रिजका सात जना**

**सी.टी. स्टड, एम. ब्युचम्प, एस.पि.स्मिथ, ए.टि. पोल्हील टेर्नर, डि.इ.होस्टे, सी.एच. पोल्हील टेर्नर, डबल्यु. डबल्यु. केस्सेल्स**

## अध्याय - ५

# सी.टी. स्टड चिनियाँ बने

सात जना मिशनरीहरूले सन् १८८५ मा समुद्री यात्रा सुरु गरे। जहाजको कप्तान, जो एउटा नास्तिक साथै मतुवाली र झगडालु व्यक्ति थिए, आफूसँगको बातचितपछि उद्धार पाएको कुरालाई सी.टी. स्टडले आफ्नी आमालाई लेख्नुभएको पत्रमा बताउनुभयो। कप्तानको उद्धारले जहाजभरि नै एउटा असल परिणाम ल्यायो, र जहाजमा काम गर्ने अन्य मानिसहरूले पनि ख्रीष्टलाई चिन्ने मौका पाए।

तीन महिनापछि यी सात जना मिशनरीहरूका आमाहरूले नै चिन्न नसक्ने गरी यिनीहरू चिनियाँ भए। चिनियाँहरूको बिचमा जानको लागि चिनियाँ बन्नु नै असल तरिका हो भन्ने चाइना इङ्गल्यान्ड मिशनको विश्वास र नियमअनुसार यो विश्वविद्यालयका सात जना स्नातकहरू अहिले चिनियाँ टुपी र लामो गाउनको साथ पूर्ण रूपमा चिनियाँ भए।

अर्को चार महिनाभित्र सात जना चीनको भित्रीय भागहरूमा छरिएको जसरी विभिन्न ठाउँमा जानुभयो। सी.टी. स्टडचाहिँ चीनको उत्तरीय भागमा रहेको पिङ्याङ र ताइ–युयनतिर जानुभयो। गधा र चिनियाँ नाउ–घर र पैदल यात्रा गर्दै चीनको फोहोरी पाटीहरूमा रात बिताउँदै भित्रीय भागमा रहेका सहरहरूमा कुनैमा दुई महिना कुनैमा एक महिना बसोबास गर्दै यात्रा गर्नुभयो। यात्रामा रहँदा भाषा सिक्दै जानुभयो, र धेरै दिनहरू र धेरै घण्टाहरू परमप्रभुसँग र उहाँको वचनमा समय बिताउनुभयो, यसरी नै अग्रदूतको रूपमा चीनको भित्रीय भागहरूमा उहाँको पहिलेको अठार महिना बित्यो। यी समयहरूमा उहाँले सिक्नुभएको महत्त्वपूर्ण पाठचाहिँ एउटै मात्र किताबको आधारमा जिउने व्यक्ति बन्नु थियो। यो समयदेखि प्रायः अन्य सबै किताबहरूलाई छोडेर बाइबललाई मात्र पढ्नुचाहिँ उहाँको जीवनको नियम

बन्न पुग्यो, र त्यसरी पढ्दा प्रशस्त मात्रामा चिन्ह लगाउने गर्नुहुन्थ्यो, साथै वचनलाई प्रकाशित गर्नको लागि पवित्र आत्मामाथि भरोसा राख्नुहुन्थ्यो, र वचनलाई एउटा बालकले जस्तै स्वीकार गर्नुहुन्थ्यो। यसरी पवित्र आत्मा र वचनद्वारा परमेश्वरसँग सीधै सम्बन्ध राखेर जिउन थालिसकेपछि उहाँको आत्मिक जीवनलाई थाम्न र अगुवाइ गर्न कुनै अन्य सभा सम्मेलन अथवा सहायताको आवश्यकतालाई कहिल्यै अनुभव गर्नुभएन। उहाँले परमप्रभुसित एकान्तमा हिँड्नु भन्ने रहस्यलाई सिकिसक्नुभएको थियो।

उहाँकी आमालाई लेख्नुभएका केही पत्रहरूका भागहरूबाट उहाँको जीवनको अनुभवको बारेमा थाहा पाउन सक्छौँ। उहाँको सुन्दर घरमा भएको आरामदायी जीवनको तुलनामा पूर्ण रूपमा विपरीत भएका परिस्थितिहरूमा उहाँले अनुभव गर्नुभएको आनन्द उल्लेखनीय छ।

"सन् १८८५ अप्रिल १, शाङ्घाई। सारा सहरले नै यहाँ भएको सभाको बारेमा बातचित गरिरहेको छ, यथार्थमा भन्नुपर्दा यहाँ परमप्रभुले उथलपुथल हुने गरी काम गर्नुभयो। क्याथेड्रलको सेवकको जीवनमा भएको परिवर्तन र उहाँको गवाही एउटा ठुलो आत्मिक बम विस्फोट भएको जस्तो भयो। उनले सार्वजनिक रूपमा भने, 'यदि हिजो राती प्रभु आउनुभएको भए मेरो आत्मा गुमिएको हुन्थ्यो, तर यदि प्रभु आज राती आउनुभयो भने म मुक्ति पाएको मानिस हुन्छु।'

"हामी सबैको अनौठो रूप देखेर म दिनभरि हाँसिरहेको छु। स्ट्यान्ली, मोन्टी र ए. पी. टर्नर सबै चिनियाँ भएका छन्; हामी सबै चिनियाँ वस्त्र लगाएर, कपाल खौरेर, चिनियाँ टुपी राखेर चिनियाँ भएका छौँ, बाँकी तीन जनाले झन् जुँगा पनि खौरेका छन्, यसैले झन् हाँस उठ्ने देखियो, म उनीहरूलाई देख्ने बित्तिकै नहाँसिरहन सक्दिनँ।"

उहाँ दुई जना आफ्ना साथीहरूको साथ याङ्चे र हान नदीहरूको छेउ–छेउमा अठार सय माइल यात्रा गर्दै हान्चुङ्गसम्म पुग्नुभयो, त्यहाँ पुग्नको लागि उहाँहरूलाई तीन महिना लाग्यो।

"हानकौ। अप्रिल २२। हामी एउटा नाउमा छौँ, हाम्रो वरिपरि खचाखच हुने गरी थुप्रै नाउहरू छन्। हामी यता बसिरहेको तपाईंले हेर्न पाउनुभएको भए हुन्थ्यो जस्तो लाग्छ। हाम्रो नाउको भित्रीय भागमा तीन वटा कोठाहरू छन्, एउटा बस्नको लागि दुइटा सुत्नको लागि। सुत्ने कोठा छ फुट चौडाइ र सात फुट लम्बाइ र साढे पाँच फुट उचाइको छ। यो अति आरामदायक छ। यो कुरा पक्कै हो, कि केही समयहरूको अगिसम्म यसलाई यस्तो सोच्न सक्दैन थियो होला, तर अहिले यो सानदार देखिन्छ। अब आउने तीन महिनाको लागि यो नाउ नै हाम्रो लागि घर हुन्छ, र हामीसँग यहाँ नाउमा एउटा पनि अङ्ग्रेजी शब्द बोल्न नसक्ने स्थानीय शिक्षक हुनुहुन्छ, हामी विश्वास गर्छौं, कि हान्चुङमा पुग्नुभन्दा अघि हामी चिनियाँ भाषामा धेरै नै प्रगति गरेका हुन्छौँ। स्थानीय भाषामा एउटा पनि शब्द बोल्न नसक्नु अति नै असन्तुष्टि ल्याउँदै छ, तर म बोल्न सक्ने ठाउँमा आउँदा त्यो कति आनन्दको कुरा हुन्छ, साथै पहिलो मानिस उद्धार पाउँदा त्यो आनन्दमा तपाईं पनि सहभागी बन्न पाउनुहुन्छ।"

"यहाँ अति नै गर्मी छ, तर त्यही नै आनन्द मान्नुपर्ने कुरा हो। हामीले लगाएका यी लुगाहरू यो मौसमको लागि अति मिल्दो छ। अहिले तपाईंलाई म यो पत्र लेखिरहेको हुँदा एउटा ह्वाङ्ल्याङ्ग भएको पाइजामा लगाएर बसिरहेको छु, साथै स्थानीयले लगाउने एउटा सर्ट लगाएर बसिरहेको छु। बाहिर जाँदा लामो बाहुला भएको निलो रङ्गको एउटा गाउन लगाएर जान्छु।"

मे २६। स्टडले आफ्ना कान्छा भाइहरू रेज्जी र बेर्टइलाई लेख्नुभयो, "यो ठाउँ मुसाहरूले भरिएको छ, जसले रातको समयमा हाम्रा मोजाहरू लिएर जान्छन्, र कागजहरूलाई पनि लिएर गएर उनीहरूको दुलोमा राख्छन्। हामीलाई तिनीहरूले साह्रै हैरान पाऱ्यो र हामीले पासो थाप्न सोच्यौँ, तर पछि त्यसो नगरीकन यो समस्यालाई हटाइदिन परमेश्वरलाई प्रार्थना गर्ने निर्णय गऱ्यौँ। त्यो समयदेखि हामीलाई यो समस्या भएन।

"कुनै पनि खेल अथवा क्रिकेट नखेल्नु भनी तिमीलाई म भन्दिनँ, अवश्य खेल्नु र आनन्द मनाउनु, र यी सबैको लागि ख्रीष्टलाई धन्यवाद दिनू। तर

मेरो लागि भएजसरी कुनै पनि खेल तिम्रो लागि मूर्ति नबनोस्। संसारमा सबैभन्दा उत्कृष्ट खेलाडी तिमी बन्न पुगे तापनि आउने संसारमा तिम्रो लागि त्यसले के लाभ ल्याउँछ र? त्यो खेल र ख्रीष्टको लागि आत्मा जित्नुको बिचमा भएको भिन्नतालाई सम्झिनू! यदि एउटा आत्मालाई ख्रीष्टमा डो-याउनुमा भएको आनन्दलाई तिमीले अनुभव गरेका छैनौ भने परमप्रभुलाई सो गर्न सक्ने तुल्याउन प्रार्थना गर्नु, त्यसपछि तिमीले साँचो आनन्द के रहेछ भनी थाहा पाउनेछौ। समय छोटो छ, नरकबाट प्राणहरूलाई बचाउनको लागि समय यति छोटो छ, कि स्वर्गमा कुनै पनि उद्धारको काम हुनेछैन। म हृदयबाट यो कुरा लेख्दै छु, किनभने ख्रीष्टमा भएको आनन्दको बारेमा मलाई थाहा छ, साथै विद्यालयमा सबैको साथ पढ्दा तिमी पर्न सक्ने अनगिन्ती परीक्षाहरूको बारेमा पनि मलाई थाहा छ।"

हन्चुङबाट श्रीमान् हड्सन टेइलरलाई भेट्नको लागि पिङ्याङ-फुसम्म जमिनमार्फत उहाँहरूले यात्रा सुरु गर्नुभयो, र यो धेरै हप्ताहरू लाग्ने एउटा कठिनाइपूर्ण यात्रा थियो, जसमा सी.टी. स्टडले धेरै कठिनाइहरूको बिचमा पनि आश्चर्यपूर्ण सहनशीलता प्रकट गराउनुभएको थियो। "हामी फल्याकहरूमाथि आरामसँग सुत्यौँ, दुई बजे उठेर मैन बत्ती बालेर धर्मशास्त्र अध्ययन गऱ्यौँ, चार बजे हिँड्नको लागि साढे तीन बजे नै सबै कुरा ठिक्क पाऱ्यौँ। छेउमा भएको सानो नदीमा दिउँसोको समयमा नुहायौँ, तर मेरो पैतालामा घाउ भयो। भोलिपल्ट मेरो खुट्टा धेरै नराम्रो अवस्थामा भयो, ताकि मैले जुत्तालाई छोडेर चप्पल लगाउनुपर्ने भयो; तर यहाँका भरियाहरूको छालाजस्तो मेरो छाला बाक्लो नभएकोले साना कुराहरूले घोच्दा पनि झन् पीडा बढ्यो र त्यो दिन तीस माइल हिँड्नु सजिलो भएको थिएन। भोलिपल्ट झन् गाह्रो भयो, बाह्र माइल हिँडिसकेपछि म चप्पललाई पनि फुकालेर खाली-खुट्टा हिँड्न बाध्य भएँ। हामी सधैँ बिहानको खाना खानुभन्दा अगाडि आठ माइल हिँडेर त्यसपछि देख्ने कुनै पनि चिनियाँ होटेलमा भात खान्थ्यौँ। हामी सधैँ नै बाटोमा खानुमा रमाउँथ्यौँ। अब म पूर्ण रूपमा एउटा चिनियाँ भएको छु र चामलको भात मेरो लागि अति मनपर्ने कुरा भयो, यथार्थमा भन्नुपर्दा विदेशी खान्कीभन्दा म चिनियाँ खानालाई नै बढी रुचाउँछु।

“शनिवारको दिनमा मेरा दुई जना साथीहरूले यात्रा चाँडो पूरा गर्ने उद्देश्यले त्यो दिन चालिस माइल हिँड्ने निर्णय गरे। यस्तो पैतालाहरूको साथ त्यो मेरो लागि उज्ज्वल कुराको रूपमा देखिएन। उहाँहरूले मेरो लागि एउटा घोडा खोज्न प्रयास गरे, तर भेटिएन। मेरो खुट्टा यति नराम्रो अवस्थामा थियो, कि मेरो लागि यो दूरीलाई पूरा गर्नु असम्भव देखियो; तर परमेश्वरले सो गर्न सक्ने तुल्याउनुभयो, यो कसरी भयो मलाई थाहा छैन; त्यो अति दुःखदायी यात्रा थियो र मेरा पैतालाहरू झन् बढी घाइते भए। भोलिपल्ट अठतीस माइलहरू। हरेक कदममा पैतालामा छुरी गाडेको जस्तो अनुभव भयो, तर परमेश्वरको उपस्थिति साथमा भएजस्तो अनुभव पनि भएन। म प्रायः एकलै भएँ, विशेष अन्तिम दिनमा, किनभने म अरूहरूको साथ–साथ हिँड्न नसक्ने भएको थिएँ। तर म सबै कुराको लागि परमेश्वरलाई धन्यवाद दिन्छु, किनभने उहाँले यी पीडाहरूद्वारा धेरै–धेरै शिक्षाहरू मलाई दिनुभयो। यस्तो व्यक्तिलाई परमेश्वरले कसरी यो यात्रा पूरा गर्न सक्ने तुल्याउनुभयो भन्ने कुरालाई सम्झिँदा पक्कै त्यसबाट आश्चर्यसहितको प्रशंसा फुटेर निस्कन्छ।”

“सिन्गन। अक्टोबर १९। मलाई थाहा छ, तपाईं मेरो खुट्टाको बारेमा बुझ्न चिन्तित भइरहनुभएको हुन्छ, यसैले त्यो कसरी राम्रो बन्न पुग्यो भनी म तपाईंलाई बताउँछु। विश्राम गरे पनि त्यो निको भएन, झन् बढी सुन्निन्दै गयो र धेरै पिप पनि निस्क्यो। याकूब पाँचको १४ र १५ मा लेखेअनुसार प्रभुले मेरो खुट्टालाई निको पार्नुहुन्छ भन्ने विश्वास ममा भएकाले मैले हागलाई प्रभुको नाममा मेरो खुट्टालाई तेलले अभिषेक गर्न सक्नुहुन्छ कि भनी सोधेँ। पहिले उहाँ आनाकानी गर्नुभयो, तर हामी सबै मिलेर याकूब पाँच पढेर प्रार्थना गर्‍यौँ, त्यसपछि उहाँले सो गर्न नसक्ने कारण केही देखिएन भन्नुभयो र तेलले अभिषेक गरेर प्रार्थना गरिदिनुभयो। त्यो बेलादेखि मेरा पैतालाहरू तीव्र गतिमा राम्रो हुन थाले, भोलिपल्ट मैले पैतालाहरू निको भएका छन् भनी विश्वासमा मानिलिएँ। (तर यथार्थमा त्यो त्यस्तो देखिने अवस्थामा नै थिएन), र त्यही खुट्टाले त्यो दिन धेरै हिँडेँ। राती त्यो कम मात्रामा नै सुन्निएको थियो। त्यति बेलादेखि म दिनमा बीस माइल जति हिँडिरहेको छु, साथै सुन्निएका भागहरू बस्यो र पैतालाहरू अति राम्रा अवस्थामा छन् र पिप पनि आएको छैन। म परमप्रभुलाई यसको लागि प्रशंसा चढाउँछु।”

"पिङ्याङ। नोभेम्बर ३। आमा, यी दयनीय प्राणहरूलाई येशूको बारेमा बताउन मभित्र भएको तृष्णालाई मैले व्याख्या गर्न सक्दिनँ ...।"

"पिङ्याङ। १८८६ फेब्रुअरी ७। (उहाँको जीवनको महत्त्वपूर्ण रहस्यको कुराको रूपमा रहेको बिहान परमेश्वरसँग बिताउने समयको बारेमा उहाँले यसो लेख्नुभयो।) प्रभु असल हुनुहुन्छ, र सधैँ नै ठुलो मात्रामा आत्मिक दाखरसलाई हरेक बिहान मलाई दिनुहुन्छ, जुन कुराले मलाई बिहानदेखि रातीसम्म नै बलियो राख्छ। केही समय अगिदेखि मैले यस्तो महिमाका समयहरू पाउन थालेँ। म प्रायः बिहान साढे तीन बजे उठ्छु, र निद्रा पूरै छोडिसकेको अनुभव गर्छु, धर्मशास्त्रमा समय बिताउँछु, र फेरि बिहान उठ्नुभन्दा अगि एक घण्टा जति सुतेर उठ्छु। जे कुरा म बिहान पढ्छु, त्यो हटाउन नसक्ने गरी मेरो मनमा दिनभरि रहन्छ। त्यो समय एकदम शान्त समय हो, अन्य कुनै पनि मानिसहरू उठेका हुँदैनन्, न त परमेश्वरको आवाज बाहेक अन्य कुनै आवाज सुनिन्छ। यो समयलाई मैले गुमाएँ भने शिमसोनको कपालको साथ-साथ उसको सम्पूर्ण बल खौरेको जस्तो अनुभव गर्छु। प्रभुबाट अझै कति बढी मैले सिक्नुपर्छ भन्ने कुरालाई अझ बढी देख्न थालेको छु। हाय! मेरो जवान-काललाई पूरै परमेश्वर र उहाँको वचनलाई दिन पाएको भए कति असल हुने थियो। आफूलाई खुशी पार्दै सांसारिक उपाधिहरू र सुख-विलास पछाडि दौडेको ती वर्षहरूले गर्दा मैले कति घाटा पाएको छु!

"पवित्र आत्माले हामीलाई अधीनतामा ल्याएर हामीभित्र रहँदा त्यो कति असल जीवन। त्यो साधारण पनि हो: 'म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु,' अर्थात् म मरेको छु भन्ने कुरालाई हामीले सम्झिनुपर्छ। 'अब उप्रान्त जिउने म होइनँ, ख्रीष्ट मभित्र जिउनुहुन्छ।' मेरो भाग भन्नुचाहिँ उहाँलाई मभित्र जिउन दिनु नै हो।"

"अगस्ट। [श्रीमान् हड्सन टेइलरको साथ सी.टी. स्टड ताइ-युएनबाट अन्चुङ फर्किनुभयो।] हामी अन्चुङ पुग्ने बित्तिकै शिचुआनमा भइरहेको दङ्गको बारेमा सुन्यौँ र चुङ्किङमा भएका विदेशीहरू आफ्नो जीवन

बचाउनको लागि भाग्नु परेको थियो, र उहाँहरूका घरहरू नष्ट पाऱ्यो भन्ने कुरा पनि सुन्यौँ। श्रीमान् टेइलरले शिचुआन जानको लागि कोही तयार हुनुहुन्छ कि भनी सोध्नुभयो, र प्रायः सबै जान तयार भए। अन्तमा म श्रीमान् फेल्प्सको साथमा गएर त्यहाँको स्थानलाई लिने निर्णय भयो।

"तीन दिनपछि हामी पौलिङ आइपुग्यौँ, तर चुङ्किङमा भएको कलहको बारेमा सुनेका पाटी चलाउने मानिसहरूले हामीलाई ठाउँ दिन मानेनन्, यसैले हामी एउटा झ्याल नभएको सुँगुरको खोरसँग जोडिएको कोठामा सुत्यौँ। भोलिपल्ट सहरमा भएको सानो पाटीमा हामीले कोठा पायौँ। यो कोठामा झ्यालहरू थिए, तर दुर्गन्धचाहिँ अझै पहिलेको भन्दा नराम्रो थियो, साथै मध्य-रातमा म उठेर एउटा ठुलो युद्ध लड्न सुरु गर्नुपरेको थियो – सयौँ मुसाहरूसँग। चुङ्किङ पुग्दा हामी बेलायती दूतलाई भेट्न गयौँ, उहाँको लागि हामीलाई देख्नु भूतलाई देखेजस्तै भयो र उहाँले भन्नुभयो, 'तपाईंहरू कसरी यहाँ आइपुग्नुभयो? सहरको हरेक ढोकामा विदेशी भूतहरूलाई भित्र आउन नदिनको लागि सिपाहीहरू बसिरहेका छन्।' हामीलाई परमेश्वरले नै यता ल्याउनुभयो भन्ने कुरालाई बतायौँ, साथै यहाँ नै रहन आएको कुरालाई पनि बतायौँ। उहाँले भन्नुभयो, 'होइन, तपाईंहरू यता रहन पाउनुहुन्न; नदीको तल्लो भागहरूमा अथवा माथिल्लो भागहरूमा रहन मैले तपाईंहरूलाई अनुमति पत्र दिन सक्छु, तर यहाँचाहिँ मबाहेक अरू कुनै विदेशीहरूलाई रहने अनुमति छैन।' तर मैले उहाँको कुरालाई इन्कार गरेर त्यहाँ रहने कुरामा अझै बल लगाएँ। त्यसपछि उहाँले भन्नुभयो, 'यदि त्यो छाप्रोमा रहन तयार हुनुहुन्छ भने रहन सकिन्छ, तर त्यहाँ एक जनाको लागि मात्र ठाउँ छ।' को रहने भन्ने बारेमा हामी दुवैले छलफल गर्न थाल्यौँ। मेरो साथीचाहिँ विवाह गर्न तयार गर्दै हुनुहुन्थ्यो, मचाहिँ होइन, तर उहाँ रहन चाहनुभयो। अन्तमा राजदूतले हामीलाई रात्रि भोजको लागि निम्तो दिनुभयो, र भोजन लिइरहेको बेलामा उहाँ मप्रति फर्केर भन्नुभयो, 'स्टड, के तपाईं मसँग रहन सक्नुहुन्छ?' यो कुराले हामीलाई निर्णयमा पुऱ्यायो। त्यहाँ रहन थालेर केही समय नबितुन्जेल मलाई परमेश्वरले त्यहाँ किन पठाउनुभयो भन्ने कुरा मैले थाहा पाउन सकिनँ।"

## अध्याय - ६

# आफ्नो सारा सम्पत्तिलाई ख्रीष्टको निम्ति बाँड्नु

उहाँ बेलायत छोडेर यात्रा गर्नुभन्दा अगि श्रीमान् हड्सन टेइलरसँग गोपनीय अन्तर्वार्तामा बस्नुभएको थियो। उहाँको बुवाको इच्छा–पत्रअनुसार एउटा ठुलो रकम पैतृक सम्पत्तिको रूपमा सी.टी. स्टडले आफ्नो पच्चीस वर्षको उमेरमा पाउन लाग्नुभएको थियो, र धर्मशास्त्रलाई साधारण रूपमा हेर्दा नै उहाँलाई त्यसले एउटा निश्चित र दिगो निर्णयमा पुऱ्यायो। ख्रीष्टका वचनहरू, "तिमीसँग भएका जे जति छन् ती सबै बेचेर गरिबहरूलाई बाँडिदेऊ" र "आफ्नो निम्ति पृथ्वीमा धन–सम्पत्ति नथुपार" भन्ने ख्रीष्टका वचनहरू; पेन्तिकोसका समयहरूमा भएका मण्डलीहरूको उदाहरण, जसको बारेमा यसो बताएको थियो, "तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचीकन जस–जसलाई जे–जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे"; अन्तमा त्यो जवान मानिसको घटना जसलाई येशू ख्रीष्टले यसो भन्नुभएको थियो, "येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो, "तिमीलाई अझ एउटा कुराको अभाव छ। जाऊ, र तिम्रा जे–जति छन् बिक्री गर र गरिबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ। अनि आएर मेरो पछि लाग।" भन्ने वचनहरू उति बेला जसको लागि बोलेको थियो, उहाँहरूलाई जति लागू हुन्छ त्यति नै अहिलेका समयहरूको ख्रीष्टको चेला भएको आफूमाथि पनि लागू हुन्छजस्तो उहाँलाई लाग्यो। यसैले यो परमेश्वरको वचनको आधारमा उहाँले आफ्नो सारा पैतृक सम्पत्तिलाई ख्रीष्टलाई दिने निर्णय गर्नुभयो, र आफूले पाएको यो सुनौलो मौकालाई स्वीकार गरेर त्यसलाई पूरा गर्ने निर्णय उहाँले गर्नुभयो, जुन मौका पाउँदा त्यो धनी जवान मानिसले त्यसलाई पूरा गर्न असफल भएका थिए। यो एउटा हतारमा गरिएको निर्णय थिएन, किनभने श्रीमान् टेइलरले उहाँ अझै दुई वर्षसम्म खास सम्पत्तिको हकदार बन्नुहुन्न भन्ने कुरालाई देखाएर अन्तिम निर्णयलाई अझै पछि सार्न सक्छ भनी बताउनुभयो। तर सी.टी. स्टडको लागि

यो एउटा भावना सम्बन्धित प्रश्न थिएन, न त यो एउटा विशेष अलौकिक अगुवाइ थियो, जसलाई समयले परिवर्तन गर्छ। योचाहिँ सेतो पानामा कालो अक्षरमा लेखिएको परमेश्वरको वचन अगाडिको साधारण आज्ञाकारिता थियो। दुई वर्ष बितेर गयो र आफ्नो २५औँ जन्म दिवसमा उहाँले आफूलाई चुङ्‌किङमा एकलै भेट्टाउनुभयो।

उहाँले यसो लेख्नुभएको छ, "एक दिन मैले 'हार्मोनी अफ द गोस्पल्स' किताब पढिरहेको हुँदा, त्यो धनी जवानसँग येशूले बातचित गरेको ठाउँमा आइपुगेँ। परमेश्वरले मैले गरेका सबै प्रतिज्ञाहरूलाई फेरि मलाई याद दिलाएको जस्तो लाग्यो। केही दिनहरूपछि महिनामा दुईपल्ट मात्र आउने हुलाक सेवाद्वारा वकिल र बैङ्‌कबाट चिठी प्राप्त गरेँ, जसले मैले पाएको पैतृक सम्पत्तिको विवरण दिएका थिए। परमेश्वरले मलाई इमानदार बनाउनुभयो, र मैले के गर्नुपर्छ भन्ने बारेमा बताउनुभयो। म चुङ्‌किङमा किन आएँ भन्ने कुरा त्यति बेला मात्र मलाई स्पष्ट भयो। मैले मेरो सम्पत्तिलाई बाँड्नको लागि कागज–पत्रहरू तयार गर्नुपरेको थियो, जसमा बेलायतकी रानीको सरकारमा काम गर्ने एक जना मानिसको सहीको आवश्यकता पर्थ्यो। मैले कागज–पत्रहरू तयार गरेर राजदूतकहाँ लगेँ, तर उहाँले भन्नुभयो, 'म सही गर्दिनँ।' अन्तमा उहाँले फेरि एकपल्ट यो विषयमा सोच्नको लागि मलाई दुई हप्ता दिने कुरा बताउनुभयो, र त्यसपछि पनि यदि मैले यसरी नै गर्न चाहेको खण्डमा सही गर्ने कुरा बताउनुभयो। दुई हप्तापछि कागजहरूलाई मैले फेरि उहाँकहाँ लगेँ, र उहाँले सही गरिदिनुभयो, र सबै कुरा मेरो हातबाट गयो। हामीले परमेश्वरलाई दिने सबै कुराको सट्टामा उहाँले सय गुणा बढी फिर्ता दिने प्रतिज्ञा गर्नुभएको छ। सय गुणा बढी एउटा असल प्रतिशत हो; त्यो दश हजार प्रतिशत हो।"

त्यति बेलासम्म आफूले पाउन सक्ने सम्पत्तिचाहिँ १९ हजार पाउण्ड हुनुपर्छ भनी उहाँले अनुमान गर्नुभएको थियो। (अहिलेको ने. रू. ४८ करोड बराबर)। तर हिसाबमा कुनै गल्ती हुन सक्छ भन्ने कारणले उहाँले पच्चीस हजार पाउण्ड भनी हिसाब गरेर बाँड्ने निर्णय गर्नुभयो। सम्झनामा सधैँ रहने सन् १८८८ जनवरी १३ मा उहाँले ५००० पाउण्डको (अहिलेको ने. रू.

८,३५,००,००० बराबर) चार वटा र १००० पाउण्डको (अहिलेको ने. रू. १,६६,००,००० बराबर) पाँच वटा गरी २५००० पाउण्डको चेक पठाउनुभयो। शान्त मन र ध्यानसित गरिएको निर्णयसहित एउटा व्यापारीले धेरै लाभ ल्याउने केही कुरामा लगानी गरेको जस्तै सी.टी. स्टडले आफ्नो सारा सम्पत्तिलाई स्वर्गीय बैङ्कमा लगानी गर्नुभयो। यो उहाँले मूर्खताले गरेको काम होइन। परमेश्वरको वचन अपरिवर्तनशील छ, र उहाँले प्रतिज्ञा गरेको यो जीवनमा सय गुणा बढी फिर्ता पाउनु (आउने संसारको कुरै गर्नुपरेन) त्यसलाई विश्वास गरेर तीबमोजिम गर्नेहरूको लागि वास्तविक हुन्छ भन्ने कुराहरूको लागि उहाँको यो काम परमेश्वर र मानिसको अगाडि साझा गवाही थियो।

आफ्नो बुवाले पैसा कमाएको उत्तर–भारतको तिरहुत भन्ने ठाउँमा केही सुसमाचारीय काम सुरु गर्न सकोस् भन्ने आशा व्यक्त गर्दै उहाँले ५००० पाउण्ड पैसा मुडीलाई पठाउनुभयो। मुडीले पनि त्यो कामलाई पूरा गर्न सकिन्छ भन्ने आशा बोक्नुभएको थियो, तर उहाँले सो गर्न सक्नुभएन, र त्यो पैसालाई प्रख्यात मुडी बाइबल इन्स्टिच्युट भन्ने बाइबल तालिम केन्द्र चिकागो भन्ने ठाउँमा स्थापना गर्न प्रयोग गर्नुभयो। सो गर्नुभन्दा अगि मुडीले स्टडलाई यसरी लेख्नुभएको थियो, “म त्यसपछिको दोस्रो उत्तम काम गर्नेछु, र त्यो पैसा राखेर एउटा तालिम केन्द्र खोल्नेछु, जहाँबाट पुरुष र स्त्रीहरू सुसमाचार प्रचार गर्नको लागि विश्वका सबै भागहरूमा जानेछन्।”

४००० पाउण्डलाई मिशन कामको लागि प्रयोग गर्न र १००० पाउण्डलाई चाहिँ अनाथ बच्चाहरूलाई प्रयोग गर्न भनी ५००० पाउण्डलाई उहाँले श्रीमान् जार्ज म्युलरलाई पठाउनुभयो; अर्को ५००० पाउण्ड “परमप्रभुको निम्ति दरिद्रहरूको बिचमा प्रयोग गर्नको लागि” भनी वाइट च्यापल मण्डलीको जार्ज होल्यान्डलाई पठाउनुभयो। श्रीमान् होल्यान्डले सी.टी. स्टडको बुवालाई गर्नुभएको आत्मिक सहायताले गर्दा भेटीको रसिदचाहिँ आफ्नो बुवाको नाममा नै बनाइदिनु भनी भन्नुभयो, र अर्को ५००० पाउण्डलाई भारतको स्याल्वेसन आर्मी संस्थामा प्रयोग गर्नको लागि श्रीमान् बुथ टक्करलाई पठाउनुभयो। उहाँहरूले आफ्नो आवश्यकताहरूको लागि रात्रि

प्रार्थनामा बसेको ठीक भोलिपल्ट यो ५००० पाउण्ड पैसा आइपुग्यो। त्यो पैसा पचास जना सेवक समूहलाई सेवामा पठाउन प्रयोग गर्नुभयो।

उहाँले १००० पाउण्डको पाँच वटा चेकहरूलाई लण्डनमा भइरहेको सुश्री मेकफेर्सनको कामको लागि साथै सुश्री एल्लन स्मिली, स्याल्वेसन आर्मी संस्थाको संस्थापक जनरल विलियम बुथ, रेभरेन्ड आर्किबल्ड ब्रोवन र डा. बेर्नार्डोको आश्रमको लागि पठाउनुभयो।

केही महिनाहरूपछि उहाँले आफूले पाउने सम्पत्तिको ठीक विवरण थाहा पाउनुभयो। त्यसपछि उहाँले अझै कुनै हजारौँ पाउण्डहरू चाइना इङ्गल्यान्ड मिशनको लागि दिनुभयो, र उहाँको हातमा तीन हजार चार सय पाउण्ड बाँकी रह्यो। उहाँको विवाहभन्दा अगि त्यो पैसालाई उहाँले आफ्नो हुनेवाला दुलहीलाई दिनुभयो। उनले उहाँभन्दा कम नहुने गरी भनिन्, "चार्लि, परमप्रभुले त्यो जवान मानिसलाई के गर भन्नुभयो?" "सबै कुरालाई बेच।" "त्यसै हो भने हाम्रो विवाह हुने बेलामा उहाँको अगाडि सिद्ध भएर हाम्रो पारिवारिक जीवन सुरु गर्नेछौँ।" त्यसपछि उहाँहरू मिलेर श्रीमान् विलियम बुथलाई एउटा पत्र लेख्नुभयो:

१८८८ जुलाई ०३

"मेरो प्रिय जनरल, हामीले पाएको पत्रबाट श्रीमती बुथको गम्भीर रोगको बारेमा थाहा पाउन आयो, हाम्रा हृदयहरू तपाईंहरू दुवैप्रति गहिरो सहानुभूतिले भरेको छ। तपाईं र श्रीमती बुथको 'द वार क्रई' (युद्धको अवाज) भन्ने किताब साथै तपाईंको अन्य किताबहरू पढेर मैले परमप्रभुबाट कति आशिष् पाएँ भनी तपाईंलाई भन्नै सक्दिनँ। हामीले यो पत्रसँग १५०० पाउण्डको चेक पठाएका छौँ। अर्को ५०० पाउण्डचाहिँ हामीले श्रीमान् विलियम टक्करलाई उहाँको विवाहको उपहारस्वरूप उहाँलाई पठाएका छौँ। त्योबाहेक हाम्रो संसारमा बाँकी अन्तिम लगानीको रूपमा रहेको १४०० पाउण्ड बराबरको प्रतिज्ञा–पत्र मुद्रालाई बेचेर आउने पैसालाई तपाईंलाई पठाउने आदेश सम्बन्धित बैङ्कलाई दिएको छु। अब उप्रान्त हाम्रो बैङ्क

स्वर्गमा छ। पृथ्वीमा बैङ्क अफ इङ्गल्यान्ड र अन्य लगानी गर्ने ठाउँहरू सुरक्षित मानिए तापनि हामीलाई केही डर छैन, तर न्यायको दिनमा यी सबै कुराहरू टुक्रिएर जान सक्छ भन्नुचाहिँ हाम्रो डर हो। हामीले यी कदमहरू परमेश्वरको वचन र प्रभु येशूको आज्ञा यी दुवैको आधारमा नै गरेका छौँ। प्रभु येशूले भन्नुभयो, 'तिमीहरूको सम्पत्ति बेचेर दान देओ। आफ्नो निम्ति थोत्रो नहुने थैलीहरू बनाओ,' साथै उहाँले भन्नुभयो, 'यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर।' र उहाँले फेरि भन्नुभयो, 'जसले म उहाँलाई चिन्छु भन्छ तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ त्यो झूटो हो।'

" 'हामीले कसलाई दिनु' भनी लामो समय परमेश्वरलाई सोधिसकेपछि मात्रै पवित्र आत्माको यो अगुवाइलाई हामीले महसुस गऱ्यौँ। साथै उद्धारलाई प्रचार गर्न संसारमा आउनु प्रभु येशूको तरिका थियो, र हाम्रो लागि धेरै मानिसहरूकहाँ त्यो सन्देश पुऱ्याउनको लागि यो तरिका असल हुन्छ भनी हामीले महसुस गऱ्यौँ। हल्लेलूयाह! हामी परमेश्वरलाई पनि धन्यवाद दिन सक्छौँ, किनभने हामी करकापमा होइन, तर उहाँको अनुग्रहद्वारा खुशीसाथ र स्वेच्छाले दिएका छौँ। परमप्रभुलाई महिमा होस्, आमेन!

"साथै हामीले परमेश्वरलाई धन्यवाद दिन्छौँ, कि 'सुन र चाँदी मसित छैन' भन्ने गर्व गर्न सक्ने स्थानमा छौँ। तर हामी हननिया र सफिराजस्तो हुन चाहँदैनौँ, हामी इमानदारीसाथ भन्छौँ, कि हामीसित यहाँ थोरै रकम बाँकी छ, तर त्यो कति हो भनी म आफैलाई पनि अहिले थाहा छैनँ!

"यो मबाट आएको होइन, किनभने 'यदि कसैले आफन्तहरूको र विशेष गरी आफ्नै परिवारको पालनपोषण गर्दैन भनेता त्यसले विश्वासलाई इन्कार गर्दछ, र विश्वास नगर्नेहरूभन्दा पनि खराब हुन्छ' भनी धर्मशास्त्रले सिकाउँछ भन्ने मलाई बताइएको थियो। यसैले मैले बाँकी थोरै भाग पूरैलाई घरको व्यवस्थापनको लागि मेरी प्रिय श्रीमतीलाई दिएँ। र अहिले यो पैसा पठाउने चाहिँ मेरी श्रीमती नै हुन्, तिनले पनि स्वर्गलाई नै सुरक्षित बैङ्कको रूपमा ठानिएकी छिन्, र त्यहाँ कारोबार गर्न पनि सजिलो छ, किनभने त्यहाँ चेक अथवा पैसा साट्ने बेला मुद्रा मूल्यको बारेमा फिक्री गर्नुपरेन, सिर्फ

'माग र तिमीहरूले पाउनेछौ। यसरी तिमीहरूको आनन्द पूर्ण होओस्।'

"प्रिय जनरल बुथ, अब म बिदा लिन चाहन्छु, यो युद्धलाई नेतृत्व गर्नुमा तपाईं र तपाईंकी प्रिय श्रीमती क्याथरिन बुथलाई परमेश्वरले अझै धेरै–धेरै वर्षहरू सुरक्षित राखून्। हाम्रो हृदयदेखिको प्रार्थनाचाहिँ परमप्रभुले तपाईं र तपाईंको सानो परिवार र बाहिरको ठुलो परिवारलाई आशिष् दिऊन्। अब हामीलाई, पूरा गर्न प्रभु येशूको एउटा मात्र आज्ञा छ, र त्योचाहिँ 'तर जब तिमी दान दिँदछौ, तिम्रो दाहिने हातले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस्। तिम्रो दान गुप्तमा होस्।' यसैले यदि तपाईंको जोशिलो साथी, 'युद्धको आवाज' पत्रिकाले यो पत्रलाई समातेर सबैको अगाडि सामाजिक रूपमा देखाउन पुग्यो भने यसमा हाम्रो नाम यति मात्र रहोस्, कि ख्रीष्ट येशूका सिपाहीहरू।

"मेरी श्रीमती र म

"नोट: कहाँबाट आयो भनी रसिदमा नाम खुलाउने ठाउँमा दया गरी यसो लेखिदिनुहोला, 'जाऊ, तिमी पनि त्यसै गर।'"

यी जवान दम्पतीप्रति परमेश्वरको विश्वासयोग्यता, साथै उहाँहरूको एकचालिस वर्षको वैवाहिक जीवनमा उहाँहरूलाई मात्र नभएर उहाँहरूका छोराछोरीहरू र उहाँहरूका कामहरूमा परमेश्वरले कसरी आफ्नो प्रतिज्ञालाई पूरा गर्नुभयो, जुन प्रतिज्ञाको लागि पूरा गर्नुपर्ने सर्तलाई उहाँहरूले पूरा गर्नुभएको थियो भन्ने कुरालाई किताबलाई पढ्दै जाँदा पढ्नेहरूले थाहा पाउनेछन्। साथै "त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ।" भन्ने कुरालाई उहाँहरूको जीवनबाट फेरि पनि सिक्नेछन्। ख्रीष्ट येशूलाई पछ्याउनको लागि आफ्ना सबै थोकलाई त्याग्नुभएको यो बिसौँ शताब्दीको धनी जवान मानिसको उदाहरणद्वारा चेलापनको वास्तविकतालाई पछ्याउन कति जनाले प्रेरणा पाए भन्ने कुरालाई अनन्तताले मात्र प्रकट गराउनेछ।

## अध्याय - ७

# एउटी आयरल्यान्डकी युवती र एउटा सपना



प्रिस्सील्ला लिविङ्स्टन

सन् १८८७ मा चाइना इङ्गल्यान्ड मिशनमा सेवा गर्न आएका नयाँ सेवकहरूको एउटा ठुलो समूहको साथ प्रिस्सील्ला लिविङ्स्टन स्ट्युवर्ट पनि शाङ्घाई आइपुगिन्। तिनी एउटा आयरल्यान्डको लिस्बोन भन्ने ठाउँकी युवती थिइन्। घरको आरामदायी र आनन्द वातावरणमा हुर्केकी तिनी धर्म भन्ने कुरा अल्छीलाग्दो कुरा मात्र हो र आफूलाई त्यसमा केही पनि छैन भनी ठानेर सबै प्रकारका रमझममा जीवन बिताइरहेकी थिइन्। तर ख्रीष्टले तिनलाई पक्रिनुभयो र त्यो दिनदेखि तिनले कलवरीको त्यो मानिसको दृश्यलाई देखिन् र "मेरा चोटहरूद्वारा तिमी निको भयौ," भन्ने उहाँको आवाज पनि सुनेर तिनले आफ्नो जीवन उहाँलाई सुम्पिदिइन्, र उहाँको लागि गवाही बाँड्ने कुरालाई छोडिनन्।

तिनी स्याल्वेसन आर्मीका सभाहरूमा सहभागी हुन्थिन्, र त्यो सभाद्वारा आयोजित र्‍यालीमा सहभागी हुँदा पुराना जुत्ताहरू, मुढाहरू, ढुङ्गाहरू, कुहिएका अण्डाहरू उहाँहरूमाथि फ्याँकिन्थ्यो। कति पल्ट त्यस्ता परिस्थितिहरूमा तिनलाई तिनका साथीहरूले पनि चिन्न नसक्ने हुन्थे।

यी सबै कुराहरूलाई सहन सक्ने गरी तिनी कसरी परिवर्तन भइन् भन्ने कुरालाई तिनी आफै बताउँछिन्:

"अहिले म एउटा मिशनरी भएकी छु, तर म त्यसको लागि तयार भएको

मानिसचाहिँ थिइनँ। म किशोरी हुँदा मलाई कसैले सभामा सहभागी हुनलाई बोलाएको भए म यसरी जवाफ दिन्थेँ, 'होइन, धन्यवाद, तपाईंको धर्मबाट मलाई केही चाहिएको छैन'; किनभने मेरो धारणामा परमेश्वरलाई प्रेम गर्नु भनेको चाहिँ लामो अनुहार पारेर अल्छीलाग्दो जीवन जिउनु थियो, र मैले भन्थेँ, 'मेरो हृदय ताजा छ, र आनन्दित छ र मैले त्यसलाई बिगार्न चाहँदिनँ न त मलाई लामो अनुहारको आवश्यकता छ।'

"म झन्डै १९ वर्ष हुन्जेल यही धारणामा जिउँथेँ, र धर्मको बारेमा बोल्दा त्यसलाई विरोध गर्नु मात्र नभएर त्यसलाई खिसी गरेर भन्थेँ, 'म कहिल्यै परमेश्वरको सेवा गर्दिनँ, म कहिल्यै येशूलाई प्रेम गर्दिनँ र उहाँलाई प्रभु, मालिक भनी कहिल्यै बोलाउँदिनँ।' तर मेरो जीवनमा जे भएको थियो त्योचाहिँ, 'मानिसले योजना बनाउन सक्छ, तर कामको सफलता परमेश्वरको निर्णयमा छ' भन्ने वाक्यको एउटा असल उदाहरण हो।

"त्यो हिउँदको समय थियो, र म धेरै साना नाचहरूमा सहभागी भएका थिएँ र अन्तिम दिन आयो, जुनचाहिँ हरेक युवतीको जीवनमा बिर्सन नसक्ने दिन हुन्छ, त्योचाहिँ औपचारिक नाचमा सहभागी हुनु हो। मलाई थाहा थिएन, कि त्यो नै मेरो जीवनको पहिलो र अन्तिम नाच हुनेछ! म त्यसमा पूरै रमाएँ, र त्यो एउटा खुशीको रात थियो! हामी बिहान चार बजेतिर घर आइपुग्यौँ। म ओछ्यानमा गएँ र सुतेँ, तर एउटा डरलाग्दो सपनाले मलाई ब्युँझायो।

"पहिलो पल्ट म उठ्दा, 'यो एउटा सपना मात्र हो!' भन्दै आफ्नो विवेकलाई शान्त पारेँ। फेरि सुतेँ, दोस्रो पल्ट सपना दोहोरियो, र तेस्रो पल्ट पनि दोहोरिँदा मैले आफ्नो विवेकलाई शान्त पार्न सकिनँ। यसैले म उठेँ, र सपनामा देखेका सबै अनावश्यक कुराहरूलाई मेरा आफन्तहरूसँग रमाइलो गर्नुजस्ता कुराहरूद्वारा बिर्सिन निर्णय गरेँ, तर मेरो विवेकले मलाई घोच्दा मैले त्यसलाई शान्त पार्न सकिनँ। तीन महिनासम्म यो डरलाग्दो सपनाले मलाई चिन्तित तुल्यायो, किनभने म मेरो अस्तित्वको अन्तलाई देखिसकेँ भनी स्वीकार गर्ने ठाउँमा आइपुगिसकेकी थिएँ।

“मेरो सपना यस्तो थियो, ‘म साथीहरूसँग टेनिस खेलिरहेको थिएँ, अचानक म र मसँग खेल्नेहरूलाई ठुलो भीडले घेरिएको ठाउँमा भेट्टायौँ, र हामी आश्चर्यचकित भएर हेरिरहेको हुँदा त्यो भीडको बीचबाट एक जना उठ्नुभयो र त्यसलाई देखेर म आश्चर्य मान्दै भनेँ, ‘के हो, त्यो त परमेश्वरको पुत्र हो!’ सीधै मलाई नै हेरेर औँला ठड्याएर उहाँले स्पष्ट भनेको कुरालाई सुनेँ, ‘मबाट दूर होओ, मैले तिमीलाई कहिल्यै चिनेको छैनँ।’ त्यो भीड एकै छिनमा बादलमा हराएको जस्तै भयो, टेनिस मैदानमा हामी मात्रै बाँकी रह्यौँ। मैले मेरा साथीहरूलाई हेरेँ, र उनीहरूको मुहारमा त्रासलाई देखेर मेरी घनिष्ठ साथीलाई भनेँ, ‘मतलब नगर, हामी सबै सँगै जाँदै छौँ!’

“मेरो हृदय यति कठोर भयो, कि मैले ती कुराहरूलाई वास्ता गरिनँ, र मलाई थाहा थियो र विश्वास पनि गरेँ, कि म सधैँको लागि परमेश्वरबाट अलग पारिएँ। तर दिनहरू बित्दै जाँदा धर्मशास्त्रमा कतै ‘हुन सक्छ, बेलुकी, अथवा आधा रातमा, अथवा भाले बास्दा, जति खेर पनि येशू ख्रीष्ट फेरि आउनुहुन्छ’ भन्ने शब्दहरू लेखिएका छन् भन्ने सोच मेरो मनमा गहिरो रूपमा गाड्यो, जहिले–जहिले ती समयहरू (बेलुकी, आधा रात...) आउँथे मेरो मनमा यस्तो एउटा प्रश्न उठ्थ्यो, ‘यदि उहाँ अहिले आउनुभयो भने मलाई के हुन्छ?’”

तीन महिनापछि प्रिस्सील्ला भर्खरै उद्धार पाएकी एक जना स्त्रीसँग बस्नुभएको थियो। त्यो स्त्रीले आफ्नो जीवनको दुःख–सुखको कुरा साथै आफ्नी आमाको प्रार्थनाको जीवन र कसरी तिनले आउन गइरहेका समस्याहरूको बारेमा सपना र दर्शनद्वारा परमेश्वरबाट खबर पाएर अगिबाटै तयार हुन्थिन् भन्ने कुराहरू बताइन्। प्रिस्सील्लाले ती कुराहरूलाई स्वीकार गर्न नसकेर ती कुराहरू र परमेश्वरको बिचमा केही सम्बन्ध छैन, र सपनाहरू दिनको कामको व्यस्तताले आउँछन् भनी विवाद गरिन्। कुरा गर्दै जाने क्रममा आफूले देखेको सपनालाई पनि बताएर रातभरि नाचेकोले त्यो देखेको हो भनी त्यसलाई हाँसोमा उडाइन्।

"त्यो स्त्रीले भनिन्, 'ए छोरी, कसैले कहिल्यै परमेश्वरबाट चेतावनी पाएका छन् त, तिमीले पाएका छौ; तिम्रो हृदय उहाँलाई देऊ, र उहाँले तिमीलाई दिने शान्तिलाई कुनै पनि कुराले कहिल्यै बिगार्न सक्दैन।' प्रिस्सील्ला आफूले के गर्दै छु भन्ने कुरा थाहा नहुँदा–नहुँदै सधैँ गर्ने गरी ती शब्दहरूलाई खिसी नगरीकन घुँडा टेकेर भन्न लागिन्, 'मैले परमेश्वरको बारेमा कहिल्यै निर्णय गरेकी थिइनँ, तर आजको रात सो गर्छु।' तिनले त्यसरी प्रार्थना गरिरहेकी हुँदा शैतान एउटा मानवजस्तै नै भएर आफ्नो छेउमा आएर पुराना कुराहरूलाई सम्झाएर दुःख दिएको जस्तो अनुभव गरिन्। शान्त रूपमा केही समय बितेर गइसकेपछि तिनले असल नरम प्रभाव आफूमाथि परेको जस्तै अनुभव गरिन्। प्रिस्सील्लाले त्यसको बारेमा यसरी लेख्दै छिन्, "केही समय शान्त रहेपछि एउटा नरम प्रभाव ममाथि परेको अनुभव गरेँ, र एउटा छुट्टै प्रकारको आवाजले मलाई सोध्यो, 'छोरी, तिमीलाई के चाहिन्छ ?' 'म परमेश्वरको छेउमा जान चाहन्छु, तर म जान सकिनँ, मेरो र उहाँको बिचमा साँच्चै नै एउटा ठुलो खाडल भएको जस्तो लागिरहेको छ र म त्यो यात्री (जोन बन्यनको किताबमा आउने पात्र) जसरी ठुलो भारीले थिचिएर चल्न नसक्ने अवस्थामा छु। अचानक मेरो छेउमा क्रूस माथि उठ्न थाल्यो र त्यसमा येशू ख्रीष्ट टाँगिनुभएको थियो, उहाँको परेलाभन्दामाथि काँडाको मुकुट थियो। स्पष्ट रूपमा उहाँका घाउहरू र छेडिएको कोखालाई देखेँ, र रगत बगिरहेको पनि देखेँ। एउटा अन्यजाति स्त्रीले सोचेजस्तै मैले पनि सोचेँ, 'तपाईं किन त्यसमा हुनुहुन्छ ?' र एउटा आवाजले तुरुन्तै उत्तर दियो, 'मेरा चोटहरूले तिमी निको भयौ।' क्रूसको त्यो दर्शन हरायो, साथै मेरो भारी पनि हरायो; र म उठेँ। मेरा साथीहरूले मलाई अभिवादन गर्दै भने, 'कस्तो छौ ?' मैले भनेँ, मैले कलवरीलाई देखेँ, र अब उप्रान्त उहाँ नै मेरो प्रभु र परमेश्वर हुनुहुनेछ।'

"जे कुरा मैले गर्दै गर्दिनँ भनेको थिएँ, परमेश्वरले त्यो कुरालाई हुन ल्याउनुभयो।"

प्रिस्सील्लाले उद्धार पाएको थोरै समयमा नै आफ्नो जीवनलाई ख्रीष्टको सेवाको लागि अर्पण गरिन्, र एक दिन अगुवाइको लागि बाइबललाई

खोल्दा बाइबलको त्यो पानाको एक छेउमा मधुरो अक्षरहरूले यी शब्दहरू लेखिएको भेट्टाइन्: "चीन, भारत र अफ्रिका।" यी अगमवाणीका शब्दहरू साँच्चै नै तिनको जीवनमा पूरा हुन गए।

सी.टी. स्टड शाङ्घाईमा आइपुग्दा प्रिस्सील्ला स्ट्युवर्ट भन्ने एक जना भर्खरै शाङ्घाईमा आउनुभएको छ भनी उहाँलाई केही थाहा थिएन। उहाँ तटतिर आउनुको कारण अर्कै थियो।

अप्रिल महिनामा सी.टी. स्टड शाङ्घाईमा आइपुग्नुभएको थियो। पश्चिम चीनमा उहाँको काम सिद्धिएकोले उत्तर भागतिर जानुपर्ने परिस्थितिहरू देखिरहेको थियो। उहाँको दाइ जार्ज स्टड शाङ्घाई आउने कुरा सुनेर उहाँ आउनुभन्दा दुई हप्ता अगाडि सी.टी. स्टड त्यहाँ आइपुग्नुभएको थियो। उत्तर र पश्चिम भागहरूभन्दा त्यहाँको भाषा फरक भएकोले शाङ्घाईमा चिनियाँहरूको बिचमा काम गर्न नसक्ने अवस्थामा उहाँ हुनुहुन्थ्यो, र त्यसैले आफ्नो समयलाई जहाजमा काम गर्ने मल्लाहहरूको बिचमा बिताउनुहुन्थ्यो। बेलायतकी रानीको सेनाका केही जहाजहरू पनि त्यहाँ थिए, र त्यहाँ एउटा बेलायती मल्लाहको घर थियो, जसको घरमा उहाँहरू सबै भेला भएर रात्रि सभाहरू सञ्चालन गर्नुहुन्थ्यो।

शाङ्घाईमा आउँदा उहाँले उप-निर्देशक स्टिवेन्सनलाई भेट्नुभयो, जो सबैको लागि एउटा असल बुवा हुनुहुन्थ्यो, साथै त्यहाँ एउटी युवतीलाई भेट्नुभयो। तिनी मुटुको समस्याले चीनको भित्रीय भागहरूमा जान नसकेकोले त्यहाँ रहिरहेकी थिइन्। केही दिनहरू बितिसकेपछि श्रीमान् स्टिवेन्सनले तिनको बारेमा सी.टी. स्टडको विचार के हो भनी सोध्नुभयो। सी.टी. स्टडले जवाफ दिएर तिनी त्यहाँ आएकोमा ठुलो गल्ती गरेकी हुन्, र तिनको जीवन नै सिद्धिन लागेको जस्तै देखिरहेको छ, र तिनले भित्रीय भागहरूका समस्याहरूलाई थाम्न सक्दिनन् भनी बताउनुभयो। त्यो जवान स्त्रीको लागि भऱ्याङ चढेर जानु नै बोझिलो काम थियो। पछिका समयहरूमा सी.टी. स्टडको विचार बद्लियो र त्यो कसरी भनी हामी हेर्नेछौँ। एक दिन रात तिनले मल्लाहको घरमा हुने सभामा सहभागी हुने

साहस गरिन् र सहभागी भइन्, फेरि पनि सभामा आइन् र तिनी नयाँ सृष्टि भइन्, अन्तमा त्यो सभाको जीवन र प्राण बन्न पुगिन्। तर तिनलाई प्रभाव पारेको अर्को एउटा कुरा छ।

सी.टी. स्टड शाङ्घाईमा आउनुभन्दा केही महिना अगि स्याल्वेसन आर्मीमा रहेर भारतमा काम गर्ने श्रीमान् बुथ टक्करबाट एउटा चिठी प्राप्त गर्नुभयो। उहाँले त्यसमा भारतमा सुसमाचार प्रचार गर्ने बेलायती जवान जवानीहरूको जीवनको बारेमा बयान गर्नुभएको थियो। सी.टी. स्टडले त्यसको बारेमा यसरी लेख्नुभएको छ, "त्यो एउटा साधारण चिठी थिएन, त्यसले मेरो प्राणलाई जगायो।"

श्रीमान् बुथ टक्करले लेख्नुभयो:

"मेरो अति प्रिय भाइ,

"तपाईंले पठाएको भेटीद्वारा हामीले सेवामा गर्न गइरहेको विशेष प्रगतिहरूको बारेमा तपाईंलाई पक्का गरी जानकारी दिन सक्नको लागि म पर्खिरहेको थिएँ। तपाईंले सुन्दा खुशी मान्नुहुन्छ, कि हाम्रो पहिलो कदम सफल भयो, जनरल विलियम बुथले चाँडै नै पचास जना सेवकहरू पठाउने प्रतिज्ञा गर्नुभएको छ, यो एउटा महान् कुरा हो। यो युद्धलाई अगाडि बढाउनको लागि हाम्रो विशेष आवश्यकताचाहिँ पवित्र तुल्याएको मासु र रगत हो। पुराना समयहरूको जसरी नै अहिलेका दिनहरूको एउटा महान् योग्यताचाहिँ पवित्र आत्माको बप्तिस्मा पाउनु हो। "जब तिमीहरूले विश्वास गर्‍यौ के तिमीहरूले पवित्र आत्मा पायौ?" भन्ने प्रश्नचाहिँ मिशनरी हुन चाहेको हरेकलाई सोध्नुपर्ने प्रश्न हो। यसको अभावमा कति धेरै असफलताहरूलाई सामना गर्नुपरेको छ! जति पनि शिक्षा अथवा प्रतिभाले यो घातक अभावलाई पूर्ति गर्न सक्दैन।

"तपाईंलाई मैले पहिलो चिठी लेखे पछाडि घटेको एउटा घटनालाई बताउँदछु, सिलोन (श्रीलङ्का) को राजधानी कन्डीमा हाम्रो मिशनस्थल

ख्रीष्टमसको नजिकको समयमा खोल्यौँ। सहरको जनसङ्ख्या तीस हजार छ। हामीले त्यहाँ स्कटल्यान्डकी एक जना युवती र एउटा कडा स्वभाव भएकी स्थानीय केटीलाई साथमा सहयोगको लागि पठायौँ। स्कटल्याण्डकी युवती अशिक्षित थिइन्, र तिनका अक्षरहरू अनौठो हुन्थ्यो। तिनी भाषा सिक्नुमा पनि अति ढिलो थिइन्, र तीन महिनाको कडा परिश्रमपछि थोरै वाक्यहरू मात्र बोल्न सक्ने भएकी थिइन्, जसद्वारा तिनले आफ्नो गवाही बाँड्ने र सभा चलाउने गर्ने गर्थिन्। तिनको साथमा गएकी केटीलाई अङ्ग्रेजी थोरै पनि आउँदैन थियो, यद्यपि दुई जना निडरतासहित गएर दुई सय पचास जना जति बस्न सक्ने भवनको जिम्मा लिए। तिनीहरू पूर्ण रूपमा स्थानीयहरूजस्तै भएर गए, र सुरुदेखि नै भवन मानिसहरूले भरियो। पैसा र खान्की उदार चित्तले पाए र आफ्नो दिउँसोको खान्कीको लागि भीख मागेर खाए। परिणाम – दुई महिनाभित्र कम्तीमा सय जना प्राणहरूलाई ख्रीष्टमा जिते र पचास जनालाई सिपाही (ख्रीष्टको सेनाको सेवक) को रूपमा भर्ती गर्न पाए, र त्यसमध्येमा हामीले कतिलाई स्थायी सेवकको रूपमा नियुक्ति गरिसकेका छौँ। साजा ठाउँहरूमा स्थानीय स्त्रीहरूले भाषण गरेको पहिले कहिल्यै देख्न सकिँदैन थियो, तर अहिले स्थानीय स्त्रीहरूको एउटा असल समूहले हरेक दिन हुने रात्रि सभाहरूमा गवाही दिएको भेट्टाउँछौँ। उद्धारका धेरै घटनाहरू उल्लेखनीय थिए। त्यसमध्ये एउटा घटनामा एक जना गुँगो र बहिरो ज्योतिषीले आफ्नो उद्धारको अनुभवलाई लेखेर अरूलाई पढ्न लगाएर बताउनुभयो!

"हाम्रो युद्ध तीव्र इच्छाले भरिएको छ। हामीलाई भोलिको दिन कस्तो हुन्छ भन्ने कुरा कहिल्यै थाहा छैनँ । एक घडी हामी खान्कीको अभावमा रहन्छौँ, अर्को घडी कुनै अपरिचित मानिसले पठाएको ५००० डलर भेटी भएको पत्रलाई हातमा पाउँछौँ! (हामीले बारम्बार स्थानीयहरूलाई भन्छौँ, कि यदि हाम्रो हातमा एक लाख रुपैयाँ पैसा आयो भने हामी त्यसबाट नयाँ पोसाक किन्न जानुहुँदैन। हामीमध्येमा प्रायले आफ्नो लुगा सबै एउटा झोलामा बोक्छौँ।)

"म पक्का छु, कि यो अविकसित ठाउँका अनुभवहरूलाई हामीसँग– सँगै

भोग्न पाउँदा तपाईं आनन्द मान्नुहुन्छ, अथवा चीनको सेवामा भोगेका अनुभवहरूले गर्दा यी अनुभवहरू तपाईंलाई नरम पनि देखिन्छन् होला। एउटा कुरामा म पक्का छु, कि अन्यजातिहरूको जुवामा हात हालेपछि तपाईंले कहिल्यै पनि फर्केर हेर्नुहुनेछैन, तर हाम्रा केही बेलायती सेवकहरूले जस्तै यसरी भन्नुहुनेछ, 'बेलायतमा सबैभन्दा सजिलो स्थलमा काम गर्नुभन्दा हामी यहाँ सबैभन्दा कठोर स्थलमा काम गर्न चाहन्छौँ।'

"हाम्रो समूहलाई यहाँ कुनै तलब छैन, पैसा पनि पाउँदैन, तर खान र लाउन पाएर त्यसमा सन्तुष्टि हुन सिक्दैछन्। हाम्रो छाउनीमा कुनै गनगन अथवा विवादहरू सुनिँदैन। पुरुष र स्त्री दुवै खाली खुट्टामा जान्छन् (आफ्नो स्वेच्छाले गर्दा)। खान्कीको कुरा गर्नुपर्दा, बिहान माड, दिउँसो भात र तरकारी (मासुविना), बेलुका पनि त्यही नै हो। चिया र कफी बढी युरोपेली देखिने भएकोले प्रायः छोडिसकेका छौँ। हामी बस्ने कोठाहरूमा भुइँ धेरै माथि उठाएर बनाएको हुन्छ, हामीले ओछ्यान प्रयोग गर्न छोडिसकेका छौँ। हामी बसोबास गर्ने ठाउँहरूमा कुर्सी र मेचहरू छैनन्। म आफै पनि भुइँमा गुन्द्री ओछ्याएर घुँडा टेकेर बसिरहेको छु, मेरा वरिपरि पूरै कागजहरू छन्, यद्यपि हामी साँच्चै नै आरामदायक र आनन्दित छौँ। सबैभन्दा सुन्दर कुराहरूचाहिँ एकताको आत्मा, प्रेम, भक्ति र बलिदान हो, जुन कुराहरूले नै सुरुदेखि नै उनीहरू सबैलाई चलाइरहेका छन्। हामी निरन्तर रूपमा विजय पाइरहेका छौँ, र परमेश्वरले यी मानिसहरूको लागि कसरी व्यवस्थापन गर्नु र सेवकको रूपमा तालिम दिनु साथै एउटा असल स्थानीयको रूपमा तयार गर्नु भन्ने बारेमा देखाउँदै आउनुभएको छ। याद गर्नुहोस्, प्राण बचाउनुचाहिँ बचाएको प्राणलाई सन्त बनाउनु, सिपाही बनाउनु र उद्धारक बनाउनु भन्ने कुराहरूको तुलनामा सजिलो छ, र यी कुराहरू जतिको चाहिँ त्यो महत्त्वपूर्ण होइन।

"हामीले तपाईंको लागि प्रार्थना गरिरहेका छौँ। कटनीको प्रभुले तपाईंलाई प्रशस्त मात्रामा आशिष् दिऊन्, र अहिले भइरहेको उद्धारको बृहत् कामअनुसार तपाईंलाई पनि कटनी पाउने तुल्याऊन्। ओहो, मानिसहरूको उद्धार गर्ने परमप्रभुको योजनामा रहेर हामी एक–अर्कालाई भेट्न पाउनु कति

असल हुन्थ्यो। स्वर्ग पुगेपछि पृथ्वीमा हामी कसरी जिउन सक्थ्यौँ र थोरै सङ्कल्पको साथ अझै कति काम गर्न सक्थ्यौँ भन्ने कुरालाई देख्न पाउँदा आफूलाई कति मूर्ख ठान्छौँ होला भनी म बारम्बार सोच्छु!"

सी.टी. स्टड लेख्नुहुन्छ: "एक दिन बिहानको प्रार्थनामा त्यहाँ आराधना गरिरहेकाहरूको बिचमा त्यो पत्रलाई पढेर सुनाउनको लागि मैले श्रीमान् स्टिवेन्सनलाई अनुमति मागेँ। त्यो पत्रलाई पढेर सुनाउँदा त्यहाँ प्रभावित नभएको एक जना पनि थिएन, सबै गहिरो रूपमा प्रभावित भए। भारतीहरूको प्राणलाई बचाउनको लागि अति कठिनाइपूर्ण जीवनलाई अरूले कति आनन्दसँग सामना गरिरहेका छन् भनी त्यस पत्रमा बताएको थियो। यसले एक प्रकारको प्रतिस्पर्धा ल्यायो: किन हामीले प्रयास गर्नुहुँदैन, र अझै असल हुँदै जानुहुँदैन?

"त्यो पत्रले सुश्री प्रिस्सील्लालाई जगायो भनी विनाशङ्का भन्न सकिन्छ। तिनी दैनिक हुने रात्रि प्रार्थनामा निरन्तर सहभागी हुन थालिन्। यी सभाहरू मेरो सम्झनामा रहनुको कारण दुई जना थिए। एक जनाचाहिँ 'साफ्फिएर' जहाजको निर्देशक थिए, अर्कोचाहिँ सुश्री प्रिस्सील्ला थिइन्। तिनका प्रचारहरू आगोले भरिएको हुन्थ्यो र हरेक मानिसको प्राणलाई जगाउँथ्यो। मलाई लाग्छ, कि मैले सभालाई सञ्चालन गरेँ, र यी दुई जनाले काम गरे। एक पल्ट एउटा अधिकृत आए र त्यहाँ उद्धार पाए। हरेक रात मानिसहरू उद्धार पाउन थाले र त्यो एउटा समूह नै हुन पुग्यो। यिनीहरू राती आफ्नो जहाजमा फर्किन्छन्, तर सुत्न जाँदैनन्। यिनीहरू राती ढिलो आइपुग्ने मानिसहरूलाई भेट्नको लागि जहाजको माथिल्लो भागमा पर्खिरहन्छन्। त्यसरी कोही आइपुग्दा उनीहरूलाई छुट्टै एकान्त ठाउँमा लगेर एक अथवा दुई जना मिलेर सुसमाचार प्रचार गर्छन्, र बाँकी भएकाहरूचाहिँ घुँडा टेकेर प्रार्थना गर्न सुरु गर्छन्। धेरैले ध्यानसित प्रार्थना गरे। धेरै मानिसहरूले उद्धार पाउँथेँ र उद्धार पाएकाहरूलाई भोलिपल्टको रात्रि सभामा विजय चिन्हको रूपमा मकहाँ ल्याउँथे।"

बेलायतमा जाडो मौसमले आफ्नो स्वास्थ्यलाई असर पार्न सक्ने भएकाले

त्यसबाट उम्किनको लागि सी.टी. स्टडको दाइ त्यहाँ आउनुभएको थियो। दश वर्षभन्दा अघि उहाँले उद्धार पाउनुभएको थियो, तर उहाँको इसाई जीवन चिसो हुँदै आएको थियो। सी.टी. स्टड र उहाँ एउटै कोठामा रहनुभयो, तर सी.टी. स्टडले धर्मको बारेमा दाइसँग कुरा नगर्ने निर्णय गर्नुभएको थियो। आएको दिनमै एक हप्तापछि जापान जाने निर्णयको साथ टिकट काट्नुभयो। आएको केही दिनहरू उताको क्रिकेट मैदानमा क्रिकेट खेलेर आफ्नो दक्षतालाई देखाउनुभयो। अन्तमा उहाँ जापान जानुको सट्टामा सी.टी. स्टडसँग चीनको भित्रीय भागहरूमा जानुभयो। उहाँले सी.टी. स्टडलाई भन्नुभयो, "यदि तिमीले कोठामा रहँदा धर्मको बारेमा कुरा गरेको भए म तुरुन्तै जापान जान्थेँ।"

सी.टी. स्टडले लेख्नुभयो, "परमेश्वरको अगुवाइ प्रायः बुझ्न नसक्ने हुन्छ, तर सधैँ ठीक हुन्छ। शाङ्घाईको बारेमा त्यति बेलाको मेरो अनुभवचाहिँ उल्लेखनीय थियो। परमप्रभुको आत्मा त्यो ठाउँमा आउनुभएको जस्तै लाग्थ्यो। मध्य-रातमा उठेर सडकहरूतिर जाँदा त्यहाँ भेटिने प्रहरीहरू पनि आफ्नो प्राणसम्बन्धी कुरा गर्न खोजिरहेको हामीले भेटाउन सक्छौँ। सुश्री प्रिस्सीलाको स्वास्थ्य राम्रो हुँदै आयो, र तिनी अहिले सिँढीहरूमा चढ्दा दौडेर पनि जान सक्ने भइन्। तिनी सभाहरूमा विभिन्न गीतहरू गाएर परमप्रभुलाई प्रशंसा गर्थिन्, र परमेश्वर हामीसँग भएर काम गरेको हामीले अनुभव गर्‍यौँ।"

सी.टी. स्टडको दाइ जार्जले आफ्नो जीवनमा आएको परिवर्तनको बारेमा आमालाई पत्र मार्फत जनाउनुभयो। पत्रमा आफ्नो लागि प्रार्थना गर्न भाइले श्रीमान् स्टिवेन्सन, श्रीमान् मेक्कार्थी र अरू सबैलाई आफू आउनुभन्दा अगाडि नै अनुरोध गरेको कुरालाई बताउनुभयो। आफू त्यहाँ पुगिसकेपछि आत्मामा धेरै भोक र असन्तुष्टिको अनुभव गरेको र अन्तमा आफ्नो जीवनलाई ख्रीष्टको हातमा सुम्पिदिएर शान्ति र आनन्द पाएको हो भनी लेख्नुभयो।

साथै परमेश्वरले प्रिस्सीला भन्ने आयरल्यान्डकी युवतीलाई आश्चर्यपूर्ण

तरिकाले प्रयोग गर्दै गरेको कुरा र अहिले भाइले सञ्चालन गर्दै आएको सभाको बारेमा पनि त्यसमा बताउनुभयो।

जार्ज चीनबाट घर फर्किने बेलामा सी.टी. स्टडलाई यसरी पत्र लेख्नुभयो:

"डिसेम्बर ६। ओहो, चार्लि, शाङ्घाईमा तिमीले मसित सही तरिकाले व्यवहार गर्न परमप्रभुले तिमीलाई दिएको ज्ञानको लागि म उहाँलाई धन्यवाद दिन्छु। तिमीले प्रेमसाथ मसित व्यवहार गर्‍यौ र मलाई जबरजस्ती गरेनौ। यो कुरामा परमेश्वरको हातले तिमीलाई अगुवाइ गरेको कुरालाई मैले स्पष्ट देख्न सक्छु।"

## अध्याय - ८

# ख्रीष्टको युद्धको लागि जोडिएको

सुश्री प्रिस्सील्ला तीन जना अन्य स्त्रीहरूसँग सेवाको लागि चीनको भित्रीय भागमा रहेको ताकु–तङ सहरमा जानुभयो। सी.टी. स्टड उत्तरीय भागहरूबाट फर्केर ताइयुएन–फु मा आउनुभयो। उहाँहरू दुई जनाको बिचमा पत्रमार्फत विवाहको कुरा चल्न थाल्यो, तर सुश्री प्रिस्सील्लाले त्यो कुरालाई त्यति सजिलोसँग स्विकार्नुभएन, किनभने पहिलो पत्र जुन ९ मा लेखिएको पाउँछौँ, तर मगनी अक्टोबर ५ सम्म भएन। विवाहको निर्णय कसरी भयो भन्ने कुरामा दुई जनाको आफ्नै तर्क छ।

सी.टी. स्टडअनुसार: "मलाई लाग्छ, यो कसरी हुन आयो भन्ने कुरालाई व्याख्या गर्नुमा सधैँ नै सानो समस्या छ। तिनले भन्छिन्, मैले पत्र लेखेको हो भनी, तर म भन्छु, तिनी मसँग बोलिन्, तर तिनका आँखा अथवा जिब्रोले भनी म भन्दिनँ – तिनका कामहरूले बोलिन्। तिनको सुन्दर मुहारको लागि तिनलाई मैले विवाह गरेको होइन, तर प्रभु येशू ख्रीष्टप्रति, र जुन मानिसहरूको उद्धारको लागि उहाँले तिनलाई पठाउनुभयो तिनीहरूप्रति गरिएको तिनको सुन्दर कामहरूको लागि मैले तिनलाई विवाह गरेँ। यथार्थमा भन्नुपर्दा एक जना मिशनरीले मलाई बताएको कुरा याद छ, तायुएनमा हुँदा शाङ्घाईमा सबैभन्दा सुन्दर केटीसँग विवाह गर्न गइरहेका छौ भनी मलाई उहाँले जिस्काउनुभयो। म तपाईंलाई सत्य कुरा भन्छु मलाई झट्का लागेजस्तै भयो। यथार्थमा तिनको सुन्दर मुहारको विषयमा मैले कहिल्यै सोचेको थिएन। सत्य कुरा भन्नुपर्दा परमेश्वरको धेरै असल वरदानहरूमध्ये सुन्दर देखिनु भन्ने कुरा सबैभन्दा सानो हो भनी म विश्वास गर्छु।"

श्रीमती प्रिस्सील्ला स्टडअनुसार: "यदि सी.टी. स्टड यहाँ हुनुभएको भए, मैले उहाँलाई प्रस्ताव राखेँ भनी उहाँले तपाईंलाई भन्नुहुन्छ। तर मैले त्यस्तो

गरिनँ। यथार्थमा भन्नुपर्दा केही कारणहरूले गर्दा मैले उहाँलाई इन्कार गरेँ। उहाँको जवाफ तपाईंलाई मैले बताएँ भने पुरुषहरूको स्वभाव त्यसमा तपाईंले देख्नुहुन्छ। उहाँको जवाफ यस्तो थियो, 'यस कुरामा तिमीलाई परमेश्वरको विचार के हो थाहा छैन, न त परमेश्वरको इच्छा के हो भनी थाहा छ, तर मलाई थाहा छ। मैले तिमीलाई विवाह गर्ने निर्णय गरिसकेँ, तिमीले इच्छा गरे पनि नगरे पनि, यसैले तिम्रो मनलाई परिवर्तन गरेर परिस्थितिलाई स्वीकार गर्नु तिम्रो लागि असल हुन्छ।' म के गर्न सक्थेँ होला? यसै कारणले आज म श्रीमती सी.टी. (सी.टी. स्टडकी श्रीमती) भएकी छु।"

हामीले उहाँहरूको बिचमा आदानप्रदान भएको पत्रहरूलाई हेऱ्यौँ भने फैसला सुश्री प्रिस्सील्लाको पक्षमा नै हुन पुग्छ।

परिवारलाई पत्रमार्फत जनाएर अनुमति पाइसकेपछि उहाँहरूको विवाहका कुराहरू अगाडि बढ्यो। औपचारिक रूपमा विवाह गरेर दर्ता गर्नको लागि तटतिर यात्रा गरेर कुनै बेलायती दूतलाई पत्ता लगाएर उहाँको अगाडि विवाह गर्नुपरेको थियो, तर उहाँहरूको अनौपचारिक विवाह चिनियाँ पास्टर सीद्वारा सुश्री प्रिस्सील्लाको मिशनस्थलमा भएको थियो। पास्टर सी ती मिशनस्थलमा रहेका चार जना दिदीबहिनीहरूलाई भेट्नको लागि आउनुभयो। त्यो सहरका मानिसहरूप्रति भएको बोझले भरिएका चार जना मिशनरीहरूले एउटा खुला सुसमाचारीय सभा चलाउन अनुरोध गरे। त्यो मार्च महिना थियो, सडक हिउँ र पानीले भरिएको थियो, पास्टर सीले सुसमाचार प्रचार गर्न सुरु गर्नुभयो, चार जना दिदीबहिनीहरू प्रार्थनामा घुँडा टेके। पास्टर सी गइसकेपछि दुई जनाले गीत गाएर र गितार बजाएर सभालाई निरन्तरता दिए। प्रिस्सील्ला र अर्को एक जनालाई भाषा नआउने भएकाले प्रार्थनामा रहिरहे। भेला भएकाहरूमध्ये कति जनाको आँखाबाट आँसु बग्न थाल्यो।

तर लामो समय यसरी चिसोमा घुँडा टेकेर प्रार्थना गरेकाले सुश्री प्रिस्सील्लालाई निमोनिया रोगले भेट्यो। तिनी यति गम्भीर रूपमा रोगी भइन्,

कि तिनको हुनेवाला दुलाहालाई बोलाउन बाँकी तीन जना बाध्य भए। सी.टी. स्टड आफै पनि फोक्सोको रोग, टाइफाइड र निमोनियाले धेरै हप्ताहरू बिरामी भएर मृत्युकै मुखमा पुग्नुभएको थियो, तर उहाँको दाइ जार्जको असल वास्ताले स्वस्थ हुनुभएको थियो। प्रिस्सील्लाको लागि उहाँलाई बोलाउँदा उहाँ निको भइसक्नुभएको थियो, र उहाँ त्यहाँ आउनुभयो। प्रिस्सील्लाले अप्ठ्यारो स्थितिलाई काटिन् र तिनको स्वास्थ्य राम्रो हुँदै आयो। हुनेवाला दुलाहा त्यहाँ आएकोले दुवैको विवाह हुनुपर्छ भनी चिनियाँ मिशनरीहरूले भन्न थाले। श्रीमान् स्टडले स्विकार्नुभयो, र तिनीहरूको विवाह पास्टर सी मार्फत अनौपचारिक रूपमा भयो। विवाहमा प्रिस्सील्लाले आफ्नो लुगामाथि लामो सेतो पेटी लगाएकी थिइन्, जसमा यस्तो लेखिएको थियो, “ख्रीष्टको युद्धको लागि जोडिएको”।

त्यसपछि उहाँहरू दुवै जना टिएन्टीसिनमा गएर बेलायती दूतको अगाडि औपचारिक विवाह गरे। विवाह हुनुभन्दा अगि प्रिस्सील्ला श्रीमती इर्विनको साथमा रहनुभयो र स्टड चिनियाँ पाटीमा रहनुभयो। दुवै जना स्थानीय साधारण लुगा लगाएर विवाह गर्दा सबै जना छक्क परे।

## अध्याय - ९

# चीनको भित्रीय भागहरूमा भोगेका कष्ट र खतराहरू

विवाह हुने बित्तिकै जवान दम्पती चीनको भित्रीय भागहरूमा काम सुरु गर्नको लागि लुङ याङ– फु सहरमा गए। उहाँहरूको साथमा सुश्री बर्रोस, जो प्रिस्सील्लाको साथी र सहकर्मी हुनुहुन्थ्यो, उहाँ पनि जानुभयो, र केही समयपछि सुश्री एडिथ बुस पनि त्यहाँ साथमा रहन आउनुभयो। उति बेला चीनको परिस्थिति धेरै फरक थियो, ख्रीष्टलाई चिनाउनको लागि खतरा, अपमान र धेरैपल्ट जीवन बलिदानको आवश्यक पर्थ्यो।

विदेशी भूतहरूलाई घर नदिने भएकाले उहाँहरूको लागि घर पाउन गाह्रो भयो, अन्तमा दुष्ट वृद्ध मानिसको घर जसलाई भूत लागेको घर मानिन्थ्यो, त्यो घरमा बसोबास गर्न पुगे। त्यो इँटाले बनाएको घर थियो, र आगो बाल्ने ठाउँ घरको बिचमा थियो, र इँटाले बनाएको एउटा खाट थियो। सुरुको तीन वर्षसम्म कपास र ऊनले बनाएको एक इन्च बाक्लो डसना नै उहाँहरूको ओछ्यान थियो। तीन वर्षभित्र त्यो प्रयोग हुन नसक्ने गरी बिच्छीहरूले भरिन थाल्यो, र अन्तमा त्यसलाई फ्याँकिदिए। त्यसपश्चात् फल्याकमा सुत्न थाले।

श्रीमती प्रिस्सील्ला लेख्नुहुन्छ, "पाँच वर्षसम्म हामी घरबाट निस्किँदा छिमेकीहरूको सराप भन्ने वाणको सामना नगरीकन कहिल्यै बाहिर जान पाएन। हाम्रो सम्पूर्ण घरलाई र हामीसँग भएका सबै सामग्रीहरूलाई उहाँहरूको इच्छाअनुसार भित्र आएर हेर्न दिएर बिस्तारै हामीले उहाँहरूसँग हाम्रो सम्बन्धलाई राम्रो बनायौँ। तीन महिनासम्म रहेको उहाँहरूको जिज्ञासा हराइसकेपछि हामीले त्यसलाई फेरि ल्याउनको लागि स्याल्वेसन आर्मीकाहरूले गरेझैँ बाजाको साथ जुलुस गऱ्यौँ।

"सहरमा हुने सबै अनिष्टको दोष चिनियाँहरूले हामीमाथि लगाए।

एकपल्ट अनिकाल लाग्यो र मानिसहरूले हामी नै त्यसको कारण भन्न थाले र हाम्रो जीवन जोखिममा थियो। मानिसहरू पाँच दिन यात्रा गरेर एउटा देवतालाई लिन गए, त्यो देवताको मूर्ति त्यहाँ आएर घाम त्यसको तालुमा पर्नुपर्थ्यो। सहरमा ल्याइसकेपछि सबैले आफ्नो घरको अगाडि त्यो देवताको लागि धूप बालिराखेर घरको मूल ढोका बन्द गरेर भित्र रहनुपर्छ भनी सूचना पाटीहरू सहरमा राखे। हामीले धूप बाल्दैनौ भन्ने कुरा तिनीहरूलाई थाहा थियो, त्यसैले हाम्रो घरलाई आक्रमण गर्ने विचारमा त्यो गरेका थिए। म त्यति बेला धेरै बिरामी भएका थिएँ। अति नै नराम्रो घटना घट्नेछ भनी श्रीमान् स्टड डराउनुभयो। तिनीहरूले हाम्रो घरमाथि इँटाहरू, सिसाहरू फ्याँक्न थाले र मण्डली भवनलाई भत्काए। श्रीमान् स्टडले सबै चिनियाँ इसाईहरूलाई फर्काएर घरतिर पठाउनुभयो। उहाँले मलाई बोकेर आँगनमा ल्याउनुभयो र त्यसपछि पर्खालमा चढेर त्यहाँका अधिकृतहरूलाई खोज्नुभयो। तिनीहरू सबै सहरभन्दा बाहिर गइसकेका थिए, किनभने विदेशी भूतहरूलाई सहयोग गरेकोमा उनीहरूका आफ्नै मानिसहरू आफ्ना विरोधी बन्छन् भनी तिनीहरूलाई थाहा थियो। हामी यसरी उम्किन पायौँ: भीडको बिचमा एक जना अक्षर जानेका मानिस थिए, जसलाई तिनीहरूले शिक्षक भन्थे। तिनले भीडलाई भने, 'तिमीहरू यहाँ के गर्दै छौ? तिमीहरू यहाँ समय खेर फालिरहेको बेलामा दिन बित्दै जाँदै छ, यदि तिमीहरूले चाँडै देवतालाई लगेनौ भने उहाँले आफ्नै तालुमा घाम लागेको अनुभव गर्नुहुनेछैन। उहाँलाई लगेर जानू, र पछि यो बाटोमा आउनू।' ती मानिसहरूले त्यो अक्षर जानेको मानिसलाई अति आदर गर्थे, र तिनीहरूले नम्रतासाथ त्यो ढुङ्गाको मूर्ति बोकेर आफ्नो बाटो लागे। तिनीहरू फर्केर कहिल्यै आएनन्, तर धनी मानिसहरू बसोबास गर्ने अर्कै बाटोमा फर्के, र देवता जहाँबाट ल्याएका थिए त्यो सहरलाई दिन्छु भनी प्रतिज्ञा गरेको चाँदी दिनको लागि त्यहाँका घरहरू लुटे।"

कठोर हृदयलाई पग्लाउनुमा साथै कुनै पनि सतावटले हल्लाउन नसक्ने खालका परमेश्वरका दासहरू बनाउनुमा सुसमाचारको शक्तिको प्रमाणहरूलाई उहाँहरूले स्पष्ट बाँझो देखिने त्यो भूमिमा देख्नुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ: "एकपल्ट मेरी श्रीमतीले एक जना चिनियाँ स्त्रीलाई सुसमाचार सुनाउँदै थिईन्, त्यो स्त्री त्यस कुरामा इच्छुक भएकी देखिन्, यसैले तिनलाई ख्रीष्ट क्रूसमा टाँगिएको नक्सा देखाइन्। कलवरीमा भएको बलिदानको घटना सुन्दा तिनी आँसुले भरिन्।

"अर्को एउटा समयमा हामीले पहिलो पल्ट बत्तीद्वारा चित्रहरूलाई ठुलो बनाएर देखाउने यन्त्रलाई (प्रोजेक्टर) प्रयोग गरेर चित्रहरू देखाइरहेका थियौं। ख्रीष्ट क्रूसमा झुण्डिरहेको नक्सालाई ठुलो बनाएर देखाउँदा, चिनियाँ इसाईहरूमध्येको प्रधान मानिसको जीवनमा त्यसले पारेको प्रभाव र उहाँले गरेको प्रार्थनालाई मैले कहिल्यै बिर्सन सक्दिनँ। उहाँ असल मानिस हुनुहुन्थ्यो, तर अरू धेरैको जीवनमा भएजस्तै आत्म बलिदानको बारेमा बताउनुमा केही लाभ छैन भन्ने विचार उहाँमा पनि थियो। उहाँले मान्नुहुन्थ्यो कि पैसालाई देखाउनु र मानिसहरूलाई लाभ हुने केही कुराहरू बाँड्नुजस्ता कामहरू गर्दा भीड जम्मा हुन्छ, र भीडको साथसाथै आशिष् पनि। तर कलवरीको त्यो दृश्यले उहाँलाई पूर्ण रूपमा फुटायो र उहाँ गहिरो रूपमा रुँदै प्रार्थना गर्नुभयो, र त्यसपछि उहाँ अर्कै मानिस हुनुभयो।"

अर्को एक जना मानिस पनि थियो, जसको आफ्नै मुखको बोलीअनुसार त्यो प्रान्तकै सबैभन्दा ठुलो हरामी थियो। सी.टी. स्टड लेख्नुहुन्छ: " 'उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ' भन्ने वचनबाट गरेको प्रचार अन्त भइसकेपछि मण्डलीका सबै सदस्यहरू गइसकेका थिए, एक जना चिनियाँ मात्र कोठाको पछिल्लो भागमा पर्खिरहेका थिए। हामी उसकहाँ जाँदा तिनले भने कि हामीले गरेका सबै कुरा मूर्खता हो। तिनले भने, 'म एउटा हत्यारा र व्यभिचारी हुँ, र मैले परमेश्वर र मानिसका सबै कानुनहरूलाई बारम्बार तोडेको छु। साथै म निरन्तर अफिम लिने मानिस हुँ। मलाई उहाँले बचाउन सक्नुहुन्न।' त्यो मानिसलाई हामीले येशूले गरेका आश्चर्य-कर्महरू र उहाँको सुसमाचार र उहाँको शक्तिको बारेमा बतायौं। त्यो मानिस सङ्कल्पसहित काम गर्ने मानिस थियो र तुरुन्तै परिवर्तन भएर उद्धार पायो। तिनले भने, 'मैले जुन सहरमा यी सबै दुष्टता र पापहरू गरेँ, त्यहाँ जानुपर्छ र त्यही ठाउँमा यो असल सन्देशलाई बताउनुपर्छ।' तिनले त्यस्तै नै गरे। उहाँको

वरिपरि भीड जम्मा भयो, अन्तमा उहाँलाई सहरका अधिकृतहरूकहाँ ल्याइयो र तिनीहरूले तिनलाई बाँसको छडीले २००० पल्ट हिर्काउन आदेश दिए। अन्तमा उसको ढाड सुन्निएर एउटा ठुलो रातो फोका उठेको जस्तै भयो। तिनलाई केही साथीहरूले हस्पिटलमा पुऱ्याए र कुनै इसाईहरूको हातद्वारा तिनले वास्ता पाए र उठेर बस्न सक्ने अवस्थामा आए। तिनले फेरि आफ्नै सहरमा गएर सुसमाचार प्रचार गर्नुपर्छ भनी भन्न थाले। हामीले तिनलाई त्यो निर्णय छोडिदिन जबरजस्ती गऱ्यौँ, तर तिनले हामीबाट उम्केर त्यही ठाउँमा गएर सुसमाचार प्रचार गर्न थाले। फेरि पनि तिनलाई अदालतमा ल्यायो। तिनीहरूले तिनलाई फेरि एक पल्ट बाँसले हिर्काउने दण्ड दिन शर्माएर झ्यालखानामा पठाइदिए। तर झ्यालखानामा साना झ्यालहरू र भित्तामा प्वालहरू थिए, मानिसहरू त्यहाँ जम्मा हुन थाले र तिनले झ्यालहरू र प्वालहरूबाट प्रचार गर्न थाले। अन्तमा तिनी बाहिर रहेको बेलाभन्दा झ्यालखानामा बढी प्रचार गरे भन्ने कुरा पत्ता लाग्दा तिनीहरूले तिनीजस्तै निष्ठावान् र सङ्कल्प भएको मानिसलाई थोरै पनि हल्लाउन नसकेर तिनलाई छोडिदिए। यस्ता मानिसहरूलाई उद्धारमा डोऱ्याउनु मूल्यवान् छ।"

श्रीमान् स्टडका प्रायः समयहरू अफिम आश्रममा बित्थ्यो, जुनचाहिँ उहाँले अफिमको लतमा परेकाहरूको लागि खोल्नुभएको थियो। जुनसुकै समयमा पनि त्यहाँ ५० जना मानिसहरू रहन्थे। उहाँहरूले सुरुमा खोल्दा दुई जना मानिसहरू आए र एक महिनाभित्र निको भएर गए, र त्यसपश्चात् धेरै सङ्ख्यामा मानिसहरू आउन थाले। सात वर्षको समयमा झन्डै ८०० जना मानिसहरू, स्त्री र पुरुष त्यो आश्रममा आएर गएका थिए। त्यसमध्येमा केही मानिसहरू निको हुनुको साथै उद्धार पनि पाएर गए।

उहाँहरूको परिवारमा चार जना छोरीहरू जन्मे, पाँचौँचाहिँ उहाँहरूको साथ एक दिन मात्र रह्यो। पहिलो बच्चा जन्मिँदा श्रीमती स्टडलाई मृत्युबाट बचाएको चाहिँ परमेश्वरको हात नै थियो। डाक्टर रहेको ठाउँमा जानको लागि उहाँहरूले धेरै यात्रा गर्नुपरेको थियो। बच्चा जन्मनुभन्दा तीन महिना अगि यात्रा गरेर बच्चा जन्मेर दुई महिनापछि फर्केर आउनुपरेको थियो। सी.टी. स्टड लेख्नुहुन्छ, "काम छोडेर पाँच महिना बाहिर रहनु? त्यो गर्न

सकिँदैन। किन डा. येशूको सहायता लिनु हुँदैन? र प्रिस्सीलाले त्यो निर्णयलाई पक्का गरिन्।"

पहिलो बच्चा जन्मेको केही दिनपछि प्रिस्सीलाको स्वास्थ्य बिग्रिन थाल्यो, त्यति बेला त्यहाँ आइपुगेका सुश्री केर भन्ने मिशनरी, जोचाहिँ परिचारिका(नर्स) हुनुहुन्थ्यो, उहाँले गर्न सक्ने सबै प्रयास गरिसकेपछि चीन छोडेर बेलायततिर जानुपर्छ भन्ने कुरा बताउनुभयो। तर सी.टी. स्टडले जीवन नै दिनु परे तापनि परमेश्वरले नबताईकन घर नजाने कुरा बताउनुभयो, र उहाँले तेलले अभिषेक गरेर प्रार्थना गर्ने निर्णय गर्नुभयो। सुश्री केर त्यो गर्न तयार हुनुभएन, साथै सुश्री बर्रोस पनि, जो अस्वस्थ हुनुहुन्थ्यो। प्रिस्सीलाको मन पनि सी.टी. स्टडको मनसँग मिलेकाले सी.टी. स्टड आफैले घुँडा टेकेर तेलले अभिषेक गरेर प्रार्थना गर्नुभयो। भोलिपल्ट बिहान प्रिस्सीलाको स्वास्थ्य राम्रो भयो। सुश्री केर आश्चर्यचकित भइन्।

चीनमा त्यति बेला छोरी जन्मिँदा त्यसलाई फ्याँकिदिने चलन भएको हुँदा, सी.टी. स्टड आफूले चार वटा छोरी पाएको चिनियाँहरूलाई छोरीहरूको महत्त्वलाई बुझाउनको लागि हो भनी भन्नुहुन्थ्यो। उहाँको पहिलो छोरीको नाम ग्रेस, दोस्रोको नाम प्रेज(डोरती), तेस्रो प्रेएर(एडिथ), चौथोचाहिँ जोइ(पौलिन) थियो। उहाँहरूको पाँचौँ बच्चा जन्मेको एक दिनमा नै बित्दा श्रीमती प्रिस्सीला अति नै दुःखित भइन्। आफ्नो मुटु नै फुटेको जस्तो अनुभव गरिन्, तर तिनको मनमा एउटा प्रश्न आयो, 'यस्तो दुःखित भएर पूर्ण मिशनरी जीवनलाई नै बिगार्नु हुन्छ त?' श्रीमान् स्टड र श्रीमान् स्ट्यान्ली बच्चालाई गाड्न जाँदा तिनले आफ्नो जीवनमा आउने कुनै पनि दुःखले मिशनरीको रूपमा जिइरहेको आफ्नो जीवनलाई बिगार्न नदिने भन्ने करार आफ्नो परमेश्वरसँग बाँधिन्। श्रीमान् स्टड फर्केर आउँदा तिनका आँखामा आँसु थिएन।

उहाँहरूको आवश्यकताहरूलाई परमप्रभुले कसरी पूरा गर्नुभयो भनी हामीलाई बताइएको छैन। तर एउटा घटनाद्वारा परमप्रभुले लण्डनमा रहँदा गर्न सक्ने झैँ चीनको भित्रीय भागमा रहँदा पनि उहाँले उहाँहरूको

आवश्यकतालाई पूरा गर्न सक्नुहुन्छ भन्ने कुरालाई प्रमाणित गरेर देखाउनुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ, "मेरो परिवारलाई हाम्रो परिस्थितिहरूको बारेमा केही थाहा थिएन। हामीसँग भएका सबै थोकहरू सिद्धिएको थियो, र कुनै पनि मानवबाट आउँछ भनी आशा गर्न सक्ने परिस्थिति थिएन। दुई हप्ताको एक पल्ट चिठी आउँथ्यो। त्यही दिन दिउँसो मात्र चिठीहरू लिएर आउनको लागि हुलाकी जानुभयो, अब दुई हप्तापछि मात्र आउनुहुन्छ। बच्चाहरूलाई सुताएर मेरी श्रीमती कोठामा आइन्, र हामीले परिस्थितिलाई एक-अर्काको मुहारमा देख्यौँ। हुलाकीले हाम्रो लागि केही पत्रहरू ल्याउनु भएन भने हामी भोकै बस्नुपरेको हुन्छ। हामी दुई जनाले प्रार्थना गर्ने निर्णय गऱ्यौँ र मिलेर घुँडा टेकेर प्रार्थना गऱ्यौँ। मलाई लाग्छ कि हामीले २० मिनेट जति प्रार्थना गऱ्यौँ होला। त्यो २० मिनेटमा हामीले भन्नुपर्ने सबै थोक परमेश्वरलाई भनिसिद्ध्यायौँ, हाम्रा हृदयहरू हलुका भयो। परमेश्वर बहिरो भएजस्तै अथवा हाम्रो साधारण भाषालाई र हाम्रो परिस्थितिको गम्भीरतालाई बुझ्न नसकेको जस्तै अथवा उहाँको पुत्रका शब्दहरूको गहकिलोपनलाई बुझ्न नसकेको जस्तै, जसले भन्नुभएको थियो कि हामीले भन्नुभन्दा अगि नै परमेश्वरलाई सबै कुरा थाहा हुन्छ, अथवा उहाँको आफ्नै बोली, 'तिनीहरूले बिन्ती गर्नु अगि नै म जवाफ दिनेछु' भन्ने शब्दलाई बिर्सेजस्तै धेरै बोलिरहनु आदरयोग्य अथवा बुद्धिमानीजस्तो हामीलाई लागेन। हुलाकी तोकिएको समयमा फर्किनुभयो। हामीले पत्रहरू भएको झोलालाई खोल्न ढिलो गरेनौँ। हामीले सबै पत्रहरूलाई हेऱ्यौँ, त्यसमा केही थिएन, र हामीले एक-अर्काको मुहारलाई हेऱ्यौँ। मैले फेरि पनि त्यो झोलालाई झिकेर उल्टो पारेर छेउमा समातेर हल्लाएँ; एउटा चिठी त्यसबाट झऱ्यो, तर हामीले त्यसको हस्त लिपिलाई चिन्न सकेनौँ। त्यसलाई खोलेर मैले पढ्न थालेँ, त्यो पत्र पढिसकेपछि हामी पहिलेको भन्दा अर्कै भयौँ र मलाई लाग्छ हाम्रो पूर्ण जीवन नै त्यो समयदेखि अर्कै भयो। पत्रमा यस्तो लेखिएको थियो, 'मैले केही बुझ्न नसकिने कारणले तपाईंलाई सय पाउण्डको चेक पठाउन परमेश्वरबाट आदेश पाएँ। मैले तपाईंलाई भेटेको छैनँ, तपाईंको बारेमा सुनेको मात्र हुँ, त्यो पनि धेरै पल्ट होइन। तर परमेश्वरले यो काम गर्नुभन्दा अगाडि आज राती मलाई निदाउन दिनुभएन। किन मलाई तपाईंलाई यो

पठाउन उहाँले आदेश दिनुभयो, मलाई थाहा छैन – मलाई भन्दा तपाईंलाई राम्रोसँग थाहा छ होला। जस्तो भए पनि यो लिनुहोस् र म आशा गर्छु यसले तपाईंको लागि भलाइ ल्याउँछ।' लेख्ने मानिसको नामचाहिँ श्रीमान् फ्रान्क क्रासले (Frank Crossley) थियो। हामी दुवैले एक–अर्कालाई देखेका छैनौँ, न सम्पर्क गरेका छौँ।"

# अध्याय - १०

# चीनबाट बिदाइ र अमेरिकाको भ्रमण

दश वर्ष चीनमा बिताइसकेपछि सन् १८९४ मा सी.टी. स्टडको परिवार चीनबाट घर फर्कियो। त्योभन्दा अगिको सालमा सी.टी. स्टड धेरै रोगी हुनुभएको थियो। सन् १८९३ मार्च २७ मा उहाँ अति नै कमजोर भएको अवस्थामा हुनुहुन्थ्यो। परमेश्वरले उहाँलाई त्यो दिन उठाइलानुहुन्छ कि जस्तो अरूलाई लाग्न थाल्यो। बेलुकी साढे चार बजेतिर स्टडले तेलले अभिषेक गरी प्रार्थना गरिदिनु हुन अनुरोध गर्नुभयो। सबै मिलेर त्यसै नै गरे, राती बाह्र बजे उहाँलाई हलुका हुन थाल्यो र बिहान धेरै राम्रो हुनुभएको थियो। श्रीमती स्टडले घर फर्किनुको बारेमा उहाँको मन बुझ्न उहाँलाई सोध्नुभयो। स्टडले जवाफ दिनुभयो, "परमेश्वरले मलाई घर जानु भन्नुभएको छैनँ। परमेश्वरले जहाँ हामीलाई राख्नुभएको छ त्यो ठाउँलाई छोडेर जानु गम्भीर कुरा हो र उहाँबाट सो गर्नको लागि सन्देश पाएमा मात्र त्यो गर्न सकिन्छ, र मैले त्यो सन्देश पाएको छैनँ।" उहाँ परमेश्वरमाथि मात्र भरोसा राख्न सक्नुहुन्छ, अरू कसैमाथि होइन।

सन् १८९४ मा उहाँले त्यो अगुवाइ पाएको हुनुपर्ने र त्यो कसरी पाउनुभयो हामीलाई बताएको छैन। अब उहाँहरू चीनको भित्रीय भागहरू हुँदै यात्रा गरेर शाङ्घाई जान तयार हुनुभयो। कान्छी छोरी पौलिन सानी बालिका नै हुँदा चार जना बच्चाहरूसहितको उहाँहरूको यात्रा कठिनाइपूर्ण थियो। बच्चाहरूलाई हेरचाह गर्ने दुई जना स्त्रीहरूलाई तटसम्म लामो यात्रामा लानु उचित नभएकाले दुई जना पुरुषहरूलाई सहायताको लागि साथमा लिएर उहाँहरूले यात्रा सुरु गरे। शाङ्घाईमा आइपुगेर बिदाइको समय आइपुग्दा सहयोगको लागि आएका ती दुई जना पुरुषहरू रुन थालेको कुराले सी.टी. स्टडको परिवारको हृदयलाई छोयो, र वरिपरि भएका सबैलाई चकित पाऱ्यो। शाङ्घाईदेखि चार जना बच्चाहरूसहितको उहाँहरूको यात्रा

सजिलो थिएन, तापनि परमेश्वरको अनुग्रहले उहाँहरू सबै सुरक्षित लण्डनमा आइपुग्नुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ: "हामी सुरक्षित लण्डनमा रहेको हाम्रो घरमा आइपुग्यौँ, र मेरी आमाले हामीलाई राजकीय स्वागत गरेर हेरचाह गरिन्। हाम्रा बच्चाहरू अङ्ग्रेजी बोल्न जाँदैन थिए। हामीले हाम्रा साथी भाइहरूलाई सजिलोसँग भेटघाट गर्नको लागि मेरी आमाले बच्चाहरूको हेरचाह गर्न एक जना सुसारेको व्यवस्था गर्नुभयो। त्यो सुसारेले आफूले निल्न सक्ने भन्दा बढी टोकेको अनुभव कुनै बेला गरिन्, विशेष गरी एक पल्ट चार जनामध्ये एक जनालाई दण्ड दिनको लागि बाथरुममा थुनिराख्दा। योचाहिँ बाँकी तीन जनाको लागि अति नै भयो, तिनीहरूले तिनलाई घेरा लगाए र तिनको गाउनलाई समातेर तान्न थाले र चिनियाँ भाषामा ठुलो स्वरले नरोकीकन बोल्न थाले। ढोका खोलेर अर्को बच्चा बाहिर नआउन्जेल छोडेनन्।"

श्रीमान् सी.टी. स्टड र उहाँकी श्रीमती दुवै नै अति कमजोर थिए। उहाँका फोक्सोहरूमा असर भएको जस्तो देखिन्थ्यो, तर त्यो कामको भार र कुपोषणले थियो। तर यो आरामको समय सी.टी. स्टडको लागि युद्धको मैदान फेरेको जस्तो मात्र भयो। यदि परमेश्वरले उहाँलाई घर फर्किनु भन्नुभएको हो भने उहाँले सोच्नुभयो कि जसरी चीनमा प्राण बचाउनको लागि बाहिर निस्कनुहुन्थ्यो त्यसरी नै यहाँ पनि निस्कनुपर्छ। स्वास्थ्य बाधाको रूपमा रहन पाउनुहुँदैन। स्टार हल, मान्स्चेष्टर, जहाँ उहाँ र फ्रान्क क्रासले दुवै नजिकको मित्र बन्नुभयो, विश्वविद्यालयहरू र अन्य धेरै ठाउँहरूमा जानुभयो। उहाँले एक पल्ट नार्थ वेल्समा आउनको लागि निम्तो पाउनुभयो। उहाँले सधैँ नै आफ्ना आफन्तहरूलाई ख्रीष्टमा जित्न प्रार्थना गरिरहनुहुन्थ्यो र मौका हेरिरहनुहुन्थ्यो। थियोलोजिकल कलेजको प्रधानाध्यापक डा. एडवर्डसले विद्यार्थीहरूको बिचमा बोल्नको लागि उहाँलाई निम्तो दिनुभएको थियो। यो खबर उहाँकी आफन्त श्रीमती जार्ज थोमसले सुन्नुभयो, जो नजिकै बसोबास गर्नुहुन्थ्यो। तुरुन्तै उहाँले डा. एडवर्डसलाई पत्र लेखेर भन्नुभयो, आफूसँग रहन नदिईकन चार्लिलाई यता आउन निम्तो दिनु सोच्नै नसक्ने कुरा हो, यसैले चार्लिलाई आफूसँग रहन दिनुहुन्छ कि भनी

प्रधानाध्यापकलाई सोध्नुभयो। डा. एडवर्डसले बुद्धिमानीसँग सर्त राखेर जवाफ दिएर श्रीमती जार्ज थोमस आफै पनि सभामा सहभागी हुन आउने खण्डमा त्यो कुरालाई स्वीकार गर्छु भनी भन्नुभयो। श्रीमती थोमस सहमत हुनुभयो, यसैले सी.टी. स्टड आउँदा उहाँ पनि सँगसँगै अपराह्नको सभामा आउनुभयो। सभामा बोल्ने क्रममा सी.टी. स्टडले भन्नुभयो, "साँचो धर्मचाहिँ सरुवा रोगजस्तै हो। तपाईंलाई लागिसकेपछि तपाईंले अरूलाई सारिदिनुहुन्छ र त्यो फैलिएर जान्छ।" श्रीमती थोमसलाई यो अति नै भयो र घर फर्किंदाखेरि तिनले रिसाएको पाराले भनिन्, "कति नरमाइलो कुरा तिमीले आज दिउँसो भन्यो चार्लि, धर्मलाई सरुवा रोगसँग तुलना गऱ्यो। मलाई त्यो कुरा घिनलाग्दो लाग्यो!" यो कुराले उहाँहरूलाई लामो बातचितमा पुऱ्यायो। प्रतिज्ञा गरेअनुसार नै श्रीमती थोमस उहाँसँग बेलुकीको सभामा पनि जानुभयो। त्यो वचनले पनि उहाँलाई घोच्यो र घर फर्किने बाटोमा मौन रहनुभयो। घरमा आइसकेपछि सी.टी. स्टडको लागि उहाँले कफी बनाएर ल्याएर सोफामा उहाँ बसिरहेको ठाउँमा दिनुभयो। तर उहाँले हातमा कप समाउँदै उभिरहेको हुँदा सी.टी. स्टड बोल्दै जानुभयो। उहाँले बोल्दा पनि स्टडले बेवास्ता गर्नुभयो। श्रीमती थोमस अप्ठ्यारो मानेको र अलिकति रिसाएको जस्तो हुनुभयो। त्यति बेला सी.टी. स्टडले भन्नुभयो, "ठीक यसरी नै तपाईंले परमेश्वरसँग व्यवहार गर्नुभएको छ, जसले तपाईंलाई अनन्त जीवनको कचौरा दिइरहनुभएको छ।" यो वाणले उहाँको मुटुलाई छेड्यो। श्रीमती थोमस कोठाभित्र जानुभयो र ख्रीष्टलाई ग्रहण गर्नुभयो। दुई दिन पछाडि सी.टी. स्टड लण्डन फर्किसकेको हुँदा टेलिग्राममार्फत श्रीमती थोमसबाट एउटा सन्देश प्राप्त गर्नुभयो, "नराम्रो तरिकाले सरुवा रोग लाग्यो।"

सी.टी. स्टड बिस्तारै बलियो हुनुभयो, श्रीमती प्रिस्सील्लाचाहिँ होइन, र चीन फर्किनुमा सम्भावना भएको जस्तो देखिएन। सी.टी. स्टड र उहाँकी आमा बिचको माया अति नै बलियो थियो र आफूलाई छोडेर अरू कतै जाने कुरालाई तिनले सुन्न चाहँदिन थिइन्। परिवारबाट मात्र नभएर परमप्रभुले आश्चर्यपूर्ण तरिकाले उहाँहरूको आवश्यकतालाई पूरा गर्दै आउनुभयो। उहाँहरूले चीनबाट फर्किनुभन्दा अगाडि नभेटेको एक जना मानिसले

उहाँहरूलाई निरन्तर रूपमा ठुलो रकमको चेक पठाउँदै आउनुभयो; र अचानक उहाँ बित्नुभयो, तर परमप्रभुले अर्को एक जनालाई निरन्तर रूपमा धेरै वर्षसम्म सहायता गर्न प्रेरणा दिनुभयो। परमप्रभुमाथि भरोसा राख्नेहरूलाई उहाँले धोका दिनुहुन्न भन्ने कुराको प्रमाण उहाँहरूको जीवनमा भयो। यी समयहरूमा र उहाँहरूको बाँकी जीवनकालभरि नै उहाँहरू र उहाँहरूका बच्चाहरूलाई केही कुराको अभाव भएन।

एउटा नयाँ बाटो खोल्यो। सी.टी. स्टड र स्ट्यान्ली चीन जानुभन्दा अगाडि एडिन्बर्गमा विद्यार्थीहरूको बिचमा बोल्दा सुरु भएको जागृति अट्ल्यान्टिकभरि फैलिएको थियो। त्यहाँसम्म जागृति पुग्नुको माध्यम स्टडको दाइ किनास्टन हुनुभएको थियो। उहाँ मुडीको निमन्त्रणामा आफ्नो भाइसहितको सात जना चीन गइसकेपछि अमेरिका जानुभयो। उहाँ विभिन्न विश्वविद्यालयहरूमा यी सात जनाको बारेमा बताउँदै यात्रा गर्नुभयो। अमेरिकामा विद्यार्थीहरूको बिचमा आगो बल्न थाल्यो र त्यसबाट स्टुडेन्ट वालन्टीएर मिशनरी युनियन र स्टुडेन्ट ख्रीष्टियन मुव्मेन्ट भन्ने दुइटा मिशनहरू जन्मिए।

सन् १८९६ मा सी.टी. स्टडले अमेरिका आउन निमन्त्रणा पाउनुभयो, र उहाँ त्यहाँ गएर १८ महिना बस्नुभयो। उहाँ त्यहाँ रहँदा उहाँको समय सभाहरू र अन्तर्वार्ताहरूले भरिएको थियो। दैनिक एउटाभन्दा बढी सभाहरूमा प्रचार गर्नुपरेको हुन्थ्यो, कुनै बेला छ वटा सभाहरूसम्म पनि बोल्नुपरेको थियो। उहाँको सभा सिद्धिसकेपछिको खाली समयहरू विद्यार्थीहरूसँगको अन्तर्वार्ताले भरिन्थ्यो। उहाँले विद्यार्थीहरूलाई असल तरिकाले सिकाएर उद्धारको निश्चयता र पवित्र आत्माको पूर्णतामा ल्याउनुहुन्थ्यो। त्यहाँ रहँदा उहाँले लेखेको दैनिकीबाट हामी केही कुराहरूलाई हेर्न सक्छौँ।

“नाक्सविल। सन् १८९६ जुन २४। आज मेरो दिन असल थियो। बिहानै उठेँ र दिनभरिलाई परमेश्वरसँग बिताएँ र परमप्रभुले मलाई धर्मशास्त्रका वचनहरूबाट बुझाउनुभयो। आफू पछि हटेको अवस्थामा जीवन बिताएको

जस्तो मलाई महसुस भयो; म हरेक पल्ट घर फर्किंदा फेरि अल्छे भएको अनुभव गर्छु। मेरो लागि प्रार्थना गरिदिनुहोस्। यदि मैले बिहानै उठेर परमेश्वरसँग बढी समय बिताएन भने मैले वचनको एउटा अक्षरलाई पनि बुझ्न नसकेको अनुभव गर्छु, तर समय बिताएँ भने वचनलाई उहाँले उज्यालो पार्नुहुँदो रहेछ। प्रायः म बिहान ४ बजे उठेर बाइबल अध्ययन गर्न र प्रार्थना गर्न सुरु गर्छु।"

"नेब्रस्का। डिसेम्बर ५। हल्लेलूयाह! अहिले मात्र एउटा माछा पक्रैं। म होटेलतिर फर्किरहेको हुँदा गल्लीमा एक जना विद्यार्थीले मलाई भेटेर आफ्नो प्राणको बारेमा बातचित गरे। हामी सडकमा उभिएर बातचित गर्‍यौं। उनको अवस्था दयनीय थियो, र उनका आँखाबाट आँसु बग्न थाल्यो, यसैले मैले भनें, 'मेरो कोठामा आउनुहोस् र परमेश्वरसित आफ्ना कुराहरूलाई मिलाउनुहोस्।' तिनी आए, र आफूलाई पूर्ण रूपमा येशूको हातमा दिए, र आफूले झूट बोल्न नसकेको देख्दा येशूले आफूलाई पूर्ण रूपमा अधीनतामा लिएको हुनुपर्ने भनी सोचे, र धन्यवाद दिए। येशूले झूट बोल्न सक्नुहुन्न भन्ने सत्यमा रहेर विश्वासद्वारा पाइने पवित्र आत्मा पाउनको लागि प्रार्थना गरे। किनभने येशूले आफूलाई माग्ने हरेकलाई पवित्र आत्मा दिनुहुन्छ। आफूमा पवित्र आत्मालाई पूर्ण रूपमा काम गर्न दिनुपर्छ भनी मैले बताएँ। उनी थोरै बुझेको जस्तै देखिए, तर उनको मुहार अँध्यारो र बेखुशी नै थियो। मैले तिनलाई भनें, 'कुनै मानिसले कुकुर हुँदा-हुँदै आफै भुक्छ त?' उनी हाँस्न थाले, आँखाको एक निमेषमा उनको मुहार बदल्यो, र उनले हृदय फुटेर परमप्रभुलाई प्रशंसा गर्न थाले। 'अब मैले देखें, अब मैले देखें' भन्दै हाँस्दै खुशी हुँदै प्रार्थना गर्न थाले।"

"नोभेम्बर महिना मैले प्रचार गरेको ब्लुमिङ्गटन उच्च विद्यालयमा आशिष्मय समयहरू भए भन्ने कुरा मैले सुनें। मैले प्रचार गरेर आएपश्चात् २३ जना विद्यार्थीहरू उद्धार पाएका छन्।"

"रिपोन उच्च विद्यालय, विस्कान्सिन। जनवरी २१। आजको आइतबार सेवाले भरिएको थियो। पहिलो सेवा बिहान ९ बजे यङ विमेन ख्रीष्टियन

असोसिएसनमा जवानीहरूको बिचमा भएको थियो। परमेश्वरको उपस्थितिलाई हामीले स्पष्ट रूपमा त्यहाँ थाहा गर्न सक्यौँ। त्यहाँबाट यम. इ. मण्डलीमा १०:३० बजे सभा भएको थियो। यहाँ पनि असल समयको अनुभव गरेँ, करिब एक घण्टा जति बोलेको थिएँ। बेलुकी ४:३० बजे विद्यार्थीहरूको बिचमा एउटा शक्तिशाली सभा भएको थियो, भवन भरिएको थियो र सबै चासोसहित भेला भएका थिए। झन्डै ६ बजुन्जेल मैले प्रचार अन्त गरिनँ। बेलुकी ७ बजे फेरि पनि जवानहरूको बिचमा प्रचार गरेँ, र त्यसपश्चात् ७:३० बजे सहरको मुख्य चार वटा मण्डलीहरूको (ब्याप्टिस्ट, प्रस्बिटेरियन, मेथोडिस्ट र कङ्ग्रिगेसनल) संयुक्त सभामा बोलेँ। झन्डै ९१ मिनेट मैले प्रचार गरेँ।"

सी.टी. स्टडले आफ्नो घरतिर पठाएका पत्रहरूमध्ये एउटा पत्रमा एउटा पत्रिकाको टुक्रा थियो, जसमा उहाँको जीवनको बारेमा प्रशंसाका कुराहरू छापिएको थियो। त्यसको छेउमा उहाँले लेख्नुभएको कुरा यस्तो थियो, "यस्तो प्रकारको कुहिएका कुराहरू नै पत्रिकामा छापिँदो रहेछ। एक दिन एउटा सभामा मैले प्रचार गर्न उठ्नुभन्दा अगि एक जना मानिस उठेर यसरी नै केही कुराहरू मेरो बारेमा बताए। यसैले म उठेर भनेँ, 'यस्ता कुराहरू बताइनेछ भनी मैले थाहा पाएको भए म १५ मिनेट ढिलो आइपुग्थेँ। उठौँ, केही प्रार्थनाद्वारा यसलाई पखालिदिऊँ।'"

"नाक्सविल विद्यार्थीहरूको सम्मेलन जुन २१। म कोठामा फर्किसकेपछि राती १० बजेतिर एक जना विद्यार्थी मकहाँ आए र भने, 'आज बिहान तपाईंको प्रचार सुनेदेखि मैले नरकबाहेक अरू केही कुरालाई सोचेको छैनँ, किनभने मैले आफूलाई समर्पण गरेको छैनँ र गर्न सक्दिनँ पनि।' (तर मैले नरकको बारेमा अथवा त्यस्ता कुनै कुराको बारेमा प्रचार गरेको थिइनँ) मैले भनेँ, 'किन तिमीले आफूलाई परमेश्वरको हातमा दिन सक्दैनौ?' तिनले भने, 'मलाई थाहा छैनँ।' 'समर्पित हुन चाहन्छौ?' 'हो, चाहन्छु।' 'त्यसो हो भने अहिले गर्नू, घुँडा टेक्नू र आफ्नो सम्पूर्ण थोकलाई दिन्छु भनी परमेश्वरलाई भन्नू।' 'मलाई लाग्छ परमेश्वरले भन्नुभएका सबै कुराहरूलाई पालन गर्न म अनिच्छुक थिएँ होला।' 'अहिले सबै पापलाई त्यागेर उहाँको इच्छालाई

पालन गर्न तयार छौ?' 'तयार छु।' 'त्यसो हो भने परमेश्वरको हातमा आफूलाई दिनू।' तिनले घुँडा टेके र केही समयपछि आफूलाई पूर्ण रूपमा परमेश्वरको हातमा दिए र आनन्द र उज्यालो मुहारसहित उठे र भने, 'अब सबै ठीक भयो।'

"आत्मिक कुराहरूको आवश्यकता यहाँ अति नै छ र त्यसको अभाव यहाँ ठुलो छ, हाँस-खेल बढी छ, साँचो गहिरो आत्मिक शक्ति छैन। किन? तिनीहरू त्योदेखि डराउँछन्। तिनीहरू आफ्नो मन व्याकुल हुनदेखि डराउँछन्, र यसैले सभाहरूलाई घटाउनुको सट्टामा मूर्खता भन्ने नालीको पानी त्यसमा मिसाएर सभाहरूलाई प्रायः शक्तिहीन तुल्याउँछन्।"

यसरी उहाँको १८ महिनाको सेवाकाईमा धेरै विद्यार्थीहरूलाई ख्रीष्टमा डोऱ्याउनुभयो, त्यति मात्र नभएर धेरै सेवकहरूलाई पनि पवित्र आत्माको अभिषेकमा ल्याएर पुनर्स्थापित गर्नुभयो। उहाँको यो सेवाकाई अति नै फलदायी भएको थियो। उहाँले अपनाएका सरल तरिकाहरूको बारेमा उहाँ आफैले यस्तो बताउनुभयो, "परमेश्वरले मेरो लागि सबै सत्यलाई खुलस्त पारिदिनुभएको छ, र मैले त्यसलाई सरल रूपमा अरूलाई बताउँछु। मैले बताउने कुराहरूको निचोड यही हो: 'तपाईंको पापको दण्ड येशू ख्रीष्टले भोगिसक्नुभयो भन्ने सत्यमा उद्धारको निश्चयता निर्भर भएको छ, तपाईंको भावनामा होइन। जसरी ख्रीष्ट येशू तपाईंको लागि मर्नुभयो त्यसरी नै तपाईं उहाँको हुनुभएको छ।' अझै अलिकति यो सत्यलाई बुझाइसकेपछि मैले भन्छु, 'अब तपाईं घुँडा टेकेर व्यवहारिक रूपमा आफूलाई र आफ्ना सबै थोकलाई येशूलाई दिनुहुन्न?' 'गर्छु।' त्यसपछि त्यो पुरुष अथवा स्त्री सो गर्नुहुन्छ र येशूले उहाँलाई ग्रहण गर्नुभयो कि भनी सोध्छु। यदि त्यो व्यक्तिले मलाई थाहा छैन भनी भन्नुहुन्छ भने के परमेश्वर झूटो हुनुहुन्छ भनी म सोध्छु, यस कुराले तुरुन्तै त्यो व्यक्तिमा उद्धारको निश्चयता ल्याउँदछ, किनभने परमेश्वर झूट बोल्न सक्नुहुन्न। त्यसपछि म त्यो व्यक्तिलाई एउटै वाक्यले पवित्र आत्मा माग्नू भनी भन्छु। त्यसपछि मैले सोध्छु, 'तपाईंलाई दिइसक्यो त?' त्यसपछि त्यही तरिकाले त्यो व्यक्तिबाट 'हो' भन्ने उत्तर आउँछ र १. आफूलाई स्वीकार गर्नुभएको लागि  र २. पवित्र आत्मा दिनुभएको लागि

परमेश्वरलाई धन्यवाद दिनुहोस् भनी म भन्छु। अन्तमा त्यो व्यक्तिलाई ‘फिक्री नगर्नू र नडराउनू, अथवा आफ्नो बल प्रयोग गर्न प्रयास नगर्नू तर केही कुराको फिक्री नगरीकन परमेश्वरमाथि भरोसा राखेर उहाँको आवाजलाई पालन गर्नू। येशूमा सधैँ आनन्दित रहनू। भित्रीय अनुभवचाहिँ ठीक समयमा आउँछ, तर यथार्थमा परमेश्वरले तपाईंलाई पवित्र आत्मा दिइसक्नुभयो। परमेश्वरलाई सहायता गर्ने प्रयास गरेर उहाँलाई बाधा नल्याउनू, तर उहाँलाई बाधा ल्याउन बन्द गर्नू।’ भन्ने भनी पठाउँछु। आउँदाखेरि अँध्यारो मुख लिएर आउँछन्, जाँदाखेरि उज्यालो भएर जान्छन्।”

# अध्याय - ११
# भारतमा छ वर्ष

सी.टी. स्टड उद्धार पाएको बेलादेखि नै भारतमा सुसमाचार लाने कर्तव्य आफ्नो परिवारलाई छ भनी सधैँ महसुस गर्नुहुन्थ्यो। त्यो उहाँको बुवाको अन्तिम इच्छा थियो। सी.टी. स्टड चीनमा हुँदा आफ्नी आमालाई यसरी पत्र लेख्नुभयो:

"उत्तर भारतको तिरहुतमा भएका मानिसहरूले स्टड भन्ने नामसँग कति बढी परिचित छन् र आफू त्यहाँ जाँदा कसरी मानिसहरू भीड भएर आफूलाई देख्न आए भन्ने कुरालाई जार्जले मलाई बतायो। तर तिनीहरूले के देखे त? नील–बोटको व्यवसाय गर्ने स्टडलाई, सम्पत्तिको खोजीमा रहेको स्टडलाई, तर स्थानीयहरूको प्राणको उद्धारको खोजी गर्ने स्टडलाई तिनीहरूले कहिल्यै देखेनन्। खीष्टको राजदूतको रूपमा आउने स्टडलाई तिनीहरूले कहिल्यै देख्नेछैनन् त?"

अहिले सी.टी. स्टड आफैले त्यो मौका पाउनुभयो। उहाँको बुवाको पुरानो साथी विन्सेन्टले आफ्नो बुवाको अन्तिम इच्छाको रूपमा रहेको तिरहुत मानिसहरूको बिचमा सुसमाचार पुऱ्याउने कामलाई पूरा गर्न सी.टी. स्टडलाई अनुरोध गर्नुभयो, र सबै तयारीहरू आफैले गर्ने प्रतिज्ञा पनि गर्नुभयो। सी.टी. स्टडले त्यो कुरालाई स्वीकार गरेर तिरहुतमा आएर छ महिना सेवा गर्नुभयो। त्यसपछि भारतको तमिलनाडु प्रान्तमा रहेको उदकमन्डू (Ooty) भन्ने ठाउँमा एउटा स्वतन्त्र मण्डलीमा पास्टरीय सेवा गर्न एङ्लो इन्डियन एभान्जलइसेसन सोसाइटीले उहाँलाई अनुरोध गऱ्यो।

यहाँ उहाँको काम सबै प्रकारका मानिसहरूको बिचमा थियो : त्यो ठाउँबाट धेरै टाढा रहेको मदरास (चेन्नई) र मैसूर जिल्लाहरूबाट आएर

त्यहाँ चिया बगानमा काम गर्ने मानिसहरूको बिचमा, जसको बिचमा जानको लागि उहाँले लामो कठिनाइपूर्ण यात्राहरू गर्नुभयो; उदकमन्डूमा बसोबास गर्ने युरोपेलीहरू र युरेशियनहरूको बिचमा, छेउमा रहेको सिपाही गृहमा बस्ने सिपाहीहरूको बिचमा; साथै ग्रीष्मलाई काट्नको लागि यो सुन्दर पहाडी क्षेत्रमा आउने अधिकृतहरू र उहाँहरूको परिवारहरू, सरकारी अधिकृतहरूको बिचमा, त्यसमध्येमा मदरासको गभर्नर लार्ड एम्पथिल र उहाँकी श्रीमती पनि हुनुहुन्थ्यो, यसरी उहाँ त्यहाँ विभिन्न समुदाय र ओहदाका मानिसहरूको बिचमा सेवा गर्नुभयो। सी.टी. स्टडले गभर्नरलाई धेरै पल्ट भेट्नुभयो, र गभर्नर आफै पनि इटन उच्च विद्यालयमा पढ्नु भएकाले सी.टी. स्टडलाई धेरै पल्ट आफ्नो सरकारी घरमा बोलाउनुहुन्थ्यो। यस कुराले आत्मिक कुराबाट धेरै टाढा रहेका धेरै अधिकृतहरूको बिचमा सत्यलाई बताउने मौका सी.टी. स्टडले पाउनुभयो। गभर्नरले सी.टी. स्टडप्रति धेरै चासो राख्नुहुन्थ्यो र सी.टी. स्टड दमको रोगले ग्रस्त भएको अवस्थामा आफूसँग मदरासमा लिएर गएर आफ्नै डाक्टरद्वारा नाकको शल्यक्रिया गर्न सहायता गर्नुभयो।

सधैँ जसरी सी.टी. स्टड प्राण बचाउन बाहिर निस्कन थाल्नुभयो। चिया बगानमा काम गर्नेहरू र युनियन चर्चमा भएकाहरूमध्ये वचनप्रति चासो भएका धेरैलाई भेट्टाउनुभयो। धेरै जना परिवर्तन भए, र श्रीमती प्रिस्सील्लाले यसरी लेख्नुभयो, "हप्तामा एकदेखि तीन जनासम्मलाई चार्लिले ग्रहण नगराईकन एक हप्ता पनि बितेको छैनजस्तो मलाई लाग्छ।" तर यो प्रख्यात पर्यटकीय स्थानमा संसारको खिचाइ धेरै बलियो थियो, र अन्तसम्म परमेश्वरसँग यात्रा गरेकाहरू र उद्धार पाएर सांसारिक प्रेमलाई आफ्ना हृदयबाट हटाएकाहरू मात्र स्थिर रहे।

भारतमा रहेका धेरै बेलायती अधिकृतहरू र उहाँहरूको परिवारलाई ख्रीष्टमा ल्याउने मौका सी.टी. स्टडले पाउनुभयो। सिपाहीहरूलाई ख्रीष्टमा जित्नको लागि सिपाहीहरूको क्रिकेट टिममा आबद्ध भएर उहाँहरूसँग खेल्न जानुभयो र बेलुकीको समयलाई उहाँहरूलाई सुसमाचार सुनाउनुमा बिताउनुभयो। उहाँको जवान उमेरमा गरेको जसरी नै भारतमा क्रिकेट खेल्दा

पनि दुई पल्ट १०० रन हासिल गर्नुभयो।

लार्ड कर्शोन उदकमन्डू आउँदा सी.टी. स्टडसँग लामो समयसम्म बातचित गर्नुभयो र दिल्लीमा हुन गइरहेको भारत र बेलायतको क्रिकेट खेलमा भारतको पक्षमा खेल्नको लागि आफ्नो पाहुना भएर दिल्ली दरबारमा आउनको लागि निम्तो दिनुभयो। यसरी उहाँ जुन कामको लागि जहाँ गए तापनि ती सबैलाई सेवाको मौकाको रूपमा प्रयोग गर्नुभयो।

उदकमन्डूमा रहेको युनियन चर्चमा उहाँको प्रचारद्वारा धेरै बेलायती अधिकृतहरू प्रभावित भए। स्थानीय किसानहरूको बिचमा पनि उहाँले उत्साह ल्याउने खालका परिणामहरू देख्नुभयो, तर टाढा रहेका जिल्लाहरूमा उहाँहरूलाई दोहोऱ्याएर सिकाउनु र हुर्काउनुमा समस्या थियो।

तर यी सबै कामहरू अति नै नमिल्ने परिस्थितिमा गर्नुपरेको थियो। भारतमा मात्र नभएर त्यहाँ आउनु केही वर्ष अगिदेखि नै दमको रोगले उहाँलाई सताएको थियो। राती निदाउन धेरै गाह्रो थियो, कति पल्ट २ बजेदेखि ४ बजेसम्म मात्र सुत्नुहुन्थ्यो। रातैपिच्छे सास फेर्न लडन्त लड्दै कुर्सीमा बसेर रात बिताउनुहुन्थ्यो। तर सबै परिस्थितिमा परमेश्वरमाथि भरोसा राखेर आफ्नो सेवालाई निरन्तरता दिइरहनुभयो।

सी.टी. स्टड र उहाँकी श्रीमती उदकमन्डूमा आइसकेपछि उहाँका चार जना छोरीहरू पनि त्यहाँ उहाँहरूसँग रहन आए र त्यहाँ रहेका वर्षहरू उहाँहरूका लागि अति आनन्दका समयहरू थिए। त्यहाँ रहँदा नै चारै जनाले बप्तिस्मा लिने निर्णय गरे। सी.टी. स्टड आफैले चारै जनालाई बप्तिस्मा दिनुभयो, र त्यो कार्यक्रममा सहभागी हुनको लागि सुश्री अमी कार्मैकेल पनि आउनुभएको थियो, र बप्तिस्माको कार्यक्रम सिद्धिसकेपछि सबै मिलेर प्रभु–भोजमा सहभागी भए।

भारतमा रहँदा पनि आफ्ना सबै आवश्यकताहरूको लागि परमेश्वरमाथि मात्र भरोसा राख्नु भन्ने कुराबाट सी.टी. स्टड अलिकति पनि पछि हट्नुभएन।

एङ्लो इन्डियन एभान्जलइसेसन सोसाइटीले उहाँलाई मासिक रूपमा सहायता गर्दा उहाँले त्यसलाई स्वीकार गर्नुभयो, तर आफ्नी श्रीमतीलाई त्यसको बारेमा एक पल्ट यसरी पत्र लेख्नुभयो:

"हामीले फेरि एक पल्ट सम्झनामा राखौँ, कि परमेश्वर मात्र हाम्रो हिस्सा हुनुहुन्छ, र स्वेच्छाले जानी बुझी हामीले हाम्रो जीवन र हाम्रा बालबच्चाहरूको जीवनलाई उहाँको हातमा सुम्पेका छौँ; यदि उहाँले हामीलाई त्याग्नुभयो भने हामी सिद्धियौँ; तर उहाँले कसरी त्याग्न सक्नुहुन्छ र? त्यस्तो भन्नु मैले ईश्वर-निन्दा गरेको बराबर हुन्छ। हामीलाई यसरी जिउने मौका दोस्रो पल्ट पनि दिनुभएकोमा उहाँलाई महिमा होस्। हाम्रो भरोसा उहाँमाथि रहनुपर्छ, र उहाँमाथि मात्र रहनुपर्छ; अलिकति पनि सोसाइटीमाथि हुनुहुँदैन। यदि उहाँहरूले हाम्रा खर्चहरू बेहोर्नुहुन्छ भने असल भयो तर म परमेश्वर र सोसाइटी दुवैमाथि भरोसा राख्दिनँ, तर म परमेश्वरमाथि मात्र भरोसा राख्छु, र तिमीले पनि।"

# अध्याय - १२

# बेलायततिरको यात्रा

सन् १९०६ मा उहाँहरू बेलायत फर्कनुभएको थियो, र त्यो यात्राले पनि परमेश्वरप्रतिको विश्वसनीयतालाई प्रमाणित गर्‍यो। उहाँका छोरीहरूलाई पढाउनु परेको थियो, र उदकमन्डूमा त्यसको लागि वातावरण भएन। बेलायतमा आउँदा बोर्डिङ स्कुलमा भर्ना गर्नु उहाँहरूलाई उचित लाग्यो, तर मासिक शुल्क कसरी तिर्ने? १८ वर्ष अगाडि यो दम्पतीले पूर्ण समर्पणतामा आफ्नो जीवनलाई परमेश्वरको हातमा दिनुभएको थियो। आफ्ना सबै थोकलाई परमेश्वरको विश्वसनीयतामा लगानी गर्नुभएको थियो। उहाँहरूलाई थाहा थियो कि परमेश्वरले सहायता गर्नुभएन भने छोरीहरूलाई असल शिक्षा दिनु, जुन उहाँहरू आफै पाउनुभएको थियो, असम्भव छ। त्यसैले यो कुरालाई उहाँहरूले परमेश्वरको हातमा राखिदिए, फेरि एक पल्ट परमेश्वरले आफ्नो विश्वसनीयतालाई प्रमाणित गर्नुभयो। तीन जना छोरीहरूलाई देशका असल विद्यालयहरूमध्येको एउटामा पढाउन र उहाँहरूको सम्पूर्ण शैक्षिक खर्च बेहोर्न परमेश्वरले एक जनालाई प्रेरणा दिनुभयो। यो कुरा आशिष्मय कुरा भए तापनि छोरीहरूको उद्धार साथ-साथ नआएको भए उहाँहरूको लागि यो कुरा महत्त्वहीन हुन्थ्यो। उहाँहरू सबै पढाइ सिद्ध्याएर निस्केको दुई वर्षपछि सी.टी. स्टडले लेख्नुभयो:

“मेरा चारै जना छोरीहरू पूर्ण रूपमा ख्रीष्टमा भएको देख्नु मेरो लागि अति आनन्दको कुरा हो। यसको लागि मात्रै मेरो शरीरको हरेक रगतको थोपा र मेरो हृदय र शरीरको पूर्ण प्रेम ख्रीष्टलाई दिन म ऋणी भएको अनुभव गर्छु। म उहाँजस्तै हुन चाहन्छु। उहाँले परमेश्वरप्रतिको जोशलाई वस्त्रजस्तै पहिरनुभएको थियो।”

सन् १९०६ देखि १९०८ सम्म उहाँहरू बेलायतमा रहँदा सी.टी. स्टडले

फेरि धेरै ठाउँहरूमा प्रचार गर्ने मौका पाउनुभयो, र व्यक्तिगत रूपमा मात्र उहाँ दश हजारौँ मानिसहरूसँग ख्रीष्टको बारेमा बातचित गर्नुभएको थियो, जो पहिले कहिल्यै धार्मिक सेवामा सहभागी भएका थिएनन्, तर अहिले खेलकुदमा उहाँले पाएको मानले गर्दा उहाँको कुरा सुन्न उहाँकहाँ आए। आफ्नो कुरा सुन्न आउनेहरूलाई उहाँको प्रचारले बलियो रूपमा समात्यो, र गहिरो रूपमा जगायो, र धेरैले आफ्ना जीवन ख्रीष्टलाई दिए। उहाँको प्रचार र बातचितहरू सधैँ सरल हुन्थ्यो, र साधारण शब्दहरूमा हुन्थ्यो र मानिसहरूलाई उहाँले हँसाउनु पनि हुन्थ्यो, जुन कुराहरूले धेरै मानिसहरूलाई खिच्यो।

मिशनरीहरूको बारेमा सधैँ तल्लो विचार राख्ने बिर्मिनगम न्युज पत्रिकाले उहाँको बारेमा लेखिएका कुराहरूले पढ्नेहरूलाई चकित पाऱ्यो: "श्रीमान् स्टड एउटा अनुकरण गर्नुपर्ने मिशनरी हुन्। यो रातो टाई लगाएको र खेलाडीजस्तो पातलो शरीर र जवान मुहार भएको मानिसको कुरा सुनेर प्रशंसा गरिरहेको ह्यान्सवोर्तबाट आएका उच्च विद्यालयमा पढ्नेहरूले पनि त्यही नै सोचे। २० वर्षभन्दा बढी समयहरूलाई लगाम लगाएको अवस्थामा बिताए तापनि अझै पनि यो मानिसबाट जीवन र हाँस–खेल बगिरहेको छ; उहाँको बारेमा कुनै निराशावाद कुरा छैन, मनतातोपना छैन; उहाँले प्रेम गर्नुहुन्छ र पछ्याउनुहुन्छ, आफूले विश्वास गरेका कुराहरूलाई सिकाउनुहुन्छ। उहाँको मुहार सधैँ उज्यालो र आँटिलो छ। कुनै पनि गाह्रो कुराले उहाँलाई गाह्रो बनाएको जस्तो देखिएन; उहाँको बोली जस्तो सिधा र सफा छ त्यसरी नै उहाँको निडरता पनि छ।"

यी समयहरूमा सी.टी. स्टड जहाँ निम्तो पाएर गए तापनि समय र बेसमयमा उहाँले ख्रीष्टलाई प्रचार गर्नुभयो। उहाँलाई सत्कार गर्न बोलाएका हरेक घरमा उहाँले सुसमाचार लानुभयो।

# अध्याय - १३

# सबैभन्दा ठुलो साहसपूर्ण काम

सी.टी. स्टडको जीवनको महान् बोलावटको रूपमा रहेको अफ्रिकाको सेवाको बोलावट अचानक उहाँको जीवनमा आयो। यतिखेर उहाँले भारत फर्किने बारेमा सोच्दै हुनुहुन्थ्यो। सन् १९०८ मा उहाँ लिवरपूलमा हुँदा एउटा अनौठो प्रकारको सूचनाले उहाँको ध्यानलाई आकर्षण गऱ्यो। पाटीमा त्यो सूचना यस्तो प्रकारको थियो, "नरभक्षीहरू मिशनरीहरू चाहन्छन्", सी.टी. स्टडले सोच्नुभयो, "किन चाहिँदैन? धेरै कारणहरूले गर्दा तिनीहरूलाई निश्चय नै चाहिन्छ। म भित्र गएर यस्तो प्रकारको सूचना कसले राखेको हो भनी हेर्छु।" उहाँले सोचेको जसरी नै त्यो एउटा विदेशीले गर्नुभएको काम थियो, जो डा. कार्ल कुम (Dr. Karl Kumm) हुनुहुन्थ्यो, तर एक्कासि पाएको प्रेरणाले राखेको सूचना पछाडि परमेश्वरको हात थियो, किनभने त्यो भेटमा परमेश्वरले सी.टी. स्टडलाई उहाँको जीवनको महान् सेवाको लागि बोलाउनुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ: "कार्ल कुम अफ्रिकाभरि घुम्नुभएको थियो, र आफ्ना अनुभवहरूलाई बताउनुभयो। अफ्रिका महादेशको मध्य भागमा ख्रीष्ट येशूको नामलाई कहिल्यै नसुनेका केही जातिहरू छन् भनी उहाँले बताउनुभयो। ती भूभागहरूमा अन्वेषकहरू, सिकार खेल्नेहरू, अरबीहरू र व्यापारीहरू, युरोपेली अधिकृतहरू र वैज्ञानिकहरू गएका छन्, तर ख्रीष्ट येशूको बारेमा बताउन अहिलेसम्म कोही पनि त्यहाँ गएका छैनन्। यो शरम गहिरो रूपमा प्राणमाथि पऱ्यो। मैले मनमनै भनेँ, 'इसाईहरू किन गएका छैनन्?' परमेश्वरले जवाफ दिनुभयो, 'तिमी किन जानुहुँदैन?' मैले भनेँ, 'डाक्टरहरूले मलाई अनुमति दिँदैनन्।' उत्तर आयो, 'म असल वैद्य होइनँ र? तिमीलाई मैले यो बाटोमा लान सक्दिनँ र? मैले तिमीलाई त्यहाँ वास्ता गर्न सक्दिनँ र?' अब कुनै बहाना छैन, यो गर्नु नै पर्छ।"

तर कसरी सुरु गर्ने? उहाँको हातमा पैसा थिएन। १५ वर्षको रोगी अवस्थापछि ५० वर्षको उमेरमा अत्यन्तै उष्ण प्रदेश भएको अफ्रिकालाई उहाँले कसरी सामना गर्ने? नाइजर हुँदै दुवै जना मिलेर अफ्रिका महादेशलाई पार गर्नुपर्छ भनी डा. कुमले सल्लाह दिनुभयो। त्यो कुरा स्विकारियो, तर सी.टी. स्टडले पछि विल्किन्सनलाई भन्नुभयो, "यो एक पल्ट मात्रै परमेश्वर डाक्टरहरूसँग सहमत हुनुभयो; किनभने डाक्टरको आदेशलाई नमानीकन म जान तयार हुँदा परमेश्वरले मलाई मलेरिया रोगले ओछ्यानमा पर्न दिनुभयो र सीधै 'हुँदैन!' भनी भन्नुभयो।" उहाँहरूको दोस्रो योजनाचाहिँ सुडानको राजधानी भएको खर्तूमबाट हजार माइल टाढा रहेको दक्षिण सुडानको परिस्थितिहरू बुझ्नको लागि एउटा अनुसन्धानको यात्रा गर्नु थियो। ती भूभागहरूमा इस्लाम धर्म तीव्र गतिमा बढेको कुरा बताएर त्यहाँ छिटो गरी मिशनस्थलहरू स्थापना गर्नुपर्छ भनी डा. कुमले बताउनुभयो। सी.टी. स्टडले यो चुनौती र यस काममा अग्रदूत बन्न आफू तयार भएको कुरालाई केही मानिसहरूको बिचमा बताउनुभयो। एउटा व्यापारीहरूको समूहले आफूहरूलाई एउटा समितिको रूपमा स्थापना गरेर यो परियोजनालाई सहायता गर्ने निर्णय गरे, तर उहाँहरूको एउटा सर्त थियो, त्योचाहिँ स्टडले डाक्टरको अनुमति पाउनुपर्छ। सबै कुरा एकै छिनमा रोकियो। डाक्टरको रिपोर्ट पूर्ण रूपमा उहाँको इच्छा विपरीत थियो। सी.टी. स्टड लेख्नुहुन्छ:

"धेरै प्रेम पनि धेरै घृणा जसरी नै कुनै बेला नराम्रो हुँदो रहेछ। खर्तूमबाट दक्षिण भूभागहरूतिर नजाने प्रतिज्ञा नगरेमा मलाई जान नदिने निर्णय समितिले गऱ्यो। यदि म खर्तूमबाट दक्षिणतिर यात्रा गरेँ भने फर्केर आउँदिनँ भनी डाक्टरबाट उहाँहरूले खबर पाएका थिए। मैले प्रतिज्ञा गर्न तयार नहुँदा उहाँहरूले मलाई सहायता गर्न इन्कार गरे, र त्यो उद्देश्यको लागि पैसा दिने प्रतिज्ञालाई पनि फिर्ता लिए।"

एक सिक्का पनि हातमा नभएको हुँदा डाक्टरले इन्कार गरेको र समितिले त्यागिदिएको तर परमेश्वरले जान आदेश दिएको अवस्थामा उहाँले के गर्ने? इमानदारीसाथ गर्न सक्ने एउटै मात्र काम थियो। फेरि एक पल्ट उहाँले परमेश्वरको आज्ञापालन गर्न सबै थोकलाई जोखिममा पार्नुभयो। जवान

मानिस हुँदा आफ्नो पेसालाई परमेश्वरको लागि जोखिममा पार्नुभयो, चीनमा हुँदा आफ्नो सम्पूर्ण सम्पत्तिलाई जोखिममा पार्नुभयो, अहिले उहाँ आफ्नो जीवनलाई जोखिममा पार्दै हुनुहुन्छ। उहाँ परमेश्वरको खातिर जुवा खेल्ने जुवाडे हुनुहुन्छ। हिब्रू एघार अध्यायमा बताएका अब्राहाम, मोशा र अन्य प्रेरितहरू जसले विश्वासको जुवा खेलेका थिए, त्यो सूचीमा उहाँ पनि थपिनुभयो। "यी मानिसहरू यस्ता हुन्, जसले हाम्रा प्रभु येशू ख्रीष्टको खातिर आफ्ना प्राण जोखिममा (जुवामा) पारेका छन्।" (प्रेरित १५:२६)। "जुवाको नसाजस्तै अरू कुनै नसा छैन र येशूको जुवाडे भएको कोही पनि निको भएका छैनन्, परमेश्वरलाई धन्यवाद!" भनी एक पल्ट सी.टी. स्टडले लेख्नुभएको थियो, यथार्थमा यसमा अनौठो मान्नुपर्ने कुरा केही पनि छैन। उहाँले समितिलाई यसरी जवाफ लेख्नुभयो, "महोदयहरू, परमेश्वरले मलाई जान बोलाउनुभएको छ र म जानेछु। मेरो चिहान नै जवान मानिसहरूको लागि खुट्टा टेक्ने सिँढी बन्नुपर्छ भने पनि म बाटो बनाउनेछु।" "तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ।" उहाँले आफ्नो स्वामीको यी शब्दहरूलाई पूरा गरी देखाउनुभयो, आउन गइरहेका २० वर्षहरू "त्यो बचाउनेछ।" भन्ने वाक्यलाई प्रमाणित गर्नको लागि थियो।

तीन हप्तापछि उहाँ यात्रा गर्नुपरेको थियो, तर उहाँको हातमा पैसा थिएन। भोलिपल्ट बिर्मिन्घम भन्ने ठाउँमा उहाँले प्रचार गर्नुपरेको थियो। उहाँ तीन हप्तामा यात्रा गर्न गइरहनुभएको छ भनी पहिले नै बताइसकेको थियो, र उहाँको सम्पूर्ण आशाहरू एक दिन अगि नष्ट भएको कुराको बारेमा कसैलाई थाहा थिएन।

सी.टी. स्टड लेख्नुहुन्छ: "यस्तो परिस्थितिमा आफूले के बोल्न सक्छु भन्ने कुरा थाहा नहुँदा–नहुँदै म मञ्चमा पुगिसकेको थिएँ। सभा प्रमुखले बोलिरहेको हुँदा ममा एउटा विचार अचानक आयो, त्यो परमप्रभुको आवाज थियो। 'तिमी किन जाँदैनौ?' मैले जवाफ दिएँ, 'पैसा खोइ त?' उत्तर आयो, 'त्यसको लागि तिमीले ममाथि भरोसा राख्न सक्दैनौ?' सूर्य बादलको बीचबाट चम्केर निस्केको जस्तै भयो। मैले जवाफ दिएँ, 'हो, म सक्छु।' फेरि उत्तर आयो, 'त्यसो हो भने अब समस्या कहाँ छ त?' प्रमुखले

बोलिसकेपछि म उठेँ, समितिले पैसा दिने प्रतिज्ञालाई फिर्ता नलिएको परिस्थितिमा म जसरी बोल्थेँ होला त्यसरी नै अहिले बोलेँ। लिन्नेकर (Linnacre) मिशनमा सभा सञ्चालन गर्नको लागि म लिवरपूल गएँ। सभा आशिष्मय भयो, र सोमबार बिहान म त्यहाँबाट बिदा लिने बेलामा एक जना अपरिचित मानिसले मेरो हातमा दश पाउण्ड पैसा दिनुभयो। मेरो उत्साह र आनन्दलाई सोचेर हेर्नुहोला। म लिवरपूल हुँदै लण्डन जानुपरेको थियो। बिचमा टिकट काट्ने ठाउँमा रोक्न लगाएर हातमा भएको दश पाउण्डको बलले पोर्ट सईदसम्मको लागि टिकट काटेँ, र मैले गरेको कुरालाई समितिलाई जनाएँ। हुन ता पोर्ट सईदसम्म पुग्नलाई दश पाउण्डले पुग्दैन, साथै त्यहाँबाट खर्तूम र खर्तूमबाट हजारौँ माइल दक्षिणतिर यात्रा गर्नलाई झनै पुग्दैन। तर परमेश्वरले अचम्म तरिकाले आवश्यकताहरूलाई पूरा गर्नुभयो, परिणामस्वरूप मैले यात्रा सुरु गरेँ।"

सन् १९१० डिसेम्बर ५ तारिख उहाँले सामुद्रिक यात्रा सुरु गर्नुभयो। उहाँ एकलैले दाख–कुण्ड पेल्नुभयो, किनभने उहाँकी श्रीमती आफैले पनि यस कुरामा समर्थन दिनुभएको थिएन, तर परमेश्वर उहाँको साथमा उभिनुभयो, र गर्न गइरहेको कामको महिमा र दर्शनले उहाँको प्राणलाई भरिदिनुभयो। जुन दिन उहाँले यात्रा सुरु गर्नुभयो त्यही दिन परमेश्वरले उहाँलाई एउटा अचम्मको प्रकाश दिनुभयो। आफ्ना सह–इसाईहरूले समर्थन जनाउन गाह्रो मानिरहेको हुँदा अग्रदूत बन्ने उमेर नाघिसकेको एक जना मानिस निराशापूर्ण देखिने आशालाई बोकेर अगाडि बढ्दा परमप्रभुले उहाँको साहसपूर्ण काममा सफलता दिने प्रतिज्ञा गर्नुभयो होला भन्नु नै हामी सबैले सोच्न सक्ने ठुलो कुरा हो; तर त्यसको सट्टामा परमप्रभुले उहाँलाई अझै महान् सन्देश दिनुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ: "लिवरपूलबाट छुटेको पहिलो रात म आफ्नो कोठामा सुत्न गएँ, परमेश्वर अनौठो तरिकाले मसँग बोल्नुभयो। उहाँले भन्नुभयो, 'यो यात्रा सिर्फ सुडानको लागि मात्र होइन, सुसमाचार प्रचार नगरिएको विश्वको सारा भागको लागि हो।' मानवीय विचारमा यो हास्यजनक देखिन्छ, तर ख्रीष्टमाथिको विश्वासले सबै असम्भवलाई देखेर हाँस्छ।"

एक जना मानिस सुडानको एक कुनामा जानु, र सुसमाचार प्रचार नगरिएको विश्वका सबै भागहरू यी दुवैको बिचमा केही पनि सम्बन्ध नभएको जस्तो देखियो। यद्यपि हामीले इतिहासलाई फर्केर हेर्दा उहाँ सुडान गएको कारणले स्थापित भएको 'वोर्ल्ड एभान्जलइसेसन क्रूसेड'ले आज विश्वभरि अफ्रिका, एसिया र अरबी देशहरूसहित विश्वभरि नै सुसमाचारको काम गरिरहेको छ। पूर्ण रूपमा परमेश्वरमाथि विश्वास गर्ने र उहाँको आज्ञापालन गर्ने एक जना मानिसद्वारा परमेश्वरले के गर्न पर्खिरहनुभएको छ भन्ने पाठ हामीले फेरि एक पल्ट यसबाट सिक्दैनौँ? उहाँले पाएको प्रतिज्ञा र उहाँले त्यसलाई स्वीकार गरेको तरिकाको बारेमा डा. विल्किन्सनलाई यसरी लेख्नुभयो:

"ख्रीष्टको काम गर्नको लागि मेरो प्राण जलिरहेको छ। 'जाऊ, गएर विश्वको असल भूमिलाई सम्पत्तिको रूपमा लिनू। तिम्रो खुट्टा टेक्ने हरेक ठाउँलाई मैले तिमीलाई दिएको छु' भनी येशूले बोलेको जस्तै म सुन्छु।(परमप्रभुलाई धन्यवाद होस्, मेरा पैतालाहरू ठुला छन्।)"

साथसाथै उहाँले आफ्नी श्रीमतीलाई सान्त्वना र उत्साह दिन हृदयलाई पोखाएर पत्र लेख्नुभयो। परमप्रभु आफ्नो श्रीमान्‌को साथमा हुनुहुन्छ भन्ने कुरालाई बुझ्न र पछिका समयहरूमा एउटा समर्पित सहकर्मी बन्न श्रीमती प्रिस्सील्लालाई यी पत्रहरूले सहायता गर्‍यो भनी हामीले विनाशङ्का भन्न सक्छौँ।

"सन् १९१२ डिसेम्बर २०। योभन्दा अगि बितेको मेरो जीवनका समयहरू आउन गइरहेको दश वर्ष अथवा बढी समयको सेवाको लागि तयारी हुने समय थिए भनी कसैगरी परमेश्वरले मलाई भन्नुहुँदै छ। त्यो एउटा कडा अनुशासनका समयहरू थिए। ओहो, त्यसका वेदनाहरू! त्यो दमको रोग, त्यसले मलाई केचाहिँ गरेन, हरेक दिन हरेक रात म मरिरहेका थिएँ! त्यो शारीरिक दुर्बलताहरू! संसारका मानिसहरूद्वारा तल्लो नजरले हेरेको अवस्था! त्यो दरिद्रता! म परीक्षामा परेन त? ख्रीष्टको काम छोडिदिने परीक्षा! डाक्टरहरू, आफन्तहरू, परिवार र इसाईहरू, यसरी यो कामको

लागि गएर मैले परमेश्वरलाई परीक्षामा पार्दै छु भनी कसले चाहिँ भनेनन् र? म होइन, तर ख्रीष्ट नै हो मलाई यो बाटोमा डोऱ्याउनुभएको, मलाई थाहा छ। अब पर्वतलाई जितिसक्यो। यो गरिब दुर्बल कीरालाई नै आगोको भट्टीमा हालेर साथमा हिँडेर बाहिर निकाल्न परमेश्वरले चुन्नुभएको छ। अहिले उहाँले स्वस्थपन, बल र जिउने इच्छा, ख्रीष्ट र मानिसको लागि मात्र जिउने बलिरहने इच्छा मभित्र खन्याउन थाल्नुभएको जस्तै लाग्छ। महिमा! महिमा! महिमा! येशू नै सबैभन्दा सर्वोच्च हुनुहुन्छ। उहाँ नै मेरो पहिलो प्रेम र प्रभु हुनुहुन्छ। अब मेरी प्रिय प्रिस्सील्ला, यो बिछोडको समय हाम्रो भलाइको लागि हो, र परमेश्वरको महिमा र ख्रीष्टको आदरको लागि हो। म पूर्ण विश्वास गर्छु कि (१) तिमी स्वस्थ हुनेछौ। (२) तिमी योभन्दा अगि भएको भन्दा अझै ठुलो अगुल्टो येशूको लागि हुनेछौ, दयनीय दुर्बल मभन्दा अझै शक्तिशाली हुनेछौ। (३) हाम्रा छोरीहरू ख्रीष्टका सिपाहीहरू हुनेछन्, र सबै महिमा परमेश्वरलाई होस्। ममा यी विचारहरू बारम्बार दोहोऱ्याइ–दोहोऱ्याइ आइरहेका छन् – एउटा नयाँ युद्ध। मेरो मन र दिमागमा धेरै कुराहरू बगिरहेका छन्, र म हरेक पल्ट ओछ्यानमा ढल्किँदा परमेश्वर मसँग बोल्नुहुन्छ, र एउटा महान् काम गर्न गइरहेको छु भनी भन्नुहुन्छ। प्रिय प्रिस्सील्ला, तिमीलाई शाङ्घाईका समयहरू याद छ? ती दिनहरू फेरि आउनेछन्, तर अझै विशाल रूपमा। ओहो, यो नयाँ युद्ध, यो मेरो दिमाग र हृदयमा बलिरहेको छ। यो बलिरहनु पनि पर्छ।"

"मर्सेईलस, डिसेम्बर २३। हाम्रो जीवनको समयभरिको र यो पुस्तामा येशूको लागि गरिने एउटा महान् कामको ढोकामा हामी छौँ, 'तिमी कमजोर र दुर्बल छौ' र सिद्धिसकेका छौ भनी डाक्टरहरूले बताउँदैछन् र मानवीय तरिकाले हेर्दा पनि त्यो यथार्थ नै हो। तर ख्रीष्ट येशूले तिमीलाई जीवन र स्वास्थ्य फर्काउन सक्नुहुन्छ, र तिम्रो अगाडि एउटा महान् काम राख्नुभएको छ। तिमीलाई येशूको छुवाइको आवश्यकता छ। तिमीलाई बलियो पार्न नसकिने डाक्टरहरूसँग सल्लाह लिन छोडेर येशूसँग सल्लाह गर्दैनौ? मेरी प्रिय प्रिस्सील्ला, येशूकहाँ जाऊ, र उहाँको हातमा आफैलाई सुम्पिदेऊ, र म पूर्ण रूपमा विश्वास गर्छु कि तिमी येशूको लागि हजारौँ प्राणहरू जित्दै विश्वभरि जानेछौ। येशूमाथिको विश्वासद्वारा बाहेक हामी दुवैलाई जिउने

अर्को तरिका छैन। यदि मैले डाक्टरहरूको कुरा सुनेको भए त्रासले नै म अहिले चिहानभित्र पुगिसकेको हुन्थेँ, तर म जीवित छु, र येशूमाथिको विश्वास र परमेश्वरको शक्तिले जीवित छु। तिमीले पनि त्यही नै गर्नुपर्छ। उहाँमाथि भरोसा राखेर म अगाडि बढ्दै छु। हाम्रो अगाडि ठुला कुराहरू छन्। यो युद्धमा तिमी पनि मसँग सहभागी हुनू। लङ्गडाहरूले नै सिकार समात्नेछन्। जब हामी दुर्बल छौँ त्यति बेला नै हामी बलियो हुन्छौँ। हामीले इसाईहरूलाई युद्धको लागि अगि सर्न बोलाउनुपर्छ। तिमी मेरो दाहिने हात हुनेछौ। तिमी सुख्खा–घाँसे मैदानको आगो हुनेछौ। तिमी मलाई महान् कामहरूको लागि जगाउने स्रोत बन्नेछौ। हामी जीवित हुँदा सँगै लड्नेछौँ, र उहाँले हामीलाई पछि महिमाको मुकुट दिनुहुनेछ र त्यो तिमीले पहिरिन्छौ, मैले होइन। परमप्रभुले तिमीलाई आशिष् दिऊन्, मेरी प्रिय प्रेमिका। जवान उमेरमा तिमीलाई प्रेम गरेको भन्दा अहिले वृद्ध अवस्थामा अझै बढी प्रेम गर्दै छु।”

“सन् १९११ जनवरी। यो वृद्ध उमेरमा फेरि एक पल्ट हामी आफैलाई येशूको हातमा अर्पण गरौँ। हाम्रो लागि उहाँले धेरै गर्नुभएको छ। यी २४ वर्ष उहाँले हामीलाई अगाडि बढिरहन सहायता गर्नुभयो, र हाम्रा छोरीहरूलाई जोगाएर उद्धारमा डोर्‍याउनुभयो। अफ्रिकामा गर्नुपर्ने यो महान् कामलाई परमेश्वरले हाम्रो रजत विवाहको उपकारको रूपमा दिनुभएको छ। हामी धेरै पल्ट उहाँको सेवामा चिसो र मनतातो भएको कुराले मलाई डर लाग्छ; अब आउने १० वा २० वर्षको जीवनलाई खेतको उच्च ठाउँहरूमा गरिने उहाँको सेवामा अर्पित गराएर सिद्ध्याऔँ। हामीले येशूको लागि र मानव प्राणहरूको लागि गर्ने अन्तिम काम यही नै हो। उहाँको राज्यको लागि बनाउने भवनमा हाम्रो जीवनबाट योभन्दा अरू कुनै उत्तम ढुङ्गा थप्न सक्दैनौँ। येशूको लागि अथवा सुसमाचारको लागि ग्रहणयोग्य अथवा हाम्रो जीवनको लागि ग्रहणयोग्य काम अरू कुनै छैन। यसैले तिमी र म मिलेर गर्नेछौँ – येशूको लागि गर्नेछौँ – र अरू सबै मिलेर हामीलाई पछ्याउनेछन्। परमप्रभुले तिमीलाई आशिष् दिऊन् मेरी प्रेमिका।”

खर्तूममा उहाँले केही हप्ताहरू ढिलो गर्नुपर्ने भयो। स्थानीय बिशप

ग्विन्नेको  निमन्त्रणा स्वीकार गरेर उहाँले धेरै पल्ट त्यहाँको अङ्ग्रेजी मण्डलीमा प्रचार गर्नुभयो। उहाँको प्रचारले धेरै आशिष् ल्यायो। त्यति बेला त्यहाँ रहेका केही बेलायती सैनिकहरूको बिचमा पनि उहाँले प्रचार गर्नुभयो, यसले पनि आशिष्मय परिणामहरू ल्यायो। सर रेजिनाल्ड विन्गेटले, जो सुडानको गभर्नर हुनुहुन्थ्यो, उहाँको यात्रामा धेरै चासो लिनुभयो, किनभने उहाँ आफै पनि बार–एल–घसलमा मिशनरी काम सुरु गर्नुपर्छ भन्ने कुरामा चिन्तित हुनुहुन्थ्यो। धेरै पल्ट उहाँले सी.टी. स्टडलाई आफ्नो दरबारमा भोजनको लागि बोलाउनुभयो, त्यहाँबाट सी.टी. स्टडले केही कमिजहरू पाउनुभयो, तर त्यसका बाहुलाहरू दुई इन्च छोटो भएको भेट्टाउनुभयो। यसैले उहाँले त्यसका कफहरूलाई काटेर कोटको बाहुलामा सिलाउनुभयो ताकि त्यो बाहिर मात्र देखोस्, तर उहाँले कोट लगाउँदा कफ उल्टो राखेर सिलाएको जस्तो भयो, यद्यपि आफूले आफैलाई सान्त्वना दिनुभयो।

स्थानीय बिशप ग्विन्नेको साथ दक्षिण सुडानतिर स्टडले यात्रा सुरु गर्नुभयो। त्यहाँ उहाँले सी. एम. एस. को प्रमुख डिकन श(Shaw)लाई भेट्नुभयो, र तीन जना गधा र पैदल यात्राद्वारा साढे दुई महिना यात्रा गरेर बार–एल–घसलतिर जानुभयो। उहाँहरूले यात्रा गर्ने भूभागहरू मलेरिया र हात्तीपाइले महामारीले भरिएको थियो, र ती रोगहरूले जनावरहरूलाई यति असर पाऱ्यो कि २९ वटा गधामा २५ वटा मऱ्यो। बर्सातको समय भए तापनि यात्राभरि खर्तूममा फर्केर आउन्जेल सी.टी. स्टड स्वस्थ हुनुहुन्थ्यो, तर खर्तूममा आउने बित्तिकै मलेरिया रोगले उहाँ गम्भीर रूपमा थला पर्नुभयो। उहाँहरू गएका ठाउँमा मानिसहरू सुसमाचारको आवश्यकतामा रहेको देख्नुभयो, तर सी. एम. एस. मिशनले पहिले नै ती भूभागहरूमा नील नदीको छेउमा काम गरिरहेकाले त्यहाँ अर्को एउटा मिशन काम गर्नु नमिलेको देखियो, किनभने सी. एम. एस. आफैले आफ्नो सेवालाई विस्तार गरेर त्यहाँसम्म पुग्न सक्ने देखियो, र उहाँहरू त्यही निर्णयमा आउनुभयो।

तर त्यो यात्रामा रहँदा अझै एउटा महान् महत्त्व भएको आवश्यकताको बारेमा सुन्नुभयो। दक्षिण सुडानको उतापट्टि बेल्जियमले शासन गर्ने कङ्गोका भूभागहरूमा धेरै सङ्ख्या भएको दयनीय अवस्थामा रहेका ख्रीष्टको बारेमा

नसुनेका समूहहरू छन् भनी उहाँहरूलाई बताइयो। यो जानकारी सी.टी. स्टडको लागि परमेश्वरबाटको अर्को सन्देशको आधार बन्न पुग्यो, र अझै अगाडि बढ्ने आदेश उहाँले पाउनुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ: "नील नदीका किनारहरू हुँदै हामी खर्तूमतिर फर्किरहेको हुँदा फेरि एक पल्ट परमेश्वर बोल्नुभयो। 'येशू ख्रीष्टको बारेमा कहिल्यै नसुनेका विशाल सङ्‌ख्याका मानिसहरू छन् भनी थाहा हुँदा–हुँदै के तिमी बेलायत फर्केर आफ्नो बाँकी जीवनका समयहरूलाई बिताउने आँट गर्छौ? त्यस्तै गर्‍यौ भने, अब उप्रान्त मेरो सिंहासन अगि कसरी मलाई भेट्न आउन सक्छौ?' यो कुराले सबै प्रश्नहरूलाई अन्त गर्‍यो। यस्ता शब्दहरू सुनिसकेपछि बेलायतमा गएर बस्न आँट गर्नु असम्भव भयो।"

१८ महिना पछाडि दुई जना मानिसहरू, एक जना ५२ वर्षभन्दा माथिको अर्को सिर्फ २० वर्षको, अफ्रिकाको भित्रीय भागहरूतिर बेल्जियमले शासन गर्ने कङ्गो भूभागको सिमानातिर यात्रा सुरु गरे। उहाँहरू नै 'हट अफ अफ्रिका मिशन'को पहिलो अग्रदूतहरू थिए, र उहाँहरूको यात्रा अझै ठुलो युद्धतिरको यात्रा थियो।

खर्तूमबाट सी.टी. स्टड आगो बलिरहेको हृदयको साथ फर्कनुभयो, र यो नयाँ युद्धलाई तुरुन्तै सुरु गर्नुभयो। उहाँ क्याम्ब्रिज जानुभयो, र त्यहाँको ख्रीष्टिय समाजलाई सुसमाचार प्रचार नगरिएका ठाउँहरूमा सुसमाचार लाने चुनौती दिनुभयो। ख्रीष्टिय सेवकाइमा अहिले अगुवाहरू भइसकेका होवर्ड मौल, आर्तर पिट–पिट्स र ग्राहाम ब्राउनजस्ता मानिसहरूले मिशनरी सेवामा नयाँ जोश पाए। उहाँले साना–साना किताबहरू लेख्नुभयो, जुन किताबहरू यो नयाँ युद्धको जग बन्न पुगेको मात्र नभएर मरिरहेका प्राणहरूप्रति ख्रीष्टको दयाले भरिएको थियो, साथै पुरुष र स्त्रीहरूलाई यो विदेशी खेतमा काम गर्न हतियार उठाउनको लागि बोलावट पनि दियो। सी. एम. एस. मिशन संस्थाको सचिव डा. इजीन स्टाकले सी.टी. स्टडले लेख्नुभएका किताबहरूको बारेमा यसो भन्नुभयो, 'द शेम अफ क्राइष्ट', 'द जिहाद अफ क्राइष्ट' र 'द चाकुलेट सोल्जियर्स' भन्ने किताबहरू अहिलेको

मिशनसम्बन्धी किताबहरूमध्ये अति नै जगाउने आह्वान दिने खालका किताबहरू हुन्।"

सी.टी. स्टड लेख्नुहुन्छ, "हामी ख्रीष्टको लागि युद्ध गर्दै जानुपर्छ। हामीसँग मानिसहरू छन्, माध्यमहरू छन्, र बाटाहरू पनि छन्। संसारका ढोकाहरूलाई परमेश्वरले हाम्रो अगाडि खोलिदिनुभएको छ। हामी प्रार्थना गर्छौं र प्रचार गर्छौं; हामी घुँडा टेक्छौँ; हामी पाउँछौँ, हामी ख्रीष्टको प्रभु-भोज बाँड्छौँ; विजेताहरू भएर हामीले विश्वासको सारलाई घोषणा गर्छौं; हामी कराउँछौँ, 'ख्रीष्टका सिपाहीहरू युद्धका लागि अगाडि बढ' भनी भन्छौँ, र त्यसपछि के गर्छौं?... हामी सानो स्वरले परमेश्वरलाई भन्छौँ, 'म बिन्ती गर्छु, मलाई क्षमा गर्नुहोस्!' कति महिमित छलीहरू हामी!

"पचास करोड अन्यजातिका मानिसहरू अहिलेसम्म सुसमाचार सुनेका छैनन्। यद्यपि हाम्रा मिशन संस्थाहरू आफ्नो कामको उच्च स्थानमा पुगिसकेका छन्, र नगरिएको भए तापनि आफ्नो कामलाई घटाउने बारेमा गम्भीरताको साथ सोचिरहेका छन्। तर एसियाका मध्य-भागहरू, अफ्रिकाका मध्य-भागहरू र दक्षिण अमेरिका महादेश पूरै सुसमाचार नसुनेका अवस्थामा छन्।

"गएको जुन महिना खनिज पदार्थ खोजी गर्नेहरू, व्यापारीहरू र सुन खोज्नेहरू कङ्गोको सिमानामा सरकारले ढोका खोल्ने बित्तिकै भित्र पस्नको लागि पर्खिरहेका थिए, किनभने त्यो देशमा प्रशस्त सुन पाउने हल्ला तिनीहरूले सुनेका थिए। यस्ता मानिसहरू सुनको आवाजलाई स्पष्ट सुनेर पालन गर्छन् भने ख्रीष्टका सिपाहीहरूका कान परमेश्वरको आवाजलाई सुन्नमा र मरिरहेका प्राणहरूको रुवाइलाई सुन्नमा बहिरा हुन मिल्छ त? सुनको लागि जोखिम लिनेहरू यति धेरै हुँदा परमेश्वरको लागि जोखिम लिनेहरू यति थोरै हुनु त?

"राजा निकोलसले भने, 'मेरा मान्टनिग्रन्सहरूले सताएका आफ्ना देशका मानिसहरूको लागि रगत बगाउनेछन्।' परमेश्वरले 'आजकालका मेरा

इसाईहरूलाई तिमीले देख्यौ? तिनीहरू सुन अथवा सुख–विलास र इज्जत र आरामको खोजी गर्दैनन्, अबदेखि मेरा इसाईहरू मेरो प्रिय पुत्रको प्रेम र उद्देश्यको खातिर र दयनीय मानिसहरूको उद्धारको खातिर रगत बगाउनेछन्' भनी शैतानलाई कहिले भन्न सक्नुहुन्छ होला? कहिले हामीले यो पृथ्वीमा साँचो इसाई सेनालाई देख्न सक्छौँ होला?"

यसैले उहाँले यो नयाँ युद्धको लागि चाहिने सिद्धान्तहरूको रूपरेखा दिन सुरु गर्नुभयो।

"अझै ढिलो गर्नु पाप हुन्छ भनी मानेर परमेश्वरमा नगण्य र महत्त्वहीन भएको तर परमेश्वरको सर्वशक्तिमाथि भरोसा राख्ने हामीले विश्वभरि सुसमाचार फैलाउनु गर्न सक्ने काम हो भनी देखाउनको लागि एउटा निश्चित प्रयास गर्न परमेश्वरको पुस्तकमा आधारित भएर काम गर्ने निर्णय गरेका छौँ। यो उद्देश्यको लागि हामीले आफैलाई ख्रीष्टका इत्यादिहरू भन्ने नाममा बाँधिएका छौँ, र अन्य परमेश्वरका मानिसहरूलाई पनि यो महिमित समारम्भमा सहभागी हुन निमन्त्रणा दिन्छौँ। हामी सिर्फ ख्रीष्टका नगण्य सेवकहरू अथवा ख्रीष्टका इत्यादिहरू मात्र हौँ। परमेश्वरका स्थायी सेनाहरूद्वारा अगि नै कब्जामा लिइसकेका भूभागहरूमा भइरहेको असल काम देखेर हामीले परमेश्वरलाई धन्यवाद दिन्छौँ वा रमाउँछौँ। परमेश्वरका स्थायी सेनाहरूको अन्तिम चौकीभन्दा उतापट्टि रहेको शैतानका राज्यहरूका भागहरूलाई आक्रमण गर्नु र ख्रीष्टको लागि जित्नु नै हाम्रो उद्देश्य हो। ख्रीष्टका इत्यादिहरू भन्ने समूह एउटा मिशन सङ्गठन हो, र एउटा इसाई सङ्गठन हो, त्यसैले विश्वव्यापी दाजुभाइहरूको एकता हो; र सहायक मिशन, जसको नाम 'वोर्ल्ड वाइड एभान्जलइसेसन क्रूसेड' हो।

"विश्वमा कुन भागहरूमा सुसमाचार प्रचार गरिएको छैन भन्ने कुराहरूलाई पत्ता लगाउनु र ख्रीष्टमा भएको विश्वास, परमेश्वरमा गरिने प्रार्थना, पवित्र आत्मामा आज्ञाकारिता, निडरता, सङ्कल्प र उच्च बलिदानद्वारा ती भागहरूमा उच्च कुशलता र शीघ्रताको साथ सुसमाचार पुऱ्याउनु हाम्रो तरिका हो।

“यस मिशनका शिर, सेनापति र निर्देशक त्रिएक परमेश्वर नै हुनुहुन्छ।

“गोल्यतलाई सिद्ध्याउनको लागि दाऊदले नदीको किनारबाट पाँच वटा चिल्ला ढुङ्गाहरू छाने, यसैले हामी पनि हाम्रो कामको आधारको रूपमा तल दिइएका पाँच वटा कुराहरूलाई लिएका छौँ, जुन कुरालाई यस काममा सहभागी हुने हरेकले पछ्याउनु परेको हुन्छ:

१. त्रिएक परमेश्वरको हरेक व्यक्तित्वको ईश्वरत्वमा पूर्ण विश्वास।
२. पुरानो र नयाँ करार शास्त्रहरू परमेश्वरको प्रेरणाबाट लेखिएको भन्ने कुरामा पूर्ण विश्वास।
३. ख्रीष्ट येशू र उहाँलाई क्रूसमा टाँगिएको कुरालाई मात्र जान्ने र प्रचार गर्ने प्रतिज्ञा।
४. प्रभु येशूलाई इमानदारीसाथ प्रेम गर्ने सबैलाई पनपक्षविना प्रेम गर्नु र सबै मानिसलाई प्रेम गर्नु भन्ने ख्रीष्टको आदेशको आज्ञाकारिता।
५. उहाँको सेवामा हाम्रा सबै आवश्यकताहरूलाई पूरा गर्नुमा भएको परमेश्वरको इच्छा, शक्ति र वास्तामा पूर्ण विश्वास।

“यो कामको लागि आर्थिक स्रोत परमेश्वरबाट मात्र खोजिन्छ। अरू कसैलाई कुनै भेटी अथवा चन्दाको लागि कहिल्यै माग राखिनेछैन। यो समूहबाट राखिएका सभा अथवा यसको अनुमतिमा चलाएका सभाहरूमा यस इत्यादि कामको लागि भेटी उठाइने छैन। यदि हामीले परमेश्वरको राज्य र उहाँको धार्मिकतालाई पहिले खोजी गर्‍याैँ भने हामीसँग ख्रीष्टको प्रतिज्ञा छ, कि परमेश्वरले हाम्रा आवश्यकताहरू सबै पूरा गर्नुहुनेछ। हामीले बाटो बिराएर अन्य केही कुरालाई खोज्न थाल्यौँ भने त्यति नै खेर हाम्रो अन्त हुन्छ, त्योचाहीँ हाम्रो, विश्वको र ख्रीष्टको कामको भलाइको निम्ति हुन्छ।

“इत्यादि सुसमाचार प्रचारक एउटा परमेश्वरको मानिस हुनुपर्दछ, र मानिसको बालक हुनुहुँदैन। उनी तलब लिने इत्यादि समितिको सेवक होइन, तर उनी येशूको, जससँग उनी पहिले नै सम्झौता गरिसकेको छ, सेवक हो। उनले अरू कुनै मालिकलाई चिन्दैन। परमेश्वरले आफ्नो आवश्यकता पूरा

गर्नुहुन्छ भन्ने कुरामा उनमा कुनै पनि शङ्का छैन। उनले सधैँ चेक पुस्तिका सँगै बोकेको हुन्छ, र चेक अस्वीकार गर्ने डर उनमा छैन। यदि युद्ध मैदानमा मृत्यु उनमा आइपर्छ भने त्यो ख्रीष्टको निगाहको विशेष चिन्ह हो भनी उनलाई थाहा छ, जसले उनले त्यसको लागि चाहना गर्ने अधिकार पाउनुभन्दा अगि नै सम्मान गरेर पदोन्नति गर्नुभएको छ। जसरी उनले आफ्ना आवश्यकताहरू परमेश्वरले पूरा गर्नुहुन्छ भनी आशा गर्छ, त्यसरी नै उनले परमेश्वरको अगुवाइलाई पनि खोजेर पालन गर्नुपर्छ।

"अरूले सुरु गरोस् भनेर हामी एक-अर्को सुरु गर्नको लागि लामो समय पर्खिसक्यौँ! अब पर्खिरहने समय बितिसक्यो! परमप्रभुको घडी आइसक्यो! युद्धको घोषणा भइसक्यो! परमेश्वरको पवित्र नाममा हामी उठौँ र बनाऔँ! हामी स्वर्गका परमेश्वरको लागि युद्ध गर्दा उहाँ हाम्रो लागि युद्ध गर्नुहुन्छ। हामी बालुवामा बनाउँदैनौँ, तर ख्रीष्टले भनेझैँ चट्टानमाथि बनाउँछौँ र नरकका ढोकाहरू र शैतानका सेनाहरूले हामीमाथि विजय पाउनेछैन। हामीजस्ता मानिसहरू डराउन मिल्छ त?

"यो सारा संसार अगाडि, हो, निद्रामा परेको, मनतातो, विश्वासहीन र हिम्मतहीन इसाई संसारको अगाडि हामी परमेश्वरमा भरोसा राख्न साहस गर्छौं, र हाम्रो सम्पूर्ण थोकलाई उहाँको लागि जोखिममा पार्छौं, हामी उहाँको लागि जिउँछौँ, र उहाँको लागि मर्छौं, र व्यक्त गर्न नसक्ने उहाँको आनन्दको साथ हृदयमा उच्च स्वरले गीत गाउँदै हामी यो गर्छौं। मानिसमाथि भरोसा राखेर जिउनुभन्दा परमेश्वरमाथि मात्र भरोसा राखेर हामी हजार पल्ट चाँडै मर्न तयार हुन्छौँ। हामी यो ठाउँमा आइपुग्दा यथार्थमा युद्ध अगि नै जितिसक्यो, र यो महिमित अभियानको अन्त आँखा अगाडि नै छ। व्यर्थका बकवास र सुन्दर शब्दहरू र ज्ञानहरूको सट्टामा हामी परमेश्वरको साँचो पवित्रतालाई बोक्छौँ; ख्रीष्टको लागि हिम्मत साथको विश्वास र काम भएको पवित्रतालाई बोक्छौँ।"

## अध्याय — १४

# नरभक्षी जातिहरू हुँदै

उहाँकी श्रीमतीबाट छुटेर जानु यो पल्ट पहिलेको भन्दा झन् कठिनजस्तो भयो। तर प्रिस्सील्लाको बलिदान अझै ठुलो थियो, किनभने तिनी घरमा रहनुपर्थ्यो, र आफ्नो श्रीमान्बाट ७००० माइल टाढा रहेको अवस्थामा उहाँको बारेमा के खबर आउँछ भनी थाहा नभएर हरेक महिनालाई पार गर्नुपर्थ्यो। सी.टी. स्टड त्यहाँबाट जाने केही दिनहरूभन्दा अगि प्रभुले प्रिस्सील्लासँग बोल्नुभयो, र तिनलाई विजय दिनुभयो।

प्रिस्सील्लाले लेखिन्, "त्यो दिन राति सुत्न जानुभन्दा अगि म आगोको अगाडि बसिरहेकी थिएँ, र मलाई हुन गइरहेको सबै कुरालाई सम्झेर रोइरहेकी थिएँ। म प्रायः रुँदिन थिएँ, तर त्यो दिन राति धेरै नै रोएँ। त्यसपछि मैले सोचेँ, 'यसले केही परिणाम ल्याउने होइन। भोलि म बिरामी हुन्छु र कसैलाई सहायता गर्न नसक्ने हुन्छु।' भोलिपल्ट रेल गाडीमा वाटरलुसम्म यात्रा गरिरहेको हुँदा एउटा किताब पढिरहेको थिएँ, जसमा दुइटा वचनहरू उल्लेख गरेको भेट्टाएँ, एउटाचाहिँ भजनसंग्रह ३४ र अर्कोचाहिँ दानिएल ३:२९। खाली समय पाउने बित्तिकै यी पदहरूलाई हेर्ने निर्णय गरेकी थिएँ, त्यसैले मेरो धर्मशास्त्रलाई खोलेँ। सुरुका केही शब्दहरूले नै मलाई अति नै प्रभाव पार्‍यो। सुरुको शब्द यस्तो थियो, 'म' जसले दृढ सङ्कल्प र निडरतालाई देखाउँछ; 'परमप्रभुलाई धन्यको भन्नेछु' जसको अर्थ 'म परमप्रभुलाई सधैँ खुशी पार्नेछु' – र त्योचाहिँ रुवाइद्वारा हुनेछैन; 'म हरसमय परमप्रभुलाई धन्यको भन्नेछु' – अहिले पनि! त्यो वचनको अन्तिम भागमा पुग्नुभन्दा अगि मेरो आँसु हरायो र 'म परमप्रभुलाई अहिले पनि खुशी पार्नेछु' भनी भन्न सक्ने भएँ।

"मैले पढ्दै गएँ, 'मैले परमप्रभुलाई खोजेँ, र उहाँले मलाई जवाफ

दिनुभयो, मलाई मेरा सबै डरहरूबाट छुटकारा दिनुभयो।' 'यस दुःखित मानिसले परमप्रभुलाई पुकार गऱ्यो, अनि उहाँले सुन्नुभयो, र त्यसलाई त्यसका सबै कष्टबाट बचाउनुभयो'; र अन्तिमतिर भएको पद अझै छक्क पार्ने खालको थियो, 'परमप्रभुले त्यसका सबै हाडहरूको रक्षा गर्नुहुन्छ। तिनमा एउटै पनि भाँचिँदैन।' यी प्रतिज्ञाहरूको साथ मलाई दानिएल ३:२९ पनि दिइयो, 'यसरी कुनै पनि अर्को देवताले बचाउन सक्दैनन्।' मबाट सबै डरहरू हटेको अनुभव गरेँ, सबै डरहरू, सबै समस्याहरू, 'एकलो छोडिएको' भन्ने कुराहरू, औलो ज्वरोका डरहरू, र असभ्य जातिहरूको विष लगाएका तीरहरू यी सबै कुराको डर हट्यो, र म आनन्दको साथ ओछ्यानमा गएँ। त्यो दिन राति 'विश्वासको हाँस' हाँसेँ। म घुँडाबाट उठेँ, र आफ्नो अनुभवलाई लेखेर मेरो श्रीमान्लाई उहाँ बेलायत छोडेर नगएको हुँदा नै मर्सेईलस (अफ्रिका) को ठेगानामा पठाएँ।"

एउटा जवान मानिसले सी.टी. स्टडसँग कुरा गरिरहेको हुँदा भन्नुभयो, "यो बाउन्न वर्षको उमेरमा तपाईं आफ्नो देश, घर, श्रीमती र छोरा–छोरीहरू छोडेर जाँदै हुनुहुन्छ, साँच्चै हो त?" सी.टी. स्टडले जवाफ दिनुभयो, "यदि येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ, र मेरो लागि मर्नुभयो भने उहाँको लागि मैले गर्ने कुनै पनि बलिदान त्योभन्दा ठुलो हुन सक्दैन।"

जहाजमा चढिसकेपछि उहाँले आफ्नी श्रीमतीलाई उत्साह दिनको लागि र आफ्नो मनको कुरा व्यक्त गर्नको लागि सन् १९१३ फेब्रुअरी १ मा पत्र लेख्नुभयो, र त्यसमा यसरी लेख्नुभएको थियो, "... मलाई थाहा छ, तिमीले ठुलो मूल्य चुकाउँदै छौ, तिमीलाई मैले भन्न मात्र सकिनँ, तर तिमीलाई म आदर गर्छु, मेरी प्रिय, सदाको लागि सो गर्छु, र परमेश्वरले हामीलाई सयौँ गुणा दिनुहुन्छ, साथै बलिदान जति ठुलो छ परिणाम र आदर त्यति नै हुनेछ। चिन्ता नगर्नू। प्रभु नै विजेता बन्नुहुन्छ, र हामीलाई उहाँले प्रशस्ततामा ल्याउनुहुन्छ। शाङ्घाईको ती दिनहरूदेखि परमेश्वरको शक्तिलाई मैले यसरी अधिक रूपमा अनुभव गरेको थिइनँ। साँच्चै नै यो त्यो दिन सात जना सेवाको लागि गएको जस्तै छ। मेरी प्रिय प्रिस्सील्ला, म बिदा लिन चाहन्छु। हामीले सुरु गर्दा सबै कुरालाई परमेश्वरको लागि जोखिममा पारेका थियौँ,

र हामीले सुरु गरेको जसरी नै अन्त गर्नेछौँ। हामी एक–अर्कालाई पूर्ण रूपमा प्रेम गर्नेछौँ, र त्यो ख्रीष्टलाई गर्ने प्रेमभन्दा मात्र कम हुनेछ।”

डा. विल्किन्सनलाई लेखेको पत्रमा सी.टी. स्टडले आफूभित्र बलिरहेको आगोको बारेमा छुट्टै प्रकारले लेख्नुभयो:

“म जुन समितिमुनि काम गर्छु, त्यो सहज हुने गरी सानो समिति हो, एउटा अति धनी समिति, एउटा दयालु समिति, र त्यो समिति सधैँ भेला भएको हुन्छ – त्यो पिता, पुत्र र पवित्र आत्माको समिति हो।

“हामीलाई थाम्नको लागि हाम्रो पछाडि एक जना करोडपति हुनुहुन्छ, संसारको सबैभन्दा धनी। उहाँसँग मेरो अन्तर्वार्ता भएको थियो। उहाँले मलाई चेक पुस्तिका सित्तैमा दिनुभयो, र आफ्नो नाममा पैसा निकाल्न भन्नुभयो। उहाँले मलाई निश्चित रूपमा भन्नुभयो, कि उहाँको संस्थाले मैदानको घाँसलाई आभूषित गर्छ, भँगेराहरूको रक्षा गर्छ र हरेक मानवको शिरका केशहरू गनिराख्छ। उहाँले भन्नुभयो, संस्थाको प्रमुखले सबै आवश्यकतालाई पूरा गर्ने प्रतिज्ञा गर्नुभएको छ, र हाम्रो टोलीको हरेक सदस्यसँग संस्थाका साझेदारमध्ये एक अथवा दुई जना सधैँ साथमा जाँदै छन् भन्ने कुरालाई पक्का गर्नुहुन्छ, र हामीलाई कहिल्यै त्याग्नुहुनेछैन। उहाँले हामीलाई आफ्नो पुराना ग्राहकहरूका साक्षीहरू पनि देखाउनुभयो। एउटा वृद्ध लामो दाह्री पालेको मानिसले भन्नुभयो कि एक पल्ट संस्थाको प्रमुखले आफ्ना आवश्यकताहरूलाई काला कागहरू पठाएर र अर्को पल्ट सेतो पखेटा भएको दूतलाई पठाएर पूरा गर्नुभयो। अर्को एउटा होचो वृद्ध मानिस, जसको शरीरभरि ओखरको बोक्रामा भए जसरी दागहरू र खतहरू थिए, उहाँले भन्नुभयो, कि अनगन्ती पल्ट आफूलाई संस्थाको प्रमुखले मृत्युबाट बचाउनुभयो, किनभने उहाँले, संस्थाको लागि जसले आफ्नो जीवन गुमाउँछ त्यसले त्यो भेटाउँछ भन्ने कुराको प्रमाण देखाउने सङ्कल्पमा थिए। उहाँले उपन्यासहरूभन्दा अचम्मका घटनाहरू बताउनुभयो। अरेबियाका रातहरू, मृत्युबाट उम्केका कुराहरू र कठिनाइहरू, यात्रा र झ्यालखानाहरूजस्ता कुराहरूको बारेमा बताउनुभयो, र आँखामा यस्तो प्रकारको आगो र

हाँसोसहित थप्नुभयो, 'ती सबैबाट संस्थाको साझेदारले मलाई बचाउनुभयो', साथै भन्नुभयो, ख्रीष्टको लागि जुवा खेल्नु संसारमा भएका अरू सबै खेलभन्दा असल खेल हो। उहाँले भन्नुभयो कि जुवाको लत हुँदाहुँदै अनिवार्य विश्राम सहनु गाह्रो थियो, तर प्रमुख साझेदारले आदेश दिनुभयो र भन्नुभयो, कि तिनी त्यो कुरामा स्वार्थी र लोभी बन्नुहुँदैन, किनकि तिनले एउटा लामो खेल खेलिसकेका थिए, र अहिलेसम्मकै एउटा ठुलो अङ्क पाइसकेका थिए, र केही समयको लागि बसेर अरूलाई उत्साह दिनु तिनको लागि असल हुन्छ।"

सी.टी. स्टडको साथीचाहिँ अल्फ्रेड बक्सटन हुनुहुन्थ्यो, जो स्टडको पुरानो साथी रेभ. बर्कले एफ. बक्सटनको छोरो हुनुहुन्थ्यो। अल्फ्रेडले भर्खरै क्याम्ब्रिज युनिभर्सिटीबाट एउटा स्नातक उपाधि लिनुभएको थियो, तर आफ्नो चिकित्सा विज्ञानसम्बन्धी पढाइका बाँकी पाठ्यक्रमहरूलाई छोडेर सी.टी. स्टडसँग आउनुभएको थियो। केन्या र उगान्डा हुँदै दुवै जना अल्बेर्ट तालका किनारहरूमा आइपुगेका थिए।

सी.टी. स्टड लेख्नुहुन्छ, "हाम्रा बाटामा कठिनाइहरू र बाधाहरू अनेक थिए। योभन्दा अगि यो बाटोमा हामीले यात्रा गरेका थिएनौँ, अझै केही महिनाहरू हामीले यात्रा गर्नुपर्ने यो भूभागमा बसोबास गर्ने स्थानीयहरूको भाषा हामीलाई थाहा छैन। फ्रेन्च भाषा बेल्जियमका अधिकृतहरूको आधिकारिक भाषाको रूपमा मानिन्छ, तर त्यो भाषाको ज्ञानमा म सानो कुकुरजस्तै थिएँ, र बक्सटन सानो बिरालोजस्तै थिए। अधिकृतहरूसँग बातचित गर्दा हामी दुई जना सधैँ सँगै हुन्थ्यौँ, र कुकुरले भुक्न नसकेका समयहरूमा बिरालोले म्याउँ भन्ने आवाज निकाल्थ्यो। बाटोमा धेरै सिंहहरू थिए, सबै भयानक थिए, तर यात्री 'ख्रीष्टियन'ले सिंहहरूलाई सामना गरे, तर तिनी आँटिलो भएर तिनीहरू हुँदै अगाडि बढ्दा ती सिंहहरू अदृश्य साङ्लाले बाँधेको तिनले भेट्टाएका कुरालाई हामीले सम्झ्यौँ। कसै–कसैले भने, 'बेल्जियमका अधिकृतहरूले तिमीहरू बेलायती भएकाले भित्र आउन दिँदैनन्।' मैले जवाफ दिएँ, 'त्यो हेर्न बाँकी छ, र त्यसलाई प्रमाणित गर्न म जाँदै छु।' साहसी बिशप अल्फ्रेड टक्कर आफैले पनि हामीले सामना गर्न

गइरहेका घातक ज्वरोहरू र खतराहरूको चुनौतीलाई सफलतापूर्वक पार गर्न सक्दैनौँ, र जिउँदो फर्केर आउँदैनौँ भनी आफ्नो धारणा व्यक्त गर्नुभयो। त्यसपछि हामीले ज्वरो भन्ने सिंहलाई भेट्यौँ। मेरो सह–यात्री धेरै जवान थिए, तर धेरै बलियोचाहिँ होइन – ऊ २१ वर्ष पूरा गरेको थिएन। अझै हामी बेलायती पूर्वी अफ्रिकामा नै थियौँ, र ज्वरोको शासन भएको भूभागमा पुगेका थिएनौँ, तर अहिले नै अल्फ्रेड बक्सटन ज्वरोको आक्रमणमा परे, जसले तिनलाई एक हप्ताको लागि ओछ्यानमा पाऱ्यो। यद्यपि गर्न मिल्ने खालका कुराहरूलाई मात्र गर्ने विश्वास झूटो हो, तर असम्भव कुराहरूलाई परमेश्वरको इच्छा र शक्तिद्वारा आनन्दसाथ गर्न प्रयास गर्ने विश्वास नै उत्तराधिकारको विश्वास हो, यसैले हामी अगाडि बढ्यौँ।

"मसिन्डिमा हुँदा हाम्रो छाउनीमा लागेको आगोले एउटा पाललाई ध्वस्त पाऱ्यो, र त्यसको साथ धेरै उपयुक्त कुराहरू पनि नष्ट भयो। अब हामीले अर्को एउटा सिंहलाई भेट्यौँ, योचाहिँ साँच्चै नै मानिसलाई खाने सिंह हो, जसले विगतका समयहरूमा धेरैलाई खाएको थियो। मेरो साथीले आफ्ना आफन्तहरूबाट एउटा सन्देश पाए, कङ्गोमा अग्रदूत भएर जानको लागि अल्फ्रेड धेरै कलिलो उमेरको, र अयुक्त छन् भनी तिनीहरूले अर्को एउटा मिशनरीबाट सुनेका थिए, यसैले तिनलाई अगाडि बढ्नबाट रोक्नको लागि कडा शब्दहरूले सन्देश पठाएका थिए। यो जवान केटोले आफ्नो जीवनको अति नै कठिन र परीक्षामा पार्ने खालको एउटा प्रश्नलाई सामना गर्नुपर्ने भए, जसले धेरैलाई यो बाटोबाट फर्काएर अनन्तको महिमालाई गुमाउन लगायो। रगत र मासुसँग सल्लाह लिनु डरलाग्दो कुरा हो, जसले एउटा गलत र विश्वासहीन निर्णयमा पुऱ्याउँछ। तर एउटा इमानदारी इसाईको लागि पहिलो स्थान कसले लिन्छ भन्ने प्रश्नको जवाफ एउटा मात्र हुन सक्छ – स्वर्गमा हुनुहुने पिता अथवा पृथ्वीमा रहने आफन्तहरू। अल्फ्रेडको अगाडि बढ्ने निर्णय एउटा साँचो परमेश्वरका मानिसले गर्ने निर्णय थियो। परमेश्वरले अचम्म तरिकाले तिनलाई यो निर्णयमा पुऱ्याउनुभयो। परिपक्व उमेर भएका धेरैले कङ्गोमा प्रवेश गरेका छन्, र बारम्बार ज्वरोको सिकार बनेका छन्, तर विश्वासमा कलिलो भएको यो मानिस आउने दुई वर्षसम्म एक छिन पनि ज्वरोमा परेनन्। परमेश्वरले ती आफन्तहरूलाई बाह्र महिनापछि अर्को एउटा

सन्देश पठाउने मौका दिएर आदर गर्नुभयो, तर यो पल्ट आफ्नो अर्को एउटा जवान भाइले (जर्ज बक्सटन) बेल्जियमको अधीनतामा भएको कङ्गोमा हामीकहाँ आएर काममा सहभागी हुने निर्णयमा खुशी व्यक्त गरेका थिए।"

मर्सेन्डिबाट तीन दिनको वनको यात्राले उहाँहरूलाई अल्बर्ट तालको किनारमा ल्यायो। "आज बिहान हामी पहाडहरूको फेदमा अल्बर्ट तालको पूर्वीय भागमा आइपुग्यौँ, र तालको पारिपट्टि बेल्जियमको अधीनतामा रहेको कङ्गोलाई हामीले देख्यौँ – हाम्रो प्रतिज्ञाको भूमि। हाम्रा भावनाहरूलाई तपाईंले कल्पना गर्न सक्नुहुन्छ? त्यो एउटा सुन्दर दृश्य थियो, र त्यहाँ पक्कै त्यसमाथि बादलका खाँबाहरू थिए।" उहाँहरूले काललाई पार गर्नुभयो, र बेल्जियमका अधिकृतहरूले उहाँहरूलाई असल तरिकाले स्वीकार गरे, र कङ्गोमा प्रवेश गर्ने अनुमति दिए। अर्को एउटा सिंहको मुख पनि थुनियो। त्यहाँको पहिलो रातलाई तालको नजिक पाल लगाएर उहाँहरूले बिताए।

"रात पऱ्यो, हामीले खोले खायौं, र हाम्रो हातमा थोरै खान्की बाँकी भएकाले कतै सिकार पाउँछ कि भनी खोज्यौँ। बेलुकी मच्छर र तालबाट आउने झिँगाहरूले धेरै सतायो।

"जाली लगाएर म बाहिर सुतेँ, तर राति पानी परेकाले पालभित्र जानुपऱ्यो। झिँगाहरूको आवाज गोहीहरूको आवाजसँग ठिक्क मिलेको थियो, ताल हामी सुतेको ठाउँबाट ६० फुट जति मात्र टाढा थियो। गोहीहरूको नजिक रहनु असल थिएन, र मैले सधैँ नै हाम्रो पाल र तालको बिचमा आगो राम्रोसँग बलिरहेको छ कि भनी पक्का गरेँ।

"मलाई थाहा छ, म परमेश्वरको हुँ, मलाई थाहा छ, म उहाँको महिमा र मानिसहरूको उद्धारलाई मात्र खोज्दछु, र मलाई थाहा छ कि यो उहाँले जान्नुहुन्छ। वर्षौंहरूसम्म कहिल्यै राम्रो हुँदै गएको अथवा बलियो अवस्थामा थिइनँ, तर असल कुराचाहिँ परमेश्वर हाम्रो साथमा हुनुहुन्छ। उहाँ मसँग बोल्नुहुन्छ, र उहाँका आशिष्मय वचनहरू पहिले कहिल्यै नभएझैँ अझै महत्त्वपूर्ण भएका छन्, र मलाई बोलाउँदै छन्, र उहाँको लागि काम गर्न

बलेर आँटिलो हुन बनाउँदै छन्।

"अबको हाम्रो यात्रा भयानक बलेन्डा जातिको बिचमा थियो, जसले एमिन पाशालाई मारेका थिए, जुन जातिलाई देखेर वरिपरिका जातिहरू डराउँथे। यो बाटोमा जान भरियाहरू पाउनु गाह्रो थियो।"

सुन खानी भएको किलो भन्ने ठाउँमा यात्राका सुविधाहरू नभएकाले तीन महिना त्यहीँ नै रहन बाध्य हुनुभयो। यहाँ उहाँ बारम्बार अफ्रिकी ज्वरोले तल पर्नुभयो। उहाँले लेख्नुभयो, "योचाहिँ बारम्बार शैतानको हातमा परेर लडाएको जस्तो हुन्थ्यो।" यही अफ्रिकी ज्वरोको बारेमा डेविड लिविङ्स्टनले पनि बताएको हामी पाउँछौँ। ज्वरो बढ्दै जाँदा मानिस कमजोर हुँदै जान्छ, सबै औषधिहरू असफल हुन्छ, र मृत्यु नजिकै आएको अनुभव हुन्छ। त्यस्तो एक पल्ट सी.टी. स्टडले अन्तिम अवस्थामा पुगेको जस्तो अनुभव गर्दा, तेलले अभिषेक गरेर प्रार्थना गरिमाग्ने निर्णय गर्नुभयो। त्यहाँ एल्डर कोही थिएन, बक्सटन बाहेक, र मट्टितेल बाहेक अरू तेल पनि थिएन। बक्सटनले आफ्नो औँला मट्टितेलमा चोपलेर स्टडको निधारमा त्यसलाई लगाएर प्रार्थना गरिदिनुभयो। त्यति बेलासम्म मृत्युको नजिक हुनुभएको सी.टी. स्टड भोलिपल्ट बिहान निको हुनुभयो।

यहाँ रहँदा स्टडकी छोरी डोरतीले, जसले रेभरेन्ड गिल्बेर्ट ए. बर्क्लेसँग विवाह गर्नुभएको थियो, छोरा जन्माएको खबर पाउनुभयो। परमेश्वरले उहाँहरूलाई दिनुभएको आशिष्मा उहाँ रमाउने मौका पाउनुभयो।

किलोदेखि अरेबी (Arebi) जाने उहाँहरूको बाटो विशाल इटुरी वन हुँदै थियो, जुन बाटोमा स्ट्यान्ली पनि जानुभएको थियो। यो वनको बाटो अति नै भिरालो र चिप्लो थियो। विशाल रूखहरूले सूर्यको किरणलाई पूरै छेक्थ्यो र सधैँ रूखबाट पानीका थोपाहरू झरिरहेको आवाजको बिचमा चिसो वनमा हिँड्नुपरेको थियो। कुनै-कुनै ठाउँमा वन सुन्दर पनि थियो; स्वागत गर्नको लागि सजाएको जस्तो विशाल रूखहरूले दुईपट्टिबाट बाटोलाई ओत दिइरहेका थिए। वनमा कुनै पनि मानिस देखिँदैन थियो, र जनावरहरू पनि

भेटिँदैन थियो। धेरै टाढाबाट अफ्रिकी जातिहरूका आवाजहरू सुनिन्थ्यो, तर उहाँहरूलाई आक्रमण गर्ने गरी नजिक कोही पनि भेटिएन। खान्की पाउनु गाह्रो थियो, उहाँहरू प्रायः उसिनेको केरा, रोटी र चियाको भरले जिउनुपरेको थियो। उहाँहरूको यात्रा एघार दिनको थियो, तर जङ्गलको आधा बाटोमा भरियाहरू अगाडि बढ्न नमानेकाले चौध दिनसम्म एकै ठाउँमा बस्नुभयो।

अरेबीबाट डन्गु जाने बाटो अलिकति राम्रो थियो, यसैले उहाँहरूले साथमा ल्याएका साइकललाई धेरै पल्ट प्रयोग गर्ने मौका पाउनुभयो। उहाँहरू डन्गु आइपुग्दा विश्राम लिनुभयो, र आफ्नो लक्षित ठाउँमा आइपुगेको अनुभव गर्नुभयो, तर यथार्थमा उहाँहरू पुग्नुपर्ने ठाउँ त्यहाँदेखि अझै चार दिन यात्रामा पश्चिमतिर थियो। एक हप्ता डन्गुमा भरियाहरूको लागि पर्खिरहेपछि त्यहाँबाट नियन्गारा जानको लागि यात्रा सुरु गर्नुभयो। वेल्ली नदीको छेउ-छेउमा तीन दिन यात्रा गरिसकेपछि त्यहाँ आइपुग्नुभयो।

यसरी पालहरूमा दिन र रातलाई बिताउँदै नौ महिनाको कठिनाइपूर्ण यात्रापछि अफ्रिकाको मुटुमा रहेको नियन्गारामा उहाँहरू आइपुग्नुभयो। सी.टी. स्टडले पछिको समयमा लेख्नुभयो, “हामी धेरै वटा अप्ठ्यारो कुनाहरूमा पर्‍यौं, तर परमेश्वरलाई त्यहाँ भेट्टायौँ, यतिसम्म कि हामीले त्यस्ता अप्ठ्यारा कुनाहरूलाई खोज्न थाल्यौँ, होइन मन पर्न थाल्यो, ताकि परमेश्वरले हामीलाई कसरी त्यहाँबाट छुटाउनुहुन्छ भन्ने कुरालाई देख्न पाओस्।” यो ठाउँमा परमेश्वरले उहाँहरूलाई ल्याइपुर्‍याउनु एउटा उल्लेखनीय कुरा हो, किनभने यो उहाँहरूको खास योजनामा थिएन। उहाँहरूले फेराड्जेमा काम सुरु गर्ने सोच बोक्नुभएको थियो, जुनचाहिँ नियन्गाराबाट दश दिनको दुरीमा थियो, तर डन्गुमा हुँदा उहाँहरू निराश हुने गरी यो ढोका बन्द भयो, र यसैले उहाँहरू नियन्गारा आइपुग्नुभयो। तर यस्तो सामना गरेका धेरै निराशका कुराहरूको लागि उहाँहरू पछिका समयहरूमा धेरै धन्यवादी हुनुभयो। फेराड्जे र वरिपरिका ठाउँहरू पाँचदेखि आठ फुट अग्लो घाँसहरू उम्रिने भूभागले घेरिएको थियो, र जनसङ्ख्या पनि अति थोरै थियो। तर डन्गुबाट नदीलाई पार गरेर यतापट्टि आइसकेपछि दृश्य पूर्ण

रूपमा परिवर्तन हुन्छ, त्यो भूभाग बोट–बिरुवाहरूले भरिएका विशाल रूखहरू भएको वन थियो, जसको बिचमा केरा घारीहरू र ताड–रूखहरूले घेरिएको सानो–सानो समूहमा बसोबास गर्ने मानिसहरूको घाँसले बनाएका छाप्रोहरू थिए। उहाँहरू सयौँ माइल फैलिएको विशाल उपोष्ण सदाबहार वनको सिमानामा आइपुग्नुभएको थियो, जहाँ कङ्गो देशभरिको ठुलो जनसङ्ख्याको बसोबास हुन्छ। यसको साथ परमेश्वरले अचम्म तरिकाले त्यो ठाउँको उच्च अधिकृतको निगाह प्राप्त गर्ने अनुग्रह दिनुभयो, जो एउटा रोमन क्याथोलिक हुनुहुन्थ्यो। यो अधिकृतले उहाँहरूलाई जनसङ्ख्या बढी भएका ठाउँहरूमा जानको लागि सहायता गर्नुभयो, र त्यसको साथसाथै जाने ठाउँहरूमा जमिनको व्यवस्थापन पनि गरिदिनुभयो। परमेश्वरको लागि गरिएको यो विश्वासको साहसपूर्ण कामको पहिलो चरणमा उहाँहरूले कल्पना गरेको भन्दा बढी सफलता पाउनुभयो।

## अध्याय - १५

# अफ्रिकाको मुटुमा

सन् १९१३ अक्टोबर १६ तारिख उहाँहरू अफ्रिकाको मुटुमा रहेको नियन्गरामा आइपुग्नुभयो।

अल्फ्रेड बक्सटनले लेख्नुभयो, "हाम्रो काम उत्तरतिर बढ्छ कि अथवा दक्षिणतिर भन्ने कुरा हामीलाई त्यति बेला थाहा थिएन। डिसेम्बर महिनामा श्रीमान् स्टडले नियन्गरामा एउटा मिशन केन्द्र बनाउनुपर्छ भनी बलियो रूपमा महसुस गर्नुभयो। हामीले ठाउँ खोज्न थाल्यौँ, र विभिन्न कारणले हामी सोचेको भन्दा धेरै टाढासम्म जानुपरेको थियो। ताडका रूखहरू भएको एउटा सुन्दर ठाउँमा आइपुग्दा त्यो ठाउँले हामीलाई बढी नै खिच्यो, र हामीले त्यो जमिनलाई तयार पार्न सुरु गर्‍यौँ। हामीले सुरु मात्र गरेका थियौँ, नजिकको गाउँको प्रधान त्यहाँ आइपुगे, र त्यो जमिन लिन सक्दैन भनी घोषणा गरे।" त्यो प्रधानले उहाँहरूलाई अर्को ठाउँ देखाउँछु भनी लिएर गए, त्यो ठाउँ साँच्चै नै उत्तम थियो। पानीको मूल, असल उचाइ, राम्रो माटो र ताडका रूखहरूले भरिएको थियो। तर भोलिपल्ट उहाँहरूले त्यो जमिनलाई तयार पार्न लाग्दा अझै धेरै स्थानीयहरू त्यहाँ आए र अझै कठोर रूपमा इन्कार गरे। स्थानीयहरूको सहमतिविना सरकारले पनि जमिन लिन अनुमति दिँदैन भन्ने कुरा थाहा हुँदा उहाँहरूले त्यो ठाउँलाई पनि छोड्नुपर्ने भयो।

त्यस कारण उहाँहरू फेरि दक्षिणतिर पाँच दिनको यात्रा गरेर नाला भन्ने ठाउँमा जान बाध्य भए। बाटो त्यति राम्रो थिएन, र जङ्गल हुँदै धेरै हिँडेर त्यहाँ पुग्नुपरेको थियो। त्यो ठाउँमा आइपुग्दा एउटा असल ठाउँमा आइपुगेको अनुभव उहाँहरूले गर्नुभयो। त्यो ठाउँको पश्चिमतिर अजन्डेस, पूर्वमा मङ्बेट्टस, दक्षिणमा मेड्जे र मयगोस जातिहरूका बसोबास थियो, र वरिपरि पिग्मी जातिका मानिसहरू पनि थिए। कङ्गोको बाक्लो जनसङ्ख्या भएको

भूभाग यही थियो। बक्सटनले लेख्नुभयो, "परमेश्वरले हामीलाई अचम्म तरिकाले मानिसहरूले भरिएको यो भूभागमा ल्याउनुभयो, यदि हामी आफ्नो पुरानो योजनामा नै रहेको भए यिनीहरूलाई पत्ता लगाउन सकिँदैन थियो।"

श्रीमान् स्टडले तुरुन्तै नालामा जमिन पाउनको लागि सरकारलाई निवेदन दिनुभयो, साथै केही दिनहरूपछि उहाँहरू नियन्गारामा फर्किंदा त्यहाँ उहाँहरूले पहिले रोजेको ठाउँ पनि जमिन लिन प्रधानले अनुमति दिनुभयो। यसरी नालामा उहाँहरूलाई पुऱ्याउनको लागि परमेश्वरले नियन्गारामा ठाउँ नदिएर त्यहाँ पठाउनुभयो, र अब यहाँ पनि ठाउँ दिनुभयो। यसरी उहाँहरूले दुइटा मिशनस्थलहरू पाउनुभयो, र नियन्गारामा तुरुन्तै जमिनलाई तयार गरेर भवन बनाउन थाल्नुभयो। छ पाउण्ड खर्च गरेर एउटा मिशन घरको स्थापना भयो, जसलाई उहाँहरूले 'बकिङ्घम राजदरबार' भन्ने नाउँ दिनुभयो। त्यहाँ एकपल्ट सी.टी. स्टड एउटा साँपबाट अचम्म तरिकाले उम्कनुभयो।

"परमेश्वरको सुरक्षा दिने हात हाम्रो साथमा छ। आज बिहान हामी भर्खरै नास्ता खाइसकेका थियौँ, केटाहरू दौडेर आएर भन्न थाले, 'तपाईंको ओछ्यानमा एउटा साँप छ!' म त्यहाँ गएँ, र मेरो ओढ्नेमुनि एउटा पातलो हरियो साँप भेट्टाएँ। स्थानीयहरूले बताए, कि यो साँपको विष लाग्दा मृत्यु पक्का हो। म हिजो रातभरि त्यो साँपसँग सुतेको रहेछु। गएको जनवरी महिना म बेलायतबाट छुट्नुभन्दा अगिको दुई दिनभित्र विभिन्न ठाउँमा गरी पाँचपल्ट परमेश्वरले मलाई भजनसंग्रह ९१ लाई दिनुभएको कुरालाई मैले बिर्सन सक्दिनँ। उहाँले आफ्ना स्वर्गदूतहरूलाई मलाई रक्षा गर्न आज्ञा दिनुभएको छ, र तिनीहरू निदाएका होइनन्।"

नालामा लिएको जमिनका साँधहरू पक्का गर्न त्यहाँ जान सरकारले श्रीमान् स्टडलाई अनुरोध गऱ्यो। यो कुराले अझै दक्षिणतिर जान परमेश्वरले हामीलाई बोलाउनुभएको जस्तो लाग्यो। यतिखेर श्रीमान् स्टड घरतिर फर्किनुपर्छ र त्यहाँका बोझहरूको जिम्मा लिनुपर्छ भन्ने ठुलो दबाबमा पर्नुभएको थियो, र उहाँको शारीरिक कमजोरीपन सो गर्न चाहिँदो कारणजस्तो पनि देखियो। तर फर्किनुभन्दा अगाडि ती ठाउँहरूमा गएर हेरेर

मात्र फर्किनुपर्छ भन्ने बोझ परमेश्वरले उहाँको हृदयमा थपिदिनुभयो।

सी.टी. स्टडले डा. विल्किन्सनलाई लेख्नुभयो, "त्यहाँको हाम्रो यात्रा एउटा महान् सफलता थियो। नालाको जमिनलाई हामीले नाप्यौँ, र हामीलाई चाहेअनुसार बनायौँ, र त्यहाँ जम्मा भएका प्रधानहरू, जसले हामीले त्यो ठाउँ लिनुपर्छ भनी इच्छा व्यक्त गरे, उहाँहरूको साथ एउटा तस्बिर खिच्यौँ, र उहाँहरूको औँठाछाप पनि लगाउन लगायौँ। तर नालाभन्दा उतापट्टि गरेको यात्रा नै अझै रोचक थियो, किनभने हामी नयाँ भूभागहरूमा प्रवेश गऱ्यौँ। दुई महिना अगि मात्रै युद्ध गरेका जातिहरू हुँदै हामीले यात्रा गर्नुपरेको थियो; साना बच्चाहरूले समेत सबैले हातमा धनु र तीर बोकेका थिए, तर तिनीहरूले हामीसित मित्रताको व्यवहार गरे। दश वर्ष अगाडि यिनीहरूको भूभाग कब्जा गर्नको लागि ३५ जना सिपाहीहरू लिएर पहिलो गोरो मानिस त्यहाँ आएका  थिए। भोलिपल्ट अगाडि नबढ्न र अगाडि बढेमा मारिनेछ भनी एक रात त्यो गोरो मानिसलाई बताइयो; तिनी भोलिपल्ट अगाडि बढे, र तिनी र तिनका ३५ जना सिपाहीहरूलाई यिनीहरूले मारे र पकाएर खाए। तर आजका समयहरूमा यिनीहरू शान्त र मित्रताका स्वभावमा छन्।

"हामीले धेरै खोज्यौँ र खोजी रह्यौँ, र यहाँ यिनीहरूलाई भेट्टायौँ। सन् १९११ मा नील नदीको छेउमा परमेश्वरले भन्नुभयो, 'तिमी जानुपर्छ र खोजेर तिनीहरूलाई भेट्टाउनुपर्छ। तिनीहरू सुडानको सिमानापारि छन्, तिमीले उनीहरूलाई एकलै छोडेर जानुहुँदैन।' शैतानले यिनीहरूको लागि कति लडन्त लड्यो, तर परमेश्वर ऊभन्दा शक्तिशाली हुनुहुन्छ, र हामी दुई जना मूर्खहरूलाई (शैतानको) गुफाभित्र नै ल्याउनुभयो। यहाँ यी मानिसहरूले हामीलाई अति नै मित्रताका साथ स्वीकार गर्दै छन्। नदीहरू पार गर्दा, जोखिमपूर्ण पुलहरू पार गर्दा र उकालो–ओरालो हिँड्दा हाम्रा साइकलहरूलाई यिनीहरूले सित्तैमा बोकिदिन्छन्, र हाम्रा हातहरू समातेर हाम्रो साथसाथ हिँड्छन्; पुरुषहरू, स्त्रीहरू र बच्चाहरू हाम्रो पछि–पछि दौडेर आउँछन्; यसरी हामी गीत गाइरहेको, हाँसिरहेको भीडको बिचमा आनन्दसाथ हिँड्यौँ। यिनीहरू बङ्गला भाषा बोल्दैन थिए, र यिनीहरूको स्वाहिली भाषा हामीले जान्दैन थियौँ, यसैले सबै कुराकानी इसाराद्वारा र

विभिन्न आवाजहरू निकालेर गरिन्थ्यो।

"यथार्थमा यही नै हाम्रो कनान हो। त्यो आशिषित् नाम कहिल्यै प्रचार नगरिएका मानिसहरू र भूभाग हाम्रो अगाडि छ। यसरी नै यिनीहरूलाई छोडेर जान्छौँ त हामी? होइन। परमप्रभुको महिमालाई यिनीहरूको बिचमा घोषणा गर्नको लागि हामीले आफ्नो सुरुवालाई बेचेर ज्येष्ठ–अधिकार किन्नेछौँ। यिनीहरूले सुन्नेछन्, र एउटा उद्देश्यको लागि पवित्र आत्माको शक्तिद्वारा सुन्नेछन्।"

अर्को एउटा पाँच दिनको यात्रा नालाबाट उत्तर–पश्चिमतिर पोकोसम्म गऱ्यो, र फेरि छ दिन यात्रा गरेर बम्बिली आइपुग्नुभयो। दुवै ठाउँहरू काम सुरु गर्नको लागि असल थिए, र दुवै ठाउँमा जमिनको लागि निवेदन दिइयो, र प्राप्त पनि भयो। दुई वर्षभित्र अफ्रिकाको मुटुमा प्रवेश गरेर सर्वेक्षण गऱ्यो, र सयौँ माइलहरू भ्याउने गरी आठ वटा जातिहरूलाई केन्द्रित गर्ने गरी चार वटा महत्त्वपूर्ण ठाउँहरू छानियो। परिणामलाई परमेश्वरको हातमा छोडेर पवित्र आत्माको आदेशलाई मान्न आँट गरेका यी दुवैलाई कति अचम्म तरिकाले परमेश्वरले सफल तुल्याउनुभयो। अब जमिनलाई कब्जा गर्ने र सुसमाचार सुनाउने समय आइसक्यो। अर्को पाँच जनाको समूह आइरहेका खबर उहाँहरूले पाउनुभयो, यसैले सी.टी. स्टड र उहाँका जवान साथी छुट्टिए। सी.टी. स्टडले बम्बिलीबाट अझै तीन सय माइलहरू यात्रा गरेर कङ्गो नदी पुगेर त्यहाँबाट ७०० माइलहरू यात्रा गरेर समुद्रको तटमा गएर बेलायततिर जाने यात्रा सुरु गर्नुभयो, ताकि मानिसहरूलाई त्यहाँबाट मिशन कामको लागि ल्याउन सकियोस्। बक्सटनले नयाँ आएका पाँच जनाको समूहलाई नालामा भेटेर काम सुरु गर्नको लागि साथै स्थानीय भाषाको लागि अक्षर बनाउनको लागि यात्रा गर्नुभयो। सी.टी. स्टड बेलायत गएको हुँदा पहिलो बप्तिस्माको सेवा सन् १९१५ जुन १९ तारिख नियन्गारामा भयो, जसमा १२ जनाले बप्तिस्मा लिए।

नालामा छ महिनापछि बप्तिस्माको सेवा भयो। बप्तिस्मा लिएका १८ जनामा हरेकले नदीबाट एउटा ठुलो ढुङ्गो ल्याएर मिशनस्थलको अगाडि

परमेश्वरप्रति आफ्नो समर्पणताको साक्षीको रूपमा थुपारी राखे। यी ढुङ्गाहरू अहिले पनि छन्, अहिले सन् १९२१ मा आफ्नो पहिलो जन्म दिवसमा बितेको सी.टी. स्टडको नाति नोएल ग्रबको चिहान वरिपरि छन्। बप्तिस्माको सेवामा आफ्नो पापलाई स्वीकार गरेर तिनीहरूले दिएका गवाहीहरू उल्लेखनीय छन्। गवाहीहरू यस प्रकारका छन्: १. "मेरो छातीमा पापको लागि हुने ठाउँभन्दा मैले धेरै पाप गरेको छु।" २. "मेरो बुवाले एक जना मानिसलाई मार्नुभयो, र मैले त्यसलाई खान सहायता गरेँ।" ३. "म तीन वर्षको हुँदा मेरो दाइलाई एक जनाले मारेकोले त्यसलाई मेरो बुवाले मारेको सम्झना छ, र त्यसलाई भाँडामा हालेर पकाएको सुरुवा मैले पनि खाएँ।" ४. "मरेको मानिसको औँलाका नङहरू राखेर मैले तन्त्र–मन्त्र गरेँ, र औषधि प्रयोग गरेर एक जना मानिसलाई मारेँ।"

अल्बर्ट बक्सटनले लेख्नुहुन्छ, "तिनीहरूले हामीलाई पहिलोपल्ट भेट्न आउँदा हामीले यसरी अभिवादन गर्छौं, 'के को लागि तपाईं यता आउनुभएको छ? किनभने तपाईंलाई म खुलस्त भन्न चाहन्छु, कि यता धेरै पैसा छैन; हाम्रा मानिसहरूलाई खानको लागिचाहिँ पुग्ने छ, तर हामीले साँचो रूपमा वास्ता गर्ने कुराचाहिँ मानिसहरूलाई परमेश्वरको बारेमा जान्न लगाउनु, र उहाँको वचनलाई पढ्न लगाउनु मात्र हो।' यस्तो प्रकारको अभिवादन गरे तापनि तिनीहरू सबैको जवाफ यस्तो थियो, 'हामीलाई पैसाको बारेमा थोरै पनि मतलब छैन, हामीलाई चाहेको चाहिँ परमेश्वर हो।'"

केही वर्षहरूपछि एउटा पुरानो विश्वासी, जो पहिले सिपाही पनि थिए, तिनले आफ्नो नरभक्षी अनुभवलाई एउटा झगडा समाधान गर्नको लागि यसरी प्रयोग गरे। तिनीहरूले सी.टी. स्टडलाई नाउमा एक ठाउँमा लाँदै थिए, त्यति बेला त्यहाँ आएको नदीमा वास गर्ने एउटा कठोर जातिले झगडा सुरु गर्‍यो। त्यो पुरानो विश्वासीले यसरी कराए, "आफ्नो काम हेरेर जाऊ, सम्झ कि मेरा समयहरूमा तिमीहरूभन्दा बलिया मानिसहरूलाई मैले खाएको छु।" त्यहाँ त्यसपछि कुनै समस्या भएन।

बङ्गला भाषा त्यहाँ व्यापारको लागि प्रयोग गर्ने विकास नभएको भाषा

थियो। हरेक जातिको भाषालाई सिकेर सुसमाचार प्रचार गर्न जान धेरै वर्षहरू पर्खिनुको सट्टामा बङ्गला भाषालाई सबै जातिहरूको बिचमा सुसमाचार पुऱ्याउनको लागि प्रयोग गर्ने निर्णय उहाँहरूले गर्नुभयो। पावलको लागि ग्रीक झैँ, भारतका मिशनरीहरूको लागि हिन्दुस्तानी झैँ उहाँहरूको लागि बङ्गला भाषा थियो।

आत्मिक सत्यहरूलाई बताउनको लागि त्यो भाषा उचित भाषा होइन भनी अन्य मिशन संस्थाहरूले मान्थे, र उहाँहरूको निर्णयलाई आलोचना पनि गरे। तर बाइबल सोसाइटीको रेभरेन्ड किल्गौर साथै रिलिजियस ट्र्याक्ट सोसाइटीको सहायताद्वारा उहाँहरू अगाडि बढ्नुभयो। अल्बर्ट बक्सटनले बङ्गला भाषाको शब्दसंग्रह बनाउनुभयो, र त्यसपछि नयाँ करार र पुरानो करारको आधा भागको अनुवाद पनि भयो। पछिका समयहरूमा आलोचना गरेका संस्थाहरूले पनि सयौँ जातिहरूको बिचमा त्यसलाई प्रयोग गर्ने गरी त्यो प्रभावशाली भयो।

अफ्रिकाको यात्रामा सी.टी. स्टडले धेरै परीक्षाको सामना गर्नुभयो, तर सबैभन्दा कठोर परीक्षाचाहिँ घरबाट आएको एउटा खबरले ल्यायो। सी.टी. स्टडले अफ्रिकाको यात्रा सुरु गरेको केही समयमा नै श्रीमती प्रिस्सील्ला अचानक जटिल रूपमा बिरामी हुनुभयो। उहाँको मुटु सुन्निएको भेटायो। धेरै दिनहरूसम्म उहाँलाई यन्त्रहरूको सहायताले नै जीवित राख्नुपरेको थियो, तर लार्ड रेड्स्टाक त्यहाँ आएर गरेको प्रार्थनापछि उहाँ त्यो अवस्थाबाट फर्कनुभयो। तर पनि तिनको स्वस्थपन पूर्ण रूपमा राम्रो भएन, र कुनै पनि काम गर्न नसकेको अवस्थामा साथै भविष्यमा स्वस्थ हुने सम्भावना नभएको अवस्थामा रहन बाध्य हुनुभयो। डाक्टरले तिनलाई राति ७ बजे सुत्न जान, र भोलिपल्ट मध्याह्न बाहिर निस्कन सल्लाह दिनुभयो।

तर डाक्टरको निर्णयले उहाँलाई नयाँ युद्धमा सहभागी हुनुबाट रोक्न सकेन। उहाँले आफ्नो श्रीमान् कसरी विश्वासद्वारा आफ्ना सबै शारीरिक कमजोरपनामाथि विजय पाउनुभएको थियो भन्ने कुरालाई देख्नुभएको थियो। सबैभन्दामाथि उहाँको जीवनमा परमेश्वरको बोलावट थियो, र परमेश्वरले

आफ्नो श्रीमान्‌को साथ यो लडन्तमा सहभागी हुन आफूलाई बोलाउँदै हुनुहुन्छ भनी उहाँलाई थाहा थियो। सुरुमा उहाँले डाक्टरको सल्लाहअनुसार विश्राम लिए तापनि पछिका समयहरूमा सबै नियमहरूलाई तोडेर विशाल काममा डुब्नुभयो।

आफ्नो ओछ्यानमा आफू अशक्त भएको ठाउँबाट नै उहाँले एउटा प्रार्थना–केन्द्र सुरु गर्नुभयो, र मासिक पत्रिकाहरू हजारौँ प्रतिहरूमा प्रकाशन गर्नुभयो, साथै दैनिक २० देखि ३० वटा चिठीहरू लेख्नुभयो, र हर्ट अफ अफ्रिका मिशन पत्रिकाको पहिलो संस्करण निकाल्नुभयो। उहाँकी छोरीहरूले उहाँका काममा सहायता गरे। उहाँकी छोरी ग्रेसको श्रीमान् मार्टिन सट्टन समितिको पहिलो अध्यक्ष हुनुभएको थियो, तर एक वर्षभित्र नै उहाँको आकस्मिक निधन भयो; एडिथ र पौलिनले आमाको साथमा रहेर धेरै कामहरूमा सहायता गरे।

सन् १९१४ मा सी.टी. स्टड बेलायत फर्कँदा व्यवस्थित रूपमा स्थापित गरेको एउटा मुख्य कार्यालयले यतातिरको सम्पूर्ण कामहरूलाई पूर्ण बलसहित गरिरहेको भेट्टाउनुभयो।

साँच्चै नै परमेश्वरको मूर्खता मानिसहरूको बुद्धिभन्दा श्रेष्ठ छ। दुई वर्षभित्र एउटा वृद्ध र शारीरिक बल सबै सिद्धिएको मानिसद्वारा अफ्रिकाको मुटुमा सुसमाचार पुग्यो, साथै मिशनको घरतिरको काम ओछ्यानमा परेको एउटा अशक्त मानिसद्वारा सुरु भयो। यसरी नै ठीक 'परमेश्वरको योजनाअनुसार नै' हर्ट अफ अफ्रिका मिशनको जग बसालियो। परमेश्वरको योजना पूरा हुनको लागि शिक्षाको आवश्यकता छैन, न त क्षमता, न त जवानीपन, न त बलको आवश्यकता छ, तर आवश्यक पर्ने एक मात्र कुरा छ, त्योचाहिँ विश्वास हो। विश्वासद्वारा अब्राहाम... विश्वासद्वारा इसहाक... विश्वासद्वारा मोशा... विश्वासद्वारा यहोशू... विश्वासद्वारा सी.टी. स्टड...।

नाश भइरहेका प्राणहरूको लागि उठेर लड्न र बलिदान दिन परमेश्वरका मानिसहरूलाई बिन्ती गर्दै यो संसारमा अन्तिमपल्ट सी.टी. स्टड आफ्नो जन्म

देशमा सबै ठाउँ घुम्नुभयो। उहाँले आफूलाई बाँकी राख्न इन्कार गर्नुभयो। थोरै आवाजहरूले मात्रै अन्यजातिहरूको लागि उहाँको आवाजले जस्तै बिन्ती गरेका छन्। लामो यात्राहरूले उहाँ कमजोर र सिद्धिएको अवस्थामा हुनुहुन्थ्यो। उहाँ बारम्बार औलो–ज्वरोको आक्रमणमा पर्नुभयो, कुनै बेला ज्वरो हुँदाहुँदै प्रचारको लागि मञ्चमा चढ्नुभयो, र आफ्नो शारीरिक तापक्रमलाई प्रचारद्वारा सामान्य बनाएर ओर्लनुभयो। कोल्वीन बे(Colwyn Bay)मा भएको एउटा घटनालाई उहाँले यसरी लेख्नुभएको छ:

"सन् १९१५ नोभेम्बर २। मलाई प्रचारको लागि निम्तो दिनुभएको हुगेस जोन्सले मलाई जँचाउनको लागि एउटा डाक्टरलाई ल्याउनुभएको थियो, जसले मलाई जाँचेपछि त्यो दिन बेलुकीको सभामा मैले बोल्नुहुँदैन, र तुरुन्तै घर जानुपर्छ भनी भन्नुभयो। म हाँसेँ, र बेलुकी डेढ घण्टा जति प्रचार गरेँ, र भोलिपल्ट अर्को ठाउँमा दुई घण्टा बोलेँ; त्यसपछि बन्गोरमा तीनटा सभाहरूमा बोलेँ, र एबेरिस्ट्वितमा पनि बोलेँ। हाय, यी रेलका यात्राहरू! धेरै लामो र धेरै चिसो, तर परमेश्वर सधैँ साथमा हुनुहुन्छ।"

उहाँले पत्रिकामा कलमले लेख्न सक्ने अति नै जगाउने खालको एउटा अपिल लेख्नुभयो:

"सुसमाचार नसुनेका विश्वभरि फैलिएका एक अर्ब बीस करोड अन्यजातिहरूको बिचमा काम गरिरहेका ख्रीष्टका सेवकहरूको सङ्ख्याभन्दा शान्तिपूर्ण रूपमा बसोबास गर्ने सुसमाचार सुनिसकेका चार करोड बेलायतीहरूको बिचमा दुई गुणा बढी युनिफर्म लगाएका अधिकृतहरू(सेवकहरू) छन्! यद्यपि तिनीहरूले आफैलाई ख्रीष्टका सिपाहीहरू भनी भन्छन्! म छक्क पर्छु, स्वर्गदूतहरूले तिनीहरूलाई के भनी बोलाउँछन् होला? 'पहिले बेलायतलाई बचाऔँ' भन्ने सिपाहीहरू 'प्रभु म बिन्ती गर्छु, मलाई क्षमा गर्नुहोस्' भनी भन्न गइरहेका प्रेरितहरू हुन्।

"ख्रीष्टले हामीलाई भोकाएकाहरूलाई खुवाउन बोलाउनुभएको हो, भरपूर भएकाहरूलाई होइन; हराएकाहरूलाई बचाउनको लागि, अटेरी गर्नेहरूका

लागि होइन; खिसी गर्नेहरूलाई बोलाउनको लागि होइन, तर पापीहरूलाई पश्चात्तापको लागि बोलाउन; आरामदायी सङ्गति घरहरू, मण्डली भवनहरू र गिर्जाघरहरू बनाउन र त्यसमा इसाईहरूलाई चलाख प्रचारहरूद्वारा, परम्परागत प्रार्थनाहरूद्वारा र सुमधुर वाद्यहरूद्वारा सुताउनको लागि होइन, तर दयनीय प्राणहरूको बिचमा जिउँदो मण्डलीहरू खडा गर्न, शैतानका पन्जाहरूबाट मानिसहरूलाई खोस्न, र नरकको मुखबाट मानिसहरूलाई खोस्न, र तिनीहरूलाई ख्रीष्टको लागि भर्ती गर्न, र तालिम दिन र परमेश्वरको एउटा शक्तिशाली सेना बनाउनको लागि बोलाउनुभएको हो। तर योचाहिँ सम्प्रदायभन्दा बाहिरको साङ्ला नलगाएको प्रचण्ड तप्त पवित्र आत्माको धर्मद्वारा मात्र गरिन सक्छ, जहाँ न त मण्डली, न त ठाउँ, न त मानिस, न त परम्परालाई आराधना गरिन्छ, अथवा प्रचार गरिन्छ, तर क्रूसमा टाँगिएको ख्रीष्ट येशूलाई मात्र आराधना र प्रचार गरिन्छ। झिल्के वस्त्रहरू लगाएर चाँदीको क्रूस अथवा सुनको सिक्रीमा झुन्डिएका क्रूसहरू बोकेर, मण्डली भवनमा गजुरहरू निकालेर, अथवा पुलपिटको लुगामा बुट्टाहरू भरेर ख्रीष्टको गवाही बाँड्नको लागि होइन, तर निडरतासहितको बलिदान र वीरताद्वारा सिमानापारि ख्रीष्टको गवाही बाँड्नको लागि बोलाउनुभएको हो।

"संसार र शैतानसँग मुक्का बाजी गर्नुपर्दा मिठा प्रचारहरू सिंहलाई खेलौना बन्दुकले हानेको जस्तो हो, तर यहाँचाहिँ पवित्र आत्मामाथि भरोसा राखेर अगाडि बढेर गएर आफ्नो सक्दो बलले दायाँ र बायाँ बलियो गरी हिर्काउने मानिसको आवश्यकता छ। शैतानलाई घाइते बनाउने, र संसारलाई उथलपुथल पार्नेचाहिँ प्रचार होइन, तर अनुभव हो; यो तालिम विद्यालयहरूमा पाइने होइन, तर हाट बजारमा पाइन्छ; शैतानलाई ढलाउनेचाहिँ सन्तुलित दिमाग होइन, तर तातो स्वतन्त्र हृदय हो। यहाँ आगो बलिरहेको इसाईबाहेक अरू कोही गन्तीमा आउँदैन।

"परमप्रभुले बाहेक अरू कसैद्वारा हाम्रो वरिपरि कुनै घेरा तानिनेछैन भन्ने कुरामा म पहिलेको भन्दा अझै दृढ सङ्कल्पमा छु।

"हामीजस्ता दुष्टहरूलाई उहाँले बनाएर प्रयोग गर्नुहुन्छ भन्ने कुरा विश्वास

गर्नु गाह्रो कुरा नै हो, तर सत्यताचाहिँ उहाँले प्रतिभा र संस्कृतिभन्दा विश्वास र मूर्खहरूलाई खोज्नुहुन्छ। परमप्रभुलाई चाहेको सबैचाहिँ हृदय हो, र टाउकोको कामचाहिँ कुनै पनि सलगमले गर्छ। हामी खाली रहुन्जेल सबै कुरा असल रहन्छ, किनभने उहाँले हामीलाई पवित्र आत्माले भर्नुहुन्छ।

"**पवित्र आत्माको आगोको बप्तिस्माले चाहिँ नरम इसाईलाई ख्रीष्टको लागि तातो र जिउँदो वीर बनाउँछ, जो अगाडि बढ्छ र युद्ध गर्छ, र मर्छ। स्वर्गतिर दौडौँ; दुर्घटना हुनुको अर्थचाहिँ येशूका हातहरूमा ठोकिने हो - त्यस्ता दुर्घटनाहरू परमप्रभुका उत्तम आशिष्हरू हुन्।** ढिलो चल्ने सामान बोक्ने रेलगाडी नबन्नुहोस्।

"मूर्खहरूले शैतानलाई नदेखेजस्तै तिनलाई काट्छन्; अरूहरूले उसको लागि तोकिएको चिहानमा चिहान-ढुङ्गो राख्छन्। बुद्धिमान् हुनुहोस्; शैतानलाई नकाट्नुहोस्, नगाड्नुहोस्, तर सुसमाचार भन्ने तरबारले मार्नुहोस्।

"ह्यु लाटिमर (Hugh Latimer) एउटा निभाउन नसक्ने खालको मैनबत्ती हुनुहुन्थ्यो; शैतानले त्यसलाई सल्कायो (ह्यु लाटिमरलाई बेलायतकी रानीले आगोमा जलाएर मारिन्), र त्यति बेलादेखि उसले आफ्नो मूर्खतालाई सम्झेर आफैलाई लात दिइरहेको छ। फेरि एकपल्ट शैतानलाई मूर्ख बनाउनको लागि उसलाई परीक्षामा पार्ने अरू कोही छैन?

"जहाजमा पाल बाँध्ने खाँबामा झण्डालाई किला लगाएर अडाउनू (जसको अर्थ मृत्युसम्मै लड्न तयार भएको जहाज)। यो नै गर्नुपर्ने असल कुरा हो, र यसैले हामीले पनि यही गर्नुपर्छ। तर कुन झण्डाहरू? ख्रीष्टका झण्डाहरू - उहाँले हामीलाई गर्न दिनुभएको काम - सुसमाचार नसुनेकाहरूलाई सुसमाचार प्रचार गर्नु। ख्रीष्टले चाहेकाहरूचाहिँ सम्भव भएका कुराहरूबाट थोरै टोकेर खानेहरू होइन, तर हामीलाई आज्ञा दिनुभएको सर्वशक्तिमान् उद्धारकर्ताको सर्वशक्ति, विश्वासयोग्यता र ज्ञानमाथि विश्वास गरेर असम्भव कुराहरूलाई पूरै समातेर खोस्नेहरू नै हुन्। के हाम्रो बाटोमा पर्खाल छ? हाम्रो परमेश्वरद्वारा त्यसलाई हामीले नाघ्नेछौँ!

के सिंहहरू र बिच्छीहरू हाम्रो बाटोमा छन्? हामीले तिनीहरूलाई कुल्चिने छौँ! के पहाडले हाम्रो प्रगतिलाई रोकिरहेको छ? हामीले भन्नेछौँ, 'उखेलिएर तँ समुद्रमा खस,' र हामी अगाडि बढ्नेछौँ। **ख्रीष्टको सिपाही, कहिल्यै आत्मसमर्पण नगर!** झण्डाहरूलाई खाँबामा किला लगाएर अडाउनू!

**"ख्रीष्ट येशूलाई देख्नेहरूले आफूलाई आफ्नो दृष्टिमा फट्याङ्ग्रोजस्तो देख्छन्, तर तिनीहरू शैतानको मूल्याङ्कनमा राक्षसहरूजस्तै देख्नेछन्।**

"येशूले भन्नुभयो, 'मलाई पछ्याऊ।' हामीले जवाफ दिन्छौँ, 'म गर्छु,' यद्यपि ख्रीष्टले आफैलाई प्रसन्न पार्नुभएन, अरूलाई बचाउनको लागि स्वेच्छाले आफैलाई दरिद्र बनाउनुभयो, र पहिलो वैदेशिक मिशनरी बन्नुभयो भन्ने कुराहरूलाई हामीले कसै गरी बिर्संदैछौं। हामी सबैले ख्रीष्टजस्तै हुन प्रार्थना गर्छौं, यद्यपि मूल्य चुकाउन तयार हुँदैनौँ।

" 'सी.टी. स्टड मर्‍यो भने के गर्ने?' यो सधैँ उठाइने मूर्ख प्रश्नले जवाफ पाउनुपर्छ। सी.टी. स्टड आफैले दिनुभएको जवाफ सुन्नुहोस्, 'हामी सबै हल्लेलूयाह भनी चिच्याउनेछौँ। संसारले एउटा ठुलो मूर्खलाई गुमाउनेछ। परमेश्वरलाई बाधा ल्याउने मूर्खहरूमध्ये एउटा कम हुँदा उहाँले महान् अचम्मको काम गर्नुहुनेछ। मृत संस्कार हुनेछैन, फूलहरू राखिनेछैन, आँसु बगाइनेछैन, र शव–यात्रा पनि हुनेछैन। सबैले एक–अर्कालाई बधाई दिनेछन्। यदि म अर्घबलिको रूपमा अर्पित भएँ भने म रमाउनेछु र तिमीहरूलाई बधाई दिनेछु; तिमीहरू पनि रमाउनुपर्छ र मलाई बधाई दिनुपर्छ (फिलिप्पी २:१७,१८)। त्यहाँ एउटा विशेष अनुरोधले विवाहको यात्रा हुनेछ। हाम्रो परमेश्वर अझै जीवित रहनुहुनेछ, र अरू केही कुराको मतलब छैन। हट अफ अफ्रिका मिशनको पहिलो मृत संस्कार परमेश्वर मर्दा हुनेछ, तर त्यो अनन्तकालसम्म हुनेछैन, उत्साहित हुनुहोस्। अगाडि बढ्नुहोस्, हरेक मानिस आफ्नो अगि सीधै अगाडि। हल्लेलूयाह! 'मर्नु लाभ हो'।'

"कोही–कोही मण्डलीको घण्टीको आवाज सुन्ने दूरीभित्र नै रहन चाहन्छन्, मचाहिँ नरकको ढोकामा उद्धार केन्द्र चलाउन चाहन्छु।"

सन् १९१६ जुलाई महिनामा आठ जनाको समूहसहित उहाँ अफ्रिका जानको लागि सबै थोक तयार भइसकेको थियो। त्यसमध्येमा उहाँकी छोरी एडिथ पनि थिइन्, जो अल्बर्ट बक्सटनसँग विवाह गर्न जाँदै थिइन्, बिदाइको सभा जुलाई १४ तारिख राखिने निर्णय भएको थियो। सूचना पत्रमा यसो लेखिएको थियो, "जुलाई १४ लाई नबिर्सनुहोस्, वेस्ट्मीन्स्टरमा रहेको सेन्ट्रल हलमा बिहान दश बजेदेखि बेलुका दश बजेसम्म दिनभरि प्रार्थना र प्रशंसा हुनेछ। ख्रीष्टको युद्धको उद्घाटन सी.टी. स्टड र साथमा जाने समूहलाई अफ्रिकाको मुटुमा जान बिदाइ दिएर सुरु हुनेछ। सोमबार २४ तारिख बिहान ९:४० मा प्याड्डिङ्टनबाट जाने समूहको लागि तपाईंको प्रार्थनाको लागि अनुरोध गर्दछौं। झिलिमिली कागजहरूलाई उडाउनु असुहाउँदो हुन्छ, र हल्लेलूयाहको वर्षाले भिजाउनुचाहिँ सधैँ नै गरिनेछ।"

उहाँ बेलायतबाट र संसारमा तिनीबाट पनि झन्डै अन्तिम पल्ट बिदा लिँदै हुनुहुन्छ भनी न त सी.टी. स्टडले न त श्रीमती प्रिस्सील्लाले सोच्नुभएको थियो। किनभने परमेश्वरको सिंहासन अगि तिनीहरू एक–अर्कालाई भेट्नुभन्दा अगि अब आउने १३ वर्षमा उहाँहरू दुई जना एकपल्ट मात्र दुई हप्ताको लागि संसारमा भेट्नुहुनेछ।



**सी.टी. स्टड**

## अध्याय - १६

# सी.टी. स्टड आदिवासीहरूको बिचमा

सी.टी. स्टडको समूह कङ्गो नदीको छेउमा रहेको तटमा उत्रेर कङ्गो नदी हुँदै ७०० माइलहरू नाउमा यात्रा गरे, र अझै ३०० माइलहरू पैदल यात्रा गरेर नालामा आइपुगे। नालामा आउँदा उहाँको अनुभव अचम्मको थियो। दुई वर्ष अगाडि उहाँ त्यहाँबाट जाँदा उहाँहरूको जमिन ताड–रूखहरूको जङ्गलको बिचमा थोरै घरहरू भएको अवस्थामा थियो, तर अहिले सबै कुरा बदलिसकेको थियो। नालामा उहाँहरूलाई एउटा आनन्दित भीडले रमाहटसाथ स्वागत गर्न पर्खिरहेको थियो। स्थानीयहरू र स्थानीय इसाईहरूले धेरै टाढासम्म उहाँहरूलाई लिन आएका थिए। स्थानीय ड्रमहरू र अन्य वाद्यहरू बजाएर उहाँहरूको स्वागत भयो। नालाको पहिलो इसाई सम्बो पनि त्यहाँ थिए।

स्थानीयहरू आराधनाको समयमा भक्ति र मौनतासाथ सहभागी भएको देखेर सी.टी. स्टड छक्क पर्नुभयो। नालामा ६० जना इसाईहरू भइसकेका थिए।

त्यहाँबाट उहाँहरू नियन्गारा जानुभयो, त्यहाँ पहिलो अफ्रिकी विवाह हुन गइरहेको थियो। नालाको नदीको पुललाई पार गर्दा सी.टी. स्टडको मनमा याकूबले बोलेको वचन सम्झनामा आयो, "एउटा लाठो मात्र लिएर मैले यसो यर्दन नदी तरेको थिएँ। तर अहिले मेरा दुई वटा दल भएका छन्।" किनभने पुल पार गर्नेहरू चार जना मात्र थिएन, तर धेरै स्थानीय इसाईहरू साथमा थिए, साथै १० जना मिशनरीहरू र अन्य इसाईहरू नालामा थिए।

विवाह अल्फ्रेड बक्सटन र एडिथको बिचमा हुन गइरहेको थियो। उहाँहरूको अफ्रिकाको पहिलो घरमा आइपुगेर, जुन छ पाउण्ड खर्चमा

बनाइएको थियो, बिहानको नास्ता त्यहाँ बसेर लिनुभएको थियो।

विवाहको सेवा छोटो र मिठो थियो। २० मिनेटमा अफ्रिकाको मुटुमा पहिलो इसाई विवाह भयो, र त्यसपछि चिया खाजा खानको लागि सबै भेला भए। अन्तमा अल्फ्रेड र एडिथलाई राखेर तस्बिर खिचियो, जसले पछिका समयमा बोल्ने तस्बिर भन्ने नाम पायो, जसमा अल्फ्रेडले यस्तो बोलेको जस्तै देखिन्थ्यो, 'यो बाटोमा म हिँडेको छु, र काम गरेको छु, र अझै यही बाटोमा हिँड्नुपरेको हुन्छ भनी महसुस गर्छु'; र एडिथले, 'भविष्यको बारेमा थाहा छैनँ, तर म विश्वासमा रहने सङ्कल्प गरेको छु,' भनी भनेको जस्तो देखिन्थ्यो।

आनन्दसहित सी.टी. स्टडले नालालाई आफ्नो मुख्य कार्यालय बनाएर काम सुरु गर्नुभयो, र आफ्ना मिशनरीहरूलाई वेल्ली प्रान्तको मुख्य ठाउँहरू भएको नियन्गारा, पोको र बम्बिली ठाउँहरूमा काम गर्न पठाउनुभयो, जसद्वारा उहाँहरूले बेलायतको आधा भाग जतिको क्षेत्रफल भएको एउटा कठोर भूभागको चार कुनामा दश वटा जातिहरूलाई केन्द्रित बनाएर काम सुरु गर्नुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ: "सन् १९१७ अप्रिल। यहाँको काम अचम्मको छ, मेरो सोचभन्दा धेरै बाहिर, र सबै कुरामाथि परमेश्वरको हातलाई देख्न सकिन्छ। साँढे तीन वर्षभन्दा अगि हामी दुई जना परदेशीहरू लेख्न नसकिने पापहरूमा डुबेको स्थानीयहरूको बिचमा भाषा नजानेको अवस्थामा आएका थियौँ, यद्यपि अहिले सय जनाभन्दा बढी बप्तिस्मा लिएका इसाईहरू छन्। स्थानीय जातिका धेरै प्रधानहरूले आफ्नो ठाउँमा हामी त्यहाँ गएर तिनीहरू र तिनीहरूका मानिसहरूलाई सिकाउन सकियोस् भनी विद्यालय भवनहरू र अन्य घरहरू बनाइरहेका छन्।

"८१ जनालाई भर्खरै मात्र बप्तिस्मा दियौँ। धेरै दिन अगिदेखि नै हामीले बप्तिस्माका सभाहरू राख्यौँ। बप्तिस्मा लिन गइरहेकाहरूले दिएका साक्षीहरू उल्लेखनीय रूपमा आकर्षक थिए। मलाई लाग्छ, तिनीहरूमध्येमा 'बारम्बार

व्यभिचार गऱ्यौँ' भनी गवाही नदिने दुई जना मात्र थिए होला; तन्त्र-मन्त्र पनि सबै ठाउँमा गरिने कुराको रूपमा थियो। यिनीहरूको बिचमा विवाहभन्दा अगाडि र पछाडि दुवै समयमा व्यभिचार गर्नु पाप भन्ने सूचीबाट धेरै पर थियो, र जीवन यापनका कुराहरूमध्ये एउटाको रूपमा मानिन्थ्यो। एक पुस्तापछि अर्को गरी सयौँ वर्षहरूदेखि गरिँदै आएको साथै त्यसको पक्षमा जनधारणा हुँदा त्यो अवस्था कस्तो हुन्छ होला, तपाईंले सोच्न सक्नुहुन्छ? पुस्तौँहरूदेखि आत्मसंयम हुनू भन्ने कुरा अपरिचित र अव्यवहार्य हुँदा यी मानिसहरू निर्दयी जनावरहरूभन्दा तल गिरेको अवस्थामा छन्। यिनीहरूको बिचमा परिवर्तन भन्ने कुरा के हो भनी तपाईंले अहिले बुझ्नुहुन्छ होला! साँच्चै नै यो फेरि बनाइनु होइन, तर पावलले भनेजस्तै नयाँ सृष्टि हुनु हो। बेलायतमा हरेक उद्धारको काम एउटा अचम्मको काम हो भने, यहाँ हुने जुनसुकै उद्धारको काम अझ सय गुणा बढी महान् अचम्मको काम हो।

"बप्तिस्मा लिने दिनको अगिको दिनमा सबैले फेरि एकपल्ट आफ्नो विश्वासलाई घोषणा गरे, र आफ्नो सबै पापलाई त्यागेर आफ्नो उद्धारकर्ताको लागि योग्य जीवन जिउने प्रतिज्ञा गरे। मरेको अवस्थाबाट बौरी उठेको जबोरीको गवाही सुन्नुहोस्: 'म एउटा महान् योद्धा थिएँ; बेल्जियनहरूले आफूले जित्न चाहेका प्रधानहरूलाई र गाउँहरूलाई जित्नको लागि मलाई पठाउँथे। एकपल्ट म धेरै रोगी भएँ, बेहोस भएँ र मरेँ। मेरा साथीहरूले मलाई गाड्नको लागि खाल्डो खनेर मलाई त्यसभित्र हाले, म त्यति बेला उठेँ, र तिनीहरूलाई मैले परमेश्वरलाई देखेँ भनी भनेँ, जसले (परमेश्वरले) मलाई भन्नुभयो, कि 'केही समयभित्र नै बेलायतीहरू आउनेछन्, र सत्य परमेश्वर र सत्यको बारेमा सबै कुरा बताउनेछन्।' मैले यो दर्शन धेरैलाई बताएँ, उहाँहरू सबै आश्चर्यचकित भए, र त्यसैले यी मानिसहरूले परमेश्वरको बारेमा बोल्दा "बेलायती" भन्ने नाम प्रयोग गर्न थाले।' यी सबै कुराहरूलाई वरिपरि जम्मा भएका सबैले सत्य हो भनी स्वीकार गरे। मत्ती एक अध्यायमा झैँ परमेश्वर अहिले पनि यी मानिसहरूको बिचमा सपनाहरू दिएर काम गर्दै हुनुहुन्छ। बप्तिस्मा लिएको यो समूहमा तीन जना प्रधानहरू थिए, त्यसमध्ये दुई जनाले आफ्ना गाउँहरूमा आफैले मण्डली भवन बनाएका थिए। त्यो दिन नालामा अति आनन्दको समय थियो भन्ने कुरालाई तपाईंले पक्का विश्वास

गर्न सक्नुहुन्छ।

"८१ जना बप्तिस्मा लिएको चाहिँ महान् कुरा हो भने, त्योभन्दा महान् कुरा आउन गइरहेको थियो। असल दाखरस अन्तमा आयो। गएको जनवरी महिना स्थानीय मण्डलीका १५ देखि २० जनाको समूह स्वेच्छाले तीन महिनाको लागि वरिपरि भएका भूभागहरू र त्योभन्दा परका ठाउँहरूमा प्रचार गर्न गए। तिनीहरू हरेकलाई तिनीहरूको यात्रा, भोजन र तीन महिनाको अन्य खर्चहरूको लागि ३ फ्र्यान्क पैसा मण्डलीबाट दिइयो; यद्यपि फर्केर आउँदा कसैले १ फ्र्यान्क, कसैले आधा फ्र्यान्क पैसा मण्डलीलाई नै फर्काए। तर योपल्ट ५० जना जान र प्रचार गर्न इच्छा गरे। यी भूभागहरूमा कसरी सुसमाचार फैलाउनु भन्ने कुराको लागि यो एउटा राम्रो पाठ थियो। हामी गोरो जातिका सुसमाचार प्रचारकहरू हरेकलाई आफ्ना सामानहरू बोकिदिनलाई ५ जना भरियाहरूको आवश्यक पर्दछ, तर स्थानीय प्रचारकहरू हरेकले आफ्नो सामान सबै आफै बोके। हरेक स्त्री अथवा पुरुषले बाँसले बनाएको ओछ्यान र एउटा पातलो ओढ्ने (ऊसँग भएको खण्डमा) बोके। ऊसँग भएको एक मात्र खाजाको भाँडा आँखामा पर्दैन थियो, र सधैँ पेटीमुनि हुन्थ्यो, जसमा एउटा जङ्गली छुरी र एउटा पानी पिउने भाँडो झुन्डिरहेको हुन्थ्यो। आफूले बनाएको एउटा परालको टोपी र सिंहको छालाले बनाएको वस्त्रको साथ हट अफ अफ्रिका मिशनको स्थानीय मिशनरी पूर्ण हुन्छन्।

उनीहरू छुट्नुभन्दा अगाडि अचानक गरेको सभामा मैले उनीहरूलाई दिएको अन्तिम सल्लाह यस्तो थियो:

१. दिनका समयहरूमा तिमीलाई शैतानसँग भेट गर्ने मन छैन भने बिहानै येशूसँग भेट गरिहाल्नू।

२. शैतानले तिमीलाई हिर्काएको चाहँदैनौ भने पहिले तिमीले तिनलाई हिर्काऊ, र पूर्ण बलले हिर्काऊ, ताकि ऊ उठेर हिर्काउन नसक्ने गरी कूँजो होस्। 'वचन प्रचार गर' भन्ने नै शैतानले डराउने र घृणा गर्ने डण्डा हो।

३. यदि तिमी लोटेको चाहँदैनौ भने हिँड र सीधा हिँड र छिटो हिँड!
४. हामीलाई सिकार खेल्नको लागि शैतानले प्रयोग गर्ने उसको तीन वटा कुकुरहरूचाहिँ: १. सुन्निएको टाउको (ज्ञानको घमण्ड)
२. अल्छीपना ३. धन–सम्पत्तिको मोह

"अन्तिम प्रार्थना सकेपछि तिनीहरूले मकहाँ आतुरीसँग आएर सोधे, 'कति समयसम्म हामी बाहिर रहनुपर्छ?' मैले जवाफ दिएँ, 'यदि थाक्नुभयो भने एक महिना पूरा हुँदा फर्किनू, छैन भने दुई महिनापछि फर्कनू; तीन महिनासम्म रहन सक्यो भने अति उत्तम हुन्छ!' एक जनाले भने, 'होइन! एक वर्षसम्म म फर्केर आउँदिनँ।' अर्कोले पछ्यायो, 'तपाईंले १८ महिनासम्म मलाई देख्नुहुनेछैन।' गीत गाउँदै उनीहरू त्यहाँबाट गए:

*"म ख्रीष्टलाई प्रेम गर्छु,*
*ख्रीष्टले मलाई प्रेम गर्नुहुन्छ;*
*संसारमा अरू कुनै थोकसँग सरोकार छैन,*
*यसैले बगिनिस्कने आनन्द ममा भरिएको छ।*
*हल्लेलूयाह!*

"तिनीहरू सबै फर्केर आउँदा आफ्नो यात्रा र त्यसका कठिनाइहरूको बारेमा बताए, जुन कुराको अर्को प्रमाण उहाँहरूसँग भएका थोरै लुगाहरूको थोत्रो अवस्थामा देखिन्छ। नालाको पहिलो विश्वासी सम्बोले भने, 'तर बाहिर त्यस्तो केही थिएन, जसले हाम्रो भित्रको आनन्दलाई हटाउन सक्छ।'

"सन् १९१७ अगस्ट। अर्को पचास जनाले पनि बप्तिस्मा लिने इच्छा व्यक्त गरे, त्यसमध्ये मेरो लागि दाउरा चिर्ने र पानी ल्याइदिने बोन्डो पनि थिए। उनी धेरै बोल्ने खालका थिए, उनको प्रार्थना पनि अनौठो हुन्थ्यो र कडा तरिकाले बोल्थे पनि। तिनले एकपल्ट यस्तो प्रार्थना गरे, 'धन्यवाद, धन्यवाद, स्वर्गीय पिता, धेरै धन्यवाद। तपाईंले मेरो आमा र बुवालाई मार्नुभयो, धेरै धन्यवाद। तपाईंले मलाई उद्धार दिनुभयो, र मेरा पापहरूलाई पखालिदिनुभयो, र मेरो हृदयलाई बदलिदिनुभयो, धेरै धन्यवाद स्वर्गीय पिता; र अहिले म मेरी श्रीमतीलाई पनि तपाईंले बदलिदिएको चाहन्छु, र यदि मेरो

एउटी श्रीमती छ भने तपाईंले तिनको पाप पखालिदिएर र तिनको हृदय बदलिदिएको चाहन्छु, र यदि मेरो दुइटी श्रीमती छ भने तपाईंले दुवैलाई त्यही गरेको म चाहन्छु, धेरै धन्यवाद स्वर्गीय पिता, आमेन।' तिनले आफ्नो आमा–बुवाको बारेमा बताएको कुरा तिनीहरू बितिसके भन्ने कुरालाई व्यक्त गरेको मात्र हो, परमेश्वरलाई दोष लगाएको चाहिँ होइन।

"अर्को दिन तिनले आफैलाई बप्तिस्माको लागि अर्पण गर्दा अल्फ्रेडले सोधे, 'तर बोन्डो, तिम्रो दुइटी श्रीमतीको बारेमा के गर्ने?' तिनले जवाफ दिए, 'ए, त्यो ठीक छ; मैले उद्धार पाउनुपर्छ, र साँच्चै नै मेरो एउटी मात्र श्रीमती भएको म चाहन्छु, र मलाई लाग्छ कि दुइटी श्रीमती हुनुभन्दा स्वर्ग जानु उत्तम हो; हो, मलाई लाग्छ कि तीनटी श्रीमती हुनुभन्दा पनि स्वर्ग जानु उत्तम हो, यसैले मेरो नाम पनि लेखिदिनुहोस्!' बोन्डोका यी थोरै शब्दहरूले बहुविवाहप्रति हाम्रो धारणा के छ भनी स्थानीयहरूले कति बुझेका छन् भन्ने कुरालाई देखाउँदछ।"

"अक्टोबर १०। प्रगति अचम्म तरिकाले भइरहेको छ। मानिसहरू धेरै टाढाबाट सबै कुनाबाट हामीकहाँ आउँदै छन्। हामीले झन्डै हरेक हप्ता बप्तिस्माको सेवा गरिरहेका छौँ। उद्धार पाएकाहरूले नजिक र टाढा सबै ठाउँहरूमा सुसमाचार सुनाउँदै छन्। धेरै जना प्रधानहरूले शिक्षकहरू पठाइदिनुहोस् भनी हामीलाई बिन्ती गरिरहेका छन्, कतिपयले त झन् मण्डली भवनहरू र हाम्रो लागि घरहरू पनि बनाइराखेर बोलाउँदै छन्। चार जना मानिसहरू बाइस दिन यात्रा गरेर नालामा आइपुगे, र किन आउनुभयो भनी सोध्दा तिनीहरूले बताए, 'सारा संसारलाई थाहा छ कि नालामा परमेश्वरको बारेमा ज्ञान प्रशस्त छ।'"

उहाँले अब सेवा सुरु गर्ने ठाउँ खोजेर यात्रा गर्नुको सट्टामा प्रधानहरूलाई भेट्दै सुसमाचार प्रचार गर्दै यात्रा गर्दै हुनुहुन्थ्यो।

प्रधान अबोरमसीलाई भेट्न गरेको एउटा यात्राको बारेमा उहाँले यसरी लेख्नुभएको छ:

"हामी अबोरमसीको गाउँमा रात परिसकेपछि मात्र पुगेका थियौँ, र सबै थकित पनि थियौँ। सबैको सोचमा भोजन र ओछ्यान मात्र थियो, तर हतारमा सुत्न जानुभन्दा अगि परमेश्वरले हाम्रो लागि असल कुरा तयार गर्नुभएको थियो। मैले थोरै भात खाएँ; प्रधान र उहाँका मानिसहरू त्यहाँ आए। हामी सबै जूनको उज्यालोमा खुला आकाशमुनि आगोको वरिपरि थियौँ, र सबै मिलेर भजनहरू गायौँ र आराधना गऱ्यौँ। प्रधान र मानिसहरू यति इच्छुक थिए, कि तिनीहरू आफै बसेर परमेश्वरको बारेमा बातचित गरिरहेका थिए। हामी आफ्नो थकाइलाई येशूको बारेमा बताउन पाउने र उहाँलाई स्विकारिएको देख्न पाउने आनन्दमा बिर्स्यौं, यसैले सबै कुरा सिद्धिएर सबै घर फर्किंदा समय रातिको एक बजिसकेको थियो।

"भोलिपल्ट प्रधान र उहाँको भाइ, जो पनि प्रधान हुनुहुन्थ्यो, र मानिसहरूको भीड म बसेको घरमा आए। ती यहूदीहरू पावलसँग दिनभरि परमेश्वरको राज्यको बारेमा कुरा गर्नुमा बिताएको घटनालाई सम्झिन सक्छ। हामीले दिनभरि बातचित गऱ्यौँ, र भजन गायौँ, अहिले नब्बे वटा भजनहरू तयार भइसकेका थिए। सबैलाई मनपर्ने भजन यस्तो प्रकारको थियो:

*"नरक जाने बाटो फराकिलो छ,*
*शैतानले त्यसलाई बढारेर सफा गरिराख्छ:*
*धेरै जना मानिसहरू त्यो बाटो यात्रा गर्छन्,*
*किनभने तिनीहरू बौलाहापनको बन्धनमा छन्।*
*"स्वर्ग जाने बाटो अप्ठ्यारो छ,*
*त्यहाँ पार गर्नुपर्ने एउटा नदी छ,*
*तर त्यहाँ तिमीलाई पारि लैजानको लागि एउटा मात्र नाउ छ,*
*त्यो नाउको नाम येशू हो।"*

"हामीले दिनभरि सेवा गऱ्यौँ, र बेलुकी लालटिनलाई प्रयोग गरेर नक्साहरू देखाएर सेवा गऱ्यौँ। म आफैले त्यो सामग्रीलाई चलाउनु परेको थियो, र नक्साको बारेमा बुझाउनु परेको थियो...। त्यसपछि प्रधान उठ्नुभयो र आफ्नो स्थानीय भाषामा मानिसहरूसित बोल्नुभयो, र मानिसहरूले असल तरिकाले स्वीकार गरे, र त्यसपछि एउटा घडी आयो, जुन कुरालाई स्वर्ग र

पृथ्वीको धनले किन्न सकिँदैन, उहाँले भन्नुभयो, 'म र मेरा मानिसहरू र मेरो प्रधान भाइ र तिनका मानिसहरू सबैले तपाईंलाई भन्न चाहन्छौँ, कि हामीले परमेश्वर र येशू र हाम्रो बारेमा बताएका कुराहरूलाई विश्वास गर्छौं, र हामी सबैले तपाईंले यात्रा गरेको त्यही बाटोमा यात्रा गर्न चाहन्छौँ – स्वर्ग जाने बाटो।'"

कङ्गोबाट नाला फर्किंदै गर्दा सी.टी. स्टड अनौठो तरिकाले एउटा नयाँ बाटो हुँदै आउनुभयो। एक ठाउँमा एउटा प्रधानले उहाँलाई भेट्न आउनुभयो, र त्यहाँ आएर सिकाउनको लागि उहाँलाई एउटा जमिन दिनुभयो, त्योचाहिँ इटुरी प्रान्तको सुन्दर डेटी पहाड थियो। यही नै इटुरी प्रान्तको पहिलो मिशन केन्द्र बन्न पुग्यो, र यहाँबाट इटुरीको महान् काम सुरु भयो। सुसमाचारलाई ग्रहण गर्न तयार हुनू भन्ने कुरामा र गन्तीमा वेल्ली प्रान्तको कामभन्दा यो प्रान्तको काम ठुलो हुन पुग्यो। यो ठाउँमा पठाइएका पहिलो मिशनरीहरूचाहिँ श्रीमान् एलिस र उहाँकी श्रीमती थिए। यहाँको पहिलो विश्वासी डुबानी थिए, जसलाई प्रधान हुनुबाट रोक्नको लागि आँखामा खोर्सानीको धूलो दलिदिएर अन्धो बनाइदिएको थियो। तिनले एउटा सपना देखेका थिए, जसमा तिनी हिँडिरहेको बाटोको अन्ततिर आगोका ज्वालाहरू माथि उठिरहेको थियो, र एउटा आवाजले यसो भन्यो, "किताब बोक्ने गोरो मानिसको लागि पर्खिबस, र तिनले आगोबाट कसरी उम्किने भनी तिमीलाई भन्नेछन्।" त्यो दिनदेखि तिनी एउटा इमानदार साक्षी भए, छोरोको सहायताले गाउँहरूमा घुमेर सुसमाचार प्रचार गर्थे। त्यो जिल्लाको महान् प्रधान अबिएनगमा नरभक्षी थिए, र भर्खरै मात्रै १४ जना स्थानीय भरियाहरूलाई समातेर मारेर खाएका थिए। तर तिनकी श्रीमतीले पहिलोपल्ट महान् प्रेमिलो परमेश्वरको बारेमा सुन्दा तिनले भनिन्, "त्यस्तो एउटा परमेश्वर हुनुपर्छ भनी म सधैँ भनिरहन्थेँ।" सन् १९१८ जुन महिना सी.टी. स्टड त्यहाँ पुग्दा आफूले देखेको कुरामा आश्चर्यचकित हुनुभयो।

सी.टी. स्टड लेख्नुहुन्छ, "डेटी पहाडमा मैले हप्ताको अन्तिम दिनहरूमा रहने र कामलाई हेर्ने मौका पाएको थिएँ, र साँच्चै नै यो उदेकलाग्दो छ। आराधना गर्ने घाँसले बनाएको छाप्रो अझै बढाएको देखेँ, र श्रीमती एलिसले

भोलि त्यो भरिएको हुन्छ भन्नुभयो, जुनचाहिँ आइतबार थियो। शनिवार बेलुकी नै मानिसहरू आउन थाले। भोलि बिहान त्यो छाप्रोमा बोतलमा केराउहरू जसरी थुप्रिएको हुन्छ त्यसरी नै चिल्लो कालो शरीरहरूले भरिएको थियो... हरेकको मुहारमा गहिरो चाहना देखिन्थ्यो।

"सेवा सुरु भयो। उल्लेखनीय तरिकाले असल लयमा भजनहरू गाए। त्यसपछि प्रभुको प्रार्थना र त्यसपछि अर्को एउटा प्रार्थना त्यसपछि धर्मशास्त्रबाट एउटा वचन र यी सबैको बिचमा भजनहरू गाइन्थ्यो। त्यसपछि मेरो पालो आयो र मैले तिनीहरूलाई केही बताउनु परेको थियो। त्यहाँ महान् प्रधान अबिएनगमाको केही उप–प्रधानहरू पनि उपस्थित थिए। भवन यति भरिएको थियो, कि मेरा घुँडाले तिनीहरूको घुँडालाई छुने गरी बसिरहेको थिएँ। म अनुवादकद्वारा बोल्न मन पराउँदिनँ, तर त्यो चाहनासँग सुन्न तयार भएको भीडले ममा चाहिँदो जोस ल्यायो, र यस्तो लाग्यो, मैले फेरि यिनीहरूलाई कहिले देख्छु होला? रेभ. वेब पेप्लोको कोठामा मैले एकपल्ट देखेको वाक्यहरूलाई अनुभव गरेको जस्तै भयो, र उहाँको जोशिलो हृदयदेखिको शब्दको रहस्यलाई बुझ्न पनि पाएँ:

"म अब कहिल्यै प्रचार गर्न नपाउने झैँ मैले प्रचार गर्नेछु, एउटा मरिरहेको मानिसले मरिरहेका मानिसहरूलाई प्रचार गरे झैँ।"

यसरी नै सी.टी. स्टडले त्यहाँ प्रचार गर्नुभयो, र उहाँको भनाइअनुसार उहाँले चाहेर पनि त्यो सेवालाई बिर्सन सक्नुभएन। एक वर्ष अगि मात्र उहाँ, अल्फ्रेड र एलिस तीन जना प्रधान अबिएनगमाले दिनुभएको त्यो जमिनलाई हेर्न आउनुभएको थियो। रूख र घाँसहरूले भरिएको त्यो ठाउँमा एउटा रूखमुनि बसेर काम सुरु हुन गइरहेको त्यो इनामस्वरूप पाएको जमिनको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो। अहिले एक वर्षपछि हेर्दा काम बृहत् रूपमा भइरहेको छ, र उहाँको मनमा यो आवाज फेरि आयो, "यसमा त परमेश्वरकै हात छ, र 'परमेश्वरले कस्तो विचित्रको कार्य गर्नुभएको छ।'"

अल्फ्रेड बक्सटन सी.टी. स्टडको लागि पावलको लागि तिमोथीजस्तै

हुनुहुन्थ्यो। उहाँहरू दुवै जना छ वर्ष सँगै रहेर काम गर्नुभएको थियो। बीस वर्षको कलिलो उमेरमा यसरी अफ्रिकाको मुटुमा जङ्गली मानिसहरूको बिचमा सेवा गर्न आएर र आएको दुई वर्षमा एकलै छोडिएको अवस्थामा यो अनभिज्ञ, आधा नाङ्गो र अनैतिक मानिसहरूको बिचमा ख्रीष्टको पहिलो मण्डली स्थापित गरेको जवान मानिस अरू कोही होला त?

सी.टी. स्टडले अल्फ्रेडको बारेमा यसरी लेख्नुभयो, "अल्फ्रेडले मलाई गरेको वास्ताको लागि मैले मेरो जीवन नै उनलाई दिनुपरेको हुन्छ। साँच्चै नै भन्नुपर्दा मलाई उनले गरेको नरम र असल वास्ताजस्तो वास्ता कुनै पनि आमाले आफ्नो बच्चालाई पनि गरेको छैन होला। ...... धेरै परीक्षाहरूमा, रोग र पीडाहरूमा, मृत्युले ल्याएका दुःखहरूमा, र शैतानको नछोएका किल्लाहरूलाई छुने हरेकले सामना गर्नै पर्ने दुष्ट आक्रमणहरूमा अल्फ्रेड मेरो लागि विश्वासयोग्य छोरा र साथी थिए।"

अब अल्फ्रेडलाई बिदा दिनुपर्ने समय आयो। उनी केही समयको लागि बेलायत जाँदै थिए। बिदाइको कार्यक्रम नाला मण्डलीमा राखेको थियो। मण्डलीमा सबै भेला भएको हुँदा अल्फ्रेडले केही कुरा बोलिसकेपछि एलियाको आत्मा एलिशामाथि आएको जस्तो सी.टी. स्टडमाथि भएको अभिषेक आफूमाथि पर्नुपर्छ भनी सी.टी. स्टडलाई आफूमाथि हात राखेर प्रार्थना गरिदिन मागे। तर सी.टी. स्टडले आफूले भनेको कुरा अल्फ्रेडले मान्नुपर्छ भनी बताएर अल्फ्रेडलाई कुर्सीमा बस्न लगाएर खुट्टा धोइदिनुभयो। अल्फ्रेडले इन्कार गर्न नसकेर त्यो कुरालाई स्वीकार गरे, र त्यसपछि ख्रीष्टले पत्रुसलाई गरेका कुराहरूलाई बताएर मानिसहरूलाई बुझाए।

अल्फ्रेड त्यहाँबाट गइसकेपछि उहाँकी श्रीमती र अर्को चार जनालाई विश्रामको आवश्यकता भयो, र उहाँहरू कामबाट विश्राम लिए। त्यति बेला अल्फ्रेडकी छोरी सुसन पनि त्यहाँ जन्मिन्, र तिनलाई त्यहाँ नाला मण्डलीमा अफ्रिकी बच्चाहरूको साथ परमेश्वरको उपस्थितिमा अर्पण गऱ्यो। यो परिस्थितिले कामदारको अभाव ल्यायो। थप मिशनरीहरू सन् १९१७ देखि १९१८ भित्र भएको युद्धले गर्दा आउन सकेनन्। यसको साथसाथै एउटा

कठोर परीक्षाको समय आयो; काम गर्ने मानिसको अभाव र अस्वस्थपना भन्ने परीक्षाहरू आए, यी सबैभन्दामाथि उहाँहरूको मुटुलाई फुटाएको चाहिँ विश्वास त्याग भन्ने परीक्षा थियो। विश्वासमा अगाडि रहेका केही इसाईहरू पापमा गिरे, र सी.टी. स्टडले यी मानिसहरूको हृदयमा अझै गहिरो रूपमा परमेश्वरको काम हुनुपर्छ भन्ने कुरालाई अझ बढी महसुस गर्नुभयो। पछिका समयहरूमा इबाम्बीमा भएका घटनाहरूले पनि यो कुरालाई पक्का गरे, र पवित्र आत्माको अभिषेक खन्याइनको लागि प्रार्थना गर्ने ठाउँमा उहाँहरूलाई पुऱ्याए। त्यसको परिणामको बारेमा पछिको अध्यायमा हेर्नेछौँ। सानो छ जनाको समूहले अहिले यो विशाल सेवामा सबैको जिम्मेवारी लिएर लडिरहेका थिए। सी.टी. स्टड लेख्नुहुन्छ, "मलाई लाग्छ, निराशाहरू नै सबैभन्दा ठुला कष्टहरू हुन्। 'यदि तिमीहरू प्रभुमा दह्रिला रह्यौ भने हामी जीवित रहन्छौं।' भनी पावलले भने जसरी हाम्रो बल पनि उहाँहरूको स्थिरतासँग जोडिएको थियो, यसैले विश्वास त्याग भन्ने निराशाले एउटा सेवकको सम्पूर्ण बललाई लुट्दछ।"

उहाँकी श्रीमतीलाई लेख्दा सी.टी. स्टडले यसरी लेख्नुभयो, "हाय, यहाँका केही मानिसहरूको पुरानो हातले गर्ने कामहरूद्वारा मुटु फुटेको अनुभव हुँदछ; छल, झूट र अशुद्धता यी कुराहरू बारम्बार दोहोऱ्याइँदो रहेछ, यसैले 'अब गिर्ने को होला?' भनी निराशामा पर्खिनुपर्दो रहेछ। यद्यपि केही विश्वासयोग्य मानिसहरू पनि छन्, यसैले उहाँहरूमा  र परमप्रभुमा रमाउन सक्छौँ।"

यी समयहरूमा उहाँहरूले पाउनुभएको उत्साहचाहिँ बिहानीको प्रार्थनामा थियो, जुन सी.टी. स्टडले सुरु गर्नुभएको थियो। प्रार्थना साढे पाँच बजेको लागि तोकिएको हुन्थ्यो, तर मानिसहरू पाँच बजे नै भीड भएर भेला हुन्थे, र गीत गाउन र प्रार्थना गर्न सुरु गर्थे। उहाँहरूको प्रार्थना नामधारी हुँदैन थियो, तर हृदयबाट निस्केको शक्तिशाली प्रार्थना हुन्थ्यो।

एक दिन काममा ढिलो भएकाले सी.टी. स्टड दुई बजेतिर सुत्न आउनुभएको थियो। निदाउनको लागि मैनबत्तीलाई निभाउन लाग्दा कुर्सीमा

कालो रूप एउटा बसिरहेको देख्नुभयो। त्यो मानिसले यसरी बेसमयमा भित्र आएकोमा क्षमा माग्यो, र भन्यो, 'म सुत्न सकिनँ, मैले पवित्र आत्मा पाउनै पर्छ! तपाईंले मेरो लागि प्रार्थना गर्नुहुन्न?' यही औषधि पाउनको लागि नै सी.टी. स्टडको समूहले प्रार्थना गर्दै आउनुभएको थियो। उहाँले त्यो मानिसको लागि प्रार्थना गरिदिनुभयो।

सी.टी. स्टडले भन्नुहुन्थ्यो, "मैले धेरैपल्ट सोच्छु कि यी मानिसहरूको प्रार्थनाद्वारा नै (र यथार्थमा घरमा भएको तपाईंहरूको प्रार्थनाद्वारा पनि हो) म जीवित छु। यिनीहरूले प्रार्थनामा जे कुरालाई बिर्से पनि मेरो लागि प्रार्थना गर्न कहिल्यै बिर्सिंदैनन्; यिनीहरूले यसरी प्रार्थना गर्छन्, 'प्रभु, हाम्रो साथ ब्वाना (गोरो प्रधान) पनि हुनुहुन्छ, धेरै वृद्ध मानिस (६०), उहाँको बल केही कामको हुँदैन, तपाईंको बल उहाँलाई दिनुहोस् प्रभु, र पवित्र आत्मा पनि।'"

सन् १९२० को वसन्त ऋतुमा उहाँहरूले पर्खिरहनुभएको सहायता आयो। श्रीमती प्रिस्सील्ला र समितिले थप मानिसहरू पठाउनुपर्ने आवश्यकतालाई महसुस गर्नुभयो, र प्रार्थना गर्नुभयो। जान तयार भएको कोही नहुँदा पनि सन् १९१९ को गर्मी याममा यसरी सन्देश पठाउनुभयो, "थप मानिसहरू यो वर्ष यहाँबाट छुट्‌दै छन्।" वर्ष अन्त हुनुभन्दा सात दिन अगि परमेश्वरले उत्तर दिनुभयो, र पहिलो समूहले अफ्रिकातिर यात्रा सुरु गऱ्यो। यो समूहमा उहाँकी कान्छी छोरी पौलिन र तिनको श्रीमान् पनि हुनुहुन्थ्यो। यसपछिको एक दुई महिनाभित्र नै अर्को दुइटा मिशनरीहरूको समूह अफ्रिका गयो, यसमा भएका सबै पुरुषहरू भर्खरै अन्त भएको युद्धबाट छुटेका थिए। त्यति बेलादेखि निरन्तर रूपमा नयाँ मिशनरीहरू अफ्रिका गइरहे, यसैले छ जना मात्र भएको ठाउँमा तीन वर्षभित्र अहिले झन्डै चालिस जना हुन पुगे।

यो समयमा इटुरी प्रान्तका मानिसहरूलाई सी.टी. स्टडले बिर्सनुभएको थिएन, र स्थानीय सुसमाचार प्रचारकहरू र बेलायती मिशनरीहरूबाट उहाँले त्यहाँका मानिसहरूले शिक्षा पाउनको लागि पुकारिरहेको खबर सुन्नुभयो। सन् १९२१ मा अल्फ्रेड बक्सटन फर्केर आउँदा नालाको कामको जिम्मेवारी

उहाँले लिनुभयो। यसैले एउटा अग्रदूत सुसमाचार प्रचारकको सबै आनन्दको साथ सी.टी. स्टडले कटनीको निम्ति बाली पाकिसकेको खेत इटुरी प्रान्ततिर आफ्नो मुहारलाई फर्काउनुभयो।

## अध्याय - १७

# सधैँ अगाडि बढ्ने र कहिल्यै पछि नहट्ने

नालादेखि चार दिन दक्षिणतिर रहेको इटुरी वनमा एउटा मुख्य प्रधान वास गर्नुहुन्थ्यो, जसको नाम इबाम्बी थियो। एउटा बाक्लो जनसङ्ख्या उहाँको गाउँमा छ भन्ने कुरा स्पष्ट देखिन्थ्यो। तिनको गाउँ जाने बाटोमा भएको वन दायाँबायाँ नै झन्डै ९० मिटर जतिको फाँडेर बाटो तयार पारेको थियो। जहाँ पनि ताडका रूखहरू र केराका बोटहरू देखिन्थ्यो। यी ताडका रूखहरू र केराका बोटहरूको बिचमा बाटोभरि नै असल तरिकाले बाँसले बनाएका छाप्राहरू थिए। ताडका रूखहरूबाट छाना र ढोकाहरू बनाएका थिए।

जहाँ हेरे पनि मानिसहरूको भीडलाई देख्न सकिन्थ्यो। तिनीहरूको आधा नाङ्गो शरीर ताडको तेलले टल्किरहेको थियो, र कपाललाई ध्यानसित विभिन्न तरिकाले बाटेर बनाएका थिए। प्रौढहरू र केटाहरूले परालले बनाएको विभिन्न आकारका टोपीहरू लगाउँथे।

साधारण रूपमा हेर्नेहरूको लागि यिनीहरू खुशी र स्वस्थ देखिन्थे, तर उहाँहरूको बिचमा केही समयको लागि औषधि बोकेर रोकिँदा बच्चाहरू शिरदेखि पाउसम्म विभिन्न घाउले भरिएको, पुरुष र स्त्रीहरूका खुट्टामा घाउ भएको, हात र खुट्टाका औँला नभएका कुष्ठ–रोगीहरू, र उहाँहरूको प्रथाले मागेअनुसार टाउको गोलो हुनुहुँदैन भन्ने कारणले बच्चाहरूको नरम टाउकोमा विभिन्न डोरीहरू बाँधेर टाउकोको रूप बिगारेको हामी देख्न सक्छौँ। तिनीहरूसँग बातचित गर्दा तिनीहरूमा भएको डर, अन्धकार र शैतानिकपना साथै निष्ठुरतालाई हरेक मुहारमा देख्न सकिन्छ। तिनीहरूको जीवनका क्रियाकलापहरूलाई नियाल्दा घोर व्यभिचारलाई देख्न सकिन्छ, कुनै पनि केटा वा केटी शुद्ध छैन। विवाह तिनीहरूको लागि व्यापार थियो, जसले बुवालाई अर्को श्रीमती किन्नको लागि पैसा ल्याउँथ्यो। यिनीहरूले कहिल्यै

प्रेमिलो र वास्ता गर्ने परमेश्वरको बारेमा सुनेका थिएनन्, पवित्रता अथवा स्वर्गको बारेमा केही बुझाइ थिएन, र यिनीहरूले कहिल्यै किताब देखेका थिएनन्। तर अझै एक कदम अगाडि बढेर हेर्नुहोस्, परमेश्वरले हेरे जसरी: हिउँजस्तो सेतो हुने गरी पखालिन सक्ने हृदयहरू, र बदल्न सक्ने त्यसका इच्छाहरू, अनन्त जीवनमा स्विकारिन सक्ने प्राणहरू, ख्रीष्टको आत्माको अधीनतामा ल्याउन सक्ने शरीरहरू र परमेश्वरलाई प्रकट गर्न प्रयोग गर्न सक्ने तिनीहरूका सबै बलहरूलाई देख्न सकिन्छ। यी सबै कुरालाई देख्न सक्यौँ भने यो असल जमिनलाई ख्रीष्टको लागि जित्न सि.टी. स्टडलाई चलाएको स्वर्गीय आग्रहलाई हामी देख्न सक्छौँ।

सन् १९२२ मा आफ्नो मुख्य कार्यालयलाई उहाँले इबाम्बीमा सार्नुभयो, र वरिपरि धेरै टाढासम्म उहाँलाई मानिसहरूले चिन्न थाले। उहाँलाई तिनीहरूले ब्वाना मुकुब्वा (महा गोरो प्रधान) भनी बोलाउँथे। धेरैलाई ब्वाना भनी बोलाए तापनि उहाँलाई मात्र ब्वाना मुकुब्वा भनी बोलाउँथे।

इबाम्बी मिशनको मुख्य कार्यालय बन्न पुग्यो। परमेश्वरप्रतिको चासो र चासो गर्नेहरूको गन्ती कसैले बढाइचढाइ गर्न नसक्ने गरी बढी थियो। उहाँले आफ्नो जीवन आनन्दसहित तिनीहरूलाई सिकाउनको लागि अर्पण गर्नुभयो।

सि. टी. स्टड: "ख्रीष्टको ज्ञान र परमेश्वरको प्रेमलाई अफ्रिकाको मुटुभरि सल्काउने एउटा मौका अगाडि छ। यस्तो प्रकारको परिणामको लागि एउटाले आनन्दसहित आफूलाई पग्लिन दिनुपर्छ, घर फर्किनु भन्ने कुरै छैन।"

सयौँ मानिसहरू शिक्षा पाउनको लागि र बप्तिस्मा पाउनको लागि इबाम्बीसम्मै आए।

सि. टी. स्टड: "बप्तिस्मा लिन आएका मानिसहरूले हामी घेरिएका थियौँ। झन्डै हरेक दिन विभिन्न दिशाबाट गीत गाउँदै आइरहेका मानिसहरूको आवाजलाई सुन्न सकिन्छ।"

उहाँ वरिपरि भएका भूभागहरूमा जान थाल्नुभयो। इबाम्बीबाट पाँच घण्टा

टाढा रहेको इम्बै गाउँको प्रधानले शिक्षक मागेकाले त्यहाँ जानुभयो।

सि. टी. स्टड: "प्रशस्त वर्षाको आवाज! थकित हृदय र बोझिलो कानहरूको लागि नजिक हुँदै आइरहेको भजनको आवाजलाई सुन्न पाउनु, र त्यसपछि परमेश्वरको वचनलाई सुन्नको लागि एक घण्टा, दुई घण्टा, आठ घण्टा र दश घण्टा हिँडेर आएका पुरुष र स्त्रीहरू, केटा र केटीहरूको समूहलाई देख्न पाउनु कस्तो रम्य कुरा! अफ्रिकी सूर्यको गर्मीमा खुला आकाशमुनि १५०० जना मानिसहरू टुसुक्क बसिरहेका भेट्टाएँ। त्यहाँ मण्डली भवन पनि थिएन, कुनै छाप्रो पनि थिएन। तिनीहरूले आफ्नो हृदय, जिब्रो र स्वरले परमेश्वरलाई भजन गाइरहेका थिए – तालिम प्राप्त नभएको बेतलबी भजन–झुन्डले उताको (बेलायत) सयौँ प्रख्यात भजन–झुन्डले भन्दा उत्तम स्वरले परमेश्वरलाई उचालिरहेको थियो। दुई घण्टाको सभाले उनीहरूलाई अप्ठ्यारो पारेन, त्यसपछि उनीहरूलाई एक घण्टा विश्रामको लागि पठाइयो, र फेरि उज्यालो मुहार र चासोसहित दोस्रो सभाको लागि फर्केर आए।

"हाम्रो रेखदेखमा तिनीहरूले १२५० जना बस्न सक्ने एउटा छाप्रो बनाए, त्यो झन्डै एउटा क्रिकेट मैदान बराबरको थियो। त्यो कामलाई तिनीहरूले उल्लेखनीय समयमा सिद्ध्याए। माथि छानाको लागि घाँस लिन तिनीहरू धेरै टाढा यात्रा गर्नुपरेको थियो, यसैले तिनीहरू थकित भएको स्पष्ट देखियो। मसँग भएको एक जनाले भन्नुभयो, 'यिनीहरूलाई एक हप्ताको लागि घर पठाएर त्यसपछि आएर काम सिद्ध्याउनु भन्नु असल हुँदैन?' मैले भनेँ, 'पक्कै! तिनीहरूले असल काम गर्नुभएको हो भनी तिनीहरूलाई भन्नू, र दुई हप्तापछि आएर तिनीहरूले काम सिद्ध्याउन सक्छ।' तिनीहरूको जवाफ यस्तो थियो, 'के भन्नुभयो? हामीले परमेश्वरको भवन बनाउने काम सुरु गरेर त्यसलाई नसिद्ध्याईकन घर जान्छौँ भनी तपाईं सोच्नुहुन्छ?'"

त्यहाँदेखि तीन घण्टा टाढा रहेको अङ्जङ्वेको मण्डलीमा पनि कुरा त्यही नै थियो।

सि. टी. स्टड: "हरेक आइतबार ५०० देखि ६०० जना मानिसहरू आराधनाको लागि तिनको गाउँमा जान्छन्। एक आइतबार हामी त्यहाँ पुगेका थियौँ, र मानिसहरूले चासोसहित पाप र धार्मिकता र आउन गइरहेको न्याय र येशूको बारेमा सुने। अङ्जङ्वेले त्यो क्रिकेट मैदान बराबरको मण्डलीको बारेमा सुनेका थिए, र आफ्ना मानिसहरूले पनि घाम र पानीको असरविना आराधना गर्न त्यस्तै मण्डली बनाउने इच्छा गरे। मसँग आएको एक जनालाई तिनले यसो भने, 'ब्वाना अहिले थकित हुनुहुन्छ, र इम्बैमा परमेश्वरको भवन बनाएको बोझले उहाँ अस्वस्थ हुनुभएको छ। अहिले गएर उहाँ विश्राम लिनुपर्छ, तर पछि आएर हामीलाई परमेश्वरको भवन बनाउन सिकाउनुहुन्छ ?' जवाफ के दिनु त? 'होइन! ब्वाना आफ्नो बेलायतमा रहेको घर जाँदै हुनुहुन्छ, जहाँ सबैले ख्रीष्टको बारेमा सुनेका छन्, र जहाँ मण्डली र सभाघर र मिशन केन्द्रहरू प्रशस्त छन्, र उहाँले तिमीहरूका मानिसहरूलाई सोझै नरकमा जान छोडिदिनुहुन्छ।' यस्तो जवाफ असल हुन्छ होला त?

"मसँग आएको एक जनाले उद्धार भन्ने इनामलाई बुझाउनको लागि एउटा सिक्का हातमा लिएर यसो भन्नुभयो, 'जो पहिले आउँछ त्यसले पाउँछ।' उहाँले पाएको जवाफले कहिल्यै अनुभव नगरेको झड्का उहाँलाई दियो, 'तर साहेब, हामी त पैसाको लागि होइन, तर परमेश्वरको वचन सुन्नको लागि आएका छौँ।'

"अर्को एक जनाले धेरै लामो समय प्रचार गर्नुभयो, र प्रचार अन्त गर्दा उहाँले यसको लागि क्षमा माग्नुभयो। त्यो काला मानिसहरूको भीडबाट एउटा वृद्ध मानिसको आवाज आयो, 'नरोक्नुहोस् साहेब, नरोक्नुहोस्! हामीमध्येमा कोही वृद्ध छौँ, पहिले कहिल्यै वचन सुनेका थिएनौँ, र भविष्यमा पनि हामीलाई सुन्नको लागि थोरै समय मात्र बाँकी छ।'"

अन्य आधा दर्जन ठाउँहरूमा पनि परिस्थिति यस्तो नै थियो, बडुआ, बकुन्डङ्गमा, अङ्सोकाका मण्डलीहरूमा पनि। धेरै जनाले उहाँलाई घर फर्किन मनाउने प्रयास गरे, तर उहाँले पाकिसकेको बालीलाई कटनी गर्न सुरु गर्नुभएको थियो, र त्यस कामलाई छोडेर जान न त अहिले मान्नुभयो, न त

पछि। उहाँले सधैँ नै यस्तो जवाफ दिनुभएको थियो, कि सबै आवाजहरू विरोधमा हुँदा परमेश्वरले निस्की आउनको लागि भन्नुभयो, र अहिले परमेश्वरले मात्र घर जान भन्न सक्नुहुन्छ। घर नगएकोमा उहाँलाई हप्काएको एक जनालाई उहाँले यस्तो जवाफ दिएर लेख्नुभयो:

"म मानिसहरूको सल्लाहलाई सुन्ने भएको भए कहिल्यै मिशनरी हुँदैन थिएँ, र 'हर्ट अफ अफ्रिका मिशन' भन्ने एउटा सुरु हुँदैन थियो। 'बोल्नको लागि परमेश्वरले मलाई दिनुभएको वचनलाई म बोल्नेछु' भनी मीकाले भने जसरी नै परमेश्वरले मलाई दिनुभएको कामलाई पूरा गर्न म लडिरहनेछु अथवा त्यो प्रयासमा मर्नेछु।

"चालिस वर्षभन्दा अगि परमेश्वरको आज्ञालाई मानेर मैले मेरी आमालाई, दाजुभाइहरूलाई, साथीहरूलाई, धन–सम्पत्तिलाई र जीवनलाई महत्त्वपूर्ण बनाउन सक्ने सबै थोकलाई त्यागेँ, र त्यति बेलादेखि त्यही बाटोमा हिँडिरहेको छु, र धेरै जनाद्वारा मूर्ख र बौलाहा भनी बारम्बार बोलाएको हुँदा सांसारिक सल्लाहकारहरू मूर्खहरू हुन् भनी प्रमाणित गर्न जिएको छु। अब मानिसहरूको टीकाटिप्पणीलाई सुनेर मेरो कर्तव्य पूरा गर्नुबाट डरले पछि हटेर आनन्दित हुनुपर्छ भनी मलाई लाग्दैन। 'श्रापित होस् त्यो मानिस, जसले मानिसमाथि भरोसा राख्दछ' भन्ने कुराले चाहिँ मरिरहेको मानिसको लागि विश्राम दिँदैन, तर अर्को एउटा कुरामा अति बढी आराम छ, त्योचाहिँ 'त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्दछ।'

"सुसमाचारको लागि चिच्च्याइरहेका र शिक्षकको लागि तिर्खाइरहेका यी मानिसहरूका आवाजप्रति म बहिरो कान फर्काउन मान्छु भनी तपाईंले सोच्नुहुन्छ? शिक्षकहरू नभएकाले मैले शिक्षकहरू पठाउन सकिनँ भनेँ म आफै थोरै समयको लागि भए पनि यिनीहरूको बिचमा रोकिन सक्छु। म जवानहरूजस्तो काममा कुशल छैनँ होला, यद्यपि अनुपस्थित हुनेभन्दा र अभावभन्दा मेरो काम पक्कै असल हुन्छ। नरकतिर गइरहेका यी पापी मानिसहरूको डरलाग्दो चिच्च्याइलाई, जो स्वर्गको बाटो जान्न इच्छुक छन्, सुन्न र जवाफ दिन अरूहरूले बेवास्ता गरे तापनि यिनीहरूको उद्धार आफ्नो

जीवन र आफूले प्यार गर्ने सबै थोकको तुलनामा केही महत्त्वको छैन भनी ठान्नेहरू छन् भन्ने कुरालाई कमसेकम मेरो उपस्थितिले यिनीहरूलाई पक्का गर्छ।

"मेरो स्वास्थ्यको बारेमा र विश्रामको आवश्यकता साथै यी भूभागहरूमा बसोबास गर्न अत्यन्तै आवश्यक पर्ने भनी मानिने धेरै कुराहरूको बारेमा परमेश्वरलाई थाहा छ। ती सबै थोक नभएकोमा म आनन्दसहित हाँस्छु, अरूहरूले लिन छोडेका जिम्मेवारीहरूलाई, त्यो जुनसुकै कारणले भए तापनि, लिनको लागि जिउँदो मृत्यु भन्ने कुरामा अति आनन्दसहित रमाउनेछु।"

सन् १९२३ मा ४० जना योद्धाहरू सेवामा थिए। यो यति विशाल भूभागको लागि थोरै भए तापनि इटुरी प्रान्तको केही महत्त्वपूर्ण ठाउँहरूमा सेवा सुरु गर्न तिनीहरू उपयुक्त थिए। चाँडै डेटी, इबाम्बी, वाम्बा, बोटोङ्वे, बोमिली र पङ्गा ठाउँहरूमा मिशन केन्द्रहरू खोलिए, साथै वेल्ली प्रान्तमा चार वटा केन्द्रहरू थिए। सन् १९१३ मा उहाँले परमेश्वरको आदेशलाई मानेको साँच्चै नै उत्तम भयो।

## अध्याय - १८

# उदेकको परमेश्वर

सन् १९१६ मा सी.टी. स्टड अफ्रिका जान निस्केको भोलिपल्ट उहाँकी श्रीमतीले विश्वासमा काम सुरु गर्नुभयो। उहाँ आफ्नो अशक्तताको ओछ्यानबाट विश्वासमा उठ्नुभयो, र त्यहाँ फेरि कहिल्यै फर्किनुभएन।

सी.टी. स्टडले अल्फ्रेड बक्सटनलाई लेख्नुभयो, "आमा (सासू–आमा) निको भएको मैले देखेकोमा एउटा महान् अचम्मको काम हो। मेरो आनन्दलाई म व्यक्त गर्न सक्दिनँ। तिनी चीनमा जस्तो थिइन्, अहिले त्यस्तै भएकी छिन्..."

पछि एकपल्ट लेख्नुभयो, "साँच्चै नै परमेश्वरले विश्वासको एउटा सानो कदमलाई पर्खिरहनुभएको रहेछ, ताकि उहाँले आफ्नो आशिष्को आँधीलाई पठाउन सकून्। त्यो आँधी म त्यहाँबाट हिँडेको भोलिपल्ट नै तिनीमाथि पर्‍यो, र तिनी पहिलेको जस्तो कहिल्यै भइनन्। अब तिनमा अशक्तता छैन; तिनी एउटा आँधी भइन्, मिशनको प्रमुख सचिव बन्न पुगिन्, साथै अन्य धेरै महान् कामहरू तिनीबाट भयो। परमेश्वरले तिनलाई अमेरिका, क्यानडा, अस्ट्रेलिया, न्युजिल्याण्ड, टास्मेनिया र दक्षिण अमेरिकामा लानुभयो; तिनी एउटा भुमरीजस्तै भएर जिइन्। तिनमा प्राणहरूको उद्धार र आफ्ना छोरीहरूको वास्ताबाहेक अरू केही कुराहरूको फिक्री थिएन।"

प्रिस्सील्लाजस्तो असल प्रचारक देशमा थिएनन्। आफ्नो श्रीमान्ले अफ्रिकामा भोगिरहेका कुराहरू सबै आफूले भोगेकोजस्तै उहाँले प्रचार गर्नुभयो। उहाँका व्याख्याहरूमा सिर्फ शब्दहरू मात्र थिएन, त्यसमा रगत र आगो थियो, चतुर काल्पनिक कुराहरू त्यसमा थिएन, तर रगत बगिरहेको हृदय, दैनिक ख्रीष्टको लागि गरिने बलिदान, र अन्यजातिका मानिसहरू, जो

जीवनभन्दा पनि उहाँको लागि अति प्रिय थिए। उहाँले दैनिक भोगिरहेको क्रूसको बारेमा कसैलाई थाहा थिएन; आफ्नो श्रीमान्‌बाट धेरै टाढा रहनु; आफ्नो काममा उहाँको सल्लाह साथै सहानुभूति नपाउनु; श्रीमान्‌बाट आउने हरेक पत्रले श्रीमान्‌को परिश्रम, दुर्बलता र ज्वरोहरूको बारेमा बताउँदा हुने मनको पीडा, साथै उहाँलाई सहायता गर्न नसकेकोमा हुने मनको दुःख, यी सबै कुराहरू उहाँले भोगिरहनुभएको थियो। हर्ट अफ अफ्रिका मिशनको स्थापक श्रीमती प्रिस्सील्ला ख्रीष्टको बाटोमा हिँड्‌नुभयो, "गहुँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ।" पेसा र धन पहिले नै वेदीमा गइसकेको थियो, अहिले स्वास्थ्य, घर र परिवार पनि वेदीमा गयो। सी.टी. स्टडले एकपल्ट भन्नुभयो, "मैले प्रभु येशूको लागि बलिदान दिन सक्ने बाँकी केही कुरा छन् कि भनी मेरो जीवनमा खोजेँ, त्यस्तो मैले थाहा पाएको कुरा केही भेटिएन।"

वार्षिक सभामा श्रीमती प्रिस्सील्लाको प्रचार सुनेकाहरूले त्यसलाई कहिल्यै बिर्सन सक्दैनन्। उहाँले त्यति बेला मिशनको लागि डर नबोक्ने दश जनाले आफ्नो जीवन दिन आव्हान गर्नुभयो, उहाँहरू यस्तो प्रकारको हुनुपर्छ भनी भन्नुभयो:

*"सडक नभएका ठाउँमा जाने मानिसहरू*
*मारिन तयार भएका मानिसहरू!*
*आगोको ज्वाला भएका मानिसहरू!*
*ब्राइनेर्डजस्ता मानिसहरू!"*

परमेश्वरले श्रीमान् सी.टी. स्टड र श्रीमती प्रिस्सील्लालाई हाइल्याण्ड सडकमा भएको एउटा घरलाई मिशनको मुख्य कार्यालयको रूपमा दिइसक्नुभएको थियो। सन् १९१३ मा मिशनको बारेमा केही पनि सोच नभएको समयमा नै सी.टी. स्टडले त्यो घरलाई किन्न छुट्टै प्रकारले अगुवाइ पाउनुभयो, साथै त्यस घरमा चाहेका फर्निचरहरूलाई किन्नको लागि पनि अचम्म तरिकाले अगुवाइ पाउनुभएको थियो।

हाइल्याण्ड सडकमा भएको घरले एउटा उपयुक्त भवनको रूपमा काम

गऱ्यो, तर काम विस्तार हुँदै जाने क्रममा पाहुनाहरू, आउने जाने मिशनरीहरू, कार्यालयमा काम गर्नेहरू र प्रकाशन भइरहेका थुप्रै किताबहरू यी सबैलाई त्यो घरले थाम्न सकेन। त्यसपछि सन् १९२१ मा श्रीमती प्रिस्सील्ला र साथमा भएको भान्छामा काम गर्ने एक जना स्त्री मिलेर विश्वासको कदम उठाएर कार्यालयको पछाडिको जमिनलाई भाडामा लिएर नयाँ कार्यालय र प्रार्थना सभाहरूको लागि नयाँ भवन बनाए।

श्रीमती प्रिस्सील्ला आफैले ती कुराहरूको बारेमा बताउनुहुन्छ, "त्यति बेलाका समयहरूमा म अशक्त थिएँ, र आधा दिनलाई ओछ्यानमा बिताउँथेँ। हाम्रो घरको रिसाहा भान्से मेरो कोठाभित्र आइन् र भनिन्, 'छपाइ खानाबाट दश हजार किताबहरू आएका छन्, र यसलाई कहाँ राख्ने हजुर?' 'त्यो बक्सालाई भुइँ तलाको बाटोमा भित्ताको छेउमा राख्न सक्दिनौ तिमी?' भान्से: 'थुप्रै किताबहरू त्यहाँ हुँदा मैले कसरी भुइँ सफा गर्ने? यस्ता थुप्रै फोहोर भएको बक्सा राखेर कसरी सफा राख्ने?' 'त्यसो भए मेरो कोठाको भित्ताको छेउ-छेउमा राखिदे।' 'होइन, त्यस्तो गरेर हुँदैन।' 'भनेपछि मलाई थाहा छैन, त्यसलाई छतमा हालिदे!' भान्से झन् रिसाएर बाहिर निस्किन्।

"यसरी धेरैपल्ट भयो। एक दिन तिनी आएर भनिन् कि तपाईंले प्रार्थना गरेर धेरै उत्तर पाउनुहुँदो रहेछ, हाम्रो घरको छेउमा भएको गाडी राख्ने ठाउँलाई प्रभुले खाली गरिदिऊन् भनेर प्रार्थना गर्नुभएको भए असल हुन्थ्यो। मैले भनेँ, 'यो त पूर्ण रूपमा असम्भव कुरा हो, त्यो गाडी राख्ने ठाउँ एउटा ठुलो डाक्टरको हो, उहाँसँग तीनटा ठुला कार छन् र घोडाहरू पनि छन्। तर हेर, म तिमीलाई एउटा काम भन्छु, 'तिमी गएर ती गाडीहरूलाई चलाउने चालक त्यहाँबाट निस्कोस् भनी प्रार्थना गर।'

"वसन्त ऋतु आयो, भान्से एक दिन मेरो कोठामा आएर त्यो चालकले यो पाली आफ्नो बगैँचा खनेको छैन, तपाईं आएर हेर्नुहोस् भनी भनिन्। मैले भनेँ, 'त्यसैले के भयो त?'

भान्से: 'त्यसको अर्थ त्यो जाँदैछ।'

म: 'ए हो, तिमी त्यस्तो सोच्दैछ्यौ।'

भान्से: ‘पक्का हो।’
म: ‘ठीक छ, पर्खेर हेरौँ।’

साँच्चै नै चालक त्यहाँको काम छोडेर सेनामा काम गर्न गयो। डाक्टरको ती ठुला गाडीहरू त्यहाँबाट लानुपर्ने भयो, र गाडी राख्ने ठाउँ खाली भयो। अब तपाईंले के गर्नुहुन्छ भनी भान्सेले सोधिन्। त्यति बेला युद्ध भइरहेको थियो, यसैले मैले भनेँ, कि योभन्दा बढी आर्थिक जिम्मेवारीहरू म लिन सक्दिनँ।

“वर्षमा सय पाउण्ड तिरेर त्यो ठाउँलाई लिन परमप्रभुमाथि भरोसा राख्न ममा विश्वास भएन। अन्तमा त्यो ठाउँलाई एउटी आमाले बिरालो र कुकुर पाल्ने ठाउँको रूपमा लिनुभयो। त्यस ठाउँबाट आएको दुर्गन्धले गर्दा छिमेकीहरू सबैले सम्बन्धित निकायमा उजुरी पेस गरे। त्यो ठाउँ फेरि खाली भयो।

“त्यो ठाउँ फेरि खाली भयो, तर अरू कसैले लिए, मैले विश्राम पाएको अनुभव गरेँ। म स्कटल्याण्डमा हुँदा मेरो सचिव बर्क्लेले त्यो ठाउँ फेरि खाली भएको कुरा बताउनुभयो। फेरि एकपल्ट पर्दैन भन्ने आँट ममा भएन, यसैले अगाडि बढेर त्यो ठाउँलाई भाडामा लियौँ।”

डोरतीको श्रीमान् श्रीमान् गिल्बेर्ट बर्क्ले सन् १९१९ देखि आठ वर्षसम्म मिशन काममा रहनुभयो। श्रीमती प्रिस्सील्लालाई उहाँले धेरै मद्दत पुऱ्याउनुभयो, साथै एउटा नयाँ समयको पनि सुरुवात भयो। सी.टी. स्टडले सुरुमा बताउँदाखेरि उहाँको लक्ष्यचाहिँ सुसमाचार प्रचार नगरिएका सबै देशहरूमा सुसमाचार पुऱ्याउनु भए तापनि अहिले सबै ध्यान अफ्रिकामा मात्र भइरहेको थियो। अब मिशनलाई एउटा विश्वव्यापी नाम दिनुपर्छ, साथै परमेश्वरले अगुवाइ गरेबमोजिम अन्य देशहरूमा पनि जानुपर्छ भन्ने सर्त राखेर श्रीमान् गिल्बेर्ट बर्क्ले मिशनमा काम गर्न आउनुभयो। मिशनको नाम “वोर्ल्ड वाइड एभान्जलइसेसन क्रूसेड” भनी राखियो, र हरेक देशमा चल्ने कामको लागि उपनाम पनि दियो। सन् १९२२ मा हर्ट अफ अमेजोनिया मिशन भन्ने नाममा तीन जना जवानहरू अमेजन वनमा बसोबास गर्ने रातो भारतीहरूलाई

खोजेर गए। अमेजोनियामा बसोबास गर्ने जातिहरू आधा नाङ्गो, क्रूर र परालमा परेको सियोजस्तो भेट्टाउन गाह्रो हुन्छन्। तिनीहरूमध्येको एउटा भएको गुआजाजरा जातिका मानिसहरूलाई सुसमाचार पुऱ्याउने प्रयासमा फेन्टन हलले आफ्नो जीवन गुमाउनुपर्ने भयो, तर तीन जना अस्ट्रेलियाका मानिसहरूले उहाँको ठाउँलाई लिएर काम गरे, दश वर्षपछि हेर्दा ती जातिका केही मानिसहरू उद्धार पाएका थिए, र धर्मशास्त्रका केही भागहरू उनीहरूको भाषामा अनुवाद भएको थियो।

बिस्तारै अमेजोनिया मिशन अगाडि बढ्दै गयो, सी.टी. स्टडको मृत्यु हुने बेलामा त्यहाँ १६ जना मिशनरीहरू काम गरिरहेका थिए।

अफ्रिका र अमेजोनियापछि तेस्रो मध्य एसियामा काम सुरु भयो। दुई जना मिशनरीहरू जाक पुर्वेस र रेक्स बेविङ्टन भारत गए, त्यहाँ उहाँहरू सेन्ट्रल एसियन मिशनको सहकारितामा चार हजार दुई सय मिटर उचाइमा रहेको सानो तिब्बत (जसलाई अहिले बल्तिस्तान र लद्दाख भन्ने नाममा चिनिन्छ।) मा सेवा गर्न गए। उहाँहरूले दरिद्र र फोहोरी मानिसहरू भएका बल्तिहरूको बिचमा सेवा गरे।

चौथो र पाँचौँ प्रयासहरू अरेबिया र पश्चिम अफ्रिकामा भयो। दुवै नै पहिलो प्रयासमा असफल भयो, अरेबिया गएको मिशनरी घर फर्किनुभयो, र पश्चिम अफ्रिकामा गएको मिशनरी अल्फ्रेड हाव्ले एक वर्षभित्र मर्नुभयो। तर पछि हर्ट अफ अरेबिया मिशन फेरि स्थापित भयो, ज्याक विल्सन अरबी भाषा सिकेर बदूईन जातिहरूको बिचमा काम गर्नुभयो। पश्चिम अफ्रिकामा फेरि एउटा मिशनरी परिवार काम गर्न जानुभयो, र कोलम्बियामा पनि सेवा सुरु भयो।

आर्थिक कुराहरूको लागि कहिल्यै पनि कतै पनि माग राखिएन, सभाहरूमा भेटीहरू सङ्कलन गरिएन, ढोकाको छेउमा भेटी सङ्कलनका लागि भाँडाहरू राखिएन, साथै दिने कामलाई उत्तेजित पार्न कुनै पनि माध्यमहरू प्रयोग गरिएन। "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको

खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्" भनी भन्नुभएको परमेश्वरको विश्वसनीयतामाथि भरोसा राखेर नै सबै कामहरूलाई सुरु गऱ्यो, र अगाडि बढाउँदै लग्यो। मिशनरीहरूलाई आर्थिक रूपमा थाम्ने जिम्मेवारी बेलायतमा भएको संस्थाको समितिले लिएको थिएन, तर तिनीहरू एउटा स्रोतलाई पठाउने माध्यमको रूपमा मात्र थिए। मिशनस्थलमा कति पैसा पुग्यो भन्ने कुराको बारेमा उनीहरूले चिन्ता गर्दैन थिए, किनभने त्यो मालिक र नोकर बिचको र बुवा र छोरा–छोरी बिचको कुरा थियो। मिशनस्थलमा काम गर्ने कसैलाई पनि तोकिएको तलब भन्ने केही थिएन; मिशनस्थलमा बेलायतबाट आइपुग्ने पैसालाई त्यहाँका मिशनरीहरूको बिचमा बराबर बाँडिन्थ्यो। त्यहाँ कुनै गनगन थिएन। पछिका समयहरूमा सी.टी. स्टडको स्थान लिएको श्रीमान् ह्यारिसनले यसको बारेमा यसरी गवाही दिनुभएको छ:

"पैसासम्बन्धी कुराहरूमा त्यो व्यक्तिगत आवश्यकता होस् अथवा मिशनस्थलको आवश्यकता होस् अथवा साझा रूपमा गरिने कामको आवश्यकता होस्, म पूर्ण रूपमा स्वतन्त्र छु, र ममाथि यो भार छैन।

"यी शब्दहरूको गवाही म आफै छु :

*"हो, यो विश्वासको जीवन साँच्चै नै जिउनु मूल्यवान् छ,*
*र वर्षभरि नै निराशको क्षण भन्ने छैन।*
*किनभने कचौराको तेल कहिल्यै, कहिल्यै टुटेको छैन,*
*र भोजनको भाँडामा सधैँ एक मुठी बढी नै रहन्थ्यो।*
*हल्लेलूयाह!"*

परमेश्वरको अनुग्रही हात उहाँहरूमाथि थियो, बीस वर्षको काममा मिशन कहिल्यै ऋणमा परेको थिएन। श्रीमान् स्टडको मृत्यु हुने बेलासम्म परमेश्वरले उहाँलाई १,४६,७४६ पाउण्डभन्दा बढी दिनुभयो। परमेश्वरको लागि सबै थोकलाई छोडेर पछ्याउनेहरूको लागि उहाँ विश्वासयोग्य रहनुहुन्छ भनी हामीले पहिले नै भनेका थिएनौँ र? त्यो बीस वर्षभित्र मात्रै सी.टी. स्टडले चीनमा हुँदा परमेश्वरलाई दिनुभएको रकमको पाँच गुणा

परमेश्वरले फिर्ता दिनुभयो। सी.टी. स्टड र उहाँकी श्रीमतीले मिशनको पैसामा एक सिक्कालाई पनि आफ्नो व्यक्तिगत खर्चमा प्रयोग गर्नुभएन।

सी.टी. स्टडले सन् १९१८ मा यसरी आफ्नी श्रीमतीलाई लेख्नुभयो, "हर्ट अफ अफ्रिका मिशनको एक सिक्कालाई पनि नछुनू। हामीले परमेश्वरमाथि भरोसा राखेका छौँ, र उहाँमाथि नै भरोसा राख्नेछौँ; र उहाँले मलाई मारे पनि उहाँमाथि नै भरोसा राख्नेछु। उहाँले हामीले उहाँमाथि राखेको प्रेम र भरोसालाई परीक्षा गर्दै मात्र हुनुहुन्छ, यसैले दरिद्रतालाई म स्वागत गर्छु। कसैलाई पनि कामबाट नहटाउनू, हामी परमेश्वरमाथि भरोसा राख्नेछौँ, र हामीले पार गर्नेछौँ; हो, हामी डुब्नेछैनौँ। उहाँले हामीलाई त्याग्नुहुनेछैन, र यही भरोसा नै हामी उहाँका हौँ भन्ने कुराको गवाही हो। उहाँमाथि भरोसा राख्ने को शर्ममा परेको छ त? हामीले एक सिक्का पनि त्यहाँबाट लिनेछैनौँ, तर हाम्रो लागि भनी पठाएको बाहेक, र पक्कै उहाँले पठाउनुहुनेछ।"

परमेश्वरले सी.टी. स्टडलाई व्यक्तिगत रूपमा पैसा पठाउन दुई जनालाई प्रयोग गर्नुभयो, जसलाई सी.टी. स्टड आफैले पनि भेट्नुभएको छैन होला। उहाँहरूले मिशनस्थलमा सी.टी. स्टडको व्यक्तिगत खर्च भनी ५०० पाउण्ड र १००० पाउण्डका भेटीहरू बारम्बार पठाइरहे। उहाँको व्यक्तिगत खर्च भन्ने कुराचाहिँ त्यो पैसालाई उहाँको बाँसले बनाएको छाप्रोमा फलामको बक्सामा जम्मा गरिराखेर कामलाई अगाडि बढाउन आफ्ना सहकर्मीहरूलाई सहायता गर्नु नै थियो। के परमेश्वर कुनै मानिसको ऋणी हुनुहुन्छ त?

## अध्याय - १९

# जब पवित्र आत्मा आउनुभयो

धेरै वर्ष अगि सी.टी. स्टड चीनमा हुँदा बुथ टक्करले यसरी लेख्नुभएको थियो, "याद गर्नुहोस्, प्राण बचाउनुचाहिँ बचाएको प्राणलाई सन्त बनाउनु, सिपाही बनाउनु र उद्धारक बनाउनु भन्ने कुराहरूको तुलनामा सजिलो छ, र यी कुराहरू जतिको चाहिँ त्यो महत्त्वपूर्ण होइन।" अफ्रिकाको मुटुमा सी.टी. स्टडको चुनौती पनि अहिले यही नै थियो। उहाँ नालामा हुँदा सुरुका केही समयसम्म असल परिणामहरू र धेरै बप्तिस्माहरू देख्नुभयो, त्यसपश्चात् धेरै निराशपनाहरू, पापका प्रमाणहरू, अल्छीपनाहरू र स्वार्थीपनाहरूलाई भेट्टाउनुभयो। अगुवाको रूपमा काम गर्नेहरू र सुसमाचार प्रचारकहरूको बिचमा पनि यी समस्याहरू थियो, जसले गर्दा पवित्र आत्मा खन्याउनुपर्ने आवश्यकतालाई स्पष्ट देखायो। अहिले इटुरी प्रान्तमा पनि उहाँले त्यही कुराहरूलाई सामना गर्नुपर्ने भयो। उहाँको मिशनरी सेवाको सुरुका समयहरूदेखि नै उहाँ अपरिपक्व काममा सन्तुष्ट हुनुहुन्न थियो। उहाँले यी कुराहरूमा सुरुका झड्काहरू चीनमा हुँदा नै पाउनुभएको थियो। प्रतिष्ठा पाएका मिशनस्थलहरूमा पुगेर ध्यानसित त्यहाँका कामहरूलाई हेर्दा परमेश्वरको गहिरो कामका प्रमाणहरू थोरै मात्र भेट्टाउनुभएको थियो। अहिले आफ्नै काममा उहाँले यो परिस्थितिलाई सामना गर्दै हुनुहुन्छ, र पवित्र आत्मा मानिसहरूमाथि आउने बेलासम्म परमेश्वर र मानिसहरूलाई विश्राम नदिने निर्णय गर्नुभयो। उहाँ धर्मशास्त्र र आफ्नो अनुभव यी दुवैबाट कामदारहरू निर्माण नगर्ने विश्वास मिथ्या विश्वास हो भन्ने निर्णयमा आउनुभयो।

"ख्रीष्ट येशूले हामीलाई आफ्नो रगत र आफ्नो आत्माद्वारा बचाउन आउनुभयो। रगतचाहिँ हाम्रा पुराना पापहरूलाई धोई पखाल्नको लागि र आत्माचाहिँ हाम्रो हृदयलाई परिवर्तन गर्न र सही तरिकाले जिउन हामीलाई

सामर्थ्य दिनको लागि हो। उहाँले हामीलाई पापमा बचाउन आउनुभएको होइन, तर पापबाट बचाउन आउनुभयो। उहाँले पापीहरूलाई बचाउन, र तिनीहरूलाई धर्मी बनाउन आउनुभयो। दण्डविना पाप गर्ने अनुमति दिनको लागि येशू ख्रीष्ट मर्नुभएन। 'मेरा भेडाहरूले मलाई पछ्याउँछन्,' र ज-जसले ख्रीष्टलाई पछ्याउँछन् तिनीहरू ख्रीष्टजस्तै जिउनेछन्, र त्यो जीवन पापमा जिउने जीवन हुँदैन। यूहन्नाले भन्नुभयो, 'कसैले धार्मिकतामा जिउँदैन भने ऊ परमेश्‍वरको होइन,' र 'जसले पाप गर्दछ, त्यो शैतानबाटको हो।' हामी धर्मशास्त्रलाई विश्‍वास गर्छौं; सो गर्न हामी  बाँधिएका छौँ; कुनै पनि कारणले शत्रुको सामुन्ने हामी त्यसको स्तरलाई घटाउन दिनुहुँदैन।"

र एउटा मिशनरीलाई उहाँले यसरी लेख्नुभयो:

"हामीले मानिसहरूलाई सत्य बताउनुपर्छ:

१. तिनीहरू खराब छन्, र त्यसैले अनन्तकाल पीडामा जिउनको लागि खराब ठाउँमा जाँदैछन्।

२. यदि तिनीहरू परिवर्तन भएर असल भएनन् भने असल ठाउँमा जान सक्दैनन्।

३. तिनीहरू असल बन्न तयार छन् कि? अर्थात् सबै खराबलाई त्याग्न तयार छन् कि?

४. तयार छन् भने परमेश्‍वरको प्रेमद्वारा त्यसको लागि एउटा बाटो छ, जुन प्रेमको खातिर परमेश्‍वर पाप र पापीहरूको विरुद्धमा भएको आफ्नो क्रोधलाई रोकिराख्न तयार हुनुभएको छ। दुइटा कुराहरू गरिनुपर्छ:

- क. विगतका पापहरू धोइनु
- ख. पवित्र जीवन जिउनको लागि शक्ति पाउनु
  - अ. ख्रीष्ट येशूको रगतद्वारा।
  - आ. ख्रीष्ट येशूको आत्माद्वारा।

"अहिले महत्त्वपूर्ण कुराचाहिँ यी मानिसहरूका आँखाहरूलाई खोलिदिनु हो। यिनीहरूले नरक, र आफ्नो पापको परिणामलाई देख्नुपर्छ, र त्यसले डर पैदा गर्छ, परमप्रभुको भय, जुनचाहिँ ज्ञानको सुरुवात हो। यिनीहरूमा यो डर

आइसकेपछि बाँकी सबै कुरा सजिलो हुन्छ; तर यो डरले एउटा मानिसलाई पक्रेन भने उसको त्यो उद्धार भन्ने कुराचाहिँ नामधारी मात्र हुन्छ। साँचो प्रेमले मानिसलाई वास्तविकता देख्न जगाउँछ, झूटो प्रेमले उसलाई निद्रामा पारेर तल नरकमा लान्छ, र उसको नरक जाने बाटोमा अझै चिल्लोपना पनि थपिदिन्छ।

"धेरै मानिसहरू आधा निद्रामा हुन्छन्, अथवा बेइमान छन्, र विभिन्न प्रकारका काल्पनिक सिद्धान्तहरू आफै बनाउँछन्, जसले एउटा अपवित्र मानिस अपवित्रतामा नै स्वर्ग जान सकिन्छ भनी सिकाउँछ। तर याद गर्नुहोस्, ख्रीष्ट येशू हामीलाई चुना लगाउन मर्नुभएको होइन। हामीलाई पुनः सृष्टि गर्नको लागि मर्नुभयो, र उहाँका नयाँ सृष्टिहरू मात्रै स्वर्गमा प्रवेश गर्न पाउनेछन्।"

धर्मशास्त्र भन्ने नाप्ने फित्ताले अहिले उहाँले इबाम्बी र वरिपरि भएका हजारौँ इसाईहरूलाई नाप्नुभयो।

"स्थानीय मण्डलीको अवस्थादेखि हामी असन्तुष्ट छौँ। भजनहरू गाउनु र आराधनामा जानु असल कुरा हो, तर हामीले पवित्र आत्माका फलहरू र साँचो परिवर्तित जीवन र हृदय, पापप्रति घृणा र धार्मिकताप्रतिको प्यासलाई देख्नुपर्छ। परमेश्वरले यो गर्न सक्नुहुन्छ, र योभन्दा कम स्तरमा हामी सन्तुष्ट बन्नुहुँदैन; हामीलाई पवित्र आत्माको आँधी र वातावरणको आवश्यकता छ, र हामीले त्यो पाउनेछौँ। उहाँले ख्रीष्ट येशूद्वारा आफूकहाँ आउनेहरूलाई पूर्ण रूपमा बचाउन सक्नुहुन्छ। इसाईहरू, गोरो भए तापनि कालो भए तापनि, ख्रीष्टको आत्मामा र पवित्रता, बलिदान र सेवाको आत्मामा हिँडेनन् भने, जसरी हामीले उहाँलाई महिमा ल्याउन सक्छौँ, त्यसरी नै हामीले उहाँलाई अपमान पनि ल्याउँछौँ।

"यी मानिसहरू नरक र शैतानबाट भाग्न चाहन्छन्, यिनीहरूले आफ्नो दुष्ट र अशुद्ध जादु टुनालाई त्यागेका छन्, र त्यो सानो कुरा होइन। यिनीहरूले लाल समुद्रलाई पार गरिसकेका छन्, आनन्दको भजन गाएका

छन्, अहिले मरुभूमिमा आएका छन्; अहिले परीक्षा र क्रूस देख्न थालियो, र त्यसपछि गनगन। एउटा मुख्य इसाईलाई कोर्रा लगाएको छ, र अहिले सबैले यसरी भन्न थालेका छन्, 'सबै इसाईहरूलाई कोर्रा लगाउँदैछ।' ठुलो एउटा डर धेरै मानिसहरूमा आएको छ, धेरै अहिले ख्रीष्टलाई पछ्याउन छोडेर भागेका छन्। जसलाई कोर्रा लगाएको थियो (ख्रीष्टको खातिर) त्यो आफैले पनि त्यसलाई नराम्रो मान्यो, र लामो समय कालो अनुहार बोकेर हिँडिरह्यो। ख्रीष्टको लागि दुःख भोग्नुमा उसलाई आनन्द छैन।

"अझै खराब कुराहरू आउन लागेका छन् भन्ने कुरालाई देखाउने अन्य चिन्हहरू पनि देखा पऱ्यो। यी मानिसहरूको एउटा नराम्रो पापचाहिँ डरलाग्दो अल्छीपना हो। एउटा कुर्सीमा बसेर गफ लगाइरहनु सबैले मन पराउने कुरा हो, र काम गर्नुचाहिँ मूर्खता हो। अरूलाई काम गर्न लगाउनुचाहिँ बुद्धिमानी हो। यी मानिसहरूले स्वीकार गरेको इसाइत्वले यो कुरालाई सुधारेको छैन; सकभर सबै जना कामबाट उम्किन खोज्छन्, साथै इसाइत्वले यिनीहरूको बिचमा प्रेम उत्पन्न गरेको छैन। यिनीहरूले त्यसको बारेमा गाउँछन्, बातचित पनि गर्छन्, तर परमेश्वरको लागि बलिदान गर्नु अथवा काम गर्नु भन्ने कुरा आउँदा यिनीहरूको प्रेम हराउँछ। अर्को एउटा कुराचाहिँ यिनीहरूमा परमप्रभुको भय छैन। खराबलाई घृणा गर्नु नै परमप्रभुको भय हो, र धार्मिकतालाई प्रेम गर्नु नै ईश्वरीय प्रेम हो। कतै केही असल मानिसहरू हामीले भेट्टाउन सक्छौँ होला, तर त्यो दुर्लभ कुरा हो। बप्तिस्मा पाइसक्यो, र थुमाको रगतले धोइसक्यो, यसैले हामी स्वर्ग जाँदैछौँ; र हामीले झूट बोल्दैछौँ कि, छल गर्दैछौँ कि, चोर्दैछौँ कि अथवा व्यभिचार गर्दैछौँ कि भन्ने कुराहरूको मतलब छैन भन्ने विचार यिनीहरूमा भएको देखिन्छ।"

यही समयमा अर्को एउटा गम्भीर समस्या पनि सुरु भयो। मिशनमा काम गर्ने केही सेवकहरूले व्यवहारमा पवित्रता हरेक साँचो विश्वासीको जीवनमा हुनुपर्छ भन्ने कुरामा सी.टी. स्टडले दिने जोडलाई विरोध गरे। अरू केही मानिसहरू साधारण विश्वास र उच्च बलिदान भन्ने मिशनको स्तरमा रहेर जिउन तयार भएनन्, जुन सिद्धान्तहरूमा मिशन स्थापना भएको थियो,

जसको अर्थचाहिँ स्थानीय रूपमा बनाएको घरमा बसोबास गर्नू, सादा भोजन खानू, बिदा नलिनू, कुनै पनि प्रकारको मनोरञ्जनमा सहभागी नहुनू र पूर्ण रूपमा अन्यजातिका मानिसहरूलाई बचाउने काममा आफूलाई दिनू। सी.टी. स्टडको नेतृत्वलाई विरोध गर्ने एउटा परिस्थिति भइरहेको थियो, जुन कुरा दुई जनालाई कामबाट निकाल्नू र केही मानिसहरूले राजीनामा दिनू भन्ने कुराहरूपछि अन्त भयो।

यो समय अति नै कठोर लडन्तको समय थियो। उता बेलायतमा रहेको समितिमा पनि केही मानिसहरू यो कुरामा सहमत थिएनन्। मिशनमा परिवर्तन चाहिरहेका मानिसहरूसँग सी.टी. स्टडले सम्झौता नगरेकोमा उनीहरू असन्तुष्ट थिए। परमेश्वरले नबताईकन घर नफर्किनु, मानिसहरूको धारणालाई वास्ता नगर्नु र सबैले उहाँलाई त्यागे तापनि ज्वरो र परिश्रमको बिचमा मिशनको सुरुका सिद्धान्तहरूमा नै अडिग रहने सङ्कल्प यी नै सी.टी. स्टडले सम्झौता गर्न नचाहेका कुराहरू थिए। यथार्थचाहिँ यो वर्षचाहिँ मिशनको लागि लडन्तको वर्ष थियो। पवित्र आत्मा र शैतानको बिचमा लडन्त भइरहेको थियो। एक जनाले कामको निरन्तरताको लागि, र अर्कोचाहिँ वोर्ल्ड वाइड एभान्जलइसेसनको औजारलाई निर्मूल पार्नको लागि थियो। सी.टी. स्टड एउटा मिशनको मानवीय स्थापक मात्र हुनुहुन्थ्यो, उहाँ यो मिशनको मोशा जस्तै हुनुहुन्थ्यो। मोशाले एउटा दासत्वमा परेको जातिलाई उजाड स्थानमा लगे, र त्यहाँ चालिस वर्षसम्म कठोर परीक्षाहरू र विद्रोहहरूको अगाडि नझुकीकन उभिरहे। सबै प्रकारको सम्झौता र विश्वास त्यागका सल्लाहहरूलाई इन्कार गरे, र अन्तमा उनको उदाहरण र तालिमद्वारा परमप्रभुको आदेशलाई पूरा गर्न सक्ने र प्रतिज्ञा गरेको देशलाई कब्जा गर्न सक्ने युद्ध गर्ने सेना छोडेर गए। सी.टी. स्टडले पनि त्यही नै गर्नुभयो। परमप्रभुको अधीनतामा रहेर मिशनलाई स्थापना गर्नुभयो, मिशनको उद्देश्य र मूल सिद्धान्तहरू बनाउनुभयो, कठोर परीक्षाहरूको समयमा मिशनको नेतृत्व गर्नुभयो। आफ्नो जीवनको उदाहरण र आज्ञाहरूद्वारा आफ्ना सहकर्मीहरूलाई ख्रीष्टको लागि असल सिपाहीको रूपमा जिउन तालिम दिनुभयो, र अहिले मिशनस्थल र आफ्नो देश दुवैमा सुसमाचार प्रचार नगरिएका भागहरूलाई कब्जा गर्न "सक्षम" र "घरका मालिकको निम्ति चोखो, उपयोगी, र कुनै

पनि असल कामको निम्ति तयार" भएको एउटा युद्ध गर्ने सेना छोडेर जानुभएको छ। हरेक परमेश्वरको काममा हरेक परमेश्वरको सेवकले एउटा परीक्षाको समयलाई पार गर्नुपरेको हुन्छ, किनभने त्यसद्वारा मात्रै सबै अशुद्धताहरू हटाइनेछ, कमजोरपना र अविश्वासलाई ज्योतिमा ल्याएर निर्मूल पारिन्छ, ताकि औजार कामको लागि सक्षम हुनेछ। हरेक व्यक्ति जसरी नै हरेक काम पनि क्रूसमा लगिनुपर्छ, ताकि सबै प्रकारका मानवीय कुराहरू मरोस्, र सबै प्रकारका ईश्वरीय कुराहरू अजय भएर फेरि पनि जित्नको लागि उठोस्।

सी.टी. स्टडको लागि यो एउटा गेतसमनीको अनुभव थियो, त्यति बेला उहाँले लेखिएका पत्रहरूमा आफूलाई गलत तरिकाले बुझेको कुराको लागि चुकाउनुपर्ने मूल्य, र एउटा नयाँ आत्मा आफूहरूको बिचमा काम गर्न उहाँले कति चाहना गर्नुभयो भन्ने कुराहरूलाई व्यक्त गर्नुहुन्थ्यो:

"कोही बेला, विशेष गरी अहिले भर्खरै बितेका समयहरूमा मेरो क्रूस बोक्नै नसक्ने गरी गह्रौँ भएको अनुभव गर्छु, र मलाई डर लाग्छ, किनकि धेरैपल्ट म त्यसको मुनि बेहोस हुन्छु कि जस्तो लाग्छ, तर म बेहोस नभईकन अगाडि बढिरहन्छु भनी आशा गर्छु। मेरो हृदय थकित भएको र निको हुन नसक्ने गरी चोट लागेको जस्तो लाग्छ, र मेरो गहिरो एकलोपनामा म धेरैपल्ट संसार छोड्न चाहन्छु, तर परमेश्वरलाई नै के असल हुन्छ भनी थाहा छ, र उहाँले मैले गरेको चाहने सबै कामलाई गर्न म चाहन्छु।"

सन् १९२५ मा परिवर्तनको समय आयो। त्यो दिन रात एउटा नयाँ मिशन जन्म्यो, अथवा पहिलेको मिशन पुनः जन्म्यो, र त्यो दिन रातदेखि लडन्तहरू हट्न थाले, किनभने परमेश्वरले एउटा अजय विश्वासीहरूको नयाँ पुस्तालाई उठाउन थाल्नुभयो, जसले पुराना मानिसहरूले पाएको त्यही आत्माले बप्तिस्मा पाएका थिए।

त्यो दिन रात इबाम्बीमा सी.टी. स्टड धेरै मनको बोझसहित प्रार्थनामा आउनुभएको थियो, कसै गरी एउटा पवित्र आत्माको शक्तिशाली काम,

जसले सबै प्रकारको बाधालाई हटाएर फेरि पनि पवित्र आत्माको काम हुन ठाउँ दिन्छ, हुनुपर्छ भन्ने चाहना बोक्नुभएको थियो। आठ जना मिशनरीहरू उहाँसँग त्यो दिन भेला भएका थिए। उहाँलाई मनपर्ने विश्वासका नायकहरूको अध्याय हिब्रू एघारलाई मिलेर पाठ गरे।

सी.टी. स्टडले त्यहाँ यसरी बोल्नुभएको थियो, "तर यस्ता मानिसहरूसँग हामीजस्ता मानिसहरू सुनको सडकमा हिँड्छौँ होला त? के यो सम्भव छ र? त्योचाहिँ योग्य भएकाहरूका लागि मात्र हो! त्यस्तो हो भने हामीलाई पनि एउटा मौका छ! महिमा! हल्लेलूयाह! हृदयहरू जल्न थाले! यी नायकहरूको महिमित कामहरूले हृदय र प्राणलाई जलाएको जस्तै लाग्यो। कति महान् र पूर्ण बलिदान तिनीहरूले गरेका थिए! परमप्रभुले तिनीहरूलाई कति सम्मान गर्नुभयो, र अरूका लागि आशिष्का पात्रहरू बनाउनुभयो – त्यति बेला तिनीहरूको जीवनकालमा पनि र आज रात यहाँ पनि। यसरी यो मरेतुल्य मानिसहरूलाई विजय पाउन र मर्न कुन आत्माले सहायता गऱ्यो? परमेश्वरको पवित्र आत्माले नै हो, जसको प्रधान गुणचाहिँ जीवन नै गुमाउन परे तापनि निडर रहने सङ्कल्प, वीरता र परमेश्वरको लागि बलिदान गर्नुमा तीव्र इच्छा र त्यसमा आनन्द, जसले सबै मानवीय दुर्बलताहरू र शारीरिक इच्छाहरूलाई क्रूसमा लान्छ। आज राति हामीलाई चाहेको यही नै हो! सर्तहरू के के छन्? ती सधैँ एउटै हो, 'बेच!' परमेश्वरले चाहेको मूल्य एउटा मात्र हो, त्यो मूल्यमा कहिल्यै छुट हुँदैन, जसले सबै कुरा दिन्छ त्यसलाई उहाँले सबै कुरा दिनुहुन्छ। सबै सांसारिक इच्छाहरूको लागि, सबै शारीरिक इच्छाहरूको लागि र शैतानको लागि मृत्यु साथै सबैभन्दा कठोर शत्रु स्वयम्को लागि पनि मृत्यु।"

यसलाई बुझाउनको लागि सी.टी. स्टडले बेलायतको एउटा युद्धमा टमी भन्ने एउटा सिपाहीले अगाडि बढेकोमा आफू जीवित फर्केर आउने सम्भावना छैन भन्ने कुरा थाहा हुँदा आदेशलाई मानेर अगाडि बढेको कुरालाई राखेर बुझाउन खोज्नुभयो, तर उसमा भएको सङ्कल्पलाई कसरी व्याख्या गर्ने? यो प्रश्न पहिले सिपाही भएर काम गरेका सेवकहरूलाई सोध्यो, र एक जनाले जवाफ दिनुभयो, "हवलदारले यसलाई व्याख्या गर्नुपर्दा यसरी

भन्नुहुन्छ, टमीले आफ्नो राजा, आफ्नो देश, आफ्नो सेनाप्रति र आफूप्रति पनि आफ्नो कर्तव्यलाई पूरा गर्न पाउन्जेल आफूलाई के हुन्छ भन्ने कुराको बारेमा वास्ता गरेनन्।" यी शब्दहरू नै त्यति बेलाको लागि चाहेको आगोको झिल्का थियो। सी.टी. स्टड उठ्नुभयो र आफ्नो हात उठाएर भन्नुभयो, "यही नै हामीलाई चाहेको कुरा हो, र यही नै मैले चाहेको कुरा हो! हे प्रभु, अब उप्रान्त मेरो प्रभु येशू ख्रीष्टको महिमा हुन्जेल मेरो लागि के हुन्छ भन्ने कुराको वास्ता म गर्दिनँ, जीवन अथवा मृत्यु, हो, अथवा नरक।" एक–अर्कापछि त्यहाँ भएका सबैले उठेर यही प्रतिज्ञा गरे, "येशू ख्रीष्ट महिमित हुन्जेल मेरो लागि के हुन्छ भन्ने वास्ता म गर्दिनँ, खुशी अथवा दुःख, स्वास्थ्य अथवा पीडा, जीवन अथवा मृत्यु।" किताबहरू बन्द गरिए, फेरि एकपल्ट शान्त रूपमा प्रार्थनामा शिरहरू झुकिए, र त्यसपछि सबै त्यहाँबाट गए, तर त्यो रात त्यो छाप्रोबाट निस्केको चाहिँ एउटा नयाँ समूह थियो, र दुई घण्टा अगाडि भित्र प्रवेश गरेको समूहचाहिँ कदापि होइन। उहाँहरूको मुहारमा आनन्द थियो, आँखाहरू चम्किरहेका थिए, व्यक्त गर्न नसक्ने आनन्द र प्रेम उहाँहरूमा थियो, किनभने उहाँहरू हरेक राजा येशूको महिमाको लागि मृत्युसम्मै आफ्नो जीवनलाई समर्पण गरेको सिपाही भएका छन्।

यो आशिष् मिशनको विकट स्थलहरूमा पनि फैलियो, र त्यति बेलादेखि उहाँहरूको बिचमा एकता, प्रेम, बलिदानमा आनन्द र प्राण बचाउनुमा उत्सुकता यी कुराहरूलाई जाँच्नु परेन। पैसाको अभाव हुँदा पनि गनगन सुनिएन, तर प्रशंसा र परमेश्वरमाथिको भरोसा मात्र देखा पर्‍यो। बिदाको लागि कसैलाई घर पठाउनु गाह्रो भयो, अस्वस्थपनाले गर्दा बाहेक; त्यसरी घर गएकाहरू पनि त्यहाँ कति समय विश्राम गर्नुभन्दा पनि त्यहाँको काममा कसरी सहयोग गर्नु र कति छिटो मिशनस्थलमा फर्किनु भन्ने कुरामा बढी ध्यान दिए। भर्खरै विवाह गरेको एउटा जोडीले सेवकहरूको अभावले गर्दा केही समयको लागि भिन्नाभिन्नै स्थलमा काम गर्न तयार भए। पुरुषहरूको अभाव भएका मिशन क्षेत्रहरूमा अविवाहित स्त्रीहरू एकलै सुसमाचार प्रचार गर्न गए। त्यस्तो एउटा यात्रामा गएको एक जना स्त्रीले सय जनाभन्दा बढी कालो जातिका मानिसहरूलाई मारेर खाएको एक जना नरभक्षी मानिसलाई उद्धारमा डोर्‍याइन्। ५०० देखि १५०० सम्म मानिसहरू भेला हुने दुई वटा

वृद्धि भइरहेका मिशनस्थलहरूलाई दुई जना अविवाहित स्त्रीहरूले हेर्थे। दुई जना मात्र सेवक भएका मिशनस्थलहरूमा, मिशनले दुई–दुई जनाको रूपमा काममा पठाउने निर्णय गरेको हुँदा पनि, अझै भित्रीय भागहरूमा सुसमाचार पुऱ्याउनको लागि साथी सङ्गतलाई पनि त्यागेर कोही–कोही एकलै अगाडि बढे। अचानक हुने दुःखदायी घटनाहरूमा पनि परमेश्वरलाई महिमा नै दिइन्थ्यो। उदाहरणको लागि भर्खरै विवाह भएको एक जना जवान सेवकले केही महिनामा आफ्नी श्रीमतीलाई गुमाउँदा तिनले आफै आफ्नी श्रीमतीको लासलाई चिहानमा राखे, र आनन्दको मुहारसहित विजेताको रूपमा आफ्नी श्रीमती परमेश्वरको उपस्थितिमा प्रवेश गरेको कुरामा उहाँलाई प्रशंसा गरे। तिनले बोलेका शब्दहरूलाई सुनेका दुई जना साधुनी(नन्)हरूले आफूहरूले थाहा नपाएको एउटा नयाँ कुरा तिनले इसाइत्वमा पाएका छन् भनी स्वीकार गरे।

थोरै समयमा यो आशिष् स्थानीय मण्डलीमा पनि फैलियो। सी.टी. स्टडले यो काममा पनि अग्रदूत भएर सबै मण्डलीहरूमा गएर साँचो पश्चात्ताप र सबै पापलाई त्याग्नको लागि चुनौती दिनुभयो, जुनचाहिँ प्रायश्चित्तको रगतमाथिको साँचो विश्वास र पवित्र आत्मा पाउनको लागि माध्यम हो। परमप्रभुको भय सबै मानिसहरूमा आयो। यस्तो प्रकारको आह्वानलाई सजिलो तरिकाले स्वीकार गर्ने कुराहरू बितिगए, त्यसको सट्टामा ख्रीष्टलाई पछ्याउनको लागि चुकाउनुपर्ने मूल्यका कुराहरूमा मानिसहरूका आँखा खोलिए। धेरै सङ्ख्यामाभन्दा पनि यता एउटा उता एउटा गरी मानिसहरूले चुनौतीलाई स्वीकार गर्न थाले, बिस्तारै सङ्ख्या बढ्दै गयो, तर यिनीहरूमा पहिलेको भन्दा कति भिन्नता! मिशनरीहरूले प्रार्थना र परिश्रम गरेको पवित्र आत्माको कामका प्रमाणहरू देखा पर्न थाले। मानिसहरूका मुहार उज्यालो हुन थाले, प्रार्थनामा एउटा नयाँ जीवन, पाप, छल र अशुद्धताप्रति घृणा देखिन थाल्यो, र त्यस्तो कुरा भएकोमा त्यो बाहिर ल्याइन्थ्यो। मिशनस्थलमा कामहरू स्वेच्छाले हुन थाले, र सबैमाथि सुसमाचार प्रचार गर्ने आत्मा आयो। सी.टी. स्टडले लेख्नुभयो, "अन्तमा कामले एउटा बलियो जग पाउँदै छ, र हामी सबै फड्को मारेर अगाडि बढ्नेछु। येशूको लागि एउटा बलियो युद्धमा रहन पाउनु असल कुरा हो।"

कठोर नरभक्षी अङ्जङ्वे, जो केही वर्षहरू अगिदेखि इसाई थिए, अहिले अचम्म तरिकाले साँचो रूपमा परिवर्तन भए। उनले पाँच सय जना भएको मण्डलीलाई अगुवाइ गर्न थाले। उनी वरिपरि भएका प्रधानहरूलाई सुसमाचार प्रचार गर्न गए, र आफ्नो गवाहीको कारण झ्यालखानामा परे, र झ्यालखानामा कैदीहरूलाई उद्धारमा डोऱ्याए। उनी स्टडको लागि एउटा साक्खै भाइजस्तै हुन पुगे। अर्को एउटा इसाई आफ्नो गवाहीको कारणले कुटाइ खाए, र ख्रीष्ट येशूको लागि कुटाइ खाने मौका आफूलाई प्रधानले दिएकोमा ऊसँग हात मिलाउन गए, तर त्यसको लागि फेरि पनि कुटाइ खाए। योपल्ट घुँडामा रहेर प्रधानको लागि प्रार्थना गरे। उनलाई झ्यालखानामा हालियो, तर केही घण्टाहरूमा अन्य इसाईहरूले पनि ख्रीष्टको लागि झ्यालखानामा जाने अवसर आफूहरूलाई पनि दिनुपर्छ भनी प्रधानलाई माग्न आए! पहिलेको समयमा आफू बारम्बार रातभरि शैतानको लागि नाचेकोले अहिले रातभरि प्रार्थनामा परमेश्वरसँग समय बिताउनुपर्छ भनी केही इसाईहरूले रातभरि प्रार्थनामा समय बिताए। यसरी पवित्र आत्माको काम मानिसहरूमा फैलिँदै गयो।

अफ्रिकाको मुटुमा पवित्र आत्माले भरिएको एउटा युद्ध गर्ने मण्डली स्थापना हुनुपर्छ भन्ने आफ्नो मनको इच्छा पूरा हुन थालेको कुरालाई सी.टी. स्टडले देख्नुभयो। अझ बढी मानिसहरूलाई उद्धारमा डोऱ्याउन, पवित्र आत्माको अभिषेकमा पुऱ्याउन र ख्रीष्टको लागि युद्ध गर्न सिकाउन उहाँको जीवनका अन्तिम पाँच वर्षहरूलाई समर्पण गर्नुभयो। मानिसको जीवनमा महत्त्वपूर्ण ठाउँ लिने कुराहरूले उहाँको जीवनमा थोरै ठाउँ मात्र लिए, अथवा पूर्ण रूपमा ठाउँ नै पाएन। भोजन जे पायो त्यही अनियमित समयहरूमा लिइन्थ्यो; निद्रा, चौबीस घण्टामा चार घण्टा मात्र; बिदा, तेह्र वर्षमा एक दिन पनि होइन; यसरी अन्य सबै कुरामा पनि उहाँले बलिदानको जीवन जिउनुभयो।

## अध्याय - २०

# सी.टी. स्टडको वासस्थान र दैनिक क्रियाकलाप

अफ्रिकाको मुटुमा इबाम्बीलाई "ब्वाना मुकुब्वा" (सी.टी. स्टड)को घर भनी चिनिन्थ्यो। यहाँ उहाँ एउटा गोलो आकार भएको बाँस, घाँस र माटो प्रयोग गरेर बनाएको घरमा बस्नुहुन्थ्यो। उहाँको त्यो छाप्रोमा एउटा सानो टेबुल थियो, जसमा उहाँले सिसा, कागज, चक्कु, कैँची, औषधीजस्ता कुराहरू राख्नुहुन्थ्यो। अर्कोपट्टि भएको दराजमा उहाँले प्रयोग गरेका बाइबलहरू राखिन्थ्यो। उहाँले हरेक वर्ष एउटा नयाँ बाइबललाई प्रयोग गर्ने गर्नुहुन्थ्यो, ताकि पुराना टिप्पणीहरू र टिपोटहरूलाई छोडेर ताजा कुराहरूलाई फेरि पनि धर्मशास्त्रमा खोज्न सकियोस्। उहाँको घर, सुत्ने कोठा, खाने कोठा र बस्ने कोठा सबै एउटै थियो। यही कोठामा कैयौँ बिहान र बेलुकीको प्रार्थना सङ्गतिहरू र भेटघाटहरू भएका थिए, जहाँबाट निस्कँदा मिशनरीहरू र स्थानीयहरू परमेश्वरको लागि एउटा नयाँ जीवन जिउन निस्कन्थे।

उहाँको कोठामा उहाँलाई सहयोग गर्न एक जना स्थानीय मानिस सँगै सुत्नुहुन्थ्यो, तिनी बिहान साँढे दुई अथवा तीन बजे उठेर आगो फुकेर चिया बनाएर ब्वानालाई दिन्थे, र त्यसपछि सुत्न जान्थे। ब्वानाले चिया पिएर आफ्नो बाइबललाई निकालेर परमेश्वरसँग एकान्तमा समय बिताउन सुरु गर्नुहुन्थ्यो। ती शान्त समयहरूमा उहाँ र परमेश्वरको बिचमा के बातचित भयो भन्ने कुरा केही घण्टाहरूपछि सुन्न कान भएका हरेकले सुन्न पाउँथे। बिहान स्थानीयहरू बिचको सभा कहिलेकाहीँ मात्रै तीन घण्टाभन्दा घटीको हुन्थ्यो, र राति सातदेखि नौ अथवा दश बजेसम्म मिशनरीहरूसँग प्रार्थनामा समय बिताउनुहुन्थ्यो। बिहान परमेश्वरबाट सुनेका कुराहरूलाई आगो बलिरहेको हृदयबाट मानिसहरूको उद्धारको लागि खन्याइन्थ्यो। सभाहरूका लागि उहाँलाई यो बिहानको समयभन्दा बढी तयारीको आवश्यकता हुँदैन

थियो। उहाँले कहिल्यै तयारी गर्नुभएन। उहाँ परमेश्वरसँग बोल्नुहुन्थ्यो र परमेश्वर उहाँसँग बोल्नुहुन्थ्यो, र आफ्नो वचनलाई जीवित पार्नुहुन्थ्यो। उहाँले येशूलाई देख्नुहुन्थ्यो, र नरक गइरहेका लाखौँ पुरुष र स्त्रीहरूलाई देख्नुहुन्थ्यो, र उहाँले भन्नुहुन्थ्यो, दिनमा बाह्रपल्ट सुसमाचार प्रचार गर्नु परे तापनि एउटा सेवकले गर्नुपर्ने तयारी यही नै हो। उहाँले एकपल्ट यसरी भन्नुभएको थियो, "प्रचार तयार गर्नको लागि अध्ययनमा नजानू, त्यो सबै मूर्खता हो। परमेश्वरको नजिक जान अध्ययन गर्नू र आफ्नो जिब्रो आगोको भुङ्ग्रो हुने गरी आगोले भरिनू र त्यसपछि बोल्नू।"

दिनका समयहरू अन्य धेरै कामहरूमा बिताइन्थ्यो। घरलाई कीराहरूले खाने भएकाले सधैँ मर्मत गर्नुपर्ने अथवा नयाँ घर बनाउनुपर्ने हुन्थ्यो। त्यस्ता कुराहरूमा उहाँले एकदम ध्यान दिएर हेर्नुहुन्थ्यो। हरेक खाँबा एउटै नापको हुनुपर्थ्यो, र सही कोणमा राख्नुपर्थ्यो। यसद्वारा उहाँले स्थानीयहरूलाई इसाइत्व र अल्छीपना अथवा बेढङ्गको कामको बिचको भिन्नतालाई देखाउन चाहनुहुन्थ्यो। यसरी नै उहाँले सबै कुरामा त्यो सानो कुरा भए तापनि त्यसलाई सही ढङ्गले असल तरिकाले गर्नुपर्छ भनी ध्यान दिनुहुन्थ्यो, र सङ्कल्प गर्नुभएको थियो।

मिशनको निर्देशकको रूपमा उहाँले हिसाब किताब हेर्नु, धेरै पत्रहरू लेख्नु साथै आएका पत्रहरूलाई पढेर उत्तर लेख्न परेको हुन्थ्यो, तर उहाँको अत्यन्त खुशीको कुराचाहिँ सुसमाचार प्रचार गर्नु थियो। इबाम्बीको वरिपरि काम फैलिन थाल्दा उहाँले हरेक हप्ताको अन्तलाई सुसमाचार प्रचार गर्ने यात्राको लागि छुटाउनुभयो। यी यात्राहरू हप्ताको अन्तिममा सुरु भएर कोही बेला बुधवार र कोही बेला बिहीबारसम्म पनि हुन्थ्यो।

हरेक शनिवार उहाँले पत्रहरू लेख्ने गर्नुहुन्थ्यो। बिहानदेखि बेलुकासम्म आफ्नो टेबुलको अगाडि रहेर पत्रहरू लेख्ने गर्नुहुन्थ्यो। बेलुका छ बजेतिर सबै पत्रहरूलाई तयार पारेर हुलाक लिएर दौडने मानिसलाई जिम्मा लगाइन्थ्यो, तिनले रातभरि हिँडेर बिहान वाम्बाबाट जाने हुलाकीलाई पुऱ्याउँथे।

यसपछि उहाँले आफ्नो यात्राको लागि चाहेका ओढ्नेहरू, बत्ती, केही औषधीहरू, घरबाट पठाएका केही युरोपीय खान्कीहरू र किताबहरू र कागजहरूलाई तयार पारेर यात्रा सुरु गर्नुहुन्थ्यो। ती युरोपीय खान्कीहरू उहाँको लागि पठाएको भए तापनि आफू पुग्ने ठाउँका मिशनरीहरूलाई बाँडिदिनको लागि त्यसलाई लानुहुन्थ्यो। बाहिर दश जना छानिएका स्वयं सेवकहरू पर्खिरहन्थे, किनभने रातको समयमा भारी बोकेर नदीहरू र वनको बाटो हुँदै यात्रा गर्नु खतरापूर्ण हुन्थ्यो। सुरुका समयहरूमा सी.टी. स्टडले आफूलाई बोक्न दिनुहुन्न थियो, जहाँ पनि पैदल यात्रा अथवा साइकलमार्फत जानुहुन्थ्यो, र त्यहाँका अधिकृतहरू र व्यापारीहरूले प्रयोग गर्ने पालकीलाई तिरस्कार गर्नुहुन्थ्यो। तर बढ्दै आएको कमजोरीपनले त्यसलाई आवश्यकताभित्र ल्यायो।

एक जना बत्ती र भाला बोकेर बाटो देखाउँदै अगाडि हिँड्दा, चार जनाले उहाँ बसेको पालकी बोक्दै गीत गाउँदै हिँड्थे, र एक–दुई जना भरियाहरू थोरै सामग्रीहरूलाई बोकेर पछ्याउँथे, र अर्को दुई–तीन जना मानिसहरू पालकी बोक्न पालो गर्नको लागि साथमा हुन्थे। आफूले भेट्न गइरहेको मिशनरीलाई मध्य–रातमा नउठाउनलाई राती चार पाँच घण्टा यात्रा गरिसकेपछि जङ्गलमा कतै एक ठाउँमा थोरै समय विश्राम लिन्थे।

आइतबार बिहान छ बजेतिर उहाँहरू क्रिकेट मैदान बराबरको इम्बाइले दिएको विशाल जमिनमा बनाएको मण्डलीमा आइपुग्थे, जसलाई क्रिकेट मैदान मण्डली भनिन्थ्यो। पहिले चितुवाले भरिएको त्यो भूभाग अहिले पूर्ण रूपमा सुन्दर मिशनस्थलको रूपमा परिवर्तन भएको थियो। मण्डलीको साथमा विद्यालयहरू, साना कारखानाहरू र मिशनरीलाई एउटा सानो छाप्रो पनि बनाएको थियो, साथै स्थानीयहरूको लागि क्रमशः बनाएका छाप्राहरू पनि त्यहाँ थिए। एकपल्ट बेल्जियमका अधिकृतहरूले इम्बाइलाई बोलाएर आफ्नो जमिनको लागि वार्षिक छ सय फ्रान्क (बेल्जियमको पैसा) पैसा मिशनबाट भाडाको रूपमा उनले लिन पाउँछन् भनी बताए। अफ्रिकाको एउटा गाउँको मानिसलाई यो अति नै ठुलो रकम थियो, तर इम्बाइले सुन्ने बित्तिकै त्यो कुरालाई इन्कार गरे, र उनले आफूले जमिन परमेश्वरलाई

दिएको हो भनी बताए। अधिकृतहरूले आफूले सुनिरहेका कुरालाई विश्वास गर्नै सकेनन्, र फेरि पनि सोधे र त्यही नै उत्तर पाए। केही वर्षहरूभित्र नै इम्बाइको मण्डलीबाट तीस जना सेवकहरू आफ्नो जातिका मानिसहरूको बिचमा साथै अन्यजातिका मानिसहरूको बिचमा सुसमाचार प्रचारकको रूपमा काम गर्न थालेका थिए, र उहाँहरूको सम्पूर्ण खर्च स्थानीय इसाईहरूले नै बेहोरे।

सी.टी. स्टड त्यो मण्डलीमा बारम्बार जानुहुन्थ्यो। बिहानको सङ्गति दुई घण्टा जतिको हुन्थ्यो, त्यो सिद्धिसकेपछि उहाँ केही समय आराम गर्नुहुन्थ्यो, त्यसपश्चात् दिउँसो खुला मैदानमा रूखहरूको छहारीमुनि फेरि अर्को सभा सुरु हुन्थ्यो, जसमा दुई हजार जनाभन्दा बढी मानिसहरू भेला हुन्थे। एक घण्टा जति भजनहरू गाइन्थ्यो, सी.टी. स्टड आफै बान्जो वाद्य बजाउनुहुन्थ्यो, र प्रायः भजनहरू, झन्डै दुई सय जति, उहाँ आफैले लेख्नुभएको थियो। स्तुति प्रशंसा पछाडि एकपछि अर्को गरेर उठेर आफ्ना हातलाई स्वर्गतिर उठाएर प्रार्थना गर्थे। झन्डै चालिस मिनेट जति यसरी प्रार्थनामा समय बिताइन्थ्यो। त्यसपछि अझै केही भजनहरू गाएपछि सी.टी. स्टडले प्रचार गर्न सुरु गर्नुहुन्थ्यो। उहाँ उठ्नुभन्दा अगि उहाँले प्रचार गर्न गइरहनुभएको धर्मशास्त्रका भागहरूलाई कसैले उठेर पाठ गरिदिन्थ्यो, त्यसपछि उठेर उहाँले बिस्तारै व्याख्या गर्न थाल्नुहुन्थ्यो। स्थानीयहरूले बुझ्ने गरी स्थानीय कुराहरूलाई उदाहरण दिएर प्रचार गर्नुहुन्थ्यो, (प्रचारमा) रोटीहरू केरा बन्थे, उँटहरू हात्ती र हिउँको स्थान खरीले लिन्थ्यो, र बाइबलका पात्रहरूलाई कालो छाला लगाएर स्थानीय वस्त्र पहिराएर प्रचार गर्नुहुन्थ्यो। त्यसपछि उनीहरूको जीवनलाई खुलस्त पारेर देखाएर पापको परिणाम र ख्रीष्टको प्रेमलाई बताएर स्वर्ग जानको लागि पश्चात्ताप गर्न, विश्वास गर्न र पछ्याउन र लड्न आफ्नो पूर्ण हृदयले आग्रह गर्नुहुन्थ्यो। अन्तमा एउटा–दुइटा भजन गाएर प्रार्थना गरेर उद्धार पाउन चाहेकाहरूलाई हात उठाउन आग्रह गर्नुहुन्थ्यो। अन्तमा "येशू चाँडै आउनुहुन्छ, हल्लेलूयाह!" भनी अन्त गर्नुहुन्थ्यो।

रातमा केही घण्टाहरू गोरा मानिसहरूको साथमा अथवा स्थानीयहरूको

साथमा प्रार्थनामा बिताउनुहुन्थ्यो। त्यहाँ आएकाहरू घर नगएको हुँदा सोमबारको दिन अर्को एउटा सभाको दिन हुन्थ्यो, र मङ्गलवारचाहिँ इसाईहरूको लागि मात्र छुट्टै सभा सञ्चालन हुन्थ्यो।

सी.टी. स्टडकी कान्छी छोरी पौलिनको श्रीमान् नर्मनले यसो भन्नुहुन्छ, "मैले अन्तिम पल्ट सी.टी. स्टडलाई देखेको चाहिँ सन् १९३१ मा इम्बाइको मण्डलीमा भएको यस्तो एउटा इसाईहरूको लागि मात्रै गरिएको सभामा थियो। मण्डलीमा एक हजार जना मानिसहरू भेला भएका थिए, करिब ६०० जना पुरुषहरू र ४०० जना स्त्रीहरू भेला भएका थिए, जसले आफ्नो जीवनलाई पूर्ण रूपमा ख्रीष्टमा समर्पण गरेका थिए। त्यहाँ भेला भएका मानिसहरूको मुहारमा भएको आनन्द, खस्रो कपडा त्यो पनि थोरै लगाएको वृद्ध काली स्त्रीले पवित्र आत्माको परिपूर्णताका साथ गरेको प्रार्थना, मिठा भजनहरू र एक घण्टाको सी.टी. स्टडको बहुमूल्य प्रचार, जो प्रचार गरिसकेपछि उभिन नसकेर तुरुन्तै कुर्सीमा बस्नुहुन्थ्यो, यी कुराहरूलाई मैले बिर्सिन सक्दिनँ।"

# अध्याय - २१

# हल्लेलूयाह

एक आइतबार हजार जना भएको सङ्गतिमा सी.टी. स्टड नयाँ चम्किलो सेता दाँतहरूसँग उपस्थित हुँदा त्यसले सबैको बिचमा छुट्टै हलचल ल्यायो। उहाँलाई लामो समयदेखि दाँतको समस्या थियो, थोरै दाँतहरू मात्र बाँकी थिए, र उहाँ केही समयको लागि झोलिलो पदार्थ मात्र खान सक्ने हुनुभएको थियो। एक दिन केही मिशनरीहरू उहाँको साथमा हुँदा एक जनाले भन्नुभयो, "ब्वाना, तपाईं घर जानुपर्छ, र आफ्नो दाँतलाई देखाउनुपर्छ भनी तपाईंलाई थाहा छ।" तर उहाँको जवाफ के हुन्थ्यो होला भनी हामीलाई थाहा छ। उहाँले जवाफ दिनुभयो, "यदि परमेश्वरले मैले नयाँ दाँतहरू पाएको चाहनुहुन्छ भने उहाँले सजिलोसित त्यसलाई यहाँ पठाउन सक्नुहुन्छ।" सबैले त्यसलाई हँसाउने कुरा सम्झेर हाँसे, तर परमप्रभुले त्यो कुरा सुन्नुभयो। केही महिनाहरूपछि अफ्रिकाको मुटुमा सेवा गर्नको लागि बेलायतको एक जना दन्त चिकित्सकले आफूलाई दिनुभयो, तर उहाँको उमेर तोकेको भन्दा बढी भएकाले बेलायतको समितिले उहाँको निवेदनलाई अस्वीकार गऱ्यो। तर त्यो कुराले चिकित्सकलाई निरुत्साहित तुल्याउन सकेन। उहाँले आफूसँग भएको सबै थोकलाई बेचेर कङ्गोसम्म जाने समुद्री यात्राको लागि चाहेको पैसा तयार गर्नुभयो, र एकलै त्यहाँबाट निस्कनुभयो। कङ्गोमा आइपुगेर त्यहाँ भएका अधिकृतहरू र व्यापारीहरूको बिचमा दाँतको उपचारको काम सुरु गर्नुभयो, र केही महिनाहरूभित्र भित्रीय भागमा जानको लागि चाहिने पैसा तयार गर्नुभयो। सी.टी. स्टडकी छोरी पौलिन र उनको श्रीमान् दुवै जना भित्रीय भागबाट घर जाने यात्रामा थिए। उहाँहरू स्थानीय नाउमा दुई हप्ता लाग्ने यात्रामा थिए। एक दिन बिहान उहाँहरू नाउमा जाँदै गर्दा अर्को नाउ भित्रीय भागतिर जाँदै गरेको देखे, र त्यसमा एक जना गोरो मानिस पनि हुनुहुन्थ्यो। त्यो भेगमा गोरा मानिसहरूलाई देख्नु दुर्लभ कुरा भएकाले यिनीहरू छक्क परे। नाउ नजिक आउँदा त्यो मानिसलाई अङ्ग्रेजी भाषामा अभिवादन गरे,

र त्यो मानिसले अङ्ग्रेजी भाषामा अभिवादन फर्काउनुभयो। केही समयको बातचितपछि उहाँ दन्त चिकित्सक श्रीमान् बक हुनुहुन्छ, र सी.टी. स्टडसँग मिलेर काम गर्न जाँदै हुनुहुन्छ भन्ने कुरा थाहा पाए। त्यो बिहानको नास्ताको समय भएकाले दुवै नाउहरूलाई किनारतिर रोक्न लगाएर वनमा एक छिन बसेर नास्ता खाए, र केही समय मिलेर प्रार्थना गरे। छुट्टिन लाग्दा श्रीमान् बकले पौलिनलाई भन्नुभयो, "तपाईं श्रीमान् स्टडकी छोरी हुनुभएकाले मैले कसैलाई नबताएको एउटा रहस्य तपाईंलाई बताउँदै छु। परमेश्वरले मलाई अफ्रिकाको मुटुमा सुसमाचार प्रचार गर्नको लागि मात्र होइन, तर श्रीमान् स्टडको लागि एउटा नयाँ दाँतको सेट ल्याउनको लागि पनि पठाउनुभएको हो, र त्यो बनाउन र राख्नको लागि चाहेका सबै थोकहरू पनि मैले साथमा ल्याएको छु!"

श्रीमान् बक सी.टी. स्टडकहाँ आइसकेपछि उहाँले तुरुन्तै सी.टी. स्टडको बाँकी भएका दाँतहरूलाई निपुणतासाथ शल्यक्रिया गरेर हटाउनुभयो। बाँकी कुराहरूलाई सी.टी. स्टड आफैले यसरी बताउनुभएको छ, "बक आइपुग्दा उहाँले भन्नुभयो, 'कङ्गोमा परमेश्वरले मलाई गर्न पठाएको पहिलो कामचाहिँ तपाईंको दाँतलाई बनाउनु हो।' सोच्नुहोस्, परमेश्वरले आफ्नो छोराको दाँतको वास्ता गर्नको लागि, जो आफ्नो घर फर्किन सक्दैन थियो, एउटा दन्त चिकित्सकलाई अफ्रिकाको मुटुमा नै पठाउनुभएको छ। अब यसपछि अर्को अचम्मको काम परमेश्वरले के गर्नुहुन्छ होला?

.... मेरा गिजाहरू पूर्ण रूपमा निको भएको छैन, म अहिले राम्रोसँग गीत गाउन सक्ने भएको छु, तर गिजाहरूमा घाउचाहिँ छ। आइतबारको दिनलाई सोचेर हेर्नुहोस्। सबै दाँतहरू भएको अवस्थामा मैले सभा सुरु गरेँ, सबैले आश्चर्य माने, तर मलाई गाह्रो हुन थालिसकेपछि त्यसलाई मैले निकालेँ। त्यसपछि हामीले फेरि गीत गाउन लाग्दा ती काला मानिसहरूको मुहारलाई तपाईंले हेर्नुपर्थ्यो – सबै डराएका थिए! 'हामीले प्रार्थना गर्दाखेरि ब्वानाको दाँतलाई कसले निकाल्यो?' आजकाल म उहाँहरूको बिचमा उपस्थित हुँदा म उहाँहरूको पुरानो ब्वाना हो कि अथवा दाँतहरू भएको नयाँ ब्वाना भनी हेर्नको लागि सबैका आँखा मेरो मुखमा हुन्छ।"

नयाँ दाँतहरूले उहाँलाई राम्रोसँग खाना खान सहायता गरे तापनि उहाँ बिस्तारै कमजोर हुँदै गइरहनुभएको छ भन्ने कुरा स्पष्ट देखिन्थ्यो। कुनै बेला उहाँलाई कठोर ज्वरोले सताउँथ्यो, कुनै बेला मुटुका दुखाइहरू र निरन्तर रहने अपचको समस्याले उहाँलाई सधैँ दुःख दिइरहेको थियो। त्यसपछि उहाँले आफूमा भएको सबै शक्तिलाई सिद्ध्याउने एउटा कामलाई सुरु गर्नुभयो। इबाम्बीको वरिपरि भएका मानिसहरूको समूहहरूलाई लिखित परमेश्वरको वचनविना अब छोड्नुहुँदैन भनी उहाँले महसुस गर्नुभयो। वेल्ली प्रान्तमा बङ्गला भाषामा धेरै अनुवादका कामहरू पहिले नै भइसकेको थियो, तर इटुरी प्रान्तमा बोलिने किङवाना भाषामा केही पनि अनुवाद भएका थिएन। यो एउटा विशाल काम भए तापनि नयाँ करारलाई किङवाना भाषामा अनुवाद गर्ने सङ्कल्प उहाँले गर्नुभयो। उहाँले रात दिन काम गर्नुभयो। उहाँ लेख्नुहुन्छ, "मेरा दिनहरूमा हरेक दिन अठार घण्टा काम गर्ने नियम बनाएको छु। लेख्दा–लेख्दै खाने कुराहरूबाहेक छुट्टै भोजन छैन।" प्रायः कामहरू उहाँले बिहानको दुई बजेदेखि बेलुका छ बजेसम्मको समयहरूमा गर्नुहुन्थ्यो। दिनभरि टेबुलमा घोप्टेर लेख्ने भएकाले कोही बेला दिनको अन्तमा उहाँको घाँटी यति अरट्ठो हुन्थ्यो कि उहाँ सीधा बस्नको लागि उहाँको साथमा छोरोजस्तै रहेर वास्ता गर्ने ज्याक ह्यारिसन आएर मालिस गरिदिनुपर्थ्यो। उहाँले अनुवाद गर्दा ह्यारिसनले टाइपराइटरमा टाइप गर्नुभयो। चाहेर नै त्यो अनुवाद सरल अनुवाद थियो, र त्यसलाई स्क्रीप्चर गिफ्ट मिशनले प्रकाशन गऱ्यो। यो यति सरल तरिकाले अनुवाद भएको थियो, कि जुनसुकै एउटा स्थानीय मानिसले एउटा किताबलाई आफ्नो गाउँमा लगेर त्यहीँ रहेर बुझ्न सकिन्थ्यो।

उहाँले त्यो सकिसकेपछि भजनसंग्रह र हितोपदेशका केही भागहरूलाई पनि अनुवाद गर्नुभयो, तर त्यसको मूल्यको रूपमा उहाँको बाँकी भएको शक्तिलाई पनि चुकाउनुभयो। हृदयाघात पछाडि हृदयाघात आयो। धेरै पल्ट उहाँ स्वर्गीय नदीको किनारमा नै पुग्नुभएको थियो। सन् १९२८ मा एक हप्ताको लागि उहाँ धेरै बिरामी हुनुभएको थियो, र अब बाँच्नुहुन्न जस्तो अरूलाई लाग्थ्यो। उहाँका आँखाहरू बन्द भइसकेको थियो, सास फेर्न गाह्रो भइरहेको थियो, सबै सिद्धियो जस्तो देखिन्थ्यो। तर मिशनरीहरूले रेडक्रसको

डाक्टरलाई ल्याउन सफल भए, जसले विभिन्न औषधीद्वारा उहाँलाई उपचार गर्नुभयो, र मोर्फिया भन्ने कडा पीडाल्पक औषधीलाई पनि प्रयोग गर्नुपर्ने भएको थियो। उहाँको स्वास्थ्यमा बिस्तारै सुधार आयो, तर उहाँ ओछ्यानबाट उठेर केही काम गर्न नसक्ने गरी कमजोर हुनुभएको थियो, मोर्फिया औषधीको सहायताविना उहाँले केही पनि गर्न सक्नुहुन्न थियो। उहाँले सधैँ नै एउटा सिपाही जसरी युद्ध मैदानमा आफ्नो मृत्यु हुनुपर्छ भनी इच्छा गर्नुहुन्थ्यो, र अशक्त भएर अरूलाई भारी भएर बस्ने इच्छा उहाँलाई कहिल्यै थिएन। अब उहाँको अगाडि दुइटा रोजाइहरू थियो, एउटा ओछ्यानमा लडिरहनु र एक–दुई जना मिशनरीहरूलाई सेवाबाट छुटाएर आफ्नो साथमा राख्नु, अथवा मोर्फिया औषधीलाई प्रयोग गरेर पाउने अस्थायी बलले काममा लागिरहनु, उहाँ औषधीलाई प्रयोग गर्ने निर्णयमा आउनुभयो, र त्यसको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो। उहाँको साथी डा. विल्किन्सनले, जसलाई उहाँको स्वास्थ्यको बारेमा पच्चीस वर्षदेखि ज्ञान छ, त्यो औषधीलाई प्रयोग गर्न अनुमति दिनुभयो।

उहाँको अन्तिम दुई वर्षका पीडाहरूको बारेमा उहाँको साथमा रहेकाहरूले मात्र बुझ्न सक्छन्। उहाँलाई अत्यन्त कमजोरपना, वाकवाक लाग्नु, हृदयाघातहरू साथै सबैभन्दा गाह्रो सास फेर्नुमा भएको समस्या र ज्वरोले काम्नुजस्ता कुराहरूले सताइरहेको थियो। उहाँ मृत्युको ओछ्यानमा पुगुन्जेलसम्म यसको कारण थाहा भएको थिएन, अन्तमा मात्र यी सबैको कारण उहाँको पित्तथैलीमा भएका ढुङ्गाहरू भनी थाहा हुन आयो।

यद्यपि यी वर्षहरूमा भएको आनन्दले भोगेका पीडाहरूलाई जित्यो। उहाँको हृदयका दुई वटा इच्छाहरू यो समयमा पूरा हुन आयो – मिशनरीहरूको बिचमा एकता र स्थानीयहरूको बिचमा पवित्र आत्माको काम। चालिस जना जति मिशनरीहरू उहाँका छोरा–छोरीहरूजस्तो उहाँको वरिपरि थिए। परमेश्वरले "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मेरो निम्ति र सुसमाचारको खातिर घर वा दाजुभाइ वा दिदी–बहिनी वा आमा–बुबा वा छोरा–छोरीहरू वा जग्गाजमिन छोड्छ, त्यसले सतावटको साथसाथै सय गुणा बढी घर, दाजुभाइ, दिदी–बहिनी, आमा, छोरा–छोरी र जग्गाजमिन यसै

समयमा पाउनेछ, अनि आउँदो युगमा अनन्त जीवन" भन्ने आफ्नो प्रतिज्ञालाई उहाँको जीवनमा पूरा गर्नुभयो। उहाँले परमेश्वरको आज्ञामा आफ्ना परिवार र बालबच्चाहरूलाई त्यागेर यहाँ आउनुभएको थियो, परमेश्वरले उहाँलाई अहिले चालिस जनाको परिवार दिनुभएको छ, जसले उहाँलाई पूर्ण प्रेमसाथ वास्ता गरे। ब्वाना र मिशनरीहरूको बिचमा भएको सम्बन्धलाई व्याख्या गर्नु असम्भव कुरा हो।

उहाँहरूको मनमा ब्वानासँग बिताएका समयहरूमा बढी सम्झनामा रहन सक्ने कुराचाहिँ इबाम्बीमा भएका रात्रि सभाहरू नै हुन सक्छ। मिशनलाई आफ्नो जगमा स्थिर रहनको लागि सहायता गरेका आत्मिक कुराहरूमध्ये मुख्य कुराहरूचाहिँ धर्मशास्त्र अध्ययन र प्रार्थना हो। ती रात्रि सभाहरूमा समयको अवधि थिएन, उहाँले बाइबल खोल्नुहुन्थ्यो, दुई अथवा तीन अध्याय पाठ गर्नुहुन्थ्यो र पछि बोल्नुहुन्थ्यो। पावलका पत्रहरू उहाँको लागि रुचिका पत्रहरू थिए। कोही बेला एक घण्टा, कोही बेला दुई घण्टा र कोही बेला मध्य–रातसम्म गरी हरेक रात त्यो सभा हुन्थ्यो, र भेला भएकाहरूले यसरी लेखेका छन्, "हामीले येशूलाई भेटेको जसरी हाम्रा हृदयहरू बल्न थाल्थ्यो। हामीले सिकेका महत्त्वपूर्ण शिक्षाचाहिँ यदि ख्रीष्टिय सेवकहरूले निरन्तर शक्ति र आशिष्को अनुभव गर्न चाहन्छन् भने तिनीहरू दैनिक सभामा भेट्नुपर्थ्यो, छोटो औपचारिक सभाहरू होइन, तर सेवामा आउने चुनौतीहरू सामना गर्न सक्नको लागि साथै बिचमा भएको एकतालाई भङ्ग गर्न सक्ने कुराहरूलाई सामना गर्नको लागि र फेरि पनि परमेश्वरको उपस्थितिमा विश्वाससहित प्रार्थनामा आउन सक्नको लागि परमेश्वरले उहाँको वचनद्वारा बोल्न पाउने गरी लामो समयको लागि भेला हुनुपर्छ। यही नै विजय आत्मिक उन्नतिको रहस्य हो, कुनै पनि कठोर परिश्रम अथवा प्रचारले यसको ठाउँलाई लिन सक्दैन।"

वनलाई फाँडेर मोटर बाटोहरू तयार हुन थाले, यसैले उहाँले एउटा कार प्रयोग गर्न पाउनुभयो। यो उहाँको लागि एउटा आशिष्को कुरा भयो, र मोटर बाटो पुगेका सबै मिशनस्थलहरूलाई भ्रमण गर्ने मौका पाउनुभयो। यसरी उहाँ कारमा त्यहाँ पुग्दा त्यो एउटा विजय जुलुसजस्तै हुन्थ्यो, किनभने स्थानीयहरू

उहाँलाई देख्न र उहाँको प्रचार सुन्न यति इच्छुक थिए, कि हजार जना भेला हुने ठाउँमा दुई हजार जना भेला हुन्थे।

सन् १९२९ मा आफ्नी श्रीमती अचानक प्रभुमा सुतेको खबर उहाँले पाउनुभयो। अगिको वर्ष मात्र श्रीमती प्रिस्सील्ला उहाँलाई भेट्न आएर दुई हप्ता बिताएर जानुभएको थियो। तिनी अफ्रिकाको मुटुमा आउँदा दुई हजार जना जति इसाईहरू तिनलाई भेट्न भेला भएका थिए। तिनीहरूले सुनेका थिए, कि ब्वानाकी श्रीमती सुसमाचार प्रचार गर्न गोरा मानिसहरूलाई कङ्गोमा पठाउने क्रममा धेरै व्यस्त भएकाले तिनी आफैचाहिँ यता आउन सकेकी छैन; तर तिनीहरूले श्रीमती प्रिस्सील्लालाई आफ्नै आँखाले देख्दा मामा (आमा) ब्वाना भन्ने एक जना हुनुहुँदो रहेछ, र ब्वाना र उहाँकी श्रीमतीले आफ्नो उद्धारको लागि कति मूल्य चुकाएका छन् भनी तिनीहरूले बुझ्न थाले। त्यति बेलादेखि उहाँहरूले आफ्नो उद्धारको लागि ख्रीष्टले कति मूल्य चुकाउनुभएको छ, र यस्तो बलिदानहरूको बिचमा आफू कस्तो प्रकारको जीवन जिउनुपर्छ भनी नयाँ तरिकाले बुझ्न थाले। श्रीमती प्रिस्सील्ला श्रीमान् स्टडको साथमा उभिँदा यति जवान देखिनुभयो, कि धेरैले उहाँलाई सी.टी. स्टडकी जेठी छोरी भनी गलत बुझे। उहाँले अनुवादकद्वारा त्यहाँ विभिन्न ठाउँमा प्रचार गर्नुभयो, जुन कुराद्वारा उहाँ उद्धार पाउँदाखेरि चीन, भारत र अफ्रिका भन्ने शब्दहरू बाइबल धर्मशास्त्रको एक पानाको छेउमा ज्योतिले लेखेको देख्नुभएको दर्शन पूरा हुन आयो। त्यहाँबाट छुट्टिनु दुवैलाई अति नै गाह्रो भएको थियो, किनभने उहाँहरूलाई थाहा थियो, कि यो नै संसारमा अन्तिम भेटघाट हो। उहाँको बाँसले बनाएको त्यो छाप्रोमा बिदा लिएर श्रीमती प्रिस्सील्ला बेलायत फर्किनुभयो।

सन् १९३० मा बेल्जियमको राजाले कङ्गोमा सी.टी. स्टडले गरेका कामहरूको लागि "शेवलियर अफ रोयल आर्डर अफ दि लयन" भन्ने उच्च सम्मान उहाँलाई प्रदान गर्नुभयो।

उहाँ बित्नुभन्दा केही महिनाहरू अगि उहाँको मिशनरी लक्ष्य स्थानीय मण्डलीहरूको बिचमा बलियो हुँदै गएको देख्ने मौका पाउनुभयो। योभन्दा

अगि पनि स्थानीय मण्डलीहरूले नै आफ्ना जातिका मानिसहरूको बिचमा बृहत् रूपमा काम गरेका थिए, तर अहिले आफूभन्दा पर टाढा रहेका अरू जातिहरूको बिचमा पनि स्थानीय मण्डलीहरूले मिशनरी पठाउन सुरु गरे।

जमु भन्ने एउटा होचो मानिस अड्जङ्वेको मण्डलीमा थियो। उसको खुट्टामा ठुलो कहिल्यै निको नहुने घाउ थियो, जसले गर्दा तिनी खुट्टाका औँलाहरू टेकेर हिँड्नुपर्थ्यो, तिनी तीव्र प्रार्थना गर्ने एउटा स्थिर इसाई जीवन भएको मानिस थिए, र आफ्ना गाउँका मानिसहरूको बिचमा एउटा महत्त्वपूर्ण साक्षी पनि थिए।

सन् १९३१ मा तिनले मिशनरी दर्शन पाए। दक्षिण भेगमा धेरै टाढा रहेका जातिहरूको बारेमा सुन्दा तिनको आत्मा जाग्यो। तिनीहरू यिनीहरूको लागि जन्मजात शत्रुहरू थिए, र उनीहरूको बिचमा जानु मृत्यु निम्त्याउनु नै थियो। तर तिनीहरूको प्राणको लागि तिनमा एउटा दर्शन थियो, सारा संसारको पापको लागि किला लगाएका हातहरूलाई तिनले देखेका थिए, सबैभन्दामाथि उद्धारकर्ताको आत्मा उहाँमाथि ओर्लिनुभएको थियो, र तिनले "मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन मूल्यवान् सम्पत्ति ठानेँ"।

एक दिन तिनी सुश्री राउपेललाई भेटेर परमेश्वरले आफूलाई टाढा रहेका जातिहरूको बिचमा जान बोलाउँदै हुनुहुन्छ भनी बताए। सुश्री राउपेलले तिनलाई विभिन्न प्रश्नहरू सोधेर परीक्षा गरिन्, र सबैको उत्तर तिनले दुइटा शब्दहरूले दिए। "तिम्रो खुट्टाको बारेमा के गर्छौ जमु?" "परमेश्वर हुनुहुन्छ, गोरो नारी।" "तर त्यहाँको खान्की पूरै फरक छ, ताडको तेल छैन, नुन पाउँदैन।" "तर परमेश्वर हुनुहुन्छ।" "तिमी भोकै रहनुपर्छ होला, अथवा मारिन्छौ होला।" "परमेश्वर हुनुहुन्छ, गोरो नारी।" सबैभन्दा ठुलो परीक्षा, "तिम्रो श्रीमतीको बारेमा के गर्छौ जमु?" "तिनी पनि मसित जान्छिन्। परमेश्वर हुनुहुन्छ, गोरो नारी।" अब सोधिने कुराहरू केही छैन, खुशीसाथ उहाँलाई पठाइयो। तिनको यात्राको पहिलो भागले तिनलाई इबाम्बीमा पुर्‍यायो। यहाँ अन्तिमपल्ट आफ्नो जीवनलाई प्रभाव पारेको वृद्ध योद्धा

सी.टी. स्टडलाई भेटे। पछिका समयहरूमा त्यो भेटघाटको बारेमा तिनलाई "ब्वानाले के भन्नुभयो" भनी सोध्दा तिनले यसरी जवाफ दिए, "धेरै कुरा भन्नुभयो। उहाँले आफ्नो कोटको बाहुलालाई माथि उठाएर भन्नुभयो, 'हेर जमु, यो मेरो हात पहिले बलियो थियो, अहिले कमजोर भइसकेको छ, र छालाहरू चाउरी परिसक्यो। म तिम्रो साथमा जान सक्दिनँ। तिमीहरू काला मानिसहरूको बिचमा मेरो समय झन्डै सकियो। म परमेश्वरले दिने शक्तिले एक दिनदेखि अर्को दिनमा जाँदै छु। यसैले ममाथि भरोसा नराख, परमेश्वरमाथि भरोसा राख; उहाँ तिम्रो साथमा हुनुहुन्छ, उहाँ मर्नुहुनेछैन, उहाँले तिमीलाई बचाउनुहुन्छ। नशर्माउनू! नडराउनू! बहादुर हुनू र सुसमाचार प्रचार गर्नू! परमेश्वरको झन्डालाई भुईंमा लतार्दै नघिसार्नू! त्यसलाई माथि उठाउनू र त्यसमाथि निन्दा नल्याउनू! आफ्नो मुहारलाई सिपाहीको जस्तो बनाउनू।' फेरि सोध्नुभयो, 'कति जना जाँदै छौ?' म र मेरी श्रीमती मात्रै। 'ठीक छ, यदि तिमीहरू इमानदार भयौ भने परमेश्वरले तिमीहरूलाई एउटा ठुलो दल बनाउनुहुन्छ।'"

जमु इटुरी नदीलाई पार गरेर असी माइल जङ्गलमा यात्रा गरे, र त्यहाँबाट दक्षिणमा अझै सय माइल यात्रा गरे। अन्तमा तिनी बलुम्बी जातिको भूभागमा आइपुगे। त्यहाँका मानिसहरूले तास नखेल्ने, नमात्ने, अशुद्ध जीवन नजिउने र पैसाको पछि पनि नलाग्ने एउटा कालो मानिसलाई पहिले कहिल्यै देखेका थिएनन्, यसैले तिनीहरूले तिनलाई घुमन्ते भनी बोलाए। तर तिनको सन्देशले आफ्नो पापलाई सोझै काट्ने भएकाले तिनीहरूको मित्रता चाँडै सेलायो। त्यहाँका प्रधानको भाइ एक जना, जसले वचनलाई स्विकार्नुभएको थियो, त्यहाँ नभएको भए तिनीहरू भोकै रहनुपर्थ्यो, तर निडरता, विश्वास र प्रेमले विजय ल्यायो। अर्को एक ठाउँमा एउटी वृद्ध स्त्रीलाई, जसका खुट्टाहरूलाई कीराहरूले खाइरहेको थियो, वास्ता पुऱ्याउन जमुले घुँडा टेकेर काम गर्दा विरोधका भावनाहरू हट्यो। नुन र ताडको तेलविनाको खल्लो खानेकुरा उहाँहरूको लागि ठुलो परीक्षा थियो, अन्तमा तिनले परमेश्वरलाई थोरै ऐसआरामको माग गरे, "हे प्रभु, तपाईंले आफ्ना सेवकहरूलाई भोकै रहनुबाट बचाउनुभएको छ, तर हामीले थोरै नुन पाउने इच्छा गर्दछौँ। तपाईं हामीसित हुनुहुन्छ भन्ने कुराको चिन्हको रूपमा यो हामीलाई पठाइदिनुहोस्।"

उहाँहरूले पाएको उत्तर उहाँहरूले गरेको कल्पनाभन्दा बाहिरको थियो। तिनलाई थाहा नहुँदा तिनको मण्डलीका मानिसहरू तिनको जीवनको उदाहरणबाट प्रभावित भए, र तिनले प्रार्थना गरेको त्यही नै समय तिनलाई सहायता गर्नको लागि र तिनको साथ मिलेर काम गर्नको लागि एउटा समूह मण्डलीबाट यात्रा सुरु गर्‍यो। दुई हप्तापछि एक दिन एउटा नयाँ समूह तिनी रहेको गाउँको बाटोमा आइरहेको देखे, र एक छिनपछि तिनीहरूलाई चिने। कस्तो भेटघाट! कति आनन्द! घरबाट सन्देश, पुराना साथीहरूसँग भेटघाट, चाहेका थोकहरू र सबैभन्दामाथि एउटा ठुलो नुनको पोको, जुनचाहिँ श्रीमती ग्राइन्जरको इनाम थियो।

जमु गएको त्यो भेगमा केही वर्षहरूमा नै दश जना सेवकहरू काम गर्न थालिसकेका थिए। तर तिनको विश्वासको साहसपूर्ण कामले अझ ठुलो परिणाम ल्यायो – स्थानीय मण्डलीमा मिशनरी सेवाको आगो बल्न थाल्यो। धेरै जनाले सेवाको लागि आफूलाई अर्पण गरे, र केही वर्षहरूभित्र नै पचास जना स्थानीय परिवारहरू अग्रदूतको रूपमा नयाँ जातिहरूको बिचमा प्रवेश गरे।

सी.टी. स्टडले घरमा पठाएको पत्रमा आफ्नो जीवनका महत्त्वपूर्ण घडीहरूलाई यसरी लेख्नुभयो,

“म यो संसारलाई छोड्ने समय नजिकिँदै छ भनी विश्वास गर्दा मैले आनन्द मान्न सक्ने केही कुराहरू छन्; ती यी नै हुन्:

१. परमेश्वरले मलाई चीन जान बोलाउनुभयो, र मेरा सबै प्रियजनहरूले पूर्ण रूपमा विरोध गर्दागर्दै पनि म त्यहाँ गएँ।

२. ख्रीष्टले त्यो धनी जवान केटालाई जे गर्न भन्नुभयो सो मैले आनन्दसाथ गरेँ।

३. परमेश्वरको बोलावटमा स्वेच्छाले सन् १९१० मा जहाजमा हुँदा मेरो जीवनलाई यो कामको लागि अर्पण गरेँ, जुनचाहिँ सुडानको लागि मात्र नभएर विश्वभरिको सुसमाचार प्रचार नगरिएका ठाउँहरूको लागि थियो।

“मेरो एक मात्र आनन्दचाहिँ मलाई परमेश्वरले गर्नको लागि काम दिँदा मैले त्यसलाई इन्कार गरेको थिइनँ।”

स्थानीय इसाईहरूको बिचमा उहाँले अड्जङ्वेलाई बढी प्रेम गर्नुभएको थियो, र त्यो प्रेमलाई फिर्ता पनि पाउनुभएको थियो। सी.टी. स्टडको अन्तिमपल्टको यात्राचाहिँ अड्जङ्वेको मण्डलीमा जानु थियो। अड्जङ्वे त्यति बेला मृत्युको ओछ्यानमा थिए, तर ब्वाना त्यहाँ आउनुभएको छ भनी सुन्ने बित्तिकै अरूको सहायता मागेर उहाँ आफ्नो छाप्रोमा आउनुभन्दा अगाडि उहाँ भएको ठाउँमा भेट्न जानुभयो। सी.टी. स्टडले आफूलाई ओछ्याएको गद्दालाई झिकेर अड्जङ्वेलाई ओछ्याइदिनुभयो। त्यही नै उहाँहरूले भेटेको अन्तिमपल्ट थियो। केही महिनाहरू अगिदेखि नै ब्वानाले उहाँलाई जिस्क्याएर भन्नुहुन्थ्यो, कि उहाँहरू दुई जना स्वर्गतिरको दौडमा हुनुहुन्छ, र आफू दौडमा पहिलो हुनुपर्छ भनी भन्नुहुन्थ्यो। यदि अड्जङ्वेले जित्यो भने स्वर्गमा भेट्दा झगडा गर्छु भनी भन्नुहुन्थ्यो। तीन हप्तापछि ब्वानाले नै दौडमा जित्नुभयो।

सन् १९३१ जुलाई महिनाको १२ तारिख आइतबारको बिहान ब्वानाले सदा जसरी त्यहाँ रहेकाहरूलाई सेवाको लागि विभिन्न ठाउँमा पठाउनुभयो, र त्यहाँको सेवाको लागि उहाँ त्यहीँ रहनुभयो। त्यो दिनको सेवा पाँच घण्टासम्म भयो। सोमबार बिहान आफूलाई ज्वरो आएको जस्तो अनुभव गरेर ह्यारिसनलाई सुई लगाइदिन भन्नुभयो, र बेलुकी उहाँलाई अझै गाह्रो भयो। रातभरि ह्यारिसन र अरूहरू उहाँको साथमा नै रहे। मङ्गलवार बिहान उहाँ अझै कमजोरी नै हुनुहुन्थ्यो, र उहाँको कमजोरपना बढ्दै गयो साथै पीडा पनि। लक्षणहरूलाई हेरेर यी सबैको कारण पित्तथैलीमा भएको ढुङ्गा हो भन्ने कुरालाई उहाँ र अरूहरूले थाहा पाए। बिहीबार बिहान उहाँको दुखाइ अलिकति कम भएको थियो, तर उहाँ धेरै कमजोर र उहाँको बल रित्तिएकोले उहाँको बोली पनि कमजोर हुँदै गयो। अरूहरूलाई उहाँले बोलेको कुरालाई बुझ्न गाह्रो भयो। श्रीमान् विलियम्सले आफूहरूलाई छोडेर अहिले उहाँ जानुहुन्छ कि भनी सोध्नुभयो। सुरुमा ‘थाहा भएन’ भनी बताए तापनि एक छिनपछि ‘सम्भावना बढी छ’ भनी भन्नुभयो।

त्यति बेलादेखि उहाँले बोल्न प्रयास गर्न छोड्नुभयो। हरेक पल्ट सास फेर्दा हल्लेलूयाह भनेको मात्र स्पष्ट सुनिन्थ्यो। बेलुका सात बजे बेहोस हुनुभयो र राती साढे दश बजे आफ्नो इनाममा प्रवेश गर्नुभयो। उहाँले लेखेको पत्रमा अन्तिम शब्दचाहिँ हल्लेलूयाह थियो, र अन्तिम पल्ट बोलेको शब्द पनि हल्लेलूयाह नै थियो। उहाँको लागि बक्सा तयार गरेर त्यसमा उहाँलाई राखे र एउटा सिपाहीको झन्डा, जुन ब्वाना आफै तयार गर्नुभएको थियो, ओढाए। हजारौँ स्थानीयहरू उहाँको मुहारलाई अन्तिम पल्ट हेर्न त्यहाँ भेला भएका थिए, र थुप्रै प्रधानहरू पनि त्यहाँ आएका थिए। त्यहाँ सुसमाचार प्रचार गर्ने काम पनि भयो।

मृत्यु संस्कारको लागि शुक्रवार भेला भएका स्थानीयहरू फर्केर घर नजाँदा शनिवार पनि एउटा सुन्दर सभा भयो, र त्यति बेला तिनीहरूले गरेको प्रार्थनाजस्तो कहिल्यै तिनीहरूले प्रार्थना गरेका थिएनन्। ब्वानालाई स्वर्ग लगिए तापनि आफू अझै येशूको लागि बलियो हुने निर्णयको साथ आफूलाई फेरि एक पल्ट परमेश्‍वरमा समर्पण गर्नुपर्छ भन्ने विचार सबैको मनमा भएको जस्तो देखिन्थ्यो। आइतबारको दिन अझै ठुलो सभा भयो। परमप्रभुको कामलाई देखेर सबै मिशनरीहरू आश्‍चर्यचकित भए।



**सी.टी. स्टड अफ्रिकीहरूको साथमा**

# अध्याय - २२

# परमेश्वरले सहायता गरेबमोजिम हामी अगाडि बढ्नेछौँ

के एउटा उत्कृष्ट व्यक्तित्व यो सम्पूर्ण कामको कारण थियो अथवा समर्पण गरेको जीवनद्वारा पवित्र आत्माले यो काम गर्नुभयो? अफ्रिका र बेलायतमा धेरै जना मानिसहरूले मिशनको सफलताको कारण श्रीमान् सी.टी. स्टड र श्रीमती प्रिस्सील्ला स्टडको अद्वितीय व्यक्तित्व हो भनी मान्थे। तिनीहरूले उहाँहरू दुई जनाको पछाडि मिशन के हुन्छ भनी सोच्थे, तर सी.टी. स्टड र उहाँकी श्रीमतीलाई यो कुरामा कहिल्यै केही शङ्का थिएन। उहाँहरूलाई थाहा थियो र घोषणा गर्थे, कि आफूमा केही छैन र जे कुरा गरिएको थियो त्यो सबै परमेश्वरको आत्माको काम हो, जुन काम पूर्ण रूपमा विश्वास गर्ने र उहाँको आज्ञा मान्ने जसद्वारा पनि उहाँले गर्नुहुनेछ। सी.टी. स्टडलाई यो कुरा उहाँ र अल्फ्रेड बक्सटन पहिलो पल्ट अफ्रिकाको मुटुतिर यात्रा गर्दा नै थाहा थियो, कि उहाँले आफूलाई बालामको गधा र बक्सटनलाई नोआको ढुकुर भनी उपनाम दिनुभएको थियो। के यो व्यक्तित्वबाट भएको हो कि अथवा परमेश्वरको आत्माले यो मिशनलाई स्थापना गरेर यो युद्धलाई अगाडि बढाउनुभयो? यो कुरालाई हेर्ने समय आयो, किनभने दुवै जना त्यो व्यक्तित्व भएका मानिसहरू आफ्नो इनाममा प्रवेश गरिसके। बेलायत र मिशनस्थल दुवैमा कुनै उच्च जिम्मेवारी भएको भनी इसाईहरूको बिचमा चिनिएको कोही पनि थिएन। त्यति मात्र नभएर देशमा ठुलो आर्थिक सङ्कट परेको थियो। श्रीमान् नर्मन ग्रब र उहाँकी श्रीमती पौलिनले(सी.टी. स्टडकी कान्छी छोरी) बेलायतमा मिशनको पूर्ण जिम्मेवारी लिनुभएको थियो, र उहाँहरूले आफ्ना आमा-बुवाको परमेश्वरलाई जाँचेर हेर्ने निर्णय गरे। अति कठोर परीक्षाका समयहरूमा सी.टी. स्टडको परिवारले परमेश्वरको विश्वसनीयता र पर्याप्ततामाथि भरोसा राखेर आफ्ना सबै थोकलाई जोखिममा पारे। एलिशाले एलिया उठाई लगिसकेपछि "परमप्रभु एलियाको परमेश्वर अब कहाँ हुनुहुन्छ त?" भन्दै

एलियाको खास्टोले पानीमा हिर्काउँदा त्यो दुई भाग भयो, र उहाँहरूले पनि त्यसरी नै गर्ने निर्णय गर्नुभयो। आफ्नो अहिले भएको अप्ठ्यारो परिस्थितिमा एउटा असम्भव कुरा परमेश्वरलाई माग्ने निर्णय गरे, जुनद्वारा आजसम्मको कामलाई थामेको परमेश्वर मात्र हो, र अब आउने समयको लागि पनि उहाँलाई विश्वास गर्ने सबैको लागि उहाँ त्यही नै विश्वासयोग्य परमेश्वर हुनुहुन्छ भनी प्रमाणित भएको होस्। परमेश्वरले भइरहेका कामलाई थाम्नुको साथसाथै अझै पच्चीस जना नयाँ सेवकहरू र तिनीहरूलाई पठाउन चाहेको रकम पनि दिनुपर्छ भनी उहाँहरूले प्रार्थना गरे, दश जना एक वर्षभित्र र अर्को पन्ध्र जना दोस्रो वर्ष पूरा हुनुभन्दा अगि। उहाँहरूले कुनै पनि तरिकाले नयाँ सेवकहरूको लागि अथवा पैसाको लागि कसैलाई पनि माग नराख्ने करार परमेश्वरसँग बाँधे।

सन् १९३१ को नोभेम्बर महिनादेखि त्यो पहिलो दश जनाको लागि प्रार्थना सुरु गरे; र त्यही महिना दुई जना सेवकहरूलाई पठाउने मौका पाए। मार्च महिनामा तीन जना जवान स्त्रीहरू जान तयार भए, तर पैसा थिएन। एक शनिवार त्यहाँ मिशन घरमा आएको पाहुनाले बेलुका प्रार्थनामा बस्दा कसैले यो विषयको लागि प्रार्थना गरेको सुन्नुभयो, र परमेश्वर उहाँसँग बोलेको कुरालाई बताउनुभयो। उहाँले धेरै वर्ष अगिदेखि परमेश्वरको लागि भनी छुटाइएको पैसा साथमा भएको तर त्यसलाई कहाँ दिनु भन्ने कुरामा अगुवाइ खोजिरहेको तर त्यो अगुवाइ अहिले पाइसकेको कुरा बताएर त्यो पैसा उहाँहरूलाई दिनुभयो। त्यो पैसा दुई जनाको यात्राको लागि पुग्ने थियो। जान चाहेका तीन जनामा दुई जना आफ्नो घरतिर हुँदा उहाँहरूलाई खबर दिने सल्लाह हुँदा साथमा रहेको एक जना जवान स्त्रीले 'अझै आधा घण्टा किन पर्खिनुहुँदैन, परमेश्वरले अर्को एक जनालाई चाहेको पैसा पनि पठाउनुहुन्छ होला,' भनी भनिन्। त्यो दिन आइतबार र त्यो दिनमा कुनै पनि पाहुना अथवा चिठी आउँदैन भन्ने कुरा थाहा हुँदाहुँदै पनि तिनले त्यो कुरा भनेकी थिइन्। त्यही समय कसैले केही कामले गर्दा मिशन कार्यालयमा जाँदा त्यहाँ एउटा चिठी देख्नुभयो, जसमा सय पाउण्डको चेक थियो। मे २६ तारिख तीनै जना अफ्रिकाको मुटुतिर यात्रा गरे। जुन महिना अर्को दुई जना जवान मानिसहरू पनि अफ्रिकातिर गए। त्यही महिना क्यानडाबाट एक जना

जवान स्त्री आफ्नो जीवन सेवाको लागि दिएर आफ्नो यात्राको लागि चाहेको आधा पैसा पनि बोकेर आइपुगिन्।


**श्रीमान् नर्मन ग्रब र श्रीमती पौलिन**

एक वर्ष हुनको लागि छ हप्ता बाँकी थियो, कुनै निवेदन पनि आएन कुनै पैसा पनि आएन। चार हप्ता मात्र बाँकी हुँदा सय पाउण्डको एउटा भेटी आयो, तर निवेदन केही आएको थिएन। दुई हप्ता मात्र बाँकी हुँदा नवौँ व्यक्तिको रूपमा एक जना तालिम प्राप्त स्वास्थ्य सेविकाले निवेदन दिनुभयो, अब तेह्र दिन मात्र बाँकी छ.... बाह्र... एघार... दश र दसौँ दिनको बेलुका दसौँ व्यक्तिको रूपमा एउटा जवान मानिसले निवेदन दिए, जो तीन दिन उपवास बसेर परमेश्वरको अगुवाइलाई पर्खिरहेर पछि यो निर्णयमा आएका थिए। यो निर्णयमा आउँदा तिनी एउटा सम्मेलनमा थिए, जहाँ आएका एक जनाले परमेश्वरको प्रेरणा पाएर यो जवान मानिसको बारेमा केही थाहा नहुँदा नहुँदै एउटा खाली चेकमा सही गरेर उसको गोजीमा हालिराखेर गए, तर आफूले केको लागि यो प्रेरणा पाएको हो भनी दिने तिनलाई थाहा थिएन। सम्मेलनमा यो दसौँ जनाको बारेमा बताउँदा तिनले थाहा पाए, कि आफूलाई यहीको लागि नै परमेश्वरले अगुवाइ दिनुभएको रहेछ; केही समयपछि अझै एक सय बीस पाउण्डको चेक बनाएर तिनी मिशनको सचिवको हातमा दिइराखेर गए।

नर्मनको परिवारले अर्को एउटा दुई सय पाउण्डको लागि प्रार्थना गर्ने निर्णय गरे। दुई दिन पछाडि नै हुलाकद्वारा उहाँहरूको हातमा दुई सय पाउण्ड आइपुग्यो। यसरी दश जना र उहाँहरूलाई चाहेको पैसा परमेश्वरले उहाँहरूले मागेअनुसार एक वर्षभित्र दिनुभयो।

अब अर्को पन्ध्र जनालाई पठाउन बाँकी थियो। सन् १९३३ को जुलाई महिना १६ तारिखभित्र यो कुरा पूरा हुनुपर्थ्यो। अगि गएका दश जनाका कुराहरूको बारेमा उहाँहरूले आफ्नो पत्रिकामा प्रकाशन गर्नुभयो, र अर्को पन्ध्र जनालाई पठाउने कुराको बारेमा विश्वाससहित घोषणा गर्नुभयो।

त्यसपछिको पाँच महिनासम्म उहाँहरूको विश्वास परीक्षामा पऱ्यो। एउटा पनि निवेदन नआएर छ महिना बित्यो। अब बाँकी रहेको छ महिनामा पन्ध्र जना आउनु असम्भवजस्तै देखिन्थ्यो। यसैले नर्मनले डिसेम्बर महिना एउटा विशेष चिन्ह माग्ने निर्णय गर्नुभयो, जुन कुराको बारेमा उहाँले पछि बोल्दा आफ्नो अविश्वासले भएको हो भनी भन्नुहुन्थ्यो, यद्यपि परमेश्वरले उहाँहरूलाई उत्तर दिनुभयो। डिसेम्बर ३१ तारिख उहाँहरूको पत्रिकालाई छाप्न पठाउनुपरेको थियो, त्यसमा अब आउने जुलाई महिनाभित्र बाँकी पन्ध्र जना आउँछन् भनी घोषणा गर्नको लागि परमेश्वरले आफूले मागेको चिन्ह दिए मात्र गर्ने निर्णय नर्मनले गर्नुभयो। यसैले उहाँले डिसेम्बर तीस तारिख यसरी प्रार्थना गर्नुभयो, “भोलि बिहान ११ बजेभित्र तपाईंले सय पाउण्ड पठाउनुभयो भने त्यसलाई नै मैले चिन्हको रूपमा मान्नेछु, यदि तपाईंले पठाउनुभएन भने यो कुरालाई पत्रिकामा छाप्दिनँ।” भोलि बिहान एघार बज्यो। अन्तिम पल्ट पढेर संशोधन गर्नको लागि पत्रिका उहाँको टेबुलमा थियो, तर सय पाउण्ड आएको थिएन। यसैले उहाँले मनमनै परमेश्वरलाई प्रभु यो पन्ध्र जनाको बारेमा हामीले प्रकाशन गर्दैनौँ भनी भन्नुभयो; तर अचानक त्यति नै खेर एक जनाले उहाँको हातमा एउटा पत्रलाई ल्याएर दिनुभयो, त्यसलाई खोलेर हेर्दा सय पाउण्डको चेक थियो! अन्तमा पत्रिका छापिनको लागि गयो!

त्यसपछिको केही महिनामा पहिलो तीन जना अफ्रिकाको मुटुतिर गए। उहाँहरूले पच्चीस जनालाई पठाउन प्रार्थना गर्दा त्यो सी.टी. स्टडको सम्झनास्वरूप पठाउनको लागि थियो। त्यतिखेर एक जना साथीले सी.टी. स्टड सन् १९१३ मा अफ्रिकातिर यात्रा गर्दा परमेश्वरले उहाँलाई भन्नुभएको कुराको बारेमा नर्मनलाई सम्झना दिलाउनुभयो। परमेश्वरले सी.टी. स्टडलाई, “यो यात्रा अफ्रिकाको मुटुको लागि मात्र होइन, तर विश्वको सुसमाचार

प्रचार नगरिएका सबै भागहरूको लागि हो," भनी भन्नुभएको थियो। यसैले मिशनको नाम पनि वोर्ल्ड वाइड एभान्जलइसेसन क्रूसेड भनी छानिएको थियो। केही महिना अगिदेखि उहाँहरूले विश्वको अन्य चार वटा ठाउँहरू दक्षिण अमेरिकाको कोलम्बिया, भारतको काश्मीर, पश्चिम अफ्रिकाको गिनी र अरेबियाको लागि निवेदन पाउनुभएको थियो, तर पच्चीस जनालाई अफ्रिकाको मुटुमै पुऱ्याउने सोचले त्यसलाई गम्भीरतासाथ हेर्नुभएन।

तर अहिले परमेश्वरको पूर्ण योजना उहाँहरूलाई खुलस्त भयो, यसैले पन्ध्र जनालाई विश्वको विभिन्न भागमा पठाउने निर्णय गरे। दुई जना कोलम्बिया जान तयार भए, दुई जना गिनीको लागि, तीन जना काश्मीरको लागि र एक जना अफ्रिकाको मुटुमा जानको लागि तयार भए।

पहिलो काम कोलम्बियातिर भयो, त्यहाँ जानको लागि अस्ट्रेलियाबाट आएको प्याट साइम्स बेलायतमा आएर मिशन कार्यालयमा केही हप्ताको लागि रहिरहनुभएको थियो। परमेश्वरले उहाँलाई आफ्नो बोलावटलाई पक्का गर्नको लागि आफ्नो यात्राको लागि पहिलो भेटी संस्थाबाट नभएर परमेश्वरबाट माग्ने अगुवाइ दिनुभयो। केही दिनपछि यो कुरालाई उहाँले सबैलाई बताउनुभयो, त्यति बेला उहाँको हातमा ६ पेन्स(०.०६ पाउण्ड) मात्र थियो। त्यति नै खेर उहाँलाई एउटा सन्देश पठाउनको लागि लण्डनको अर्को भागमा पठाइयो। उहाँले आफ्नो परिस्थितिलाई नबताईकन जानुभयो, र जाने यात्राको लागि ४ पेन्सलाई खर्च गर्नुभयो। आउने बेलामा आधा बाटो हिँडेर बाँकी आधा बाटो बसमा यात्रा गर्ने विचारमा हिँडिरहेको हुँदा एउटा भिखारीले एक कप कफीको लागि भीख माग्यो। विश्वमा आफ्नो सम्पत्ति नै दुई पेन्स मात्र छ भनी बताएर दिन इन्कार गरेर प्याट अगाडि बढ्नुभयो। तर परमेश्वरले फर्केर गएर त्यो मानिसको आत्माको बारेमा तिनीसँग कुरा गर्न भन्नुभयो। उहाँ फर्केर जानुभयो, तर तिनको आत्माको बारेमा तिनीसित बोल्न सक्नुभएन, र अरू केही गर्न नसक्दा आफूसँग भएको दुई पेन्सलाई दिइराखेर बाँकी दश किलोमिटर पनि हिँड्नुभयो। उहाँ थकित भएर असिनपसिन भएर मिशन कार्यालयको ढोकामा आइपुग्दा उहाँ त्यहाँ नहुँदा परमेश्वरले सय पाउण्ड पठाइसकेको कुराको खबर सुन्नुभयो, जुन बेला

शैतानले उहाँलाई विश्वासको जीवन कति गरिब जीवन भनी बताउनुमा व्यस्त थियो!

केही महिनाहरूमा प्याट साइम्स कोलम्बिया जानुभयो, र त्यहाँ पहिले नै काम गरिरहेका केही मिशनरीहरूको साथमा केही हप्ताहरू बिताइसकेपछि अलि अगाडि बढेर एउटा मिशनस्थल खोल्नुभयो। तिनीहरूको बिचको सभामा उहाँले आउने दश वर्षभित्र अझै पचास जना सेवक परमेश्वरले दिने प्रतिज्ञा गरेको कुरालाई बताउनुभयो। त्यहाँ भएको एक जनाको लागि यो मूर्खताजस्तै देखिएको थियो, तर चार वर्षभित्र २८ जना सेवकहरू त्यहाँ पुगिसकेका थिए। मण्डलीहरू स्थापना भए, मिशन विद्यालय पनि सुरु भयो। एउटा गाडीमा स्पिकर राखेर सुसमाचार प्रचार गर्ने काम ठाउँ–ठाउँमा भइरहेको थियो। चार वर्ष अगाडि कसैलाई एक शब्द पनि नबोलीकन उहाँले १०० पाउण्ड पाउनुभएको थियो, अहिले चार वर्षभित्र कसैलाई एक पल्ट पनि माग नराख्दा पनि परमेश्वरले उहाँलाई ४३०० पाउण्ड पठाइसक्नुभएको थियो।

दोस्रो कदम उत्तर भारतको काश्मीरतिर भएको थियो, जहाँ दुई जना सेवकहरूले १३००० फीट उचाइमा भएको हिमशृङ्खलाका भागहरूमा काम सुरु गरे। उहाँहरूले मुसलमान, हिन्दु र सिखहरूको बिचमा सुसमाचार प्रचार गरे, र धेरैलाई उद्धारमा डोऱ्याए। नर्मनले यो कुराको बारेमा यसरी लेख्नुभयो, "अगिको शताब्दीमा असल मिशनरी संस्थाहरूद्वारा भएको समर्पणतासाथको परिश्रमको लागि हामी धन्यवादी छौँ। परमेश्वरले वोर्ल्ड वाइड एभान्जलइसेसन क्रूसेडलाई कटनीको आफ्नो भाग लिनको लागि बोलाउनुभएको छ।"

तेस्रो कदम पश्चिम अफ्रिकाको गिनीतिर भएको थियो। श्रीमान् अलेक तोर्ने र उहाँकी श्रीमती अग्रदूतहरू भएर जानुभयो, र अझै दुई जनाले पछि उहाँहरूलाई पछ्याए। उहाँहरूले पहिले अनुमति पाएर काम सुरु गरे, तर पछिको समयमा त्यहाँ शासन गरिरहेको स्पेनको सरकारले कामलाई रोक्न आदेश दियो। उहाँहरूले त्यो कुरालाई मान्छौँ भनी जवाफ दिनुभयो, तर

सरकारको परिवर्तनको लागि प्रार्थना गर्नुभयो। तर एक वर्ष पूरा हुँदा स्पेन सरकारको विरोधमा विद्रोह सुरु भयो, अन्तमा स्पेन सरकारले रोमन क्याथोलिक पादरीहरूलाई कैद गरेर जहाजमा घर फर्कायो, तर उहाँहरू चार जनालाई त्यहीँ रहेर मानिसहरूलाई शान्त पार्न सहयोग गर्न अनुरोध गर्‍यो। उहाँहरूले त्यो काम शान्तिको राजकुमारको सन्देशलाई प्रचार गरेर गरे, जसको परिणामस्वरूप चार सय जनाले ख्रीष्टलाई पाए, र पहिलो स्थानीय मण्डली स्थापना भयो।

चौथो प्रयास अरेबियामा भयो, र दुई जना सेवकहरू त्यहाँको लागि गए। उहाँहरूले धेरै कठिनाइसाथ यात्रा गरे, र अरेबिया सुसमाचारको लागि पूर्ण रूपमा खोलिएको थिएन। यस्ता ठाउँहरूमा स्वास्थ्यसम्बन्धी काम गर्ने मिशनरीहरूको भूमिका असल हुन्छ भनी उहाँहरूले थाहा पाए, किनभने एउटा चिकित्सकलाई सबै ठाउँहरूमा प्रवेश पाउँथ्यो, र उसले ख्रीष्टको बारेमा प्रचार गर्न स्वतन्त्रता पाउँथ्यो।

पठाउनुपर्ने पन्ध्र जनामा अझै दुई जना बाँकी थिए, र दोस्रो वर्ष पूरा हुनलाई छ हप्ता मात्र बाँकी थियो, साथै उहाँहरूलाई ५०० पाउण्ड पैसाको पनि आवश्यकता थियो। जुन महिनाको प्रार्थना–चिठी पठाउने समय भइसकेको थियो, त्यसमा उहाँहरूले पन्ध्र जनामा तेह्र जना पठाइसकेको कुरालाई र बाँकी दुई जनाको आवश्यकतालाई यसरी लेख्नुभयो, "परमप्रभुले नै पूरा गर्नुहुन्छ, समय जति छोटो छ, त्यसको अनुपातमा छुटकारा पनि अझ बढी अचम्मको हुन्छ। विश्वास, प्रशंसा र पर्खाइमा हामीसँग सहभागी हुनुहोस्, र यो काम कसरी सिद्ध भयो भन्ने कुरालाई बताउने अर्को चिठीको लागि पर्खिरहनुहोस्।" यसमा नर्मनले पैसाको बारेमा कुनै पनि कुरा लेख्नुभएन। केही दिनहरूभित्र नै पूर्ण रूपमा तालिम प्राप्त भएका दुई जना जवान मानिसहरू कोलम्बिया जानको लागि आफ्नो जीवनलाई समर्पण गरेर आफ्नो निवेदन दिए। यसरी पन्ध्र जनाको गन्ती पूरा भयो, अब बाँकी रहेको चाहिँ ५०० पाउण्डको आवश्यकता थियो। भोलिपल्ट नर्मनले बाइबल अध्ययन गरिरहेको हुँदा परमेश्वरले उहाँलाई, "तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो

तिमीहरूका निम्ति गरिनेछ।" भन्ने वचनलाई देखाउनुभयो। उहाँमा ध्यानसित रहिरहने मानिसलाई यो प्रतिज्ञा दाबी गर्ने अधिकार छ भन्ने कुरालाई बुझेर भइरहेका उहाँहरूको वार्षिक सम्मेलनमा त्यो पाउँछ भनी विश्वास गर्नुभयो।

परमप्रभुले सधैँ नै विश्वासलाई जाँच्नुहुन्छ। भोलिपल्टको दिन उहाँलाई त्यो जाँच आयो। सम्मेलन सकेपछि आयरल्याण्डमा भएको एउटा प्रार्थना सभामा सहभागी हुन सक्नुहुन्छ कि भनी उहाँलाई कसैले सोधे। उहाँले यो निमन्त्रणालाई स्वीकार गर्नको लागि सम्मेलनमा उहाँले विश्वास गरेबमोजिम ५०० पाउण्ड पाइसक्नुपर्थ्यो। उहाँले "आउँछु होला" भनी जवाफ दिनुभयो। परमेश्वरले उहाँलाई, "यो विश्वास होइन। आशा गर्नु विश्वास गर्नु होइन," भनी भन्नुभयो। उहाँले कोसिस गरेर अलि फरक जवाफ त्यो सोधेको मानिसलाई दिनुभयो, "यदि परमेश्वरले छुटकारा पठाउनुभयो भने म आउँछु।" परमेश्वरले फेरि उहाँलाई "विश्वासमा 'यदि' भन्ने कुरा छैन" भनी भन्नुभयो। विश्वासमा हिँड्ने मानिसले पाउने कुरा आफ्नै गोजीमा भएको जसरी काम गर्छ, यसैले अन्तमा परमेश्वरले यसरी जवाफ दिन सहायता गर्नुभयो, "हुन्छ, म त्यो प्रार्थना सभामा सहभागी हुन्छु, किनभने यो सम्मेलनमा छुटकारा आउँदै छ।"

सम्मेलनको अन्तिम दिन पनि आयो, उहाँको हातमा एक पैसा पनि आएन। भोलिपल्ट बिहान सबै त्यहाँबाट छुटेर जान लागेका थिए, त्यति बेला उहाँले पचास पाउण्ड हुलाकबाट पाउनुभयो, र अर्को दश पाउण्डको भेटी पनि पाउनुभयो। उहाँ साठी पाउण्डको लागि धन्यवादी भए तापनि तर त्यो ५०० पाउण्डभन्दा धेरै तल थियो। सबै गाडीमा चढेर रेलवे स्टेसनमा जाने यात्रामा थिए। बाटोमा गाडीको टायर बिग्रेकाले उहाँहरू रेलवे स्टेसनमा ढिलो पुग्नुभयो, र गाडी छुट्यो। अर्को व्यवस्थापनको लागि दश मिनेट जति लाग्यो, त्यति बेला साथमा भएको एक जनाले उहाँलाई अलि अलग लिएर गएर "पन्ध्र जनाको लागि चाहिँ कति जम्मा भएको छ?" भनी सोध्नुभयो। नर्मनले साठी पाउण्ड भनी जवाफ दिनुभयो। आवश्यकता पूरा भएन भनी थाहा पाउँदा त्यो  व्यक्तिले, "बेस, यो नै मेरो लागि चिन्ह हो, परमप्रभुले मलाई हिजो भन्नुभयो, कि भोलिपल्ट पनि आवश्यकता पूरा भएन भने मैले

४०० पाउण्ड दिनुपर्ने हुन्छ," भनी बताएर ४०० पाउण्ड दिनुभयो। यो कुराको बारेमा नर्मनले एउटा साथीसँग खुशीसाथ बताउँदा उहाँले म सय पाउण्ड दिन्छु भनी दिनुभयो, अर्को एक जनाले फेरि तीस पाउण्ड दिनुभयो। आधा घण्टामा ५३० पाउण्ड भेटी उहाँले पाउनुभयो। उहाँ आफैले भनेअनुसार 'सपना देखेजस्तै भयो।'

सम्झनास्वरूप पच्चीस जना पठाउने काम सिद्ध भयो, र उहाँहरूले विश्वासको काम चाखिसक्नुभयो, र वोर्ल्ड वाइड एभान्जलइसेसन क्रूसेडको सफलता यसमै छ भन्ने कुरा पनि थाहा पाउनुभयो। त्यसैले उहाँहरूले परमेश्वरलाई फेरि पनि अर्को वर्षको लागि अगुवाइ माग्नुभयो, परमेश्वरले उहाँहरूलाई सन् १९३४ जुलाई १६ तारिख सी.टी. स्टडको मृत्यु भएको तेस्रो वर्ष पूरा हुनुभन्दा अगि अर्को पच्चीस जना नयाँ सेवकहरूको लागि प्रार्थना गर्ने अगुवाइ दिनुभयो। उहाँहरूले प्रार्थना गर्नुभयो र निश्चयता पनि पाउनुभयो। चाहेको रकमको हिसाब गर्दा ३,२५० पाउण्डको आवश्यकता देखियो। नर्मन भन्नुहुन्छ, "के कारणले भनी भन्न सकिनँ, तर यो रकमलाई चार वटा भेटीको रूपमा माग्नुपर्छ भनी बलियो रूपमा प्रभावित भएँ। तीनटा हजार पाउण्डको र एउटा दुई सय पचास पाउण्डको।" यो यसरी नै पूरा हुन आयो। पहिले एक जना स्त्रीले सम्पर्क गरेर सुसमाचार प्रचार नगरिएको ठाउँको लागि भनी छुटाएको पैसालाई पठाउँछु भनी भन्नुभयो। उहाँहरूको हातमा चेक आइपुग्दा त्यो १०११ पाउण्डको थियो। भोलिपल्ट एक जना साथी आउनुभयो, जसले वेल्समा भएको बाइबल कलेजबाट जान तयार भएको दश जनाको लागि भनी अर्को १००० पाउण्डको प्रतिज्ञा गर्ने अगुवाइ आफूलाई भएको बताउनुभयो। दुई महिनापछि अर्को एक जना स्त्रीले संस्थाको कामहरूको बारेमा बुझ्ने इच्छा व्यक्त गर्नुभयो, र त्यस पछाडिको चिठीमा १००० पाउण्डको चेक पठाउनुभयो। भोलिपल्ट नै अर्को एक जना व्यक्तिबाट २५० पाउण्डको चेक पनि आइपुग्यो। यसरी सजिलोसँग पच्चीस जनाको आवश्यकता पूरा भयो र त्यो वर्षभित्र नै पच्चीस जना नयाँ सेवकहरू विभिन्न मिशनस्थलहरूमा गए।

त्यसमध्येमा चार जना पश्चिम अफ्रिकामा भएको आइभोरी कोस्टमा गए।

सी.टी. स्टडसँग १४ वर्ष अग्रदूतको रूपमा काम गरेको श्रीमान् स्ट्यानीफोर्ड र उहाँकी श्रीमती दुवै जना बेलायत फर्केका थिए। श्रीमतीको आँखामा भएको मोतिबिन्दु हटाउन शल्यक्रिया गर्नु परेकाले दुवै जना बेलायत आउनुभएको थियो। यो समस्याको बिचमा शल्यक्रिया सकेपछि अझै कठिनाइपूर्ण भागहरूमा सेवा गर्न परमेश्वरको बोलावटलाई सुनेर तिनीहरू तयार भए। बेलायतमा आएदेखि साँच्चै नै प्रेरितहरूले हिँडेको "बारम्बार मृत्युमा" भन्ने बाटोमा उहाँहरू हिँडेका छन्। श्रीमान् स्ट्यानीफोर्डकी श्रीमती पित्त ज्वरोमा पर्नुभयो। श्रीमान् स्ट्यानीफोर्डको एउटा आँखाको दृष्टि गुमिसकेको थियो, साथै सवारी दुर्घटनामा परेर एउटा कान पनि बहिरो भएको थियो। यद्यपि उहाँ आफ्नो बोलावटलाई पछ्याउने कुरामा पक्का हुनुहुन्थ्यो, त्यति मात्र नभएर प्रशस्त फल ल्याउनको लागि बीउ मर्नुपर्छ भन्ने धर्मशास्त्रको वचनअनुसार नै सङ्कष्टमा रमाउनु पनि हुन्थ्यो। उहाँ र उहाँका सहकर्मीहरूले गौरौस भन्ने जातिको बिचमा काम गर्ने अनुमति पनि सरकारबाट पाउनुभएको थियो, जुन जाति विष राखेर मार्ने काममा प्रख्यात थियो। त्यहाँ काम गर्ने अनुमति पाउनु नै एउटा अचम्मको काम थियो, तर उहाँहरूले त्योभन्दा बढी तिनीहरूको बिचमा असल साथीहरू पाउनुभयो र मानिसहरूलाई ख्रीष्टमा डोऱ्याउनुभयो।

अर्को एकपल्ट पनि मानिसहरू र रकमको लागि प्रार्थना भयो। दोस्रो पल्ट पच्चीस जना पठाइसकेपछि परमेश्वरले त्यो गन्तीलाई दुई गुणा बढाएर माग्ने विश्वास दिनुभयो। सन् १९३५ जुलाई १६ तारिखभित्र एक वर्षको अवधिमा पचास जना मानिसहरू र ५००० पाउण्डको लागि प्रार्थना भयो। यो पल्ट उत्तर अचम्म तरिकाले आयो। योचाहिँ झन्डै, "तिनीहरूले बिन्ती गर्न अघि नै म जवाफ दिनेछु," भन्नेजस्तै भयो। प्रार्थना गरेको पहिलो महिनामा नै पचास जनाको लागि चाहेको ५००० पाउण्डको चेक आयो। काम सिद्ध भयो। पछिल्लो वर्षको लागि ७५ जना माग्नको लागि पनि परमेश्वरले अगुवाइ दिनुभयो।

यसरी कामलाई बढाउँदै जाने क्रममा यता बेलायतको कार्यालयलाई पनि विस्तार गर्नुपर्ने आवश्यकता नर्मनले देख्नुभयो। मिशनस्थलमा काम

गर्नेहरूको तुलनामा बेलायतमा कार्यालयमा काम गर्नेहरूको बलिदान केही छैन भनी उहाँहरूले महसुस गर्नुभयो। उहाँहरूको बलिदानमा थोरै सहभागी हुनको लागि, जसले आफ्नो जीवनलाई पनि जोखिममा पार्नुभएको छ, अब उप्रान्त मिशनको लागि पठाएको पैसाबाट आफ्नो लागि कुनै तलब नलिने र व्यक्तिगत आवश्यकताको लागि परमेश्वरमाथि मात्र भरोसा राख्ने निर्णय श्रीमान् नर्मन र श्रीमती पौलिनले गर्नुभयो। यसमा दुई वटा फाइदा उहाँहरूले देख्नुभयो, एउटाचाहिँ अझै थप पैसा मिशनस्थलमा पठाउन पाइन्छ, अर्कोचाहिँ मुख्य कार्यालयमा काम गर्नेहरूको सङ्ख्यालाई जति बढाए पनि हुन्छ, किनभने त्यसको लागि रकम मिशनको पैसाबाट निकाल्न परेन।

त्यति बेला मुख्य कार्यालयमा काम गर्ने जम्मा दुई जना मात्र थिए, नर्मन र उहाँकी श्रीमती। यो निर्णयमा परमेश्वरको अनुमति पाउनको लागि उहाँहरूले सहकर्मीको रूपमा काम गर्न मानिसहरूलाई अनुरोध नगर्ने, तर स्वेच्छाले आउनेहरूलाई सो गर्न अझै गाह्रो बनाउने निर्णय गरे, ताकि त्यस्ता आउनेहरूले आफ्नो काम छोडेर यहाँ आउँदा उहाँहरूको आवश्यकता पूरा गर्नको लागि जिउँदो परमेश्वरबाहेक अरू कुनै स्रोत नभएको होस्। आफूसँग मिलेर कार्यालयमा काम गर्ने कुराको बारेमा जति बढी चेतावनी उहाँहरूले दिनुभयो त्यति नै बढी महिमित विश्वासको जीवन जिउनको लागि त्यसले आकर्षण गर्‍यो। दुई जना भएको कार्यालयमा अहिले १५ जना भइसकेका थिए, र कसैले पनि एक सिक्का पनि मिशनको पैसाबाट तलबको रूपमा लिनुभएन। त्यसमध्येमा एक जनाले जानेहरूलाई चाहेका सम्पूर्ण सामग्रीहरू तयार गरेर गोदाम बनाइराखे; तीन जना प्रशासनसम्बन्धी कामहरूमा थिए; दुई जनाले प्रतिनिधिको रूपमा काम गरे; एक जनाले जवानहरूको बिचमा काम गरे; पाँच जना घरायसी काममा थिए; एक जनाले मिशनको सानो छपाइ खानामा काम गर्थे; एक जना व्यवस्थापनको काममा थिए। यसरी मिशनस्थलमा कामहरू वृद्धि हुँदै जाँदा मिशन कार्यालय पनि विस्तार हुँदै गयो।

आफ्नो जवान उमेरमा सबै थोकलाई ख्रीष्ट येशूको लागि जोखिममा पारेर आफ्नो जीवनलाई सेवामा अर्पण गरेको सी.टी. स्टडको जीवनद्वारा

परमेश्वरले सी.टी. स्टडले सोचेको भन्दा महान् काम गर्नुभयो। येशू ख्रीष्टले धर्मशास्त्रमा सबै कुरालाई बाँडिदिएर मलाई पछ्याउनू भनी त्यो धनी जवान मानिसलाई बताएको कुरालाई सी.टी. स्टडले आफ्नो जीवनमा पूरा गर्नुभयो, र त्यसको परिणाम पनि देख्नुभयो। परमेश्वरलाई मात्र आफ्नो स्रोत बनाएर जिउने जीवन र गर्ने सेवाप्रति परमेश्वर कति विश्वासयोग्य हुनुहुन्छ भन्ने कुरालाई हामीले सी.टी. स्टडको जीवनद्वारा थाहा पाउन सक्छौँ। साथै आफ्नो प्रतिज्ञालाई पूरा गर्नुमा परमेश्वरमा भएको विश्वासयोग्यता पनि यहाँ देखिन्छ। सी.टी. स्टड अफ्रिकातिरको यात्रामा हुँदा परमेश्वरले, "यो यात्रा अफ्रिकाको लागि मात्र नभएर सुसमाचार प्रचार नगरिएको विश्वको सबै भागहरूको लागि हो" भनी उहाँलाई भन्नुभयो। सी.टी. स्टडले यो कुरा पूरा भएको पृथ्वीमा हुँदा आफ्नो आँखाले देख्न पाउनुभएन, जुन कुरा उहाँको मनमा अन्तसम्म नै रहन्थ्यो होला, तर परमेश्वरले उहाँ बितेको एक वर्ष पूरा हुनुभन्दा अगि नै उहाँकी छोरी र ज्वाइँलाई प्रयोग गरेर त्यसलाई पूरा गर्न सुरु गर्नुभयो, जसलाई पक्कै सी.टी. स्टडले स्वर्गीय स्थानहरूबाट तल हेरेर रमाउनुभयो होला।

अझै परमेश्वरको लागि जित्न पर्ने भागहरू धेरै नै बाँकी छन्, घुँडा टेकौँ र परमेश्वरलाई भनौँ, "प्रभु मेरो भागचाहिँ के हो, म तपाईंको लागि के गरूँ?" माथिबाट बुझे जसरी नै विश्वासको जीवन गरिब जीवन होइन, तर त्यो महिमित जीवन हो, जसको फल अनन्तसम्म नै रहिरहन्छ। परमप्रभुले तपाईंहरूलाई आशिष् दिऊन्।

**- समाप्त -**